अर्घाखाँची जिल्लाको पञ्चवर्षीय वन ब्यवस्थापन कार्ययोजना

अवधिः २०७०/०७१ देखी २०७४/०७५

पेश गरेको निकाय
वन विभाग, बबरमहल, काठमाडौ ।

तयार गर्ने
जिल्ला वन कार्यालय, अर्घाखाँची
सन्धिखर्क

२०७० मंसिर

विषय–सूची

परिचय 1

कार्यान्वयनको लागि आवश्यक आर्थिक स्रोत 2

अपेक्षित उपलब्धीहरु 2

पुरानो वन व्यवस्थापन कार्ययोजना (आ.व.०६५/०६६ देखि ०६९/०७०)को समिक्षा 4

सिकाईहरु 7

कार्ययोजना तयार गर्नको लागि अपनाईएको कार्यविधि 8

वन क्षेत्रसंग सम्बन्धीत नीति, ऐन, नियम , निर्देशिका, रणनीति तथा मार्गदर्शनहरु 8

भाग-१ 15

जिल्लाको सामान्य परिचय 15
१.१ ऐतिहासिक पृष्ठभूमी तथा राजनीतिक विभाजन 15
१.१.१. ऐतिहासिक पृष्ठभूमी 15
१.१.२ जिल्लाको सिमानाको विवरण 15
१.१.३ सामाजिक तथा आर्थिक अवस्था 16
१.१.३.१ जनसंख्या र जनजाति 16
१.१.३.२ धर्म, संस्कृति र पेशा 17
१.१.३.३ बसाई सराई 18
१.१.३.४ जीविकोपार्जन 18
१.१.३.५ लैङ्गिक समानता 19
१.१.४. कानूनी घोषणाहरु 20
१.१.५ पुरातात्विक र पर्यटकीय महत्वपुर्ण क्षेत्र 20
१.२ भौगोलिक अवस्था तथा बनावट(Configurationofthe ground) 21
१.३ जियोलोजी (Geology) 21
१.४ जलवायु तथा वर्षा (Climate and precipitation) 22
१.५ जल सम्पदा (Water Resources) 22
१.६ भौतिक पूर्वाधारहरु 23
१.६.१ क्षति ग्रस्त भौतिक पूर्वाधारहरुको स्थिति 23
१.६.२ यातायात र संचार 24
१.६.३ विद्युत सेवा 24
१.६.४ अन्य पूर्वाधारहरु 24
१.६.५ वन संगठनको भौतिक पूर्वाधारहरु 26
१.७ भू-उपयोग 27
१.८ अन्य प्रयोजनको लागि उपलब्ध गराईएको वन क्षेत्रको विवरण 29
१.९ सहयोगी संघ संस्थाहरू 29
१.१० मौजुदा वन संगठन 30
१.११ वन व्यवस्थापनका समस्या, चुनौती, अवसर र हालसम्मका सिकाई 31
१.१३ कार्ययोजना कार्यान्वयनमा जनशक्ति परिचालन 35

भाग २ 36

वन प्रजाती तथा वन्यजन्तुहरुको विवरण 36
२.१ वन प्रजातीहरुको विवरण 36
२.१.१ वनको किसिम र वर्तमान अवस्था 36
२.१.१.१ प्रजाती अनुसार वनको किसिम 37
२.१.१.२ भौगोलिक आधारमा वनको वर्गिकरण 39
२.१.१.३ वन व्यवस्थापनको आधारमा वनको वर्गिकरण 41
२.१.१.४ गैरकाष्ठ वन पैदावार 43

२.१.२ मूख्य प्रजातीहरुको वितरण तथा वृद्धि मौज्दात(Growing Stock) 44
२.१.२.१ तल्लो पहाडी कडाकाठ प्रजातिको वन 44
२.१.२.२ सल्ला वन 45
२.१.२.३ साल वन 46
२.२.४ साइटिस (CITES)मा सूचिकृत वन प्रजातीहरुको उपलब्धता तथा विवरण 46
२.१.२.५ जैविक विविधता 47
२.१.३ प्राकृतिक पूनरुत्पादनको अवस्था 47
२.१.४ वन संरक्षण 48
२.२ वन्यजन्तुहरुको विवरण 52
२.२.१ स्तनधारी वन्यजन्तुहरु 52
२.२.२ वन्य जन्तुका लागि महत्वपूर्ण मानिएका स्थानहरु 53
२.२.३ वन्य जन्तु संरक्षणको प्रयासहरु 53

भाग ३ *54*

वन सदुपयोग *54*
३.१ जिल्लाको जनसंख्या तथा घरधुरी 54
३.२ बजार तथा बजार योग्य उत्पादनहरु 54
३.३ घरायसी प्रयोगको वन पैदावारको वस्तुहरु 54
३.४ वनजन्य बस्तुहरुको माग र आपूर्ति 55
३.४.१ वन पैदावारहरुको मागको आँकलन तथा आपूर्तिको स्रोत र तरिकाहरु 55
३.४.२ वन पैदावारको उत्पादन तथा बिक्री भएको विवरण (विगत ५ वर्षको) 55
सरकारद्धारा व्यवस्थित वन 56
सामुदायिक वन 56
निजि,आवादी 56
काठ 56
दाउरा 56
काठ 56
दाउरा 56
काठ 56
दाउरा 56
३.५ वन पैदावारको संकलन तरिका 57
गैरकाष्ठ वन पैदावार 58
३.६ मूख्य प्रजातीहरुको जिल्ला दररेट 58
३.७ वन पैदावारमा आधारित उद्योग व्यवसायहरुको विवरण 58
३.७.१ खोटो उद्योग 59
३.७.२ फर्निचर उद्योग 60
३.८ वन पैदावारको विक्री वितरणको तरिका 60
३.९ ढुङ्गा, गिट्टी, बालुवा संकलन 63
३.१० खनिज/उत्खनन उद्योगहरुको विवरण 63

भाग ४ **64**

वन व्यवस्थापन कार्य योजना *64*
४.१ अवधी 64
४.२ कार्ययोजनाको लक्ष्य र उद्देश्य 64
४.२.१ लक्ष्य तथा उद्येश्यहरु 64
लक्ष्य 64
४.२.१ दिर्घकालिन उद्येश्य 64
४.२.२ *अल्पकालिन उद्देश्यहरु* 64
४.३ कार्यक्रम कार्यान्वयन गर्ने जिल्लाको कार्यनितीहरु 65
४.४ प्रस्तावित कार्यक्रम 67
४.४.१ सरकारद्वारा व्यवस्थित वन व्यवस्थापन कार्यक्रम 97
४.४.१.१ वैज्ञानिक वन व्यवस्थापन 98
४.४.१.२ वन सम्वर्द्धन कार्यहरु 99
४.४.१.३ वन सम्वर्द्धन प्रणाली(Silvicultural system) 99
४.४.२.संरक्षित वनव्यवस्थापन कार्यक्रम 101
४.४.३ जनसहभागितामा आधारित वन व्यवस्थापन कार्यक्रम 102

४.४.३.१ साझेदारी वन व्यवस्थापन 102
४.४.३.२ सामुदायिक वन कार्यक्रम 102
४.४.३.३ कबुलियती वन कार्यक्रम 103
४.४.४ वन संरक्षण कार्यक्रम 104
४.४.४.१ वन सिमाना निर्माण, मर्मत तथा संरक्षण 104
४.४.४.२ अतिक्रमण नियन्त्रण 104
४.४.४.३ वन पैदावार चोरी निकासी नियन्त्रण 105
४.४.४.४ जैविक विविधता संरक्षण कार्यक्रम 106
४.४.४.५ वन डढेलो नियन्त्रण तथा व्यवस्थापन कार्य योजना 107
४.४.४.६ चरिचरन नियन्त्रण तथा व्यवस्थापन 107
४.४.५ कृत्रिम तथा प्राकृतिक पुनरुत्पादन कार्यक्रम 108
४.४.५.१. स्थायी तथा अस्थायी नर्सरीकार्यक्रम 108
४.४.५.२ वृक्षारोपण कार्यक्रम 108
४.४.५.३ सम्पन्न भएको वृक्षारोपणको विवरण र हालको स्थिती 111
४.४.५.४ शहरी वन विकास कार्यक्रम 111
४.४.६ सार्वजनिक तथा निजी वन प्रवर्द्धन एवं उद्यम विकास सहयोग कार्यक्रम 112
४.४.६.१ सार्वजनिक तथा निजी वन प्रवर्द्धन कार्यक्रम 112
४.४.६.२ उद्यम विकास सहयोग कार्यक्रम 113
४.४.७ ऐतिहासिक धार्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण क्षेत्रको संरक्षण एवं विकास 114
४.४.८ भू -तथा जलाधार संरक्षण कार्यक्रम 114
४.४.९ वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम 115
४.४.१० प्रचार प्रसार कार्यक्रम 116
४.४.११ विशेष आयमूलक कार्यक्रम 117
४.४.१२ जलवायू परिवर्तन व्यवस्थापन सहयोगी कार्यक्रम 117
४.४.१३ भवन निर्माण एवं भौतिक प्रगती 118
४.४.१४ जनशक्ति व्यवस्थापन 118
४.४.१५ मानव वन्यजन्तु द्वन्द न्यूनिकरण सहयोग कार्यक्रम 119
४.४.१६ बजेट व्यवस्थापन 119

भाग ५ **121**

उपलब्धि, अनुगमन तथा समन्वय *121*
५.१ प्राप्त हुने राजश्वको विवरण 121
५.२ कार्यक्रम कार्यान्वयनको उपलब्धि 121
५.३ रोजगारीका अवसर र गरीवी निवारणमा योगदान 124
क्षमता अभिवृद्धि हुने 124
विभिन्न तालिम गोष्ठीवाट क्षमता अभिवृद्धि हुने । 124
५.४ अनुगमन तथा मूल्याङ्कन 125
५.५ समन्वय योजना 139
५.६ कार्ययोजना संशोधन 142
५.७ प्रतिवेदन-जाहेरी (सूचना व्यवस्थापन) 143
५.८ विविध 146
५.८.१ विभाग तथा मन्त्रालयको जिम्मेवारी 146
५.८.२ योजना कार्यान्वयन प्रक्रिया 146

सन्दर्भ सामग्रीहरु **148**

संक्षिप्त शब्दावली (Acronyms)

आ. व.	आर्थिक वर्ष
के. जी.	किलो ग्राम
गा. वि. स.	गाउँ विकास समिति
घ. मि.	घन मिटर
जि. व. अ.	जिल्ला वन अधिकृत
स.व.अ.	सहायक वन अधिकृत
जि. व. का.	जिल्ला वन कार्यालय
ई.व.का.	ईलाका वन कार्यालय
जि. वि. स.	जिल्ला विकास समिति
जि. भू. सं. का.	जिल्ला भू-संरक्षण कार्यालय
जि. स्वा. का.	जिल्ला स्वास्थ कार्यालय
वि. स.	विक्रम सम्बत
मे. टन	मेट्रिक टन
मि.	मिटर
मि. मी.	मिलिमिटर
से. मी.	सेन्टीमिटर
रा. वा. प्र. मू. नि.	राष्ट्रिय वातावरण प्रभाव मूल्यांकन निर्देशिका
रे. पो.	रेन्ज पोष्ट
प्रा. वा. प.	प्रारम्भिक वातावरणीय परीक्षण
हे.	हेक्टर
CITES	Convention on International Trade in the Endangered Species of Wild Fauna and Flora
Co_2	Carbondioxide
IEE	Initial Environmental Examination
IUCN	International Union for the Conservation of Nature and Natural Resources
D	Diameter
Vol	Volume

अर्घाखाँची जिल्लाको पञ्चवर्षीय वन ब्यवस्थापन कार्ययोजना

अवधि: २०७०/०७१ देखी २०७४/०७५

परिचय

अर्घाखाँची जिल्लामा भएको राष्ट्रिय वनको संरक्षण, सम्वर्द्धन तथा विकास कार्यक्रमहरु सुचारु रुपले संचालन गर्न र वन जङ्गलमा हुने अवैध चोरी निकासी तथा वन अतिक्रमणबाट हुने वन विनाश कार्यलाई रोकथाम र नियन्त्रण गरी स्थानीय बासिन्दाहरुको वन पैदावारको आवश्यकता सतत् रुपमा परिपूर्ति गरी सामाजिक तथा आर्थिक विकास गर्न र स्वस्थ वातावरण प्रवर्द्धनका लागि वन ऐन, २०४९ को दफा २० र वन नियमावली, २०५१ नियम (१) को उप-नियम (घ) ले निर्दिष्ट गरेको ढाँचामा सरकारद्वारा व्यवस्थित वनको व्यवस्थापन गर्न एक आवधिक कार्ययोजना तयार गरी विभागिय स्वीकृती हुनु पर्ने व्यवस्था रहेको छ । सो अनुरुप आ.व. ०६४/०६५ देखि ०६९/०७० अवधिको लागि तयार गरिएको पञ्चवर्षिय कार्ययोजनाको आधारमा कार्य सञ्चालन गरिदै आएकोमा सो कार्ययोजनाको समयावधि समाप्त भएकोले पूनः पञ्चवर्षिय कार्ययोजनाको रुपमा यो कार्ययोजना तयार गरिएको छ ।

यस जिल्लामा आ.व. ०५५/५६ देखि ०६१/६२ सम्म डेनमार्क सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा प्राकृतिक स्रोत व्यवस्थापन क्षेत्र सहयोग कार्यक्रम (NARMSAP) अन्तर्गत सामुदायिक वन विकास कार्यक्रमहरू संचालनमा रहेको थियो । विगत केहि वर्षदेखि जिल्ला वन कार्यालयका सम्पूर्ण कार्यक्रमहरू सामुदायिक वन विकाससंग सम्बन्धित भएको र ती कार्यक्रमहरूको सम्पूर्ण खर्च नेपाल सरकारबाट बेहोरिएको छ ।सामुदायिक वन उपभोक्ता महासंघले जिल्ला वन कार्यालयसंग समन्वय गरी संस्थागत विकास, शुसासन, पारदर्शिता, वृक्षारोपण लगायतका कार्यहरुमा सहजीकरण गर्दै आएको छ । राष्ट्रपति चुरे संरक्षण कार्यक्रम जिल्ला वन कार्यालय अन्तर्गत संचालनमा रहेको छ ।

यो कार्ययोजनाले जिल्लाको राष्ट्रिय वन अन्तर्गत सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कबुलियती वन र धार्मिक वनको साथै निजी वन विकास कार्यक्रमलाई समेत समेटेको छ । उल्लेखित वन विकास योजनामा अन्तरनिहीत तथ्य एवं सूचनाहरुलाई पाँच मुख्य भागमा विभाजन गरि व्याख्या र विश्लेषण गरिएको छ ।

भाग १ मा जिल्लाको सामान्य परिचय, जस अन्तरतर्गत ऐतिहासिक पृष्ठभूमि, सामाजीक तथा आर्थिक अवस्था, भौगोलिक अवस्था, भौतिक पूर्वाधार, जलवायु तथा बर्षा, भू-उपयोग, मौजुदा संगठन र वन जङ्गलको संरक्षण अवस्था, समस्या, चुनौती, अवसर र हालसम्मका सिकाईलाई व्याख्या गरिएको छ ।

यसै गरी भाग २ मा वनको किसिम, प्रजातीहरुको वितरण तथा वर्तमान अवस्था, मूख्य प्रजातीहरुको वितरण तथा बृद्धि मौज्दात, प्राकृतिक पुनरुत्पादनको अवस्था, वन तथा वन्यजन्तु संरक्षण, महत्वपूर्ण वन्यजन्तुहरु रहेको छ । त्यस्तै भाग ३ मा वन सदुपयोग, जस अन्तर्गत जिल्लाको जनसंख्या, जातजाती तथा घरधुरी, घरयासी प्रयोगका वस्तुहरु, माग र आपूर्ति, वन पैदावारमा आधारीत उद्योगधन्दाहरु, खनिज/उत्खनन उद्योगहरुको विवरण चित्रण गरिएको छ । भाग ४ मा कार्ययोजनाको अवधि, उद्देश्य, कार्यनीति, भावी पाँच वर्षको कार्यक्रम, कार्य पद्धति, वन संरक्षण र वन विकास कार्यक्रम, बजेट व्यवस्थापन, वन सदुपयोग योजना र योजना कार्यान्वयन व्यवस्थापनलाई संश्लेषण गरि प्रस्तुत गरिएको छ ।

योजनाको अन्तिम भाग ५ मा योजनाका उपलब्धि, अनुगमन तथा समन्वय लगायतका विविध पक्षहरु जस्तै योजना कार्यान्वयनका ५ वर्षको संभावित प्रभाव तथा अवस्था वारे प्रक्षेपण, रोजगारीका अवसर र गरिबी न्युनिकरणमा योगदान, कार्ययोजना संशोधनका बारे व्यवस्था गरिएको छ । वन व्यवस्थापन कार्ययोजनामा वर्णन गरिएका विषयवस्तुको पुष्ट्याई तथा विस्तृत विवरणहरु अनुसूचिहरुमा समावेश गरिएको छ ।

अवधी

यो कार्ययोजनाको अवधि आ.व. २०७०/०७१ देखि २०७४/०७५ सम्म ५ (पाँच) वर्षको लागि हुने छ ।

लक्ष्य

वन क्षेत्रको दीगो व्यवस्थापन एवं वातावरण संरक्षण गर्दै स्थानीय उपभोक्ताहरुलाई सरल, सहजरुपमा वन पैदावारको न्यायोचित वितरण गरेर आर्थिक समृद्धि हासिल गर्ने ।

उद्धेश्यहरु

१. वन क्षेत्र एवं जैविक विविधताको संरक्षण गर्ने ।
२. सबै किसिमका वन प्रणालीहरुमा दिगो व्यवस्थापन पद्धति अवलम्बन गरी वन व्यवस्थापन गर्ने ।
३. वनजन्य उत्पादन तथा पारिस्थितिकीय सेवाको सदुपयोग र व्यवसायीकरणबाट वन उद्यमको विकास गर्नको लागि वन पैदावारको सुलभ आपूर्ति, थप रोजगारी सिर्जना र जीविकोपार्जनमा सुधार गर्ने ।
४. पारिस्थितिकीय दृष्टिकोणबाट संवेदनशिल क्षेत्रहरु (जलाधार क्षेत्र, चुरे क्षेत्र, जैविक विविधता कोरिडोर, विशेष इकोसिष्टम संरक्षण समेत) को दिगो व्यवस्थापन गर्दै वन क्षेत्रको उत्पादकत्व वृद्धि गर्ने ।
५. व्यवसायिक महत्वका गैरकाष्ठ वन पैदावारहरुको पहिचान, दिगो सङ्कलन, प्रविधि विकासको साथै व्यावसायिकरण र बजारीकरण गर्न समुदाय तथा निजीक्षेत्रलाई प्रोत्साहन गर्ने कार्यक्रम संचालन गर्ने ।
६. जलवायु परिवर्तनका कारणले उत्पन्न हुन सक्ने संभावित जोखिमको आँकलन गरी आवश्यक र उपयुक्त अनुकूलन एवम् जोखिम व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्ने ।
७. वनक्षेत्रमा सुशासन एवं सहयोगी वातावरणको सिर्जना गर्ने ।

कार्यान्वयनको लागि आवश्यक आर्थिक स्रोत

यो पन्च वर्षिय वन व्यवस्थापनकार्य योजना वन विभागवाट स्वीकृत भए पश्चात् कार्यान्वयन हुने छ र सोको कार्यान्वयन जिल्ला वन कार्यालय, अर्घाखाँचीमा उपलब्ध साधन श्रोतलाई अधिकतम उपयोग गरी जिल्ला वन अधिकृतको समन्वय र सहयोगी संघ संस्थाहरुको सहकार्यमा सम्पूर्ण कर्मचारीहरु सहायक वन अधिकृत, रेन्जर, फरेष्टर, वन कार्य सहायक, वन रक्षक, सशस्त्र वन रक्षक, प्रशासन र लेखा फाँट समेतले आफनो उतरदायित्व वहन गरी कार्यान्वयन गर्ने छ । यस कार्ययोजनाको अवधि आ. व. ०७०/०७१ देखि आ. व. ०७४/०७५ सम्म पाँच बर्षको रहने छ । यसको कार्यान्वयनको लागि कार्यक्रमतर्फ जम्मा रु.५८२५८०००/- र संचालन खर्च (प्रशासनिक खर्च समेत) रु १६६५००००००/- हुनेछ । यसको कार्यान्वयन मूख्यत: नेपाल सरकारको आर्थिक ऐन, नियमको अधिनमा रही संचालन हुने छ । यो कार्य योजना अवधिभित्र यस जिल्लामा कुनै थप कार्यक्रम /योजनाहरु आएमा सो समेत यस कार्ययोजनाको अंगको रुपमा कार्यान्वयन गरिनेछ ।

अपेक्षित उपलब्धीहरु

यो प्रस्तुत पञ्चवर्षिय कार्य योजना लागु भएपछि आगामी पांच वर्षभित्र वनको हैसियतमा समग्र रुपमा सुधार हुनुको साथै वन पैदावारको मांग र आपूर्तिमा सहज हुने, सामाजिक-आर्थिक पक्षमा सुधार हुने, वातावरणीय सन्तुलन कायम राख्न तथा समग्र रुपमा गरीबी घटाउने राष्ट्रिय अभियानमा सकारात्मक सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसको साथै निम्न बमोजिम विशेष उपलब्धि हासिल हुनेछ ।

- २०७० सालको भन्दा वन क्षेत्रको हैसियतमा अभिवृद्धि भै वन पैदावारको आपूर्ति न्यायोचित तवरबाट भै वातावरणीय तथा आर्थिक समृद्धिमा योगदान दिनेछ ।
- वन क्षेत्र अतिक्रमण हुनबाट जोगिने तथा वन एवं वन्यजन्तु संरक्षणमा वृद्धि हुने ।
- दिगो वन व्यवस्थापन पद्धति अवलम्बन भएको वन क्षेत्रमा (कम्तिमा २५ प्रतिशत सामुदायिक वनहरुमा) सबै उमेर समुहको वनस्पति प्रजातिहरुको सम्मिश्रण संरचनाको विकास हुने ।

- कम्तिमा ४० प्रतिशत सामुदायिक वनहरुले वन संवर्धन पद्धति संचालन गर्ने प्राविधिक ज्ञान सिप हासिल गर्नेछन् तथा कम्तिमा २५ प्रतिशत सामुदायिक वनहरुमा वन संवर्धन पद्धति अनुसारको वन व्यवस्थापन प्रणाली अवलम्बन हुने ।
- विद्यमान वन क्षेत्रको २० प्रतिशत क्षेत्रमा वनको हैसियत (घनत्व तथा उत्पादन मात्रा) ५० प्रतिशत भन्दा वढी हुने ।
- वातावरणीय दृष्टिकोणबाट सम्वेदनशिल वन क्षेत्रको पुनर्स्थापना तथा हैसियतमा वृद्धि भई वातावरणीय सेवामा टेवा पुग्ने ।
- व्यवसायिक महत्वका गैरकाष्ठ वन पैदावारहरुको प्रवर्द्धन भई स्थानीयस्तरमा समुदाय र नीजि क्षेत्रको संलग्नतामा उद्यम स्थापना हुने ।
- स्थानीय वन उपभोक्ता समूह तथा सेवाग्राहीहरुमा प्रवाह हुने सेवा प्रभावकारी र सहज तरिकाले प्रदान हुने, कार्यक्रमहरु कार्यान्वयन गर्नको लागि कर्मचारीहरु तथा स्थानीय समुदायहरुको उत्प्रेरणामा वृद्धि हुने ।

सिमितता

अर्घाखाँची जिल्लाको राजनैतिक सिमाना भित्रका ४२ वटै गा.वि.स.अन्तर्गतका विशेष गरी राष्ट्रिय वनहरू, सामुदायिक वन र सरकारद्वारा व्यवस्थित वन तथा निजी वनमा यो कार्ययोजनाको क्षेत्रभित्र गरिने विभिन्न किसिमका वन विकासका कार्यहरु र वन क्षेत्रसंग सम्बन्धित प्राकृतिक श्रोत सदुपयोग प्रयोजनका लागि यो कार्ययोजना सिमित छ । यो कार्ययोजना कार्यान्वयन हुने क्षेत्रमा रहेका बिभिन्न वन क्षेत्रहरूमा पाईने विविध किसिमका वन पैदाबार तथा जीवजन्तु लगायत किटपतङ्गहरू, मौसम अनुसार हिँडडुल गर्ने केही चरा (Migratory Birds) तथा वर्षातमा उम्रने वनस्पतिहरूको पूर्ण तथ्याङ्क स्रोत सर्भेक्षणको समयमा साधन र समयको अभावले गर्दा लगतमा छुटफुट हुनसक्ने अड्कल गरिएको छ । गैरकाष्ठ वन पैदावारमा विशेषत: खोटो संकलन नै प्रमुख रहेकोले त्यसलाइ समावेस गरिएको छ । अन्य प्रजातिहरुको हकमा यो जिल्लामा धेरै थोरै मात्रामा संकलन तथा निश्कासन गरिने भएकोले विस्तृत सर्वेक्षण आवश्यक नभएकोले गरिएको छैन । यो प्रस्तावित प्रतिवेदन कम खर्च र समय अभावको कारण छोटो अवधिमा नै फिल्ड भ्रमण तथा त्यसबाट प्राप्त वातावरणीय अवस्था सम्बन्धी प्रारम्भिक विवरणबाट संकलित जानकारीको आधारमा तयार पारिएको हो । अन्य संकलित तथ्याङ्कहरू जानकारीमा आएको दोश्रो स्रोत (SecondaryData) मा आधारित छ ।

पुरानो वन ब्यवस्थापन कार्ययोजना (आ.व.०६५/०६६ देखि ०६९/०७०)को समिक्षा

यस जिल्लामा आ.व ०६९/०७० सम्ममा जम्मा ४२५ वटा सामुदायिक वन उपभोक्ता समूह गठन भई समूहहरुलाई २८९५८.९८ हेक्टर वन क्षेत्र संरक्षण, व्यवस्थापन गर्न हस्तान्तरण गर्न सफल भएको छ, जसबाट ४५३८२ घरधुरी लाभान्वित भएका छन् ।

यस जिल्लामा विशेषत: २०४६ पश्चात वन विकास कार्यहरुले गति लिएको देखिन्छ । निम्न बमोजिमको कार्य योजनाहरु तयार भई कार्यान्वयन भएको देखिन्छ ।

१. पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजना

यस जिल्लामा पूर्व पञ्चबर्षिय योजनाको अवधिमा पनि वन क्षेत्रवाट अवैध ढङ्गले ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन गर्ने प्रचलन रहनु, वनका भवनहरुको क्षति , सामन्य वन अतिक्रमण तथा अव्यवस्थित बसोवास, वन डढेलो तथा आगलागी, वन सिमाङ्कन लगायतका समस्याहरुको निरन्तरता रहेको पाईन्छ । उक्त समस्याहरु समाधान गर्न बाझिएको ऐन नियमहरु, बढ्दो जनसंख्यालाई २०५० को संगठनकै कर्मचारीबाट सेवा प्रवाह गरिरहनु पर्दा जनतालाई दिने सेवाहरु प्रभावकारी पार्ने कार्य चुनौतीपूर्ण रहेको छ । तापनि विगत पाँच बर्षमा सिमित साधन श्रोतहरुलाई बढी भन्दा बढी उपयोग गरी जिल्लाका पुरानो अतिक्रमणलाई हटाउन तथा नयाँ अतिक्रमण हुन नदिन राजनैतिक दलहरू, प्रशासन र स्थानीय व्यक्तिहरूसंग समन्वय भएको, वन अतिक्रमण हुन सक्ने संभाव्य वन क्षेत्रहरू जस्तै सडक तथा बाटो छेउछाउ, बगर तथा गाउँ, वस्ती नजिक एवं खेतवारीका साँधमा रहेका वनहरू साथै टुक्रा-टाक्री वनहरू तथा चोरी नाकामा पर्ने वन क्षेत्र समेतलाई सामुदायिक वन उपभोक्ता समूह गठन गरी हस्तान्तरण गर्ने कार्यलाई उपलब्धीको रुपमा लिन सकिन्छ ।

यसै गरी आमजनताको वनप्रति उत्तरदायित्व बढ्न गई वन अतिक्रमण (करीब १८.५ हे. वनक्षेत्र अतिक्रमण भएको रेकर्डबाट देखिएको छ) चोरी निकासी, वन डढेलो तथा अनियन्त्रित चरिचरणमा कमी अर्थात् नियन्त्रण हुन गई संरक्षण कार्यमा उल्लेखनीय टेवा पुगेको, वन पैदावारको सङ्कलन तथा बिक्री वितरण कार्यले स्थानीय स्तरमा रोजगारी सृजना भएको छ भने धार्मिक, ऐतिहासिक, पुरातात्विक र पर्यटकीय स्थलहरुको संरक्षण तथा जगेर्ना भई वातावरण संरक्षणमा समेत टेवा पुगी रहेको छ । दाउराको विकल्पको खोजी, सुरक्षा निकायसँग समन्वय, एफ एम Radio/पत्रपत्रिकाहरु वन र वातावरण जोगाउने समाचारतर्फ लक्षित हुनुलाई अवसरको रुपमा लिई वन संरक्षण र व्यवस्थापनमा व्यापकता ल्याउन सकिन्छ ।

विगत ५ वर्षको अवधिआ व. ०६५/६६ देखि ०६९/७० मा राष्ट्रिय वनवाट उत्पादित काठ जम्मा ३१७६६.८७ क्यू.फी. र दाउरा ९६चट्टा बिक्री वितरण गरी रु.११७५६१९८/- राजश्व सङ्कलन,त्यस्तै सामुदायिक वनवाट काठजम्मा ३४३२२३.६९ क्यू.फी. र दाउरा ११३४ चट्टा बिक्री वितरण गरी रु.१८७९८७५७/- राजश्व सङ्कलन भएको देखिन्छ । यस जिल्लामा मौज्दात आकलन गर्दा औसत वृद्धि मौज्दात (Standing volume) १४६.१२ क्यू. मी. प्रति हे. पाईएको छ । तल्लो पहाडी कडा काठ प्रजातिको वन क्षेत्रमा प्राय: वृक्षरोपणको साथै प्राकृतिक पुनरूत्पादन भई हुर्केको र घनत्वको हिसाबले मध्यम खालको वन रहेको छ । समग्रमा भन्नुपर्दा वनको संचिती १०५.९४ घ.मी./हे. लाई राम्रो मान्न सकिन्न । पहाडी कडा काठ प्रजातीको वन (Mountain Hardwood forest) मा विरुवाको संख्या ३३३८, औसत काण्डको आयतन र वार्षिक वृद्धिदर क्रमश: १०५.९४ घ. मी. र १.०६ घ.मी. प्रति हेक्टर पाईएको छ । सालको वनमा रुख र पोलसंख्या ३४४ र रुख तथा पोलको कुल संचिति तथा वार्षिक वृद्धिदर क्रमश: १४४.५९ र १.४५ घ.मी. प्रति हेक्टर रहेको पाईएको छ । विगतको कार्ययोजनाको अवधिमा मा सरदर प्रति घरधुरी ३.२ मे.टन प्रति वर्षको दरले जिल्लामा १६१६६५ मे. टन दाउरा खपत हुने अनुमान गरिएकोमा हाल दाउराको माग घटनुको कारण औषत परिवार संख्या घटनु, जिल्लाका ३०७५ घरधुरीले एल.पि.ग्याँस लगायत अन्य विभिन्न वैकल्पिक उर्जाको स्रोत प्रयोग गर्नु हो । जिल्लाको काठ, दाउराको माग र आपूर्तिको अवस्थालाई हेर्दा काठको माग प्रति घर परिवार १.०७ घ.फि प्रति परिवार प्रति वर्ष आवश्यक पर्ने देखिन्छ । सोही अवधिमा जिल्लाभरि ४२ हजार घ.फि. काठ खपत हुने अनुमान गरिएकोमा यस कार्य योजना अवधिमा वार्षिक ५०,००० क्यु.फि. काठ आवश्यक पर्ने सर्वेक्षणले देखाएको छ । माथिको तालिकावाट प्रति घरधुरी स्याउला र घाँसको खपत क्रमश २.५० मे.टन र २.७ मे.टन हुने देखिन्छ । जिल्लाको हिसाववाट क्रमश स्याउला ११७९८७ र घाँस १२६४५४ मे.टन खपत हुने देखिन्छ, जुन पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजना २०६५/०६६ देखि २०६९/०७० मा प्रक्षेपण गरिएको अनुपात

भन्दा कम हुन आउँछ । यसको मुख्य कारण वढदो शहरीकरण, जनशक्तिको विदेश पलायनले गर्दा गाउँघरमा पशुपालन व्यवसायमा कमी देखिएको छ ।

सामुदायिक वनहरुवाट जिल्लाभित्र घरायसी प्रयोजनको शिलशिलामा आन्तरिक खपतको लागि छुटयाइएको काठ आ.व. ०६८/०६९ मा३८९३ क्यु. फि. तथा २०६९/०७० मा १७७४ क्यु.फि काठ घर वनाउने प्रयोजनको लागि सामुदायिक वनवाट संकलित ढलापडा काठ मध्येवाट खपत भएको देखिन्छ । काठ दाउराको आपूर्तिको हिसावले यस जिल्लामा निजि दर्ता रहेका खरवारीहरु रहेको कारणवाट स्थानिय आपूर्तिको कारणवाट वन क्षेत्रमा खासै चाप परेको देखिदैन । सामुदायिक वनको काठ दाउराको माग र आपूर्तिको स्थितिलाई हेर्दा घरायसी प्रयोजनको निम्ति काठको माग प्रति घरपरिवार १.०५ घ.फी. देखिन्छ ।

यस जिल्लामा दर्ता भएका ३३ गोटा फर्निचर उद्योग मध्ये २६ गोटा फर्निचर उद्योग चालु अवस्थामा रहेको र उक्त उद्योगहरुवाट फर्निचर सामग्रीहरु उत्पादन गरी फर्निचरजन्य सामाग्रीहरु विक्रि गरी स्थानियस्तरमा आपूर्ति गर्दै आईरहेका छन् । यस जिल्लामा हाल फर्निचर उद्योगहरुको अवस्था, क्षमतालाई हेर्दा वार्षिक रुपमा १३,००० क्यु.फि. गोलिया काठ खपत हुन सक्ने देखिन्छ ।

आ.व. २०६९/०७० को स्वीकृत जिल्ला दररेट अनुसार गोलिया काठको हकमा जिल्लाका काठ, दाउरा संकलन गर्ने क्षेत्रको भौगोलिक अवस्था हेरी प्रति क्यु.फि. रु ९९/- देखि १३३/- सम्म र दाउरा हकमा प्रति चट्टा रु ९९००/- देखि १३३०० /- सम्म रहेको छ ।

जिल्ला सदरमूकाममा रहेको जिल्ला पशु सेवा कार्यालयको खाली जग्गामा५० हजार विरूवा उत्पादन क्षमताको वन नर्सरी संचालनमा छ ।साथै जिल्ला भू-संरक्षण कार्यालयले पनि हरेक वर्ष वार्षिक लक्ष्य अनुसार विरूवा उत्पादन गरी नि:शुल्क वितरण गर्ने गरेको छ ।तर यस जिल्लामा वृक्षारोपण गर्न सकिने क्षेत्र करीब १२१२ हे. रहेको भए पनि आ.व. ०६९/०७० मा जिल्ला वन कार्यालय तथा सामुदायिक वनमा नर्सरी स्थापना गरी विरूवा वितरण गर्ने कार्यक्रम राखिएको भएपनि वृक्षारोपणको लागि भनेर छुट्टै कार्यक्रम र वजेटको व्यवस्था भएन ।

समग्रमा स्विकृत कार्यक्रमहरुको हकमा पूर्व कार्ययोजनाको अवधिमा संचालन भएको वन विकास कार्यक्रमहरुको लक्ष्य प्रगतिको समीक्षा गर्दा सत प्रतिशत भन्दा बढी प्रगती भएको पाइएको छ । उपभोक्ता समूह गठन र सामुदायिक वनको कार्ययोजना तयारी ५०-५० वटा लक्ष्य रहेकोमा क्रमशः ९६ र ९६ वटा प्रगती भएको छ। विरुवा उत्पादन ९८ हजार लक्ष्य राखिएकोमा ३ लाख ४२ हजार प्रगती भएको छ । केही कार्यक्रमहरु जस्तै लघु उद्यम विकास सहयोग, सामुदायिक वन व्यवस्थापन अनुदान, वन डढेलो नियन्त्रण व्यवस्थापन, आयमुलक घुम्ति कोष सहयोग लक्ष्य नराखीकन पनि १४ गोटा सा.व.उ.सलाई घुम्तिकोष सहयोग उपलब्ध गराई प्रगती भएको छ । यसरी थुप्रै समस्या र चुनौतीको साथै राजनैतिक अस्थिरता हुँदाहुँदै पनि सत प्रतिशत प्रगती हुनुमा यस कार्यालयका कर्मचारीहरुको सक्रियता र सहयोगी कार्यालयहरुसँगको समन्वय प्रमूख रहेको छ ।

गएको ५ वर्षको अवधिमा राखिएको लक्ष्य बमोजिम नै कार्यहरु भएको पाईन्छ । कतिपय क्रियाकलापहरुको लक्ष्य नराखिएको र सो कार्यक्रमहरु पनि सम्पन्न भएकोमा सन्तोष मान्नै पर्ने देखिएको छ, सो तालिका-१ मा देखाइएको छ ।

तालिका-१: आ. व. ०६५/०६६ देखि ०६९/०७० सम्मको वन विकास कार्यक्रमको लक्ष्य तथा उपलब्धि

क.सं.	कार्यक्रम	ईकाइ	कुल	
			लक्ष्य	प्रगति
	जिल्ला वन कार्यालयवाट गर्ने कार्यहरु			
१	उपभोक्ता समूह गठन	गोटा	५०	९६
२	सामुदायिक वनको कार्ययोजना तयारी	गोटा	५०	९६
३	सामुदायिक वनको कार्ययोजना पुनरावलोकन	गोटा	२००	२२०
४	सामुदायिक वनको निरिक्षण तथा अनुगमन	गोटा	७२२	१०१०
५	सामुदायिक वन व्यवस्थापन अभ्यास	गोटा	६०	४२
६	रेकर्ड किपिङ तथा लेखा कोचिङ	गोटा	१५	२०
७	गैरकाष्ठ वन पैदावार व्यवस्थापन तालिम	गोटा	५	५
८	सामुदायिक वनमा गरीवहरुको लागि कार्यक्रम सहयोग	जिल्ला	५	५
९	सामुदायिक वनक्षेत्रभित्र कवुलियति वन समूह गठन	गोटा	२५	३२
१०	जिल्ला वन नर्सरी मर्मत	गोटा	९	६
११	विरुवा उत्पादन	हजार	९८	३४२
१२	उपभोक्ता समूह मुल्याङकन तथा पुरस्कार	जिल्ला	३	५
१३	समारोह(वातावरण दिवस, वन महोत्सव आदि)	पटक	५	२
१४	गा.वि.स.स्तरीय वन स्रोत तथ्याङक संकलन	जिल्ला	५	०
१५	जैविक विविधता अभिलेखीकरण	गोटा	५	०
१६	प्रचार प्रसार सामग्री उत्पादन तथा वितरण	पटक	२	१
१७	उपभोक्ता समूह अन्तरकृया	गोटा	१६	४४
१८	पंचवर्षिय वन व्यवस्थापन कार्ययोजना तथा कार्ययोजनाको IEE	जिल्ला	२	२
१९	उपभोक्ता समूहवाट विरुवा उत्पादन अनुदान	हजार	१५०	२५४
२०	सामुदायिक वन विकास तालिम	गोटा	०	१
२१	नर्सरी निर्माण	गोटा	०	१
२२	लघु उद्यम विकास सहयोग	समूह	०	२०
२३	सामुदायिक वन व्यवस्थापन अनुदान	गोटा	०	१९
२४	वन डढेलो नियन्त्रण व्यवस्थापन	जिल्ला	०	४
२५	सामुदायिक वन व्यवस्थापनको लागि श्रोत व्यक्ति विकास	समूह	०	४
२६	आयमुलक घुम्ति कोष सहयोग	समूह	०	१४
२७	आयमुलक जग्गा व्यवस्थापन सहयोग	समूह	०	१३
२८	फलफूल तथा जडिवुटी विरुवा खरीद तथा वितरण	समूह	०	८
२९	जिल्लास्तरीय योजना तर्जुमा गोष्ठी	गोटा	०	५
३०	जि.वि.स. सरोकारवालहरुद्धारा संयुक्त अनुगमन	पटक	०	४

३१	एक जिल्ला एक नविन कार्यक्रम	जिल्ला	०	१
३२	सहभागितामुलक अतिक्रमण तथा चोरी निकासी नियन्त्रण तथा व्यवस्थापन	जिल्ला		३
३३	निजी वन उत्प्रेरणा कार्यक्रम	गोटा		१
३४	स्कुल वन कार्यक्रम	जिल्ला		२
३५	जिल्ला वनक्षेत्र समन्वय समिति गठन तथा संस्थागत	जिल्ला		२

२. चुरे संरक्षण सम्बन्धि कार्ययोजना कार्यान्वयन

यस अर्घाखाँची जिल्लाको चुरे क्षेत्र ४०% क्षेत्र रहेको यस क्षेत्रमा ७२% वनले ढाकेको छ । सिमपानी गाविस अन्तरगतका तोरीबारी, बठेनी आदी स्थानहरुमा गैरकानुनी तवरले मानिसहरु बसेको पाईएको छ । गैरकानुनी रुपमा वन पैदावार निकासी गर्ने स्थानको रुपमा बिक्रमसोता, दोबाटा, चाक्ला, गाग्रेखोला, मौवाबारी, रन्सिङ र भालुबाङलाई प्रयोग गर्दै आएकोले ती स्थानहरुमा कडाईका साथ निगरानी गर्नु पर्ने देखिन्छ । अर्घाखाँची र कपिलबस्तु जिल्लाको अस्पष्ट सिमाङकनले पनि गैरकानुनी वन पैदावार ओसारपसारलाई बढावा दिएको बुझिएको छ ।

चुरेको वन ज्यादै जोखिमपूर्ण अवस्थामा भएको महसुश भएर वन तथा भू–संरक्षण मन्त्रालयको नेतृत्वमा चुरे क्षेत्र रणनीति कार्यक्रम तयार गरिएको छ । चुरे क्षेत्र कार्यक्रमले २२ वटा रणनीति तथा ४ वटा विषयगत क्षेत्र पहिचान गरेको छ । त्यस सम्बन्धमा सम्माननीय राष्ट्रपतिले समेत चिन्ता व्यक्त गरेपछि सरकारले आ.व.२०६७/०६८ देखि लागु हुने गरी ‘‘राष्ट्रपति चुरे संरक्षण कार्यक्रम’’ संचालनमा ल्याएको छ ।

चुरे संरक्षण कार्यक्रम सफलतापूर्वक सञ्चालन गर्नका लागि स्थानीय स्तरमा अल्पकालीन तथा दीर्घकालीन योजना तयार पार्न आवश्यक रहेको हुँदा सोको लागि जिल्ला वन कार्यालय अर्घाखाँचीको आर्थिक वर्ष २०६७/०६८ को स्वीकृत वार्षिक कार्यक्रममा ‘‘ नेपाल राष्ट्रपति चुरे संरक्षण कार्यक्रम’’ अन्तरगत चुरे वन संरक्षण तथा व्यवस्थापन योजना २०६८ तयार पारी ५ वर्षको लागि कार्यक्रम संचालनमा रहेको छ । यो योजना पनि यसै कार्ययोजनाको एक अंगको रुपमा रहेको छ ।

सिकाईहरु

१. रोजगारी सृजना हुने क्षेत्रहरु जिल्ला वाहिर रहेको तथा वैकल्पिक ईन्धनका प्रयोगको कारणवाट स्थानीय स्तरमा वनक्षेत्रमा हुने चापको कमीले गर्दा दाउरा तथा काठको मागको दर कम हुँदै गएको छ ।

२ विरूवाको मागलाई ध्यान दिने हो भने तत्कालै जिल्लाको उत्तरी भेगमा कम्तीमा १० हजार बहुउद्देश्यीय प्रकारका विरूवा उत्पादन क्षमताको अर्को नर्सरी संचालन गर्नु पर्ने देखिन्छ ।

३. कपिलवस्तु तथा अर्घाखाँची जिल्लाको सिमाना विवादले गर्दा वन पैदावारहरुको चोरी निकासी लाई नियन्त्रण गर्न सकिएको छैन ।

४. चुरे क्षेत्रमा पहिले देखिको पुरानो अतिक्रमण क्षेत्रलाईराजनैतिक प्रतिवद्धता प्राप्त भएमा व्यवस्थित गर्न सकिने देखिएको छ ।

५. चुरे क्षेत्रको संरक्षण तथा विकास केवल संरक्षणमा मात्र नभई वुद्धिमतापूर्वक सदुपयोग गरी स्थानीय समुदायका सहभागिता परिचालनबाट मात्र संभव छ ।

६. जिल्ला वन कार्यालयका कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न सकेमा वन क्षेत्रको विकास कार्यहरुको गुणस्तरमा पनि अभिवृद्धि हुन सक्ने देखिएको छ ।

कार्ययोजना तयार गर्नको लागि अपनाईएको कार्यविधि

वन क्षेत्रसंग सम्बन्धीत नीति, ऐन, नियम , निर्देशिका, रणनीति तथा मार्गदर्शनहरु

वातावरणसँग सम्बन्धीत

क) राष्ट्रिय संरक्षण रणनीति, २०४५

नेपाल सरकारले वातावरण संरक्षणका लागि सर्वप्रथम २०४५ सालमा ल्याइएको राष्ट्रिय संरक्षण रणनीति (National Conservation Strategy for Nepal, 1988)नै नेपालको पहिलो वातावरण सम्बन्धी नीतिगत दस्तावेज हो । सरकारले लागू गरेको उक्त रणनीतिले विकास र संरक्षणबीच अन्तरसम्बन्ध रहेको कुरा आत्मसात गरेको छ । तसर्थ भौतिक पूर्वाधार निर्माण तथा विकास आयोजना सञ्चालन गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने र त्यस्ता कार्यहरूबाट वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव न्यूनीकरण गर्न उचित व्यवस्था गर्नु पर्ने कुरामा जोड दिएको पाइन्छ ।

ख) आवधिक योजनाहरू

नेपालको आवधिक योजनाहरूलाई पनि नीतिगत दस्तावेजको रूपमा लिइन्छ । उक्त योजनाहरूमा अन्य क्षेत्रका साथै वातावरणसंग सम्बन्धित नीतिसमेत उल्लेख रहने गरेको पाइन्छ ।

छैठौं (२०३७-२०४२) तथा सातौ योजना अवधि (२०४२-२०४७) मा उद्योग स्थापना तथा विकास आयोजनाको सञ्चालन गर्दा त्यसबाट वातावरणमा पर्न सक्ने प्रभावलाई दृष्टिगत गरी तत्सम्बन्धमा आवश्यक व्यवस्था गर्ने नीति अख्तियार भएको पाईएता पनि त्यस सम्बन्धमा आठौं योजना (२०४९-२०५४) ले पूर्ण रूपमा आत्मसात गरेको पाइन्छ । आठौं योजनाले वातावरणीय प्रभाव परिक्षण/ मूल्याङ्कनका लागि एक राष्ट्रिय पद्धतिकै रूपमा स्थापना गर्ने र योजना तर्जुमा कै क्रममा वातावरणीय अध्ययनहरुलाई पूर्व शर्तकै रूपमा राखेको देखिन्छ । नवौं योजना (२०५४-२०५९) ले वातावरणीय अध्ययन प्रक्रियालाई सहभागितामूलक बनाई स्थानीयस्तरदेखि नै आर्थिक योजना तथा विकास कार्यमा प्रभावकारी समायोजनतर्फ जोड दिएको पाईन्छ । यसै योजना अवधिमा एक राष्ट्रिय वातावरण नीति तथा कार्ययोजना २०५० समेत तयार भई लागू रहेको देखिन्छ । दशौं योजना (२०५९-२०६४) ले वातावरण प्रभाव मूल्याङ्कनलाई अझ महत्व दिँदै विकास आयोजना एवं कार्यक्रम सञ्चालनपूर्व वातावरणीय प्रभाव परिक्षण/मूल्याङ्कनलाई अनिवार्य गराई वातावरणीय प्रभाव मूल्याङ्कन गरीएका आयोजनाको कार्यान्वयन स्थितिको नियमित अनुगमन मूल्याङ्कनसमेतलाई प्रभावकारी बनाउने कुरामा जोड दिएको छ । नेपाल सरकारको ३ वर्षेअन्तरिम योजनाहरु र चालु तिन वर्षे योजनाको आधारपत्रमा पनि वातावरणीय प्रभाव परिक्षण/ मूल्याङ्कनलाई जोड दिँदै वन पैदावारमा आधारित उद्योगलाई प्रोत्साहन गरी स्थानिय स्तरमा रोजगारी बढाउने र वन क्षेत्रको गरिवी न्यूनीकरणमा योगदान बढाउने लक्ष्य राखेको देखिन्छ ।

वन क्षेत्रसंग सम्बन्धीत

राष्ट्रिय वन योजना, २०३३

नेपालको वनलाई वैज्ञानिक तरिकाले दिगो रूपमा व्यवस्थापन गर्न२०३३ सालमा राष्ट्रिय वन योजना लागू गरीयो । यसलाई नै नेपालको पहिलो वनसम्बन्धी नीतिको रूपमा लिईन्छ । वनको वैज्ञानिक व्यवस्थापनको लागि व्लक, कम्पार्टमेन्टमा विभाजन गरेर सिलिभिकल्चर पद्धति अवलम्बन गर्नको लागि यो योजनाले दिशा निर्देश गर्न खोजेको छ । यसले वन सम्बन्धी विविध कुराहरू समेट्नुका साथै दिगो वन व्यवस्थापनबाट प्राप्त हुने वनपैदावारको सदुपयोग गर्न त्यसमा आधारित उद्योगको स्थापनालाई पनि जोड दिएको थियो । उक्त नीति लागू भएपछि नै वन पैदावारमा आधारित उद्योगहरू खास गरेर रोजिन तथा टर्पेन्टाइन उद्योग स्थापनाको शुरुवात भएको देखिन्छ ।

वन विकास गुरुयोजना, वनक्षेत्रको नीति, २०४६

वि. सं. २०४६ सालमा अर्थात राष्ट्रिय वन योजना लागू भएको करीब १३ वर्षपछि वन विकास गुरुयोजना (Master Plan for the Forestry Sector (MFSC) को रूपमा वन सम्बन्धी नयाँ नीति लागू गरीयो । यद्यपि यो नीतिको समयावधि समाप्त भैसकेको अवस्थामा पनि हालको वनसम्बन्धी मूल नीतिगत दस्तावेजको रूपमा लिने गरीन्छ । वनविकास गुरुयोजना, वनक्षेत्रको नीति २०४६ का उद्देश्यहरूमा "वन-सम्पदाको सुव्यवस्था, वनपैदावारमा आधारित उद्योगहरूको विस्तार तथा आय वृद्धि र रोजगारीका अवसरहरू सिर्जना गरेर स्थानीय तथा राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्न

सघाउ पुऱ्याउने" ब्यहोरा उल्लेख गरेको छ । यो गुरु योजनाले सामुदायिक वन तथा नीजि वनलाई पहिलो प्राथमिकतामा राखेको भए तापनि यसको प्रभाव मध्य पहाडी क्षेत्रको सामुदायिक वनको विकासको लागि केन्द्रित भएको पाईन्छ । तराईको वनको विकासको लागि यो गुरु योजनाले खासै उल्लेख गरेको पाइदैन अतः यो गुरु योजनाले उत्पादनशिल वनहरुको विकासमा धेरै योगदान गरेको पाईदैन ।

यसै गरी उक्त नीतिको "निजी क्षेत्रको भूमिका" मावनपैदावारमा आधारित नयाँ उद्योगहरू खोल्दा चाहिने कच्चा पदार्थहरूको उपलब्धता र उत्पादनसम्बन्धी योजना वन तथा भू-संरक्षण मन्त्रालयलाई स्वीकार्य भएमा मात्र यस्ता नयाँ उद्योगहरू खोल्न दिइने ब्यहोरा उल्लेख छ । यसले पनि दिगो व्यवस्थापनलाई जोड दिँदै त्यसबाट प्राप्त हुने वनपैदावारमा आधार हुने गरी नयाँ उद्योगहरू खोल्न दिने व्यवस्था गरेको पाइन्छ । वनपैदावारमा आधारित आयोजना सञ्चालनलगायत अन्य कार्य गर्दा जैविक विविधता र पारिस्थिकीय सन्तुलन कायम राख्न आवश्यक हुने हुँदा वातावरण प्रभाव मूल्याङ्कन गर्नु पर्ने भनी औंल्याइएको छ । जडिबुटि तथा गैरकाष्ठ वन पैदावरको विकासको लागि विशेष जोड दिएको पाईन्छ । तर पनि वन क्षेत्रको उद्यमहरुको दिगोपनाको लागि आवश्यक नीति तथा कार्यविधिहरुको अभावमा नीजि क्षेत्रको सहभागिता दिगो रुपमा हुन सकिरहेको छैन ।

संशोधित वनक्षेत्रको नीति २०५७

वनविकास गुरुयोजनाका रूपमा रहेको उल्लेखित २०४६ सालको वनक्षेत्रको नीतिलाई पुनरावलोकन गरी तत्कालिन सरकारले वन क्षेत्रको नयाँ संशोधित नीति, २०५७ लागू गरेको छ । यस नीतिले उच्च आर्थिक तथा राष्ट्रिय महत्व भएका तराई र चुरेका वनलाई त्यसको नजिकमा बसोवास गर्ने घरधुरीहरूलाई समावेश गरी साझेदारीमा वनव्यवस्थापन (Collaborative Forest Management) गर्ने जस्ता नयाँ अवधारणा अगाडि सारेको छ भने वन पैदावारमा आधारित उद्योगका सम्बन्धमा भने साबिककै नीतिलाई निरन्तरता दिईएको छ । वन क्षेत्रलाई व्यवसायिकरण गर्ने कार्यलाई जोड दिएको पाईन्छ ।

कवुलियती वन नीति, २०५९

यो नीतिले विपन्न तथा गरीवहरुको लागि सहजरुपमा वन हस्तान्तरण गर्ने कार्यको लागि सहयोग गरेको भए तापनि व्यवसायिक कवुलियती वनको लागि उपलब्धिमूलक हुन सकेको छैन । विभिन्न किसिमको कवुलियती वन दिन सक्ने किसिमको प्रावधान भए तापनि केही पर्यापर्यटनको लागि रिसोर्टहरु र जलविद्युत आयोजनाहरुको लागि कवुलियती अवधारणा अनुसारको वन क्षेत्र उपलब्ध हुदै आएको छ । यो नीतिले पनि विपन्नहरुको अधिनमा रहेको कवुलियती वनहरुमा शुरुको अवस्थाको रुखहरुको लाभ वाडफांडमा अन्यौल नै रहेको छ । वन नियमावलीमा रहेको प्रावधानको आधारमा आयोजना बनाएर मात्र कवुलियती वन दिन सक्ने प्रावधान रहेको हुदा आयोजना नभएका जिल्लाहरुमा यो कवुलियती वन विस्तारमा वाधा पुगिराखेको छ ।

जैविक विविधता रणनीति, २०५९

प्रकृतिमा भएको जैविक विविधतालाई महत्व दिदै त्यसको संरक्षणको लागि हालका वर्षहरूमा विशेष पहल भई रहेको सन्दर्भमा नेपालमा पनि जैविक विविधता संरक्षण गर्न नेपाल जैविक विविधता रणनीति, २०५९ लागू गरीएको छ । यसले जैविक विविधतामा उल्लेखनीय असर पार्न सक्ने आयोजनाहरू सञ्चालन गर्नु पूर्व त्यस्ता आयोजनाहरूको वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ अनुसार वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने हुँदा त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिने कुरा उल्लेख गरेको छ ।

वन डढेलो व्यवस्थापन रणनीति, २०६७

नेपालको वन क्षेत्रमा लाग्ने डढेलोको प्रभाव ज्यादै व्यापक हुँदै गएको तथा यसको नियन्त्रण एवं पुर्व तयारीका साथ समाधानको लागि समुदायस्तरमा र राष्ट्रियस्तरमा अग्नि नियन्त्रण संजालहरु निर्माण गर्ने, आगो लाग्न नदिनको लागि पुर्व तयारीको लागि तालिम र सजग गराउने जस्ता कार्यक्रमहरु एवं डढेलो नियन्त्रणको लागि सामग्रीहरु सहितको व्यवस्थापन योजनाहरु तयार गर्ने कार्यको निर्देश गरेको पाईन्छ । विशेष गरी समुदायमा आधारित वन डढेलो व्यवस्थापनको लागि यो रणनीतिले वन विभाग लगायतका निकायहरुलाई कार्यक्रम संचालन गर्नको लागि निर्देशन गरेको छ ।

जलवायु परिवर्तन नीति, २०६७

नेपाल पनि जलवायु परिवर्तनको उच्च जोखिममा रहेको र विशेष गरी अनुकुलन कार्यक्रमहरुको योजना तर्जुमा तथा कार्यान्वयनको लागि यो नीतिले कार्य निर्देश गरेको पाईन्छ। यो नीतिको मुख्य अपनत्व विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय रहेको र वन तथा भू-संरक्षण मन्त्रालयको जैविक विविधता एवं वन क्षेत्रको जिम्मेवारी अधिक रहेको छ। यो नीति कार्यान्वयनमा सहयोग पुग्नको लागि राष्ट्रिय अनुकुलन कार्य योजना तयार गरी कार्यान्वयनमा रहेको छ।

वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८

यो रणनीतिले वन क्षेत्रको अतिक्रमणलाई वर्गिकरण गरेको छ र केन्द्र देखि जिल्लासम्म नीतिगत तथा कार्यान्वयनको लागि संयन्त्रहरुको व्यवस्था पनि गरेको छ। जिल्लामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा वन अतिक्रमण नियन्त्रण कार्यदल रहेको छ। तर पनि यो कार्यदलमा राजनीतिक दलहरुले खुलेर सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्न सकिरहेको अवस्था छैन भने अर्को तर्फ यो रणनीति व्यवस्थापिका संसदबाट संकल्प पारित गर्नु पर्नेमा अझसम्म पनि हुन सकेको छैन। २ वर्ष भित्र अतिक्रमण नियन्त्रण गर्ने कार्य योजना भए पनि साधन स्रोत, राजनीतिक सहयोग विना यो संभव देखिएको छैन।

राष्ट्रिय भू-उपयोग नीति, २०६८

यो नीति भर्खर मात्र आएको र यस अनुसार वन क्षेत्र लगायत अन्य जग्गाहरुको भू उपयोग क्षेत्र निर्धारण गर्नु पर्नेमा हुन सकिरहेको छैन। तापनि यो नीति अनुसार कार्य हुन सकेमा वन क्षेत्रलाई पनि सहयोग पुग्ने देखिएको छ।

राष्ट्रिय सिमसार नीति, २०६९

यो नीतिले विभिन्न किसिमका सिमसार क्षेत्रहरुको वर्गिकरण गरेको छ। जस अनुसार जिल्लामा पनि सिमसार क्षेत्रहरुको पहिचान गरि संरक्षण एवं सदुपयोग योजनाहरु तयार गर्नु पर्ने प्रावधान रहेको छ। यसको व्यवस्थापनको लागि जिल्ला वन क्षेत्र समन्वय समितिमा केही सदस्यहरु थप गरिएको छ। विशेष गरी सिमसार क्षेत्रलाइ जिविकोपार्जन र जैविक विविधताको लागि उपयोग गर्नु पर्ने अवधारणा अनुसार नीति तयार गरिएको छ।

सान्दर्भिक ऐन तथा नियमहरू

वातावरण संरक्षण ऐन तथा नियमावली

क) वातावरण संरक्षण ऐन, २०५३:

नेपाल सरकारले लागू गरेको वातावरण संरक्षण नीतिलाई मूर्तरूप दिन र वातावरणीय पक्षलाई आत्मसात गर्न वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ (पहिलो संशोधन २०५५) तयार गरी लागू गरेको देखिन्छ। यी ऐन तथा नियमावलीको मुख्य उद्देश्य वातावरणीय ह्रासबाट मानवजाती, जीवजन्तु, वनस्पति, प्रकृति तथा भौतिक वस्तुमाथि हुनसक्ने प्रतिकूल प्रभावलाई यथाशक्य कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्ने र प्राकृतिक स्रोतको समुचित उपयोग र व्यवस्थापनबाट वातावरण संरक्षण गर्नु रहेको छ।

वातावरण संरक्षण ऐन, २०५३ को दफा ३ अनुसार प्रस्तावकले तोकिएका विषयसम्बन्धी प्रस्तावको कार्यान्वयनपूर्व वातावरणीय प्रभावमूल्याङ्कन (EIA) गर्नुपर्ने व्यवस्था रहेको र दफा ४ ले त्यस्तो प्रस्ताव तोकिएको निकायबाट स्वीकृत गराएपछि मात्र कार्यान्वयन गर्नुपर्ने कुरालाई निर्देश गरेको छ। यसैगरी सोही ऐनको दफा ६ ले प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धित क्षेत्रगत निकायले स्वीकृत गर्न सक्ने गरी तोकेको छ भने वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धित निकायको सिफारिसमा वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयले स्वीकृत गर्न सक्ने अधिकार प्रदान गरेको छ। हाल वातावरण मन्त्रालयले सो कार्य गर्ने गरेको छ।

ख) वातावरण संरक्षण नियमावली, २०५४:

नियमावलीको नियम ३ देखि १४ सम्म प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभावमूल्याङ्कन गर्नुपर्दा अपनाउनुपर्ने चरणबद्ध प्रक्रियाहरूका बारेमा विस्तृत रूपमा उल्लेख गरीएको छ। जसअनुसार सर्वप्रथम प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपूर्व कार्यसूची स्वीकृत गराउनुपर्ने तथा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नुपूर्व

क्षेत्रनिर्धारण प्रतिवेदन तथा कार्यसूची स्वीकृत गराउनुपर्ने व्यवस्था गरीएका छन् । यसअतिरिक्त वातावरणीय प्रभावमूल्याङ्कन प्रतिवेदन स्वीकृत हुनुपूर्व प्रस्ताव कार्यान्वयन हुने स्थलमा मस्यौदा वातावरणीय प्रभावमूल्याङ्कन प्रतिवेदनको सार्वजनिक सुनुवाईपश्चात् रायसुझाव संकलन तथा सम्बन्धित गाविस/नगरपालिकाको सिफारिस अन्तिम प्रतिवेदनमा सवावेश गर्नुपर्ने प्रावधानसमेत रहेको छ । सोही नियमावलीको अनुसूची १ मा वार्षिक ५ मे. टन भन्दा बढी संकलन गर्न प्रारम्भिक वातावरणीय परीक्षण गर्नुपर्ने उल्लेख गरेको देखिन्छ ।

वन ऐन तथा नियमावली

वन ऐन, २०४९ र वन नियमावली, २०५१:

नेपालको वनजंगलको संरक्षण र सम्बर्द्धन गरी स्वस्थ वातावरणको प्रवर्द्धन गर्ने र वनपैदावारको सदुपयोग गर्ने समेतका उद्देश्य राखी वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ लागू गरेको देखिन्छ । वन ऐनको परिच्छेद ३ अन्तर्गत रहेका दफा २०, २१ र २२ ले सरकारद्वारा व्यवस्थित वनको दिगो एवं उचित व्यवस्थाका लागि कार्ययोजना बनाउनुपर्ने, सो कार्ययोजना स्वीकृत गराउनुपर्ने तथा कार्ययोजनाले निर्दिष्ट गरेबाहेकका अन्य कुनै पनि काम कारवाहीहरू गर्न गराउन नपाइने र त्यस्तो वनको वनपैदावारको स्वामित्व नेपाल सरकारको हुने एवं तोकिएको अधिकारीले मात्र बिक्री-वितरण गर्नसक्ने व्यवस्था गरेको देखिन्छ ।

ऐनको उल्लेखित व्यवस्थालाई वन नियमावली, २०५१ को परिच्छेद -२ अन्तर्गत रहेका नियम ५ देखि १६ ले अझ बढी स्पष्ट र व्यवस्थित रूपमा उल्लेख गरेको पाईन्छ । जसअन्तर्गत मूलभूत रूपमा वनपैदावारको संकलन प्रक्रिया, बिक्री-वितरणको ब्यवस्था, निकासी सम्बन्धी व्यवस्थाका अतिरिक्त संकलन तथा बिक्री-वितरणमा लगाइने प्रतिबन्ध समेतका विषयमा प्रावधानहरू रहेका पाइन्छन् । खोटेसल्लाको खोटोलाई नियमावलीको अनुसूचीको अनुसूची ६ मा समावेस गरी त्यस्तो वनपैदावार अधिकार प्राप्त अधिकारीले बिक्री गरी दिन सक्ने व्यवस्था गरेको छ ।

त्यस्तै वन ऐन २०४९ को परिच्छेद ५ मा सरकारद्वारा व्यवस्थित वनलाई वन उपभोक्ता समूह गठन गरी सामुदायिक वनको रूपमा हस्तान्तरण गर्न सक्ने कानूनी प्रावधान लगायत उपभोक्ता समूहले हस्तान्तरित सामुदायिक वनको व्यवस्थापन गर्न कार्ययोजना बनाउनु पर्ने र वातावरणमा प्रतिकूल असर नपर्ने गरी आवश्यकताअनुसार संशोधनसमेत गर्न सक्ने व्यवस्था र वन नियमावली २०५१ को परिच्छेद ४ को नियम ३२ देखि ३५ ले सामुदायिक वनको वन पैदावारको कार्ययोजनाको अधीनमा रही त्यसको व्यवस्थापन गरी संकलन, बिक्री-वितरण तथा ओसारपसारको व्यवस्था प्रष्ट पारेको छ ।

वन ऐन २०४९ को परिच्छेद ६ को दफा ३१ ले वनपैदावारमा आधारित उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न राष्ट्रिय वनको कुनै भू-भाग कबुलियती वनको रूपमा प्रदान गर्न सक्ने व्यवस्था समेत गरेको छ । ऐनको दफा ३० ले स्थानीय उपभोक्ता समूहले चाहेमा उद्योगलाई कबुलियती वनभन्दा वन समूहलाई सामुदायिक वन स्थापना गर्न पहिलो प्राथमिकता दिनु पर्ने व्यहोरा पनि उल्लेख छ ।

यस अतिरिक्त वन ऐन २०४९ को परिच्छेद १३ को दफा ६८ ले कुनै राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने भएमा नेपाल सरकारले राष्ट्रिय वन प्रयोग गर्न दिन सक्ने प्रावधान रहेको साथै सोही नियमावलीको नियम ६५ ले त्यस्तो आयोजना सञ्चालन गर्दा कसैलाई हानि-नोक्सानी पुग्न गएमा सम्बन्धित आयोजनाले नै क्षतिपूर्ति दिनु पर्ने प्रावधानसमेत गरेको छ ।

वन्यजन्तु संरक्षण ऐन तथा नियमावली

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा नियमावली, २०३०:

वन्यजन्तु संरक्षण सम्बन्धी यी कानूनले पारिस्थिकीय हिसाबले महत्वपूर्ण क्षेत्र तथा नेपालमा पाइने दुर्लभ वन्यजन्तुको संरक्षणको व्यवस्था गरेका छन् । ऐनको दफा १० ले राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र वा अन्य क्षेत्रमा पाइने त्यस्ता वन्यजन्तुहरूलाई संरक्षित वन्यजन्तुको रूपमा व्यवस्था गरेको छ भने अनुसूची १ मा तिनलाई सूचीकृत गरीएको छ । उक्त सूचीमा २६ किसिमका स्तनधारी, ९ किसिमका पंक्षी र ३ किसिमका सरिसृप रहेका छन् । संरक्षित गरीएका वन्यजन्तुलाई मार्न, पक्रन, लखेट्न वा कुनै तरिकाले हानि-नोक्सानी पुर्याउन नपाउने गरी बन्देज गरीएको छ । यो बन्देज सबै किसिमका वनमा लागू छ ।

भू तथा जलाधार संरक्षण ऐन तथा नियमावली

क) भू तथा जलाधार संरक्षण ऐन, २०३९ तथा नियमावली, २०४२:

जलाधार क्षेत्रहरूमा भू-क्षय तथा बाढी र पहिरोको प्रकोपलाई न्यूनीकरण गर्ने उद्देश्यले भू तथा जलाधार संरक्षण ऐन, २०३९ तथा नियमावली, २०४२ को व्यवस्था गरीएको छ । ती कानूनमा जलाधार क्षेत्रहरूलाई संरक्षण गर्ने तथा त्यस्ता संवेदनशील क्षेत्रहरूमा मानव-गतिविधिमा रोक लगाउने सम्बन्धी थुप्रै प्रावधानहरू रहेको पाइन्छ । तर उल्लिखित ऐन तथा नियमावली संरक्षित जलाधार क्षेत्रमा मात्र लागू हुने र प्रस्ताव-कार्यान्वयन गर्ने क्षेत्र अर्थात् खोटो-संकलन गरीने क्षेत्र त्यस्तो क्षेत्र अन्तर्गत नपरेको हुँदा प्रस्तुत प्रस्तावको कार्यान्वयनबाट सो कुरामा कुनै असर पर्नजाने देखिँदैन ।

स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली

स्थानीय स्वायत्त ऐन २०५५ र नियमावली २०५६:

स्थानीय निकायलाई बढी स्वायत्तता प्रदान गर्ने अभिप्रायले लागू गरीएका यी कानूनले स्थानीय निकायलाई आफ्नो क्षेत्रको वातावरण संरक्षण तथा सम्बर्द्धन गर्न वन, वनस्पति, जैविक विविधता र भू-संरक्षण सम्बन्धमा योजना तयार गरी कार्यान्वयन गर्ने गराउन सक्ने अधिकार प्रदान गरेको छ । यस्तो अधिकार गाविसलाई दफा २८ ले, नगरपालिकालाई दफा ९६ ले तथा जि.वि.स.लाई दफा १८९ ले प्रदान गरेको देखिन्छ । यस अतिरिक्त नियमावलीले वन क्षेत्रमा उत्पादन भई निकासी हुने वन पैदावारमा कर लगाउने अधिकार स्थानीय निकायलाई दिएको छ । यसै गरि गा.वि.स. स्तरबाट योजनाको तर्जुमा हुने व्यवस्था समेत गरेको छ ।

अन्तर्राष्ट्रिय कानून तथा सन्धि सम्झौताहरु

महासन्धिहरू:

तत्कालिन नेपाल सरकारले केही अन्तर्राष्ट्रिय महासन्धीहरूमा हस्ताक्षर गरी त्यस्ता महासन्धिहरूको एउटा पक्षको रूपमा रहिआएको छ । तसर्थ उल्लेखित राष्ट्रिय कानूनका अतिरिक्त केही अन्तर्राष्ट्रिय कानूनी संयन्त्रहरूलाई पनि प्रस्तावको वातावरणीय प्रभावमूल्याङ्कनको क्रममा ख्याल राख्नुपर्ने हुन्छ । नेपाल सन्धि ऐन २०४७ को दफा ९ अनुसार नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय सन्धिको व्यवस्थासँग राष्ट्रिय कानूनको व्यवस्था बाझिएमा अन्तर्राष्ट्रिय सन्धिको प्रावधान लागू हुने कानूनी व्यवस्थाका सन्दर्भमा पनि त्यसलाई नजर अन्दाज गर्न मिल्दैन । नेपालले विगतमा हस्ताक्षर गरेका महासन्धिहरूमा एशिया तथा प्रशान्तक्षेत्रको लागि बिरुवासंरक्षण सम्झौता (Plant Protection Agreement for Asia and the Pacific), जैविक विविधता सम्बन्धी महासन्धि (Convention on Biological Diversity), साइटिस महासन्धि (CITES), सिमसारसम्बन्धी महासन्धि (Convention on Wetlands of International Importance),मरुभूमिकरण रोकथाम सम्बन्धी महासन्धि (Convention to Combat Desertification) र क्योटो प्रोटोकल, १९९७ प्रमुख छन् । यीनले प्राकृतिक स्रोत-व्यवस्थापन तथा जीव र वनस्पतिको संरक्षण निश्चित गर्न आवश्यक प्रावधानको व्यवस्था गरेका छन् ।

सान्दर्भिक निर्देशिकाहरू तथा मार्गदर्शनहरु

वातावरणीय निर्देशिकाहरू

राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५०:

नेपाल सरकारले वातावरण सम्बन्धी नीति, ऐन, नियमका अतिरिक्त आवश्यक निर्देशिकाहरू पनि जारी गरेको छ ।ती मध्ये राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५० प्रमुख हो ।

अन्य निर्देशिकाहरूमा वन क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५२, उद्योग क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५२, आदि छन् । उल्लिखित निर्देशिकाहरू मध्ये राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५० सबै क्षेत्रलाई मोटोमोटी रूपमा समेटने गरी निर्माण भएको छ । यसमा प्रस्तावको छनौट र वर्गीकरणका आधारहरू, प्रारम्भिक वातावरणीय परीक्षणका लागि कार्यसूची तथा वातावरणीय प्रभाव मूल्याङ्कनका लागि क्षेत्र निर्धारणप्रतिवेदन र कार्यसूची बनाउने तरिका एवं वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीका लागि प्रभावको मूल्याङ्कन, आँकलन, न्यूनीकरणका उपाय, अनुगमन र परीक्षण गर्ने प्रक्रियाका बारेमा उल्लेख छ । यस अतिरिक्त राष्ट्रिय

निर्देशिकाले वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनको क्रममा जनसहभागिता जुटाउनुपर्ने, आवश्यक सूचनाहरूको संकलन गर्ने, वातावरणीय सवालहरूको गम्भीरताको मूल्याङ्कन गर्ने र वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययनका लागि ती विषयहरूको प्राथमिकताक्रम निर्धारण गर्ने कुरालाई प्रष्ट रूपमा जोड दिएको छ ।

वन सम्बन्धी निर्देशिका

क) सामुदायिक वन निर्देशिका, २०५२:

यो निर्देशिकाले सामुदायिक वनहरुले गर्ने कियाकलापहरुको अनुगमन तथा कुनै किसिमको हानि नोक्सानी गरेकोमा कसरी कुन विधि अपनाएर कारवाहिलाई पारदर्शि गर्ने गराउने बारेमा वढी निर्देशन गरेको पाईन्छ । यसको अलावा सामुदायिक वनमा कुन प्रजातिको खेती विस्तार गर्न सकिन्छ त्यसको वारेमा पनि उल्लेख गरेको पाईन्छ ।

ख) सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०६५:

यो मार्गदर्शन मुख्यतया सामुदायिक वन विकास कार्यक्रम सञ्चालन गर्न सघाउ पुर्याउने उद्देश्यले लागू गरीएको हो । रोजिन र टर्पेन्टाइन उद्योग स्थापना र सञ्चालनका लागि आवश्यक पर्ने खोटो अधिकांश सरकारद्वारा व्यवस्थित वनबाट पूर्ति हुने भएतापनि त्यस्ता वन विस्तारै सामुदायिक वनको रूपमा हस्तान्तरण हुँदै गरेकोले सामुदायिक वनमा हस्तान्तरण भएपछि त्यस्ता वनबाट खोटोको आपूर्तिको निरन्तरता हुने नहुने सम्बन्धमा निर्क्यौल गर्न यस मार्गदर्शनमा भएका केही प्रावधानलाई चर्चा गर्नु पर्ने देखिन्छ । उक्त मार्गदर्शनको अनुसूची ४ (१) को दफा ९ मा सामुदायिक वन हस्तान्तरण हुनु पूर्व नेपाल सरकार र अन्य संघसंस्था (उद्योगसमेत) बीच सम्झौता भई लागू भइरहेको भोगचलनलाई सम्झौताको अवधिभर सामुदायिक वनकै रूपमा हस्तान्तरण भए पनि असर नपर्ने मनसाय व्यक्त भएकोले पहिलो सम्झौता अवधिको लागि कुनै अवरोध नहुने प्रष्ट छ । तर हाल सामुदायिक वन विकास मार्गदर्शन, २०६५ लागु भई सकेको छ । यस मार्गदर्शनले सामुदायिक वनको कार्य क्षेत्रको दायरालाइ अझ परिष्कृत रुपमा व्याख्या गरेको छ ।

ग) गैरकाष्ठ वन पैदावार सर्वेक्षण मार्गदर्शन, २०६९:

यो मार्गदर्शनले गैरकाष्ठ वन पैदवारहरुको सर्वेक्षण तरिकाहरु विशेष गरी जडिवुटिजन्य वन प्रजातिहरुको बारेमा कार्यविधिहरु दिएको छ । यसको आधारमा जिल्ला वन कार्यालयहरुले जिल्लामा पाईने वन पैदावारको आँकलन गरी बार्षिक रुपमा सतत् किसिमले संकलन गर्ने योजना तयार गर्न सहयोग पुग्ने देखिएको छ ।

घ) सामुदायिक वन हस्तान्तरण गर्नु अगाडि IEE\EIA गर्नु पर्ने प्रावधान

नेपाल सरकारको निर्णयानुसार राष्ट्रिय वनको ५०० हे भन्दा बढी क्षेत्रफल सामुदायिक वनको रुपमा स्थानिय उपभोक्ताहरुलाई हस्तान्तरण गर्नु परेमा वातावरणिय प्रभाव अध्ययनको व्यवस्था गरेको छ । यस नयाँ व्यवस्थाअनुसार ५०० देखि ७५० हे. सम्मको क्षेत्रफलको हकमा प्रारम्भिक वातावरणीय परीक्षण र सो भन्दा बढिको क्षेत्रफल हस्तान्तरण गर्नु पर्ने भएमा वातावरणीय प्रभाव अध्ययन गरेर मात्र हस्तान्तरण गर्न निर्देशन गरिएको छ ।

कार्ययोजना तयार गर्नको लागि अपनाईएको विधिहरु

यो योजना तयार गर्दा आवश्यक पर्ने तथ्याङ्कहरू विभिन्न विधि र स्रोतहरूबाट जुटाईएका छन् । प्रतिवेदन तयारगर्ने क्रममाPrimary Data एवंInformationफिल्डको अध्ययनबाट रSecondary Dataबिभिन्न सन्दर्भ-ग्रन्थ तथा सामग्रीहरूको पुनरावलोकनवाट प्राप्त गरिएका हुन् । कार्ययोजना तयार गर्दा आवश्यक Primary Informationअन्तर्गत भौतिक र जैविक वातावरण सम्बन्धी तथ्याङ्कहरू वन क्षेत्रको स्थलगत अवलोकन र वन पैदावारको स्रोत सर्वेक्षणद्वारा तथा सामाजिक, साँस्कृतिक र आर्थिक वातावरण सम्बन्धी विवरणहरू, घरधुरी सर्वेक्षण तथा सहभागितामूलक ग्रामीण लेखाजोखा विधिद्वारा संकलन गरिएका हुन् ।

त्यसैगरी Secondary Dataबिभिन्न किसिमका सन्दर्भ-ग्रन्थहरू, कार्यालयका अभिलेखहरू, नक्साहरू, अघिल्लो पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजना तथा वैज्ञानिक अनुसन्धनात्मक लेख रचनाहरूबाट साभार गरिएको हो । उक्त Primary Informationतथा Secondary Data लाई विषयगत रूपमा संग्रहित गरी विश्लेषण गरिएको छ । विश्लेषणबाट प्राप्त नतिजाहरू चित्रात्मक र व्याख्यात्मक तवरले प्रस्तुत गरिएका छन् । साथै कतिपय तथ्याङ्कहरू योजना कार्यान्वयनका लागि गरिएको IEEको समयमा मात्रै प्राप्त हुन आएको हुँदा सान्दर्भिक देखिएका त्यस्ता तथ्याङ्क तथा

सूचनाहरू यस कार्ययोजनामा पनि समावेश गरिएका छन् । यो कार्ययोजना वन तथा भू-संरक्षण मन्त्रालय, वन विभाग र क्षेत्रीय वन निर्देशनालयहरुबाट प्राप्त नीति निर्देशन, वन ऐन, नियमको परिधी भित्र रहदै जिल्लाको वस्तुस्थिती, स्थलगत अध्ययनको साथै जिल्ला स्थित कार्यालय, संघ संस्था समेतको अनुभवको आधारमा तयार गरिएको छ ।

भाग-१

जिल्लाको सामान्य परिचय

१.१ ऐतिहासिक पृष्ठभूमी तथा राजनीतिक विभाजन

१.१.१. ऐतिहासिक पृष्ठभूमी

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत लुम्बिनी अञ्चलमा पर्ने अर्घाखाँची जिल्ला पहिले नेपालको बाईसे चौबिसे राज्य रहदाको समयमा अर्घा र खाँची दुई गोटा राज्यमा विभाजित रहेको थियो । । ती दुई राज्यहरूको वेमेल र द्वैषपूर्ण स्थिति धेरै समयसम्म चलिरहयो, आखिरमा दुबैको मेलमिलाप सन्धिखर्कमा भयो । एकिकरण हुनुभन्दा अघिसम्म अर्घा र खाँचीलाई तात्कालीन पाल्पा राज्यमा गाभिएको किम्बदन्ती पनि छ । वर्तमान नेपाललाई क्षेत्र, अञ्चल र जिल्ला विभाजन गर्ने क्रममा ती दुबै ऐतिहासिक राज्यलाई मिलाएर अर्घाखाँची जिल्ला बनाइएको हो ।अर्घाखाँची जिल्ला धार्मिक, साँस्कृतिक, ऐतिहासिक एवं पर्यटकीय दृष्टिकोणले एक महत्वपूर्ण जिल्ला हो ।यस जिल्लाका धार्मिक एवं पर्यटकीय स्थलहरूमा खाँचीकोटस्थित सुपादेउरालीको मन्दिर, अर्घामा रहेको भगवती देवीको मन्दिर, खिदिमको दुर्वासेश्वर गुफा, पणेनाको पाणिनि तपोभूमि, वल्कोटको ऐतिहासिक पौवा, छत्रगंजमा रहेको छत्रमहाराजाको मन्दिर विशेष महत्वपूर्ण छन् । जिल्ला वन कार्यालयको स्थापनाको इतिहासमा २०४१ साल भन्दा अघि रिडी वन डिभिजन अन्तरगत सन्धिखर्क र ठाडा ईलाका वन कार्यालय रहेको र २०४१ साल देखि जिल्ला वन कार्यालय स्थापना भएको थियो ।

१.१.२ जिल्लाको सिमानाको विवरण

यसको पूर्वमा गुल्मी, पाल्पा र रूपन्देही, पश्चिममा प्यूठान र दाङ्ग, उत्तरमा गुल्मी र प्यूठान तथा दक्षिणमा कपिलवस्तु र दाङ्ग जिल्लाहरू पर्दछन् । सन्धिखर्क जिल्लाको सदरमूकाम हो । यसै गरी यो जिल्लाको प्रमुख विशेषताको रुपमा पूर्व पश्चिम लोकमार्गको कपिलवस्तु देखि दाङ सम्मको खण्ड मध्ये ३ कि.मि. जति भागले पश्चिम दक्षिण तर्फको भागमा छोएको छ ।

यस जिल्लामा निम्न बमोजिम राजनितिक इलाका, गाविस, निर्वाचन क्षेत्र निर्धारण गरिएको छ ।

ईलाका संख्या : ११

गा.वि.स.संख्या : ४२

संसदीय निर्वाचन क्षेत्र : २

यस जिल्लालाई ४२ गा.वि.स.मा विभाजन गरिएको छ । यहाँ उत्तर र दक्षिणतर्फ गरी दुईवटा संसदीय निर्वाचन क्षेत्र राखिएका छन् । संसदीय निर्वाचन क्षेत्र तथा गा.वि.स. विवरण तल चित्रमा प्रस्तुत गरिएको छ ।



चित्र-१: अर्घाखाँची जिल्ला राजनैतिक नक्सा

अर्घाखाँची जिल्लाको सबै प्रमुख सरकारी कार्यालयहरु सन्धिखर्कमा रहेका छन् । गैर सरकारी संस्थाहरु समेत भौतिक र मानविय हिसावले सक्षम हुदै गएको पाईन्छ । वन विकास, संरक्षण र सदुपयोगको लागि निकटत्म कार्यालयहरुमा जिल्ला विकास समिति, जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशु सेवा कार्यालय, महिला विकास कार्यालय, घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय, गाँउ विकास समतिको कार्यालय रहेका छन् । यसै गरी वन क्षेत्र संग प्रत्यक्ष सरोकार भएका संस्थागत संरचनाहरुमा टिम्बर कर्पोरेसन अफ नेपाल, वन पैदावारमा आधारित उद्योगहरु, गैर सरकारी संस्थाहरु र महासंघ, दातृ समुदाय, जिल्ला वन क्षेत्र समन्वय समिति, समुदायमा आधारित वन व्यवस्थापनसंग सम्वद्ध संघ संगठनहरु, सामुदायिक वन उपभोक्ता महासंघ र विभिन्न संघ संगठनहरु, सामुदायिक वन उपभोक्ता समूहहरु रहेका छन् । हालसम्म यस जिल्लामा जिल्ला वन पैदावार आपूर्ति समिति स्थापना भएको छैन ।

१.१.३ सामाजिक तथा आर्थिक अवस्था

१.१.३.१ जनसंख्या र जनजाति

अर्घाखाँची जिल्लामा २०५८ सालमा २०९०३४ र २०६८ सालको जनगणना विवरण अनुसार १९७६३२ जनसंख्या रहेको छ । जनघनत्व २०५८ सालमा १७५ प्रति वर्ग कि.मि. रहेकोमा २०६८ सालमा १६६ प्रति वर्ग कि.मि. रहेको छ । यो जिल्लामा ५.४५ प्रतिशतले एक दशकमा जनसंख्या घटेको देखिएको छ । यस जिल्ला अन्तर्गतका गा. वि. स. स्तरीय जनसँख्या नक्सा तल बमोजिम रहेको छ ।



चित्र-२: गा. वि. स. स्तरीय जनसँख्या नक्सा

अर्घाखाँची जिल्लामा विशेषगरी ब्राह्मण र क्षेत्री जातिको वाहुल्यता रहेका छन् भने अन्य जातिमा मगर, नेवार, गुरूङ्ग, सन्यासी, मुस्लिम, कुमाल पाइन्छन् । दलित जातिमा दमै, सार्की, कामी, सुनार आदी प्रमुख हुन् । यिनीहरू मुख्य रूपमा नेपाली भाषा बोल्दछन् तर मगर र गुरूङ्गले आ-आफ्नो भाषा पनि बोल्ने गर्दछन् । पेशाले ९०% भन्दा अधिक मानिसहरू कृषक भएता पनि दमै, सार्की, कामी, सुनार जातिका मानिसहरूले आ-आफ्नो पेशा छाडेका छैनन् । त्यस्तै गाउँघर छाडेर भारत तथा तेस्रो मुलुकमा घरेलु नोकरी गर्न जानेहरूको संख्या पनि कम छैनन् । धेरै जसो घरबाट कमसेकम एक जना पुरूष यसरी विदेशमा काम गर्न गएको भेटिन्छ ।

यहाँ बिभिन्न धर्मावलम्बीहरू बीच धार्मिक सहिष्णुता कायम छ । यहाँ हिन्दु धर्मावलम्वीहरूको जनसँख्या बढी भए पनि भेदभाव नभएको र धर्मावलम्वीहरू बीच सौहार्दता रहेका छन् । किनकी वल्कोट, वाङला, अर्घातोस, पालि, किमडाँडा गाविसहरुमा पहाडी क्षेत्रमा परापूर्व काल देखि वसोवास गर्दै आएका मुस्लिमहरुको वस्ती रहेको र हिन्दू र मुस्लिमहरुको समझदारी पूर्ण वसोवास रहेको छ ।

१.१.३.२ धर्म, संस्कृति र पेशा

अर्घाखाँची जिल्लामा मूलरुपमा हिन्दु धर्मावलम्बीहरु ९७.०३ प्रतिशत रहेका छन् । अन्य धर्म मान्नेहरुमा बौद्ध धर्मावलम्बीहरु १.९२ प्रतिशत, ईस्लाम ०.८९ प्रतिशत, र अन्य धर्मावलम्बीहरु ०.१६ प्रतिशत रहेका छन् (तालिका-१) । सांस्कृतिक रुपमा यो जिल्लामा मगरहरु, मुस्लिम एवं तागाधारीहरुको प्रचलनका केही पक्षहरुको निरन्तरता दिएको पाइन्छ । विशेष गरी भुसाल थर भएकाहरुले दशैमा मुख्य ज्येष्ठ व्यक्तिबाट चौतारोमा बसेर टिका ग्रहण गर्ने प्रचलन अर्घा क्षेत्रमा अझ पनि जिवित रहेको छ । यसै गरी सराय नाच्ने प्रचलन दशै चाडमा केही गाविसहरुमा रहेको छ ।

तालिका २: : धर्म अनुसार जनसंख्या विभाजन (प्रतिशतमा)

बर्ष	हिन्दु	बौद्ध	ईस्लाम	अन्य
२००६	९८.८६	०.०४	१.०८	०.०२
२०११	९७.०३	१.९२	०.८९	०.१६

(श्रोत : CBS, 2006 र 2011)

यस जिल्लामा विभिन्न जातजातीका फरक फरक संस्कार पाइए तापनि एकले अर्काको संस्कारलाई मान्यता र कदर गरेको पाईएको छ ।

१.१.३.३ बसाई सराई

अर्घाखाँची जिल्लाबाट बसाई-सराई भएका व्यक्तिहरूको सहि तथ्याङ्क विवरण प्राप्त हुन सकेन तर ग्रामीण भेगबाट जिल्ला सदरमूकाम सन्धिखर्क र जिल्ला बाहिर पनि बुटवल, नेपालगंज र काठमाडौं तथा पूर्व-पश्चिम राजमार्ग दाँयावाँयाका स-साना बजार क्षेत्रहरूमा समेत धेरै अघिदेखि बसाई-सराई भएका व्यक्तिहरूको संख्या प्रशस्त मात्रामा रहेको अनुमान गरिएको छ ।

बेरोजगारीको समस्या जिल्लाको समस्याको रुपमा रहेको परिप्रेक्ष्यमा काम गर्ने उमेरका यूवाहरुको विदेश पलायनको क्रम समेत जिल्लाबाट बढ्न थालेको छ र विगतका वर्षहरुमा हजारौंको संख्यामा युवाहरु भारत र बाहिर विदेशीएका छन् भने खुल्ला सिमानाको उपयोग गर्दे निर्वाध रुपले आवत जावत गर्न सकिने र भिसा पासपोर्ट बिना नै जाने हुदाँ निश्चित रुपमा गणना गर्न नसकिएका भारतमा जाने युवाहरुको संख्या निकै ठुलो रहेको छ । हाल यस जिल्लामा गाउँवाट सन्धिखर्क र वाहिर बुटवल, नेपालगन्ज र काठमाडौ बसाई सर्नेहरुको संख्यामा बृद्धि भैरहेको छ ।

१.१.३.४ जीविकोपार्जन

क. उद्यम

परम्परागत रुपमा अर्घाखांची जिल्लाका जनताहरु खास गरी कृषि, पशु र वन सम्बन्धि पेशामा निर्भर रहदै आएको पाईन्छ । हाल ती पेशाहरुबाट आफ्ना चाहना परिपूर्ति गर्न कठिनाई हुदै गए पछि पेशा प्रतिको आकर्षण क्रमशः घट्दै गई नयाँ उद्योग, व्यबसाय र व्यापार तर्फको आकर्षण बढ्दै गएको देखिन्छ ।

ख. कृषी

यस जिल्लाका धेरैजसो वासिन्दाहरू किसान भएको हुँदा परम्परागत रूपमा गर्दै आएको कृषि पेशा र खेती प्रणालीलाई प्रमुख आर्थिक स्रोतको रूपमा लिन सकिन्छ । यहाँ अदुवाखेती, बाखापालन, कुखुरापालन, डेरी आदिलाई व्यवसायीकरण गरी कृषिजन्य वस्तुको निर्यात गर्नसक्ने प्रशस्त संभावना रहेको छ । कृषि विकास कार्यालयको सहयोगमा जिल्लामा तरकारी क्षेत्रमा उपलब्धि राम्रो भएको पाईन्छ ।

ग. पशु पालन

पशु पालन यस जिल्लाका जनताको कृषि पछिको मुख्य पेशाको रुपमा रहेको छ । यस जिल्लामा वन जङ्गल प्रशस्त मात्रामा रहेकोले पशुपालनको लागि राम्रो टेवा पुगेको देखिन्छ । तर परम्परागत रुपमा वन क्षेत्रमा नै गोठ राखी अत्यधिक चरीचरन गराउने प्रचलनले वन जङ्गलको प्राकृतिक पुनरुत्पादनमा ह्रास ल्याउनुको साथै वनको उत्पादनशिलता घट्दै जाने र अनुत्पादक पशु पालनले खासै आम्दानी नभएको हुंदा उन्नत जातको पशुपालन गरी Stall Feeding को व्यवस्थालाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ ।

जिल्लामा पशुपालन तथा खेतीपाती जीवनयापनको मुख्य आधार हो । ग्रामिण क्षेत्रमा पशुपालन आम्दानीको एक श्रोत रहेको छ । जिल्ला पशु सेवा कार्यालय अर्घाखाँचीले कृत्रिम गर्माधान कार्यक्रम सञ्चालन गरी नश्ल सुधारमा प्रयास गर्दै आएको छ । बाखापालन व्यवसायको हकमा महेन्द्र राजमार्गको उत्तर तिरका गा.वि.स.हरुमा कृषकहरुबाट बाखा पाल्ने चलन देखिएको छ भने अन्य गा.वि.स.हरुमा यो न्यून रहेको पाईएको छ ।

जिल्ला पशु सेवा कार्यालय, अर्घाखाँचीको तथ्याङक अनुसार पशुको संख्या मध्ये सवभन्दा बढी वाखाको ४७.९% रभैसी/रागाँ ३७.९% तथा सवभन्दा कम भेडा र वंगुर/सुंगुरको०.१%रहेको देखिन्छ, सोको विस्तृत विवरण तालिका-२ मा उल्लेख गरिएको छ ।

तालिका ३: पशूपंक्षीको तथ्यांक विवरण

सि.न.	पशुको किसिम	पशु संख्या		कुल संख्या	प्रतिशत
		उन्नत वा वर्णशंकर जात	स्थानीय		
१	गाई/गोरु	६३३	४३४०१	४४०३४	१४.०
२	भैसी/रागां	९७४३	१०९८४२	११९५८५	३७.९
३	वाखा	३१३५९	११९७१०	१५१०६९	४७.९
४	भेडा	०	३७२	३७२	०.१
५	वंगुर/सुंगुर	१४६	२६४	४१०	०.१
कुल जम्मा		४१८८१	२७३५८९	३१५४७०	१००

(श्रोतः जिल्ला पशु सेवा कार्यालय, २०६८)

घ. रोजगार तथा श्रम आपूर्ति

यस जिल्लामा खेतीबाट वर्षभरी खान पुग्नेको संख्या ज्यादै न्यून रहेको र धेरै जसोको आम्दानी स्रोतको विकल्प भनेकै वैदेशिक रोजगारी बनेको छ । वर्षेनी हजारौंको संख्यामा छिमेकी मुलुक भारत र खाडी देशहरूमा रोजगारीको निम्ति जाने गर्दछन् । यसरी प्रत्येक वर्ष खाडी तथा अन्य तेस्रो मुलुकमा जानेहरूको संख्या ३ देखि ४ हजारको हाराहारीमा रहेको अड्कल गरिएको छ ।

अर्घाखाँची जिल्लामा नोकरीको साथै कृषि तथा स-साना घरेलु उद्योगहरुमा समेत कामकाज गरेको पाईन्छ । ग्रामीण क्षेत्रका बेरोजगार युवाहरु खेतीबाली थन्क्याएपछि अधिकांस छिमेकी मुलुक भारत र हाल बैदेशिक रोजगारमा समेत गएको पाईन्छ । कृषि पेशाको लागी यसै जिल्लाबाट रोजगार आपुर्ति भैरहेको छ भने सरकारद्धारा व्यवस्थित वन तथा सामुदायिक वनको स्वीकृत कार्ययोजना अनुसार वन पैदाबार सङ्कलन तथा ढुवानी गर्ने कार्यले आँशिक रुपमा ग्रामीण क्षेत्रका बासिन्दाहरुलाई थप रोजगार प्रदान गर्न टेवा पुग्न गएको देखिन्छ ।

ङ. वन जन्य उद्योग

वनजन्य उत्पादनतर्फ यस जिल्लामा रहेका ३३ मध्ये हाल संचालनमा रहेका२६ वटा फर्निचर उद्योगहरुमावार्षिक ४००० श्रम दिन वरावरको रोजगारीसृजना भएको छ । त्यस्तै खोटो संकलन कार्यतर्फ वार्षिक रुपमा ३०७७२श्रम दिन वरावरको कामदारहरु र वार्षिक ५ जना सुपरभाइजरले निरन्तर काम पाईरहेका छन् । काठ, दाउरा सदुपयोगतर्फ वार्षिक ११ हजारभन्दा बढी र लोड, अनलोड काममा ८ हजारभन्दा बढी व्यक्तिहरूले रोजगारी पाएको संकलित तथ्याङ्कबाट देखिन्छ । निजी क्षेत्रमा संकलन भैरहेको जडीबुटीमा समेत ५३० जनाले प्रत्यक्षरूपमा संलग्न भै आयआर्जन गर्ने अवसर पाएका छन् ।

१.१.३.५ लैङ्गिक समानता

लैंगिक समानता तथा मूलप्रवाहिकरणको सम्बन्धमा अर्घाखाँची जिल्लामा जिल्लास्तरको लागि लैंगिक तथा बाल अधिकारको मूलप्रवाहिकरण कार्य निर्देशिका, २०६१ तयार भएपश्चात् स्थानीय निकाय, नेपाल सरकारका क्षेत्रगत कार्यालय, गैरसरकारी एवं सामुदायिक संस्था र निजी उद्यम समेतको सञ्जाल स्थापना गरी महिला सशक्तिकरण तथा बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्ग व्यक्तिको हितका लागि सहकार्यको थालनी भएको छ । महिलाको साथै जनजाति तथा दलित वर्गको उत्थान्को निम्ति हरेक क्षेत्रबाट सक्दो प्रयास गर्नुपर्ने आवश्यकता महशुस हुन्छ । साक्षरताको वृद्धिको तुलना निम्न बमोजिम रहेको छ ।

तालिका-४: लैङ्गिक समानता तथा साक्षरता प्रतिशत

विषय	जनगणना भएको वर्ष			साक्षरता प्रतिशत
	२०४८	२०५८	२०६८	
जनसंख्या	१८०८८४	२०९०३४	१९७६३२	
पुरुष	९६७३९	९६०८०	८६२६६	८१.७६
महिला	८४१४५	१११२०५४	१११३६६	६५.८४
महिला प्रतिशत	५३.५	५३.६	५७.५१	

(श्रोत: जनगणना, २०४८, २०५८ र २०६८)

यस जिल्लामा विषेश गरेर दलित,अआदिवासी जातिमा कम उमेरका केटीहरू घरका काममा सहयोग पुऱ्याउनु पर्ने बाध्यताका कारण स्कुल जान सकिरहेका छैनन् ।

प्राकृतिक स्रोत व्यवस्थापन तर्फ हेर्ने हो भने जिल्ला वन कार्यालयवाट संचालन भएका वनसंग सम्बन्धित तालिमहरूमा महिलाहरूको सहभागितालाई ५०% मा राख्ने लक्ष्य लिइएको भएता पनि उपस्थित सहभागीहरूको वास्तविक तथ्याङ्कलाई हेर्दा सो संख्या ३० देखि ५०% को बीचमा भएको पुष्टि हुन्छ । हाल जिल्लामा महिला सामुदायिक वन उपभोक्ता समूहको संख्या४७ रहेको छ ।

आ.व. ०६९/०७० सम्म जम्माजम्मी ४२५ वटा सामुदायिक वन हस्तान्तरण भएको देखिन्छ । यस जिल्लामा सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिमा सम्मिलित महिला पदाधिकारी तथा सदस्यहरूको संख्या ४१.०८% सम्म पुगेको देखिन्छ । उक्त कार्यसमितिमा दलित महिला तथा जनजाति महिलाको संख्या भने ज्यादै न्यून अवस्थामा रहेको पाईन्छ । दलित १४.९२% र जनजाति २४.९३% मात्र वन उपभोक्ता समूहको कार्य समितिमा सदस्य छन् । वास्तवमा महिलाहरू प्राकृतिक स्रोतको प्राथमिक सङ्कलक, प्रयोगकर्ता र व्यवस्थापक हुन । प्राकृतिक स्रोतसंगको उनीहरूको यो आधारभूत सम्बन्धलाई विगतका क्रियाकलापले आत्मसात गर्न सकेको छैन ।सामुदायिक वन हस्तान्तरण गर्दा या गरि सकेको सामुदायिक वनको कार्य समिति बनाउँदा महिलाहरुको भूमिका तथा सहभागीतालाई सुनिश्चित गर्ने रणनीति लिईएको छ । सामुदायिक वनलाई अझै बढी सहभागितामूलक बनाउनको लागि दलित र जनजातीहरुलाई पनि समावेश गर्ने विषयमा विशेष सतर्कता र संवेदनशीलता अपनाउनु पर्ने देखिन्छ ।

१.१.४. कानूनी घोषणाहरु

यस जिल्लाको लागि विशेष किसिमको परिपत्र तथा घोषणाहरु भएको छैन ।

१.१.५ पुरातात्विक र पर्यटकीय महत्वपुर्ण क्षेत्र

ऐतिहासिक, पुरातात्विक र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण स्थलहरू रहेको यस जिल्लालाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ । जिल्लामा विद्यमान महत्वपूर्ण पुरातात्विक तथा पर्यटकीय स्थलहरू निम्न वमोजिम तालिका-५ मा दिईएका छन् ।

तालिका-५: महत्वपूर्ण पुरातात्विक तथा पर्यटकीय स्थलहरूको विवरण

महत्वपूर्ण पुरातात्विक तथा पर्यटकीय स्थलहरूको विवरण	स्थानको नाम
जालकाँडाको लेक	खन
मनचिन्ते पानी	खनदह
मालारानीको मन्दिर	खनदह, हंसपुर
सुपादेउराली देवीको मन्दिर	खाँचीकोट
दुर्वासेश्वर गुफा	खिदिम
ऐतिहासिक पौवा र भित्र रहेको शिव मन्दिर	वल्कोट
गोपेश्वर मन्दिर	वाङ्गला

छत्रमहाराजको छत्रेश्वर मन्दिर	छत्रगञ्ज
प्राचिन प्रशिद्ध भगवती देवीको मन्दिर	अर्घा रजस्थल, खाँची रजस्थल
पाणिनी तपोभूमि	पणेना
डमरू दह	ठाडा
नृसिंह भगवानको मन्दिर	नरपानी
नृत्याञ्चल पर्वत	नरपानी

यस जिल्लाको धातिवाङ्ग गा.वि.स. तथा डिभर्ना गा.वि.स.मा समेत धार्मिक महत्वका गुफाहरु फेला परी सोको स्थानियस्तरवाट व्यवस्थापन शुरु भई सकेको छ । यी कतिपय वन क्षेत्रहरुमा पर्ने हुंदा वैज्ञानिक कार्ययोजना बनाई समुचित व्यवस्थापन गर्ने हो भने यी क्षेत्रहरुको संरक्षण, सम्बर्द्धन तथा विकास हुनुको साथै आन्तरिक तथा वाह्य पर्यटकहरु भित्राउन सकिने ठुलो सम्भावना रहेको छ ।

१.२ भौगोलिक अवस्था तथा बनावट(Configurationofthe ground)

उचाई

यस जिल्लाको कुल क्षेत्रफल १,१९,३०० हे. रहेको छ । यो जिल्ला दक्षिणतर्फ चुरे पर्वतमालाको दक्षिणि फेदीको ३०५ मी. उचाई देखि उत्तर तर्फको महाभारत पहाड २५०० मी.को उचाई सम्म पूर्व-पश्चिम भएर फैलिएको छ । चुरे पहाडको दक्षिणि फेदी (भावर क्षेत्र) को केही समथर क्षेत्र देखि महाभारत पहाड सम्मका क्षेत्रहरु पर्ने भएकोलेयस जिल्लामा मथुरावेशी, सन्धिखर्कको स-सना फाँट वाहेक खासै फराकिलो समथर जमिन रहेको पाईदैन । चुरे तथा महाभारत पहाडका खोच, खोल्सा, खोल्सी प्रशस्त मात्रामा रहेको पाईन्छ ।

१.३ जियोलोजी (Geology)

अर्घाखाँची जिल्लाको दक्षिणी क्षेत्र अर्थात् जलुके, सिद्धारा, ठाडा, जुकेना, सुवर्णखाल, सितापुर र सिमलपानी गाविसका अधिकांश भू-भाग तथा मैदान गा.वि.स.को वडा नं ९ को भर्तापुर क्षेत्र चुरे क्षेत्रमा पर्दछन् । यी क्षेत्रमा वलौटे ढुङ्गा (Sandstone),शेल (Shale) र डोलोमाइट (Dolomite) जस्ता चट्टानहरू पाईन्छन् । चुरे तथा सिवालिक पर्वतमाला भएकाले भौगर्भिक वनोट निकै खुकुलो खालको छ । जिल्लाको बाँकी दुई तिहाई क्षेत्र मध्य-पहाडी भू-भागमा पर्दछ । यहाँ रहेका परिवर्तित चट्टानहरू Quartzite, Phylite, Schist, Gneiss, Marble र Slate हुन् भने खनिज पदार्थमा Quartz, Limestone (चुनढुङ्गा), Feldspar र Mica प्रमुख छन् ।

क) खनिज

यस जिल्लामा हालसम्म खनिज पदार्थहरु रहे नरहेको पत्ता लाग्न नसके पनि महाभारत श्रृखलामा चुन ढुङ्गा प्रशस्त मात्रामा रहेको छ । जिल्लाका नरपानी तथा खाँचिकोट गा.वि.स.मा अर्घाखाँची सिमेन्ट उद्योगवाट चुन ढुङ्गा उत्खनन कार्यको शुरुवात भई सकेको छ ।

ख) चट्टान

चुरे क्षेत्रमा कम उमेरका चाडो भू-क्षय हुने नदीले छोडेको ढुङ्गा, बालुवा र माटोको मात्रा वढी पाईन्छ । शिवालिक बलौटे चट्टान, खस्रो बालुवा, सिल्ट चट्टान, सेल (Shell) रConglomerateबाट बनेको छ । भावर क्षेत्र शिवालिकको तल्लो भू-भाग हो जुन बलौटे ग्रेगर ढुंगा, CobblesरPebbles (Coarsely binded stone, crystalline rocks, Clay and conglomerates)बाट बनेको छ ।

ग) माटो

चुरे पहाडमा माटोको सतह साह्रै पातलो गरी मुख्य चट्टान माथि रहेको छ जसलाई Ustrorthents भनि वर्गीकृत गरिएको छ जुन मुख्य रुपमा पत्रे चट्टानबाट विकसित भएको हो । पांगो माटो भएको यो संरचना सजिलै बग्ने र भिन्न पि.एच (P^H)भएको छ । तराई वनमा भएको माटो लाई Ustrorthents र Haplostolls मा वर्गीकृत गरिएको छ । यी माटाहरू बलौटे पांगो देखि चिम्टाईलो बलौटेसम्म रहेका छन् । वर्षातमा चुरेको माटो पानीसंगै बगेर तल्लो जलाधार क्षेत्रमा आई थुप्रिने गर्दछ ।

घ) भू-वनौट

अर्घाखाँची जिल्लाको भौगोलिक अवस्थिति २७°४५' देखि २८°६०' उत्तरी अक्षांश र ८२°४५' देखि ८३°२०' पूर्वी देशान्तरमा रहेको छ । उत्तरी भेगमा महाभारत पर्वत श्रृंखलाले झण्डै ६०% र दक्षिणमा चुरे पर्वतमालाले बाँकी ४०% क्षेत्र ओगटेको छ । मध्यम् र अग्ला पहाडहरूले ढाकेको महाभारत पर्वत धरातलीय हिसाबले विषम परिस्थितिको छ । यहाँ रहेका पर्वतहरूको भिरालोपन पनि फरक-फरक प्रकृतिका छन् । दक्षिणतर्फ बढी भिरालोपन रहेको छ ।

भौगोलिक अवस्थिति अनुसार यस जिल्लालाई तीन भागमा विभाजन गर्न सकिन्छ ।

(क) चुरे फेदीको भावर क्षेत्र

(ख) चुरे पर्वत श्रृखला

(ग) महाभारत श्रृखला

जिल्लाको दक्षिण क्षेत्र भावर क्षेत्र र चुरे पर्वत श्रृङखलामा पर्ने भएकोले सुख्खा र Ground water level निक्कै गहिराईमा छ । चुरे श्रृंखला भू-बनौटको आधारमा वस्ती बस्न योग्य देखिदैन । चुरे क्षेत्रको जमिन १४९३ मिटर उचाँईसम्म अग्लो छ । भौगर्भिक रुपमा चुरे पहाडको उत्तरी मोहडा सामान्य भिरालो छ भने दक्षिण मोहडा अति भिरालो र कमजोर पनि छ । महाभारत श्रृखलामा स-सना नदी, वेसी तथा खेतीयोग्य जमीन रहेको छ ।

१.४ जलवायु तथा वर्षा (Climate and precipitation)

विषम धरातल तथा उचाईले गर्दा जिल्लाका बिभिन्न क्षेत्रको हावापानीमा पनि भिन्नता पाईन्छ । यस जिल्लाको दक्षिणी क्षेत्रको भूभागमा उष्ण (Tropical), मध्य-पहाडी भेगको होचो क्षेत्रमा उपोष्ण (Sub-Tropical) र उच्च भागको भूभागमा शितोष्ण (Temperate) प्रकारका हावापानी पाईन्छन् । हिउँदमा तापक्रम ६.५°से. तलसम्म झर्दछ भने गर्मीमा ४०° से.सम्म पुगेको रेकर्ड छ ।

अधिकांश वर्षा आषाढ, श्रावण र भाद्र महिनामा भएता पनि यदाकदा हिउदे वर्षा पनि हुन्छ । यहाँ वार्षिक सालाखाला ८५० मि.ली. पानी पर्दछ तर २२५० मि.ली.सम्म मनसूनी वर्षा भएको रेकर्ड छ । अन्यत्र जस्तै यहाँ पनि चैत र वैशाख महिनामा खडेरी पर्दछ, सोही बखत वनजंगलमा डढेलो लाग्ने गर्दछ ।

१.५ जल सम्पदा (Water Resources)

क) नदी

यस जिल्लाभित्रबाट बग्ने साना-ठूला नदी तथा खोलाहरूको संख्या झण्डै ४० वटा जति भएपनि जलुके गा.वि.स.मा प्यूठान र दाङ्ग जिल्लासँगको सिमाना भई बग्ने राप्ती नदी र सिमलपानी गा.वि.स.मा पर्ने वाणगंगा नदी दुई प्रमुख नदीहरू हुन् । सिद्धारा गाविसमा पर्ने सिलिङ्गखोला र रनसिङ्गखोला, जुकेना र ठाडा गा.वि.स.भई बग्ने सितखोला, चिदिका गा.वि.स.र गुल्मी सिमानामा पर्ने खर्ज्याङ्गखोला, वाँगी भएर सदरमूकाम छेउ चुत्रावेंशी भएर बग्ने वाँगीखोला, वाङ्गला गाविसको मथुराखोला तथा मैदान र पटौटी गा.वि.स.भई बग्ने दुर्गाखोला महत्वपूर्ण खोलामा पर्दछन् ।

ख) ताल र सिमसार क्षेत्र

सिमसार भन्नाले ओसिलो वा दलदल क्षेत्रलाई सम्झनु पर्दछ । सिमसार आफैमा पानीको प्रमुख स्रोत भएको कारण यसलाई प्राणी तथा वनस्पति जगत्का लागि अपरिहार्यरूपमा लिने गरिन्छ । अर्घाखाँची जिल्लामा प्राकृतिक तथा मानव निर्मित दुवै प्रकारका सिमसार छन् । यस जिल्लामा आकाशे पानी संकलनको लागि मानव निर्मित पोखरीको संख्या अधिक छन् भने जैविक विविधताको दृष्टिकोणले त्यति महत्वपूर्ण नभएका र प्राकृतिक रूपमा विकसित भएका ताल-तलैयाहरू कमै मात्र छन् । यस जिल्लामा पहिचान भएका जैविक विविधताको दृष्टिकोणले विकास गर्न सकिने केही महत्वपूर्ण सिमसार क्षेत्रहरू तल प्रस्तुतगरिएको छ । ती सिमसारहरूमा हालसम्म स्थानीय वासिन्दाहरूको सहभागितामा एकिकृत व्यवस्थापनका उद्देश्यले संचालित कुनै महत्वपूर्ण कार्यक्रमहरू छैन । तर त्यस क्षेत्रको पारिस्थितिकीय प्रणालीभित्र रहेका बिभिन्न भागहरूलाई दुरूपयोग वा अतिउपयोग हुनबाट जोगाउने र जंगली जीवजन्तु र वनस्पतिको प्रयोगलाई व्यवस्थित गर्नुपर्ने आवश्यकता महशुस भइसकेको छ ।

१. पाणिनी दह

जिल्ला सदरमूकाम सन्धिखर्क देखि पूर्व-दक्षिण पणेना-८ र पोखराथोक गा.वि.स.को दक्षिण-पूर्वी केहीभागमा अवस्थित करिब ३ रोपनी क्षेत्रफलमा फैलिएको पाणिनीदह सँस्कृत व्याकरणका सुत्रधार पाणिनी ऋषिको तपोभूमि रहेको स्थानिय बासिन्दाहरू बताउदछन् । महाभारत पर्वत श्रृंखला अन्तर्गत समुन्द्र सतहदेखि १९९८ मिटरको उचाईमा यो दह रहेको छ । जिल्ला सदरमूकाम सन्धिखर्क र पाल्पा जिल्लाको सदरमूकाम तानसेन जोड्ने मोटरबाटो यसै दहको काखमा अवस्थित छ ।

यहाँ बस्ने मानिसहरूको पुख्यौंली देखि चल्दै आएको पेशा कृषि र पशुपालन हो । हाल आएर वैदेशिक रोजगारी, व्यापार व्यवसाय र नोकरीतर्फ पनि आकर्षित हुँदै गैरहेका छन् ।

समशीतोष्ण लेकाली हावापानी र उत्तरी मोहडा पर्दछ । लालीगुराँस, सुनाखरी, काफल, चिलाउने, कटुस, ओखर, लोक्ता, गुहेलो, टिमुर, चुत्रो, घँगेरु, अँगेरो, मुसलीकन्द, मालकाउनो, चिराइतो, मलागेडी (सुगन्धकोकिला), दुर्गाकाफल, ऐँसेलु, झ्यानो, खोलाकाठ आदि यहाँका वन क्षेत्रमा पाईने अन्य वनस्पतिहरू हुन् । त्यस्तै यहाँ कोइली, जुरेली, तित्रा, लुइँचे, ढुकुर, हलेसा, न्याउली, बाउनीचरी, रानीचरी, कालिज प्रमुख पंछी पाईन्छन् भने ठूलो खालको जनावरमा रतुवा मृग, चितुवा, ढेंडु, बाँदर छन् । मनोरम स्थल तथाचिसो वातावरण भएकोले कतिपय नाम नखुलेका बिभिन्न प्रकारका विदेशी आगन्तुक चराचुरूङ्गीहरू समेत यस ठाउँमा बसाई-सराईको क्रममा भेटिन्छन् । यहाँ पाईने घस्रने किरामा गँगटा, झाँटेकिरा र चिप्लेकिरा प्रमुख हुन् ।

२. सेङलेङ दह

अर्घाखाँची जिल्लाको धनचौर-३ को उत्तरीभेग समुन्द्र सतहदेखि झण्डै २०५५ मी. उचाईको समथर मैदानमा अवस्थित सेङलेङ दह प्राकृतिक सुन्दरता, वनजंगल, वनस्पति र वन्यजन्तुले भरिपूर्ण स्थानको रूपमा परिचित छ । यो जिल्ला सदरमूकाम सन्धिखर्कदेखि करिव २५ कि.मी. दक्षिण-पश्चिममा रहेको छ । करिब ४ रोपनी क्षेत्रफलमा गोलाकार आकारमा फैलिएको सेङलेङ दह वरिपरी अनेकौं जैविक विविधतायूक्त वनस्पति र प्राणीहरूको वासस्थान रहेको पाईन्छ । यस दहको दक्षिण-पश्चिम वङ्गसारी खोलाको उत्तर-पूर्वमा ब्राह्मण, क्षेत्री, मगर, दलित आदि जातका मानिसहरू बसोवास गर्दछन् । जनसंख्याको हिसाबले ब्राह्मण ४०%, मगर ३०% र दलित २८% छन् । यहाँका जनताहरूको प्रमुख पेशा कृषि तथा पशुपालन हो भने जौ, मकै, कोदो, फापर, आलु, गहुँ, धान मुख्य खाद्यवाली हुन् । त्यस्तै यो क्षेत्र सुन्तला, कागती, अम्बा, फलफुलका लागि पनि प्रख्यात छ । घरपालुवा पशुपंछीतर्फ गाई, भैंसी, बाख्रा, भेंडा, वंगुर र कुखुरा प्रमुख हुन् । उत्तरी मोहडामा रहेको यस क्षेत्रमा लोक्ता, ऐंसेलु, चुत्रो, चिराइतो, टिमुर, चिउरी, गुराँस, कटुसका वोटविरूवाहरू पनि हुर्किएका पाईन्छन् । वन्यजन्तुमा चितुवा, मृग, दुम्सी, ढेडुवा वाँदर, स्याल, कालिज, लामपुच्छे, ढुकुर, तित्रा पाईने स्थानीय वासिन्दाहरू वताउदछन् । स-साना घिस्रने तथा उफ्रने जीवजन्तुमा प्रायः चिप्लेकिरा, जुका, गड्यौंला, झातेकिरा, भ्यागुता, गंगटा पाइैन्छन् भने दहमा केही उल्लेखनीय माछा प्रजातिहरू पनि पाईन्छन् तर तिनको प्रकार एकिन गर्न सकिएको छैन । यस अतिरिक्त मनोरम ठण्डी वातावरण भएकोले वसन्त ऋतु र ग्रीष्म ऋतुमा विभिन्न प्रजातिका बाहिरी आगन्तुक चराचुरूङ्गी समेत यहाँ आउने गर्दछन् र शिशिर ऋतुको कठ्याङग्रीदो जाडोमा यहाँबाट अन्यत्र बसाई सर्ने गर्दछन् ।

३. ठाडा दह

यस जिल्लाको ठाडा गाविस-२ मा रहेको ठाडा दह गोरूसिङ्गे-सन्धिखर्क सडकखण्डमा पर्दछ । डमरू आकारमा रहेको यो दह करिब ५ रोपनी क्षेत्रफलमा फैलिएको र प्रशस्त पर्यटकीय सम्भावना बोकेको महत्वपूर्ण स्थल हो । सिमसार क्षेत्रको हिसाबले यो क्षेत्र त्यत्तिको महत्वपूर्ण छैन । यहाँ प्राकृतिक रूपमा हुर्किएका वनस्पतिहरू नभएको र वरिपरी बाक्लो बस्तीका कारण पंछी तथा वन्यजन्तुहरू त्यति देखापर्दैन । तर पनि पर्यटकीय महत्वको दृष्टिकोणबाट यो दहको आफनै महत्व रहेको छ ।

१.६ भौतिक पूर्वाधारहरु

१.६.१ क्षति ग्रस्त भौतिक पूर्वाधारहरुको स्थिति

यस जिल्लाको सन्धिखर्कमा रहेको जिल्ला वन कार्यालय भवन तथा जि.व.अ. निवास भवन माओवादी द्धन्दवाट२०५८ तथा २०६१ मा पूर्ण रुपमा क्षति ग्रस्त भइसकेकोमा हाल कार्यालय भवन नयाँ निर्माण भई कार्यालय संचालन भईरहेको र सोही कार्यालय भवनमा जि.व.अ. निवास समेत रहेको छ । साविक क्षतिग्रस्त कार्यालय भवन सामान्य मर्मत गरी सशस्त्र वन सुरक्षा शाखा तथा स्टोर प्रयोजनको लागि प्रयोग गरिदै आएको छ । उक्तभवन जिर्ण र पानी चुहिने

अवस्थामा रहेकोले उक्त भवन पुन निर्माण गर्नु पर्ने आवश्यक्ता देखिन्छ । जिल्लामा रहेका ई.व.का.र रे.पो.हरु मध्ये सन्धिखर्क रे.पो.को आफनै भवन रहेको र सोको पनि मर्मत संभार गर्नु पर्ने अवस्थामा रहेको रडोहोटे रे.पो. भवन निर्माणको लागि आ.व. २०६९/०७० मा वजेट विनियोजन भई निर्माण कार्य भईरहेको, सो पश्चात पनि ईलाका वन कार्यालय तथा अन्य ७ वटा रेन्ज पोष्टहरु भाडामा संचालन गर्नु पर्ने वाध्यता रहेको छ ।

१.६.२ यातायात र संचार

क) यातायात

अर्घाखाँची जिल्ला यातायात र संचारको दृष्टिकोणले त्यत्तिको दुर्गम छैन । जिल्ला सदरमूकामलाई छिमेकी जिल्लाहरूबाट कुनै न कुनै सडक योजनाले जोडिएको छ । जिल्लाका ४२ वटै गा.वि.स.हरूमा सडक सुविधा पुगिसकेको भएता पनि पूर्व-पश्चिम राजमार्गको गोरूसिङ्गे देखि सन्धिखर्कसम्मको ६८ कि.मी. कालोपत्रे सडक वाहेक अन्य सबै सडकहरू कच्ची अवस्थामै छन् । एक गा.वि.स.बाट अर्को गा.वि.स.जोड्ने लिङ्क वाटोहरूको विस्तार हुने क्रम अगाडि बढिरहेको छ । केही मूख्य मूख्य सडकहरुको नामावली अनुसूची-८ मा उल्लेख गरिएको छ ।

ख) संचार

अर्घाखाँची जिल्लामा विगत चार दशकदेखि सञ्चार क्षेत्रमा सेवा पुऱ्याई रहेको हुलाक सेवा हाल जिल्लाका सबै ४२ गा.वि.स. हरुमा कार्यरत छ । हुलाक सेवा अन्तर्गत साधारण चिट्ठी पत्रहरु, रजिष्ट्री पत्रहरु, बीमा, पुलिन्दा, धनादेश सेवा र वचत सेवा सञ्चालित छन् । साथै जिल्लामा कुरियर सेवा समेत रहेको छ ।

संचार क्षेत्र अन्तर्गत हुलाक सेवामा यो जिल्लाको पहिचान राम्रो मान्नु पर्दछ । जिल्ला सदरमूकाममा एकवटा जिल्ला हुलाक कार्यालय तथा अर्घा, ढिकुरा, अर्घातोष, खन, ठाडा, सुवर्णखाल, हंसपुर, खिल्जी, वाङ्गला, वल्कोट, पाली र खिदिम गाविसमा एक-एकवटा गरी जम्मा १२ वटा इलाका हुलाक कार्यालयहरू स्थापित भैसकेका छन् । त्यस्तै किमडाँडा, खाँचीकोट, नरपानी, अड्गुरी, धनचौर, नुवाकोट, डिभर्ना, भगवती, मरेङ्ग, खनदह, वाँगी, जुकेना, सिद्धारा, जलुके, सिमलपानी, सीतापुर, गोखुङ्गा, ढाकावाङ्ग, धारापानी, असुरकोट, छत्रगंज, केरूङ्गा, चिदिका, ठूलापोखरा, धातिवाङ्ग, मैदान, पटौटी, पोखराथोक र पणेना गरी २९ गाविसमा अतिरिक्त हुलाक सेवा संचालनमा रहेका छन् ।

दुरसंचारतर्फ यहाँ ८५० वटा सतहमार्ग टेलिफोन लाईन वितरण भएको देखिन्छ भने हालसम्म जि.एस.एम पोष्ट पेड ८००, जि.एस.एम प्रिपेड ६५०००, स्काई प्रिपेड ७०००, सि.डि.एम.ए फिक्स सेट ४०० लाईन वितरण भईसकेको छ । जिल्लामा हालसम्म जि.एस.एम मोवाईल तथा सि.डि.एम.ए को २३/२३ वटा टावर निर्माण भई संचालनमा आएको छ । जिल्लामा डिजिटल, भि.एच.एफ., मार्टस, सि.डट एक्सचेन्ज, प्रिपेड तथा पोष्टपेड मोबाइल, सि.डि.एम.ए. तथा स्काई मोबाइल फोन मार्फत संचार सुविधा उपलव्ध छ । यसको अतिरिक्त प्राइभेट कम्पनी NCELLरUTLले प्रिपेड तथा पोष्टपेड मोबाइल सेवा शुरु गरेको छ ।

जिल्लाको सबै क्षेत्रमा रेडियो नेपालको सेवा सुन्न सकिन्छ । प्राइभेट एफ.एम.हरुले पनि आफ्नो सेवा सुचारु रुपले संचालन गरिरहेका छन् । नेपाल टेलिभिजनको सेवा पनि प्रायः सबै ठाउँहरुमा पुगेको छ । यस अलावा प्राइभेट T.V. Channelकेबुलको माध्यमबाट विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय टि. भि. स्टेशनहरुको प्रसारणको कार्य सुचारु रुपमा संचालन गरेका छन् । प्राइभेट क्षेत्रका FMहरुवाट प्रसारणहरु सजिलै सुन्न सकिन्छ । हाल यो जिल्लाबाट विभिन्न किसिमका पत्र पत्रिका तथा बुलेटिनहरु प्रकाशित भैरहेका छन् ।

१.६.३ विद्युत सेवा

हाल अर्घाखाँची जिल्लाका ४२ वटा गा.वि.स.हरू मध्ये अधिकांश गा.वि.स.हरुमा बिद्युतीकरण गरी ग्राहकहरूलाई सेवा पुऱ्याउदै आइरहेको छ ।

१.६.४ अन्य पूर्वाधारहरु

क. स्वास्थ्यसेवा

स्वास्थ्यतर्फ यहाँ जिल्लास्तरीय अस्पताल १, प्राथमिक स्वास्थ्य केन्द्र २, स्वास्थ्य चौकी १७ र उप-स्वास्थ्य चौकी २२ संचालनमा रहेका छन् । त्यस्तै आयूर्वेदिक चिकित्सातर्फ "स्वस्थ व्यक्तिको स्वास्थ्यको रक्षा गर्ने र रोगीको रोगलाई निवारण गर्ने" यी दुईवटा प्रमुख उद्देश्य लिई जिल्ला आयूर्वेदिक स्वास्थ्य केन्द्र १ र आयूर्वेदिक औषधालय स्थापना भई

सर्वसाधारणलाई सेवा पुऱ्याउँदै आएका छन् । भने यस जिल्लामा निजि तर्फ १ गोटा अर्घाखाँची सामुदायिक अस्पताल स्थापना भई सेवा पुरयाउँदै आएको छ ।

ख. शिक्षा

पश्चिमाञ्चल विकास क्षेत्रमा शैक्षिक क्षेत्रतर्फ अग्रणी स्थानमा रहेका जिल्लाहरूमध्ये अर्घाखाँची पनि एक हो । यहाँ रहेका शैक्षिक संस्थाहरू निम्नानुसार तालिका-६ मा दिइएका छन् ।

तालिका-६: अर्घाखाँची जिल्लामा संचालित बिभिन्न शैक्षिक संस्थाहरूको विवरण

क्र.सं.	शैक्षिक संस्था	शैक्षिकस्तर	संख्या	व्यवस्थापन निकाय
१	क्याम्पस	स्नातक	६	सामुदायिक
			१	निजी
२	उच्च माध्यमिक विद्यालय	१०+२	३५	सरकारी
			१	निजी
३	माध्यमिक विद्यालय	९-१० कक्षा	४४	सरकारी
			११	निजी
४	निम्न माध्यमिक विद्यालय	६-८ कक्षा	५१	सरकारी
५	प्राथमिक विद्यालय	१-५ कक्षा	२८१	सरकारी
			२१	निजी
६	प्राविधिक शिक्षालय	सि.एम.ए. र भेटेरीनरी	१	निजी
७	एनेक्स कार्यक्रम	कृषि, जे.टी.ए.	१	निजी
७	बाल विकास केन्द्र		३८१	सरकारी

ग. कृषि सेवा

परम्परागत निर्वाहमुखी कृषि पद्धतिलाई कृषि प्रसारको माध्यमवाट परिमार्जन गरी आधुनिकिरण एवं व्यवसायिकरण मार्फत कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषकहरुको जिवनस्तर माथि उठाउन २०३२ सालमा जिल्ला कृषि विकास कार्यालयको स्थापना भएको हो । दिर्घकालिन कृषि योजना (APP) र त्रिवर्षिय योजनालाई आधार मानि कृषि विकास मन्त्रालयको निर्देशन वमोजिम उक्त कार्यालयले सहभागितात्मक योजना तर्जुमा को माध्यमवाट आयोजनागत रुपमा पकेट प्याकेज कार्यक्रम संचालन गरी जिल्लाको कृषि विकासमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । सन्धिखर्कमा जिल्ला कृषि विकास कार्यालय र ठाडा, मैदान, केरूङ्गा, हंसपुर, वाङ्गला र ढिकुरा गाविसमा १-१ वटा गरी जम्मा ६ वटा कृषि सेवा केन्द्रहरू संचालनमा रहेका छन् । यी कार्यालयहरूले जिल्लाभित्र बिभिन्न वालीहरूको पकेट क्षेत्र निर्धारण गरी सोही अनुरूप आयोजनाहरू संचालन गरिरहेका छन् ।

घ. पशु सेवा

यहाँ जिल्लास्तरको १ पशु सेवा कार्यालय, क्षेत्रगत हिसावले ४ पशुसेवा केन्द्र (वल्कोट, हंसपुर, ठाडा र पोखराथोक) तथा ७ उपकेन्द्रहरू (अर्घातोष, खन, सन्धिखर्क, जुकेना, खिल्जी, अड्गुरी र नरपानी) संचालित छन् । यसै कार्यालयबाट चरन तथा पशु आहारा विकास, पशु स्वास्थ्य, तालिम तथा प्रविधि हस्तान्तरण, जनचेतना अभिवृद्धि, पकेट प्याकेज कार्यक्रम, भैंसी विकास, बाख्रा पैंचो, घाँस विकास, कुखुरा विकास र वंगुर पालन जस्ता कार्यक्रमहरू संचालन गरिएका छन् ।

ङ. भू-संरक्षण

जिल्लामा एक मात्र कार्यालय रहेको जिल्ला भू-संरक्षण कार्यालयको कार्यक्रममा जलाधार क्षेत्रको अवस्था र प्राथमिकताको आधारमास्थानीय तवरमा जनसहभागिता जुटाई एकीकृत धारणा अनुरूप जलाधार क्षेत्रको संरक्षण एवं व्यवस्थापन गर्नु रहेको छ । जलाधार क्षेत्रलाई नै योजना र व्यवस्थापनको इकाई बनाउने यसको प्रमुख लक्ष्य रहेको छ । आ.व. २०६७/०६८ देखि यस जिल्लामा राष्ट्रपति चुरे संरक्षण कार्यक्रम समेत लागु हुँदै आएको छ ।

च. खानेपानी, सरसफाई तथा बासको व्यवस्था

जिल्ला सदरमूकाममा अवस्थित खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट जिल्लामा खानेपानी आपूर्ति, ढल निकास, जनसाधन विकास, वातावरणीय अध्ययन, खानेपानी गुणस्तर अनुगमन तथा सुधार र सरसफाई कार्यक्रम संचालन गरिएका छन् । जिल्लाको खानेपानी आपूर्ति सम्बन्धमा कुरा गरिंदा कूल जनसंख्याको ६३% जनता स्वच्छ र सुलभ खानेपानीको पहुँचमा छन् । यस जिल्लाका मानिसहरु विदेश गएर वा अन्य व्यापार व्यवसाय गरेर वासको व्यवस्थामा बढी ध्यान दिइएको पाईन्छ, सो तथ्य तलको घरको प्रकार चित्र-५ बाट स्पष्ट हुन्छ ।



चित्र-५: जिल्लाका घरधुरीहरुको घरको प्रकार (Source: www.ddcarghakhanchi.gov.np retrieved on २५ अषाढ, २०७०)

१.६.५ वन संगठनको भौतिक पूर्वाधारहरु

नेपाल सरकारको वर्तमान् वन संगठन अनुसार यस जिल्लाको जिल्ला वन कार्यालय 'ग' वर्गमा पर्दछ । यस जिल्ला वन कार्यालय अन्तर्गत एकवटा इलाका वन कार्यालय र त्यस अन्तर्गत आठवटा रेञ्जपोष्टहरू राखिएका छन् तर जिल्लाको भौगोलिक अवस्था, राजनैतिक विभाजन तथा पहुंचको दृष्टिकोणले समेत वनजंगलको प्रभावकारी तवरले संरक्षण, सम्बर्धन र सदुपयोग गर्न सजिलो पुगोस् भन्ने अभिप्रायले ठाडास्थित इलाका वन कार्यालय अन्तर्गत डोहोटे, पावरा र दोवाटा गरी तिनवटा रेञ्जपोष्टहरू संचालनमा ल्याइएका छन् भने सिधै जिल्ला वन कार्यालय अन्तर्गत पाँचवटा रेञ्जपोष्टहरू (सन्धिखर्क, मथुरावेंशी, अर्घातोष, धारापानी र पाली) राखिएका छन्, सोको विवरण तालिका-७ मा देखाइएको छ ।

तालिका-७: रेन्जपोष्ट अन्तर्गतका गाविसहरु

सि.नं.	रेन्जपोष्टको नाम	कार्यक्षेत्र अन्तर्गत पर्ने गाविसहरु	संख्या
१	सन्धिखर्क	सन्धिखर्क, किमडाँडा, अर्घा, नुवाकोट, ढिकुरा, धनचौर, खाँचीकोट, नरपानी, अड्गुरी	१०
२	अर्घातोष	बागी, खन, खनदह, डिभर्ना, अर्घातोष, मरेङ, भगवती	७
३	मथुरावेसी	छत्रगंज, ठूलापोखरा, वाङला, चिदिका, वल्कोट, केरूङगा	६
४	धारापानी	धारापानी, हंसपुर, गोखुङगा, ढाकावाङ्ग, खिल्जी, असुरकोट	६
५	पाली	पाली, खिदिम, पोखराथोक, पणेना, पटौटी, मैदान, धातिवाङ	६
६	पावरा	सितापुर, सुवर्णखाल, सिमलपानी	३
७	डोहोटे	ठाडा, जुकेना	२

८	दोवाटा (सिद्धारा)	सिद्धारा	१
९	दोवाटा (जलुके)	जलुके	१

नोटः जिल्लाको स्वीकृत दरवन्दी अनुसार ८ वटा रेन्जपोष्टहरु भएतापनि वन जंगलको वितरण, भौगोलिक अवस्थालाई मध्यनजर गरी साविक दोवाटा रेन्जपोष्टलाई ठाडा ईलाका वन कार्यालय दरवन्दीमा रहने १ जना रेन्जरवाट दोवाटा (जलुके) रेन्जपोष्ट रेखदेख गर्ने गरी दोवाटा रेन्जपोष्टलाई वन विभागवाट स्वीकृत लिई दोवाटा (सिद्धारा) र दोवाटा(जलुके) रेन्जपोष्टमा विभाजन गरी कार्य संचालन भई रहेको ।

यस जिल्ला वन कार्यालय, अर्घाखाँचीमा उपलब्ध भौतिक श्रोत साधनहरुको विवरण तालिका-८ उल्लेख गरिएको छ ।

तालिका-८ः उपलब्ध भौतिक श्रोत साधनहरुको विवरण

सि.नं.	भौतिक श्रोत साधनहरुको विवरण	संख्या	अवस्था
क)	सवारी साधन		
१.	गाडी	१(एक)	
२.	मोटरसाइकल	२(दुई)	हाल चालु हालतमा नभएको
ख)	भवन		
१.	कार्यालय भवन	१(एक)	जिल्ला वन कार्यालय
२.	कर्मचारी आवास भवन	१(एक)	जिर्ण भई मर्मत गर्नु पर्ने
३.	सन्धिखर्क रे.पो. भवन	१(एक)	मर्मत, संभार गर्नु पर्ने
ग)	सञ्चार साधन		
१.	टेलिफोन	२(दुई) सेट	
२.	फ्याक्स मेसिन	१(एक) थान	
घ)	उपकरण		
१.	कम्प्युटर	३ (तिन) थान	
२.	प्रिन्टर	२ (दुई) थान	
३	ल्याप्टप	१ (एक) थान	
४	जि.पि.एस.	४ (चार) थान	
५	कम्पास	३ (तिन) थान	
६	क्यामरा	१ (एक) डिजिटल	
७	फोटोकपी मेशिन	१ (एक) थान	

उपरोक्त साधन श्रोतवाट जिल्लाभित्र रहेका विभिन्न किसिमका वनहरु व्यवस्थापन गर्न कठिनाई भइरहेको अवस्था छ । फिल्डमा रेन्ज पोष्ट भवनहरु, सवारी साधन र जनशक्ति (विशेष गरी शसस्त्र वन रक्षक, वन रक्षक) को अभावले वन जंगलको संरक्षण, व्यवस्थापन तदारुकताका साथ हुनु पर्ने र सामुदायद्वारा व्यवस्थित वन समूहहरुलाई तत्कालै सेवा दिनु पर्नेमा समस्याहरु देखिएको छ ।

१.७ भू-उपयोग

जिल्लाको कुल क्षेत्रफल : १,१९३ वर्ग कि.मी. अर्थात् १,१९,३०० हेक्टर

जिल्लाको कुल वन क्षेत्रफल : ६७,०२३ हेक्टर (५६% भूभाग)

आवादी तथा खेतीयोग्य जमिन : ४६,५२७ हेक्टर

अन्य (नदी, बगर, चट्टान) : ५७५० हेक्टर

अर्घाखाँची जिल्लाको कूल क्षेत्रफल (१,१९,३०० हे.) मध्ये हाल उपयोगमा आइरहेको बिभिन्न भू-भागहरू तल चित्र-६ देखाइएको छ ।



चित्र-६: अर्घाखाँची जिल्लाको भू-उपयोग चित्रण

उपरोक्त अनुसार जिल्लाको कुल भुभागको ५६% वन जंगलले ढाकेको क्षेत्र मध्ये४०.०% अर्थात् ४७४२८.० हे. वन जंगल, १३ % अर्थात १६०१६ हे. झाडी वुटयान र ३ % अर्थात ३५७९ हे. घाँसे मैदान रहेको भने कुल भुभागको ३९ % अर्थात ४६५२७ हे. खेतीयोग्य जमिन तथा ५ % अर्थात ५७५० हे. अन्य नदी वगरले ढाकेको छ ।

खेतीयोग्य जमिनको ६१% अर्थात् २७९३६ हे.मात्र खेती गरिएको र खेती गरिएको जमिनमध्ये पनि ३०% खेतवारी र वाँकी ७०% पाखावारी रहेको जिल्ला कृषि विकास कार्यालयको तथ्याङकवाट देखिन्छ । सोको मोटामोटी नक्सा चित्र-७ मा देखाइएको छ ।

चित्र-७: भू-उपयोगिताको स्थितिको नक्सा (नापी विभाग, काठमाडौं, नेपाल)

१.८ अन्य प्रयोजनको लागि उपलब्ध गराईएको वन क्षेत्रको विवरण

जिल्लामा निर्माण हुने बाटो, स्कुल, क्याम्पस, सुरक्षा निकायका भवन, हेल्थ पोष्ट, सार्वजनिक खेल मैदान, बाढीपिडित, सुकुम्वासी आदिका नाममा कानूनी रुपमा तथा जवरजस्ती वन क्षेत्रको जग्गालाई प्रयोगमा ल्याईने गरेको र यस्ता कार्यहरुवाट हस्तान्तरित सा.व.हरु समेत प्रभावित भएको पाईन्छ र यस्तो कार्यबाट वन अतिक्रमण, चोरी निकासीमा वृद्धि हुने देखिएको छ । यस्ता कार्यहरुवाट वन संरक्षण कार्यमा अन्य सम्बन्धित संस्थाहरु जिम्मेवार नभएको देखिन्छ ।

तालिका-९: जिल्लाको वनक्षेत्र अन्य प्रयोजनमा प्रयोग

सि.नं.	स्थान	क्षेत्रफल (हे.)	उद्येश्य	नेपाल सरकारको निर्णय	अवधि	राजश्व असुलीको तरीका	राजश्व दर (रु.)	संलग्न निकाय, उद्योगको नाम
१	नरपानी गा.वि.स. वडा नं ७ र खाँचीकोट गा.वि.स.वडा नं. १,९	६८.३५	चुनढुंगा उत्खनन	मन्त्रिपरिषदको मिति २०६२/२/२५	२४ वर्ष	वन नियमावली २०५१ को अनुसूची २० मा उल्लेखित कबुलियति वनको दस्तुर अनसार प्रत्येक आ.व.मा राजश्व असुली गर्ने	रु.६०० प्रति हे. प्रति वर्ष १० प्रतिशतले राजश्व थप हुदै जाने	सावित डाईनेष्टी ई.नेपाल प्रा.ली. हाल अर्घाखाँची सिमेन्ट उद्योग, प्रा.ली.
२	सन्धिखर्क ५	०.२०५	सडक निर्माण	मन्त्रिपरिषदको मिति २०६९/ ५/१				जि.वि.स.को कार्यालय अर्घाखाँची
जम्मा		६८.५५५						

१.९ सहयोगी संघ संस्थाहरू

जिल्लामा वनसंग सम्बन्धित रहेका सामुदायिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरूको विवरण तल तालिका-१० मा दिइएको छ ।

तालिका-१०: जिल्लामा कार्यरत पर्यावरणसँग सम्बन्धित संघसंस्थाहरू

सि.नं.	संघ/संस्थाको नाम, ठेगाना	सहयोगको किसिम	अवधि तथा सिकाई
१.	विकासका लागि वातावरण, विराटनगर-९, मोरङ	○ गा.वि.स.स्तरीय वन स्रोत तथ्याङक संकलन ○ जैविक विविधता अभिलेखीकरण	आ.व. २०६५/०६६ मा जिल्लामा रहेका वन स्रोतहरुको गा.वि.स.अनुसारको रेकर्ड तयार गरी वन स्रोत परिचालन तथा व्यवस्थापनमा सघाउ पुगेको । जिल्लाको सिद्धारा गा.वि.स. वडा नं. ५, ६ मा रहेको जैविक विविधता पहिचान गरी सो क्षेत्रमा पाईने तेजपात, काउलो, जिवन्ती, हर्रो, वर्रो, कुरीलो, अमला, गुँरास, वावियो गरी ९ गोटा गैरकाष्ठ वन पैदावारको समुचित व्यवस्थापन, गरी उपयोग गर्न सकिने परिमाण समेत खुलाईएकोले सतत उपयोगमा सघाउ पुगेको ।
२	जिविकोपार्जनको लागि वन कार्यक्रम (LFP)	जिल्ला वन कार्यलयम मार्फत सामुदायिक वन विकास कार्यक्रमलाई सहयोग पुग्ने गरी गरीव विपन्नमुखी, समूहको संस्थागत विकास, वन व्यवस्थापन लगायतका कृयाकलाप संचालन गरेको ।	आ.व. २०६६/०६७ र आ.व. २०६७/०६८ सम्म सामुदायिक वन सम्वन्धि समूह गठन, वन कार्ययोजना तयारी तथा पुनरावलोकन, गरीव विपन्नमुखी आयआर्जन तथा आयमुलक कृयाकलाप संचालन भई सामुदायिक वन व्यवस्थापन, समूह्को संस्थागत विकास भई स्थानिय उपभोक्ताहरुको जिविकोपार्जनमा सहयोग पुगेको ।
३	लुम्विनि सामाजिक विकास केन्द्र, सन्धिखर्क ६, अर्घाखाँची	अर्घाखाँची जिल्लाको चुरे क्षेत्रको वन संरक्षण तथा व्यवस्थापन योजना तयार गरेको ।	आ.व. २०६७/०६८ वास्तविक चुरे क्षेत्र पहिचान गरी सो क्षेत्रको संरक्षण तथा व्यवस्थापन सम्वन्धि रणनिति तयार भई सो अनुसार संरक्षण तथा व्यवस्थापन गर्न सघाउ पुगेको ।
४	सामुदायिक वन उपभोक्ता महासंघ,अर्घाखाँची	सामुदायिक वन उपभोक्ता समूहहरुको क्षमता अभिवृद्धि, वहस पैरवी,	आ.व. २०६०/६१ देखि हालसम्म सामुदायिक वन उपभोक्ता समूहहरुको संस्थागत सुदृढिकरणमा टेवा पुगी वन संरक्षण तथा व्यवस्थापन गर्न थप टेवा पुग्न गएको ।

५	अर्घाखाँची वन पैदावार उद्योग व्यवसायी संघ	वृक्षारोपण, वन संरक्षण व्यवस्थापन सम्बन्धि जिल्लास्तरमा सरोकारवालाहरु विच अन्तरकृया, वन संरक्षणमा Feedback	आ.व. २०६८/०६९ वृहत वृक्षारोपण कार्यक्रमको स्थानिय स्तरमा सकरात्मक सन्देश प्रवाह भई जिल्लामा वृक्षारोपण गर्न उत्साह भएको । जिल्लाको वन संरक्षण, व्यवस्थापनमा थप टेवा पुगेको ।

१.१० मौजुदा वन संगठन

अर्घाखाँची लगायतका जिल्लामा रहेका सघन वनबाट राजश्व सङ्कलन गर्न वि.सं १९९७ सालमा वन गोश्वारा स्थापित भएको भनाई रहेको छ । त्यसबेला वनको कुनै व्यवस्थापन नगरी वनबाट राजश्व मात्र सङ्कलन गरिने गरिन्थ्यो । नेपालमा वि.सं. २०१३ साल देखि योजनावद्ध रुपमा वन विकासको थालनी भएको र वि.सं. २०१६ सालमा वन व्यवस्थापन र विकासमा टेवा पुऱ्याउने उद्देश्यले वन संगठनलाई ७ सर्कल र २२ वन डिभिजन कार्यालयमा विभाजन गरिँदा यो जिल्लाको वन समेत संरक्षण गर्न रीडि वन डिभिजन कार्यालय तम्घासमावि.सं.२०१८ सालमा स्थापना भएको पाइन्छ । राष्ट्रिय वन योजना २०३३ ले वन जङ्गललाई समायोचित तरिकाबाट व्यवस्था गरी राष्ट्रिय विकासमा सहयोग पुऱ्याउन अधिराज्यभरमा ७ सर्कल, ४० वन डिभिजन कार्यालय र डिभिजन अन्तर्गत ४-७ रेञ्ज कार्यालय र हरेक रेञ्ज कार्यालय अन्तर्गत ४ बिटको व्यवस्था गरेको थियो जसमध्ये अर्घाखाँचीमा रेञ्ज कार्यालयमात्र रहेको थियो । बिकेन्द्रीकरण ऐन, २०४० लागु भएपछि विकेन्द्रीकरण नीति अनुसार २०४० साल श्रावण १ गते देखि यस कार्यालयको नाम जिल्ला वन कार्यालय, अर्घाखाँची भनि उल्लेख भएको पाईन्छ । तर जिल्ला वन कार्यालयको स्थापना २०४२ साल पौष देखि भएको थियो । सो कार्यालय स्थापनाको समयमा २ वटा इलाका वन कार्यालय रहेको थियो सन्धिखर्क तथा ठाडा ।

यस जिल्ला वन कार्यालयमा जिल्ला वन अधिकृत, सहायक वन अधिकृत, रेन्जर, प्रशासनिक तथा लेखा कर्मचारी, हवल्दार, सिपाही, वनकार्य सहायक, वनरक्षक, ड्राइभर, पियन गरी जम्मा ७५ जनाको दरबन्दी रहेको छ । जिल्ला वन कार्यालय, अर्घाखाँचीको मौजुदा वन संगठन तालिका-११ मा देखाइएको छ । साथै विगत देखि हालसम्म कार्यरत जिल्ला वन अधिकृतहरुको नामावली र कार्यकाल अनुसूची-६ मा उल्लेख गरिएको छ ।

तालिका-११: कार्यालयको कर्मचारीहरुको श्रेणीगत दरबन्दी विवरण

सि.नं.	पद	श्रेणी	सेवा/समूह	कुल दरबन्दी संख्या	पूर्ति	रिक्त	लो.से.आ.मा माग संख्या	खुद रिक्त संख्या	कैफियत
१	जि.व.अ.	रा.प.द्वि.(प्रा.)	वन/जनरल फरेष्ट्री	१	१	-	-	-	रा.प.द्वि.प्रा.मा समायोजन भई काजमा
२	स.व.अ.	रा.प.तृ.(प्रा.)	"	२	२	-	-	-	रा.प.तृ प्रा. मा समायोजन
३	रेन्जर	रा.प.अनं.प्र. (प्रा.)	"	१३	१३	-		-	९ जना स.व.अ. रा.प. तृ.प्रा.पदमा समायोजन १ जना स.व.अ. गोरखाबाट रमाना भै आउन बाँकी)
४	लेखापाल	रा.प.अनं.प्र. (प्र.)	प्रशासन/लेखा	१	१	-	-	-	ले.अ. पदमा समायोजन
५	ना.सु.	"	प्रशासन/सा.प्रशासन	१	१	-	-	-	-
६	स.ले.पा.	रा.प.अनं.द्वि. (प्र.)	प्रशासन/लेखा	१	१	-	-	-	-
७	खरिदार	"	प्रशासन/सा.प्रशासन	२	२	-	-	-	१ जना ना.सु. पदमा समायोजन
८	व.का.स.	रा.प.अनं.तृ.	वन/जनरल फरेष्ट्री	८	४	४	-	३	४ जना रा.प.अनं.द्वि.मा बढुवा भै फरेष्टर पदनाम कायम भएको १ जाना व.का.स.
९	जमदार	रा.प.अनं.द्वि.	विविध	१	-	१	-	१	विगत वर्ष देखि नै रिक्त
१०	श.व.र. (जवान)	रा.प.अनं.तृ.	"	४	४	-	-	-	४ जना बढुवा भै जमदार पदमा कार्यरत सो मध्ये १ जनाको रुपन्देही सरुवा भएको रमाना हुन बाँकी
११	रनर	रा.प.अनं.च.	विविध	१	-	१	-	१	विगत वर्ष देखि नै रिक्त
१२	टाइपिष्ट	वेग अनुसार	प्रशासन/सा.प्रशासन	१	-	१	-	१	विगत वर्ष देखि नै रिक्त
१३	व.र.	श्रेणीविहिन	वन/जनरल फरेष्ट्री	३२	२३	९	९	९	१ जनाको म्यादी सरुवा भएको रमाना हुन बाँकी
१४	का.स.	"	प्रशासन/सा.प्रशासन	५	१	४	-	४	४ जना करारमा राखिएको

१५	ह.स.चा.	"	"	२	१	१	-	१	-
		जम्मा		**७५**	**५४**	**२१**	**६**	**१५**	

वि.सं. २०५० मा कायम भएको वन संगठन अनुसार यस जिल्ला वन कार्यालय "ग" वर्गमा पर्दछ । जि.व.का. अन्तर्गतको एक मात्र इलाका वन कार्यालय ठाडामा राखिएको छ । साथै यस कार्यालय अन्तर्गत ८ वटा रेञ्जपोष्टहरू बिभिन्न क्षेत्रमा स्थापित छन् । सोको नक्सा चित्र नं.-८ मा दिईए बमोजिम रहेका छन । जिल्लाको भौगोलिक तथा राजनैतिक अवस्थाको कारणले गर्दा प्रशासनिक कार्य सरल र छिटो छरिटो होस् भन्ने सोचले दक्षिणतिरका ३ वटा रेञ्जपोष्टहरू डोहोटे, पावरा र दोवाटालाई इलाका वन कार्यालय अन्तर्गत राखिएको छ । त्यस्तै जिल्लाको मध्य तथा उत्तरी क्षेत्र समेट्ने हिसाबले स्थापित सन्धिखर्क, मथुरावेंसी, अर्घातोष, धारापानी र पाली रेञ्जपोष्टहरूलाई सिधै जिल्ला वन कार्यालयले हेर्ने व्यवस्था मिलाएको छ ।

कार्यक्षेत्रको हिसाबले एक रेञ्जपोष्ट अन्तर्गत २ देखि ९ वटासम्म गाविसहरू पर्दछन् । डोहोटे र दोवाटा रे.पो. अन्तर्गत २-२ वटा, पावरामा ३ वटा, मथुरावेंसी र धारापानीमा ६-६ वटा, अर्घातोष र पालीमा ७-७ वटा र सन्धिखर्क अन्तर्गत ९ वटा गाविसहरू रहेका छन् ।



चित्र-७: जि. व. का.अर्घाखाँची र अन्तर्गतका कार्यालयहरुको अवस्थित नक्सा

१.११ वन व्यवस्थापनका समस्या, चुनौती, अवसर र हालसम्मका सिकाई

क. वन व्यवस्थापनका समस्याहरु

वन व्यवस्थापनको लागि प्रमुख समस्यामा वन अतिक्रमण, अवैध शिकार तथा वन पैदावारको चोरी निकासी एवं वन डढेलो नै रहेको छ । यसको अलावा कर्मचारी व्यवस्थापन पनि एक समस्याको रुपमा नै रहेको छ । किनकी मौजुदा वन कर्मचारीहरुको मनोवल उच्च राखिराखेर वन व्यवस्थापन गर्नु चूनौतिको रुपमा रहेको छ । उपरोक्त समस्याहरु

संगसम्बन्धित वन अतिक्रमण, वन्यजन्तु शिकार तथा अवैध काठ, दाउरा चोरी निकासी जस्ता अपराधजन्य कार्यले वन संरक्षण एवं जैविक विविधता संरक्षणको कार्य कठिन र चुनौतीपूर्ण बन्दै गएको छ । विगत केही समय यता यस्तो कार्यलाई रोकथाम गरी वन र वन्यजन्तुहरुको संरक्षण गर्न वन विभागको एक्लो प्रयासले मात्र पुरा गर्न नसकिने भएकोले स्थानीय राजनीतिक दल, प्रहरी, प्रशासन, सा.व.उ.समूह, पत्रकार जगत, वन क्षेत्र समन्वय समितिहरु समेतको सहयोग र समन्वयमा जनसहभागिता जुटाई जैविक विविधताको दिगो संरक्षण र विकास गर्न जिल्ला वन कार्यालय लागिपरेबाट त्यस्ताकार्यहरुमा धेरै कमी आएको छ । यसलाई निरन्तरता दिन सहज नभए पनि जैविक विविधता संरक्षणका प्रयासलाई जारी नै राख्न जि.व.का सजग र प्रयत्नरत रहेको छ । प्रमुख समस्याहरु निम्न बमोजिम छन् ।

१. नीतिगत तथा कानूनी

- वन क्षेत्र भित्रको एकिकृत योजना नहुनु (वन, वनस्पती, भू-संरक्षण, वन्यजन्तु) ।
- एकिकृत क्षमता अभिवृद्धी र प्रचार प्रसार कार्यक्रम नहुनु ।
- स्वीकृत कार्ययोजना कार्यान्वयन गर्न पुर्ण रुपमा राजनैतिक, आर्थिक, भौतिक र नीतिगत सहयोग प्राप्त नहुनु ।
- दरवन्दी बमोजिम कर्मचारी र सवारी साधन उपलब्ध नहुनु/भौतिक सुविधा नहुनु ।
- स.व.र.को कमी र तिनिहरुको कार्य सैनिक/प्रहरी जस्तो हुने तर निजामति ऐन अनुसार संचालन हुनु ।

२. जनसहभागीतामा कमी

- वनको संरक्षणमा निजी लगानीकर्ताको सहभागिता नहुनु तथा स्थानीय समुदायमा जनचेतनाको कमी रहेको छ ।
- प्रचार प्रसार, संचार माध्यमलाई अत्यधिक रुपमा प्रयोग गरी वन संरक्षण कार्यमा सहभागिता गराउन बजेटको कमी हुनु ।

३. वनको संरक्षण तथा जनशक्ति परिचालनमा कठिनाई

- वृक्षारोपण तथा पुनरुत्पादन क्षेत्रमा संरक्षणको लागी यथेष्ट स्रोत नहुनु ।
- वन क्षेत्रमा लाग्ने वन डढेलो
- काठ चोरी, चरिचरण, अतिक्रमण, वन्यजन्तु चोरी शिकार जस्ता कार्य नियन्त्रणको लागी विशेष बजेट नहुनु, दक्ष कर्मचारीको कमी, भौतिक साधन पय्राप्त नहुनु ।
- सशस्त्र वन रक्षक तथा हतियारको कमी ।
- जनसंख्याको आधारमा वन संगठन विस्तार नहुनु ।
- जिल्ला वन पैदावार आपूर्ति समिति स्थापना नहुनु ।
- कर्मचारीहरुको दरवन्दी समयमै परिपूर्ति नहुनु ।

४. काठ, दाउरा तथा अन्य वन पैदावारको चोरी

अर्घाखाँची जिल्लामा काठ, दाउरा, जडीबुटी तथा गैह्रकाष्ठ वन पैदावरको चोरी निकासी र वन क्षेत्रको अतिक्रमण पछिल्लो अवधिमा मापनको हिसावले उच्च जोखिममा नभए तापनि संवेदनशीलको रूपमा भने रहिरहेको छ । वन पैदावरको चोरी निकासी सम्बन्धमा प्यूठानसँग जोडिएको वाँगेसाल, दाङ्गसँग जोडिएको जुरौनी, कालाकाटे र भालुवाङ्ग, कपिलवस्तुसँग जोडिएको लुंग्री र तोरीवारी (खोरमोर), खयरभट्टी क्षेत्र हालको परिप्रेक्ष्यमा प्रमुख नाकामा पर्दछन् । यो क्षेत्रमा विशेष निगरानी बढाउनु पर्ने सो अनुसारको जनशक्ति व्यवस्थापन गर्नु पर्ने चुनौति रहेको छ ।

५. ढुङ्गा, गिट्टी, बालुवा

वन क्षेत्रवाट कहिलेकाँहि अवैध ढङ्गलेढुङ्गा, गिट्टी, बालुवा सङ्कलन गर्ने प्रचलन रहेको देखिन्छ । यो कार्यको व्यवस्थापनको लागि वन क्षेत्र मात्र नभएर स्थानीय निकायहरु, जिल्ला विकास समिति पनि जिम्मेवार भएको देखिन्छ । यस जिल्लाको वनक्षेत्र भएर वग्ने खोलानालाको ढुङ्गा, गिट्टी, बालुवा चुरे तथा चुरेको फेदी क्षेत्रमा रहेको हुँदा अवैध रुपमा ढुङ्गा, गिट्टी, बालुवाको चोरी निकासीको उच्च चाप परेको देखिदैन । स्थानिय घरकाजको लागि प्रयोगमा आउने वाहेक अवैध

रुपमा ढुङ्गा, गिट्टी, बालुवा चोरी निकासी हुने क्षेत्र चोरखोला, वाणगंगा, गुडुरुङ खोला संवेदनशिलरहेको छ । जिल्ला वन कार्यालयबाट सो क्षेत्र टाढा भएको र चाहेको वखतमा जनशक्ति परिचालन गर्न नसक्नु नै चुनौतिको रुपमा रहेको छ ।

६. वन्य जन्तुको चोरी शिकार

यस जिल्लाको उत्तर तर्फ र चुरे क्षेत्रमा वन्य जन्तुहरु प्रशस्त पाइन्छन् । यहाँ वन्य जन्तुहरुको यदाकदा बन्दुक, पासो र विष प्रयोग गरेर चोरी शिकार हुने गरेको पाईन्छ । यसमा प्रायः स्थानीय शिकारीहरुको संलग्नता रहेको देखिन्छ ।

७. वन अतिक्रमण तथा अव्यवस्थित बसोवास

यस जिल्लाका केहि स्थानहरुमा विभिन्न वहानामा अतिक्रमण भईरहेको र हुन सक्ने संभावना समेत देखिन्छ । विशेष गरी वाटो छेऊका वन क्षेत्रहरुमा अतिक्रमण हुने संभावना बढी रहेकोले संवेदनशिल भई तत्कालै कानूनी कारवाही गर्ने अवस्था छ । यस्तो वन अतिक्रमण क्षेत्र जिल्लाको दक्षिणी भेगको वनहरु विशेष गरी सिमलपानी गाविस प्रमुख रुपमा रहेको छ ।

८. वनका भवनहरुको क्षति

द्वन्द कालमा जि. व.का. भवन ध्वस्त भएको तथा केही अति पुरानो भई काम नलाग्ने अवस्थामा रहेकोले समयमा पुनः निर्माण र मर्मत गर्न प्रयाप्त बजेट व्यवस्था हुन नसक्नु ।

९. वन डढेलो तथा आगलागी

वन डढेलो तथा आगलागी पनि यस जिल्लाको एउटा प्रमुख समस्याको रुपमा रहेको छ । चोरी शिकारीहरुले शिकार खोजी गर्ने क्रममा होस वा गाई वस्तु चराउने गोठालोले, वन क्षेत्र अतिक्रमण गर्नेहरुले वा माहुरीको मह खोज्नेहरुले वन क्षेत्रमा बारम्वार आगो लगाउने गरेको र चुरे क्षेत्रमा व्यक्तिहरुले घरपालुवा जनावरको चरिचरनको लागि घांसको नयां पालुवा पलाउने उद्देश्यले वन क्षेत्रमा आगो लगाई दिने गरेको देखिन्छ ।

१०. वन सिमाङ्कन

- २/२ पटक माओवादी द्वन्दमा परी वन सिमाना सम्वन्धि सवै कागजात, फिल्डवुक नक्शा समेत नष्ट भएको ।
- जिल्ला वन अधिकृतहरुको आपसी समन्वयमा सिमाना कायम भई कार्य संचालन भईरहेको भए तापनि कपिलवस्तु र अर्घाखाँची वीचको स्पष्ट सिमाना हाल सम्म कायम नभएको ।

११. विविध

- सामुदायिक वनको छाता संगठनबाट सामुदायिक वनको विकृती निराकरण गर्ने कार्यमा सक्रिय नहुनु ।
- मौजुदा स.व.र. को परिचालनको नियमावली र कार्यविधि नहुनुका साथै संख्या र दक्षतामा ह्रास हुदै जानु ।
- वन रक्षकहरुको संख्या क्रमिक रुपमा घटदै जानु, नयाँ नियुक्ती नहुनु र भएकाहरुमा सक्रियता र शैक्षिक स्तरको कमी हुनु ।
- केही कर्मचारीहरुमा नैतिकता र दक्षता प्रतिको प्रतिवद्धताको कमी हुनु र दक्षता अभिवृद्धि गर्ने वातावरण नहुनु ।
- वन मुद्दा दायर गर्ने कार्यमा कानुनी प्रकृयामा झमेला भईरहनु ।
- जनशक्ति, आर्थिक, भौतीक संरचना र सवारी साधनको अभाव भईरहनु ।
- गैह्र काष्ठ वन पैदावारको ईन्भेन्ट्री नभई हचुवाको भरमा सङ्कलन गर्ने प्रवृती ।

ख. चुनौतीहरु

स्रोत साधन तथा अनुगमन

- जिल्ला वन कार्यालयमा प्रयाप्त श्रोत साधनको अभाव ।
- बढ्दो जनसंख्यालाई २०५० को संगठनकै कर्मचारीबाट सेवा प्रवाह गरिरहनु पर्दा जनतालाई दिने सेवाहरु प्रभावकारी पार्न कठिन भएको ।

- पछिल्लो समयमा आएर वन डढेलो नियन्त्रण तथा व्यवस्थापन कसरी गर्ने भन्ने चुनौति ज्यादै टडकारो रुपमा देखिएको छ । अतिचरिचरण र वन डढेलोलाई वन क्षेत्रको व्यवस्थापनमा प्रमुख बाधकको रूपमा लिन सकिन्छ ।
- सामुदायिक वनहरुको संख्या वढदै जानु र कर्मचारीहरुको संख्या उत्तिकै कायम तथा भैरहेको दरवन्दि समेत पूर्ति नहुँदा निरन्तर अनुगमन गर्न कठिनाई ।

ऐन नियम

- ऐन नियमहरु बाझिएका कारण जि.वि.स.लगायतका स्थानिय निकायहरुबाट वन पैदावारमा हस्तक्षेप हुने गरेको ।
- दीगो वन व्यवस्थापन गर्ने कार्य वर्तमान अन्यौल ग्रस्त अवस्थाले जटिल र कठिन बन्दै गएको र Flora andFaunaहरुको उचित संरक्षण गर्न कठिनाई ।
- अल्पविकसित, अशिक्षित र वेरोजगार बढी भएको समाजमा वन सम्बन्धी जनचेतनाको कमी, शिक्षित समुदायमा पनि आ-आफ्नो स्वार्थ पूर्तिका लागि बुझेर पनि बुझ पचाउने संस्कार एवं वन ऐन, नियमको पालना गर्नुको साटो जबरजस्ती गर्ने प्रवृत्ती ।
- जटिल भौगोलिक अवस्था
- जिल्लाका अधिकांश उत्पादनशील वनहरू दक्षिणमा अति दुर्गम क्षेत्रमा रहेको र पहुंचको दृष्टिकोणले वनजंगलको हरेक क्षेत्रमा पुग्न कपिलवस्तु जिल्ला भएर जाने पूर्व-पश्चिम राजमार्गदेखि १२ देखि १५ कि.मी.भित्र पस्नु त पर्दछ नै, कार्यालयमा सवारी साधनको अभाव पनि टड्कारो समस्याको रूपमा रहेको छ ।
- विशेषगरी चुरे क्षेत्र तथा तराईका जिल्लाहरूसँग जोडिएको क्षेत्रमा चोरी निकासी नियन्त्रण गर्न सशस्त्र वन सुरक्षा शाखाको व्यवस्था भएता पनि हालको असहज अवस्थामा सो शाखा प्रभावकारी हुन नसकेको र सो जनशक्तिको क्षमता विकासमा निकै कठिनाइ भइरहेको ।

अत: यस परिप्रेक्ष्यमा विना तालाको खुला अमूल्य सम्पत्तिको रूपमा रहेको वनजंगलको संरक्षण र समुचित विकास गर्न भने त्यत्ति सजिलो छैन र सो कार्य चुनौतीपूर्ण पनि छ ।

ग. सिकाईहरु

- निजी तथा सार्वजनिक जग्गामा वृक्षारोपण गरी ग्रामिण क्षेत्रका जनताहरुका वन पैदावार आपूर्ति संग सम्बन्धित मागहरुलाई परिपूर्ती गर्न सकेमा वन जङ्गलमा पर्ने चापलाई न्यून गरी सरकारद्वारा व्यवस्थित वनको संरक्षण र विकास कार्यमा सहयोग पुग्ने देखिएको ।
- वैकल्पिक उर्जा कार्यक्रम गोबरग्याँस र उन्नत चुल्हो वितरण जस्ता कार्यक्रमद्वारा वनक्षेत्रमा पर्ने चापलाई कमगर्न सकिने ।
- जन चेतनामूलक र वनमा आधारित जिविकोपार्जन तथा आयआर्जन हुने खालका कार्यक्रमले जनतामा वन प्रतिको माया बढ्ने हुंदा त्यस्ता कार्यक्रमहरुले निरन्तरता पाउने ।
- सामुदायिक वन व्यवस्थापन कार्यक्रम मार्फत उपभोक्ताहरुको दैनिक आवश्यकता परिपूर्तीमा सुधार आउनुको साथै वनको संरक्षणमा र वन अतिक्रमण समेतमा कमि आएको ।
- जिल्लामा रहेका सम्बन्धित सरोकारवालाहरुसंग समन्वयन गरि कार्य गरेमा वनसंग सम्बन्धित समस्याहरुलाई समाधान गर्न सहज हुने देखिएको ।
- अतिक्रमण भएका क्षेत्रहरुलाई कवुलियती वनको रुपमा व्यवस्थापन गर्ने नीतिगत व्यवस्था हुन सकेमा थप अतिक्रमण रोकिनुको साथै भएको अतिक्रमण क्षेत्रमा समेत वन कायम हुंदै जाने संभावना रहेको ।
- FM/ Radio/पत्रपत्रिकाहरु वन र वातावरण जोगाउने समाचार तर्फ लक्षित देखिएको ।

घ. उपलब्धीहरु

- जिल्ला वन कार्यालयवाट पुरानो अतिक्रमणलाई हटाउन तथा नयाँ अतिक्रमण हुन नदिन राजनैतिक दलहरू, प्रशासन र स्थानीय व्यक्तिहरूसंग समन्वय भइरहेको ।
- वन अतिक्रमण हुनसक्ने संभाव्य वन क्षेत्रहरू जस्तै सडक तथा बाटो छेउछाउ, बगर तथा गाउँ, वस्ती नजिक एवं खेतवारीका साँधमा रहेका वनहरू साथै टुक्रा-टाक्री वनहरू तथा चोरी नाकामा पर्ने वन क्षेत्र समेतलाई सामुदायिक

वन उपभोक्ता समूह गठन गरी हस्तान्तरण गर्ने कार्यलाई प्राथमिकता दिईएको साथै राष्ट्रिय वन क्षेत्रहरुमा टुर गस्ती तथा अनुगमन निरिक्षणको व्यवस्था मिलाईएको ।

- आमजनताको वनप्रति उत्तरदायित्व बढ्न गई वन अतिक्रमण, चोरी निकासी, आगलागी तथा चरिचरणमा कमी अर्थात् नियन्त्रण हुन गई संरक्षण कार्यमा उल्लेखनीय टेवा पुग्ने ।
- वन पैदावारको सङ्कलन तथा बिक्री विरतण कार्यले स्थानीय स्तरमा रोजगारी सृजना भएको र सोबाट राजश्व समेत सङ्कलन भई राष्ट्रिय अर्थ तन्त्रमा टेवा पुगि रहेको छ ।
- धार्मिक, ऐतिहासिक, पुरातात्विक र पर्यटकीय स्थलहरुको संरक्षण तथा जगेर्ना भई वातावरण संरक्षणमा समेत टेवा पुगि रहेको छ ।

ङ. अवसर (Opportunity)

- वनको उचित संरक्षण एवं सदुपयोगको कार्य वन कर्मचारी तथा सशस्त्र बलमा मात्र सीमित नराखी स्थानीय जनताहरूबाट वन उपभोक्ता समितिहरू गठन गरी सामुदायिक वन विकासका कार्यक्रमहरू प्रभावकारी रूपमा संचालन गरिएका छन् । अत: वन क्षेत्रको विकासको लागि सबै क्षेत्रको संलग्नता अभिवृद्धि गर्ने अवसर रहिरहेको छ ।
- राजनैतिक दलमा वन विनास विरुद्ध लड्ने प्रतिवद्धताको लागि वातावरण तयार गर्ने अवसर रहेको ।
- जिल्लामा वन पैदावारको आपुर्ति व्यवस्थित गर्न सकिने अवसर रहेको छ । यसबाट स्थानीय जनताहरुको वन प्रतिको भावना सकारात्मक बनाउन सक्ने अवसर रहेको छ । जसको लागि वन पैदावार आपूर्ति समिति सुचारु रुपले संचालन गर्न सकिने अवस्था विद्यमान छ ।
- जलवायु परिवर्तनको निष्प्रभाविकरण तथा अनुकुलनको लागि कार्यक्रमहरु र वन व्यवस्थापन समायोजन गर्दै जाँदा स्थानीय समुदायको तथा कर्मचारी समेतको ज्ञान एवं प्राविधिक क्षमतामा अभिवृद्धि हुन सक्ने देखिएको छ ।
- वन जंगल जोगाउनको लागि दाउराको विकल्पको खोजी गर्ने अवसर छ ।
- सुरक्षा निकाय अन्तर्गतका कार्यालयहरु विच समन्वयको अवस्था छ ।
- चुरे तथा दक्षिणी भेगको वन व्यवस्थापनको कार्यलाइ व्यवस्थित गरी वैज्ञानिक अवधारणा अनुसार वन संवर्धन गर्न सकिने अवस्था रहेको छ ।

१.१३ कार्ययोजना कार्यान्वयनमा जनशक्ति परिचालन

आ.व. ०६५/०६६ देखि ०६९/०७० अवधिको लागि तयार गरिएको पछिल्लो पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजनाको आधारमा कार्य सञ्चालन गरिदै आएकोमा सो कार्ययोजनाको समयावधि समाप्त भएकोले पुन: पञ्चवर्षिय वा व्यवस्थापन कार्ययोजनाको रुपमा यो कार्ययोजना तयार गरिएको छ । यो वन विभागवाट स्वीकृत भए पश्चात् कार्यान्वयन हुनेछ र सोको कार्यान्वयन जिल्ला वन कार्यालय, अर्घाखाँचीमा उपलब्ध साधन श्रोतलाई अधिकत्तम उपयोग गरी जिल्ला वन अधिकृतको समन्वय र सहयोगी संघ संस्थाहरुको सहकार्यमा सम्पूर्ण कर्मचारीहरु सहायक वन अधिकृत, रेन्जर, फरेष्टर, वन कार्य सहायक, वन रक्षक, सशस्त्र वन रक्षक, प्रशासन र लेखा समेतले आफनो उतरदायित्व वहन गरी कार्यान्वयन गर्ने छ ।

यो कार्य योजनाको कार्यान्वयनको अनुगमन तथा पृष्ठपोषणको कार्य वन विभाग र सम्बन्धित क्षेत्रीय वन निर्देशनालयले पनि गर्नेछ । विशेष गरी जिल्लामा जिल्ला वन क्षेत्र समन्वय समितिको कार्य क्षेत्र भित्र अनुगमन एवं योजना तर्जुमाको कार्य लाई व्यवस्थित गराउन सहयोग गर्ने भएको हुँदा यसको पूर्ण स्वामित्व जिल्ला वन क्षेत्र समन्वय समितिमा नै रहने गरेको छ । यो कार्यले जिल्लाको योजना एवं विकास कार्यमा अपनत्वको विकास समेत हुने देखिएको छ । यसको अलावा जिल्लामा आवश्यक परेको अवस्थामा अन्य सम्बन्धित संघ सस्थाहरुको सहयोग पनि परिचालन गरी कार्यान्वयनको लागि सहयोग परिचालन गरिनेछ ।

भाग २

वन प्रजाती तथा वन्यजन्तुहरुको विवरण

२.१ वन प्रजातीहरुको विवरण

अर्घाखाँची मध्य-पहाडी भेगमा अवस्थित जिल्ला हो । यहाँको धरातलीय परिस्थिति विषम भएको हुँदा जलवायुमा पनि सोही अनुसारको भिन्नता रहेको छ । यिनै कारणले गर्दा जैविक विविधता क्षेत्रमा यो जिल्ला अत्यन्त धनी मानिन्छ । दक्षिणमा तराईको समथर भू-भागसँग जोडिएको भावर तथा चुरे क्षेत्रको वनजंगल उष्ण तथा उपोष्ण प्रदेशीय खालको छ । उत्तरतर्फका खोंच, वेंसी जस्ता होचा क्षेत्रहरूमा उपोष्ण र उच्च पहाडी क्षेत्र अर्थात् महाभारत श्रृंखलामा शितोष्ण प्रकारका वनजंगल पाइन्छन् । साधारणतयाः दक्षिणमा साल (*Shorea robusta*), असना (*Terminalia tomentosa*), कर्मा (*Adina cordifolia*), वोटधइरो (*Lagerstroemia parviflora*), खयर (*Acacia catechu*) प्रमुख प्रजाति भएको वनजंगल र उत्तरतर्फ उचाई चढ्दै जाँदा चौडापाते र कोणधारी मिश्रीत वनजंगल र उत्तरपट्टि फर्केको पाखोमा तथा उच्च भेगमा बाँझ (*Quercus lanata*), उत्तिस (*Alnus nepalensis*), गुराँस (*Rhododendron arboreum*), चिलाउने (*Schima wallichii*) जस्ता चौडापाते वनस्पतिले ढाकेका वनजंगल पाइन्छन् । वन जंगलले ढाकेको र अन्य क्षेत्र रहेको स्थितीको तलको नक्सा–८ वाट स्पष्ट हुन्छ ।



चित्र-८: वन जंगल र अन्य क्षेत्रको स्थिति नक्सा

२.१.१ वनको किसिम र वर्तमान अवस्था

जिल्लाको उत्तर तर्फ जति जति उचाई बढ्दै जान्छ सोही अनुसार हावापानीमा परिवर्तन भई वनस्पतिमा समेत परिवर्तन हुदैं गएको पाईन्छ । यो जिल्लामा प्रशस्त मात्रामा वन क्षेत्र हुनुको साथै वन क्षेत्र भित्र जैविक विविधता पनि प्रशस्त रहेको छ । वन क्षेत्र भित्र ताल, तलैया, सिमसार क्षेत्र रहेका छन् । वन क्षेत्र तराईको समथल भू-भाग देखि चुरे र मध्य पहाड सम्मको भौगोलिक विविधता भएको कारण यहाँ पाईने वनको किसिम र प्रजातीमा पनि विविधता पाईन्छ । उष्ण र उपोष्ण र समशितोष्ण प्रदेशीय भएको यस जिल्लाको वन क्षेत्रमा थुप्रै प्रजातिका मिश्रित वन पाईन्छ ।

नविकरणीय प्राकृतिक स्रोतको रूपमा रहेको यहाँको विविध प्रकारको वनजंगलले जिल्लाको पर्यावरणीय सन्तुलन कायम गर्नमा महत्वपूर्ण भूमिका निर्वाह त गरेकै छ, प्रमुख आर्थिक स्रोतको दृष्टिकोणले पनि यो क्षेत्र कृषि पछि दोश्रो स्थानमा पर्दछ । जिल्लाको अधिकांश भू-भाग वनजंगलले ढाकेको र त्यसमध्ये २८,४८४ हे. (४२.५%) क्षेत्र सामुदायिक वनको रूपमा कायम भई स्वीकृत वन कार्ययोजनाको परिधीभित्र रही बिभिन्न वन पैदावरको उत्पादन गरी त्यसबाट समुदाय तथा सरकारले सालाना एक करोड रूपैंया भन्दा अधिक आर्थिक लाभ प्राप्त गरिरहेका छन् । त्यस अतिरिक्त जिल्लाको सरकारी वन तथा निजी आवादी क्षेत्रबाट समेत काठ, दाउरा तथा जडीबुटीजन्य वन पैदावरहरू उत्पादन भई जिल्लाभित्र तथा बाहिर खपत भई सोही अनुपातमा आर्थिक फाइदा प्राप्त भइरहेको छ ।

वन जंगलको स्रोतमा धनी भएतापनि अत्यधिक चरिचरण, आगलागी, केही मात्रामा चोरी निकासी र अतिक्रमणका कारण यस जिल्लाको वन क्षेत्र कठिन परिस्थीतिबाट गुज्रीरहेको छ । वन अतिक्रमण नियन्त्रण गर्न नेपाल सरकारबाट प्रभावकारी निर्देशन र वन क्षेत्र अतिक्रमण नियन्त्रण रणनीति २०६८ लागु भए पश्चात जिल्ला वन अतिक्रमण कार्यदल गठन भई कार्ययोजना तयार भई सकेकोमा वजेटको अभाववाट अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन हुन सकेको छैन ।

यसै गरी जिल्लाको उत्तरी क्षेत्रमा खोटेसल्लाको वन रहेको छ भने वृक्षारोपण पनि खोटेसल्लाको प्रजाति वढी मात्रामासामुदायिक वन विकास कार्यक्रमबाट गरेको पाइन्छ । विशेष गरी ढिकुरा, खनदह, अर्घातोष, मरेङ, भगवति गाविसहरुमा सल्लाको प्रजातिको वृक्षारोपण राम्रो हुर्किएको पाइन्छ । सन्धिखर्क वरिपरि पनि सल्लाको वन नै हुर्किरहेको पाइन्छ । खाँचीकोट, सितापुर, पणेना, खिदिम, नरपानी, अर्घा, ढाकावाङ, हंसपुर, गोखुङगा क्षेत्रहरुको उच्च पहाडी क्षेत्रमा मिश्रित चौडापाते वन र सल्लाको वन समेत पाइने गरेको छ ।

२.१.१.१ प्रजाती अनुसार वनको किसिम

अर्घाखाँची जिल्लामा वन क्षेत्रले ओगटेको भाग ५६% अर्थात् ६७,०२३ हे. छ । रूख विरूवा (छत्र ढाकेको) भएको क्षेत्र मात्र ४७,४२८ हे. छ, जुन कूल भू-भागको ४०% हुन आउंछ । बाँकी १६% क्षेत्र हैसियत बिग्रिएको अर्थात् झाडी वुट्यान तथा घाँसे क्षेत्रको रूपमा रहेको छ । FRISPले वि.सं. २०५१ सालमा प्रकाशन गरेको यस जिल्लाको वन स्रोतको आँकडा अनुसार समग्र वन क्षेत्रलाई तल्लो पहाडी कडाकाठ प्रजाति (Lower Mountain Hardwood), सल्ला (Pine) र साल (Tropical Sal Mixed with Broadleaves) गरी तिन प्रकारका वनजंगलमा विभाजन गरिएको छ ।



चित्र-७: वन जंगलको प्रकार र क्षेत्रफल

क) तल्लो पहाडी कडाकाठ प्रजातिको वन

तल्लो पहाडी कडाकाठ प्रजातिको वन सबैभन्दा ठूलो क्षेत्रफलमा फैलिएको छ । यसले ४४% वन क्षेत्र ओगटेको छ । यहाँ पहाडी सालको अलावा चिलाउने, कटुस, बाँझ, जामुन, वोटधाइरो, कुसुम, खयर, वेल, सिमल आदी प्रमुख प्रजातिहरू हुन् । यी मध्ये चिलाउने, कटुस, बाँझ, गुराँस उत्तरतर्फ फर्केको पाखामा हुर्केका पाइन्छन् । यहाँ सालसँगै वेल, खयर, सिमल, वोटधाइरो, हर्रो, वर्रो, कुसुम जस्ता रूख प्रजातिहरू मिसिएर हुर्किएका छन् ।

ख) सल्ला वन

विशेषगरी यस प्रकारको वनमा खोटेसल्ला (*Pinus roxburghii*)को वाहुल्यता छ । सल्लाको वनले ३९% वन क्षेत्र ओगटेको छ । कहिंकहिं पहाडी सालसँग सल्ला मिसिएर हुर्किएका पाइन्छन् । अधिकांश खोटेसल्ला भएता पनि धेरैथोरै मात्रामा पाटेसल्ला(*Pinus patula*) पनि वृक्षारोपण गरी हुर्काइएका छन् ।

खनाल रोजिन एण्ड टर्पेन्टाइन उद्योग (प्रा.) लि.ले गराएको एक सर्भेक्षण अनुसार अर्घाखाँचीका १७ गाविसहरूमा खोटेसल्लाको वन १०,४०० हे.मा फैलिएको छ, जसमध्ये शुद्ध खोटेसल्लाको वन अर्थात् ७५% भन्दा बढी खोटेसल्लाले ओगटेको वनक्षेत्र ४,०४७ हे. र मिश्रित खोटेसल्लाको वन अर्थात् ४० देखि ६९% खोटेसल्लाले ओगटेको वन क्षेत्र ६,३५३ हे. रहेका छन् । शुद्ध खोटेसल्लाको वनमा नगन्य मात्रामा रहेका अन्य रूख प्रजातिहरूमा कालीकाठ (*Myrsine semiserrata*), मयल (*Pyrus pashia*), चिलाउने *(Schima wallichii)*, महुवा *(Englehartia spicata)*, साल*(Shorea robusta)* हुन् । त्यस्तै चुत्रो *(Berberis asiatica)*, भकिम्लो *(Rhus javonica)*, अंगेरी *(Lyonia ovalifolia)*, सागिनो *(Indigofera pulchela)*, तिल्का *(Wendlandia puberula)*, मसिनो काँडा *(Lantana camara)* आदि वुट्यान प्रजाति हुन् । भुइँमा पाइने प्रजातिहरूमा गन्नेभ्कार *(Aeiranim conizoides)*, भुइँ ऐँसेलु *(Fragaria nubicola)*, चरिअमिली (*Oxalis latifolia*), सिरू *(Imperata cylindrica)*, गाइतिहारे *(Inula cappa)*, वनमारा *(Eupatorium adenophorum)* मुख्यरूपमा देखिन्छन् ।

मिश्रित खोटेसल्लाको वनमा पनि शुद्ध खोटेसल्लाको वनमा पाइने अन्य प्रजातिहरू नै प्रायः भेटिन्छन् तरपनि त्यस क्षेत्रमा बाँझ *(Quercus lanata)*, अमला *(Phyllanthus emblica)*, काउलो *(Persea odoratissima)*, चिउरी *(Aesandra butyraceae)*, टुनी *(Toona ciliata)*, मुसुरे कटुस *(Castanopsis tribuloides)*, गुराँस *(Rhododendron arboreum)* जस्ता रूख प्रजातिहरू भने प्रशस्त मात्रामा पाइन्छन् । छत्रको घनत्व र वृद्धिको अवस्था अनुसार सल्लाको वनलाई निम्न तालिकामा देखाइए अनुसार वर्गीकरण गरिएको छ ।

तालिका-१२: छत्र घनत्व र वृद्धिको अवस्था अनुसार सल्लाको वन

वनको वर्गीकरण	घनत्व	व्यास (से.मी.)	क्षेत्रफल (हे.)
उत्तम घनत्व भएको अपरिपक्व शुद्ध सल्ला	७०% भन्दा बढी crown closure	२०-४०	७९७
मध्यम घनत्व भएको परिपक्व शुद्ध सल्ला	४० देखि ६९% crown closure	४० भन्दा माथी	३२३१
उत्तम घनत्व भएको परिपक्व शुद्ध सल्ला	७०% भन्दा बढी crown closure	४० भन्दा माथी	२९६३
उत्तम घनत्व भएको अपरिपक्व मिश्रित सल्ला	७०% भन्दा बढी crown closure	२०-४०	३९८
उत्तम घनत्व भएको परिपक्व मिश्रित सल्ला	७०% भन्दा बढी crown closure	४० भन्दा माथी	३०११

ग) साल वन

जिल्लाको दक्षिणी भेगमा समग्र वनको १७% भाग सालको वनजंगल रहेको छ । यस प्रकारको वनमा साल प्रमुख प्रजाति हुन्छ भने यहाँ पाइने अन्य सहायक प्रजातिमा अस्ना, कर्मा, हर्रो, वर्रो, बाँझी, जामुन आदी हुन् । FRISPका अनुसार ४७,४२८ हे. वन क्षेत्रमध्ये पहुँचको दृष्टिकोणले छुट्याइएको १३,९९२ हे. वन क्षेत्रलाई उत्पादनशीलताको हिसाबले निम्न वमोजिम वर्गिकरण गरिएको देखिन्छ ।

तालिका-१३: मौज्दात अनुसार वन क्षेत्रहरू विवरण (स्रोतःFRISP)

वृक्ष छत्रले जमिनमा ओगटेको भाग (प्रतिशतमा)	मौज्दात राम्रो	मौज्दात ठिकै	मौज्दात कमसल
	७०% भन्दा माथी	४०-६९%	१०-३९%
वन क्षेत्र (हे.)	१७३१	१०३०९	१९५२
प्रतिशत	१२%	७४%	१४%

वनजंगलको अवस्थालाई हेर्दा बस्ती वरिपरी सबै प्रकारका वन क्षेत्रमा चरिचरण तथा वर्षेनी चैत, वैशाख महिनामा लगाइने तथा लाग्ने डढेलोले गर्दा प्राकृतिक पुनरूत्पादन कमसल अवस्थाको भएको देखिन्छ । तराई कडाकाठ प्रजाति र सालको वन लगातार भई फैलिएका छन् भने धेरैजसो खोटेसल्लाका वनहरू साना-ठूला Patchesमा हुर्किएका पाइन्छन् तर सल्लाका धेरैजसो वनहरू सामुदायिक वनका रूपमा स्थानीय उपभोक्ताहरूलाई हस्तान्तरण भैसकेको र ती वनमा संरक्षणको प्रभावले गर्दा प्राकृतिक पुनरूत्पादन राम्रो हुँदै गइरहेको छ । चिस्यान क्षेत्र जस्तै खोंच तथा पाखोमा पनि सल्लाको छत्रलाई साल तथा अन्य चौडापाते प्रजातिले विस्थापित गर्दै आएको देखिन्छ ।

चौडापाते प्रजातिमा रूपान्तरण भएका वनहरूमा धेरैजसो लाथ्रा साइजका सालका रूखहरू भेटिन्छन् । बाक्लो गरी सल्ला हुर्किएको क्षेत्रमा चौडापाते रूखहरू यदाकदा हुर्किए तापनि प्रायः तिनीहरू दबिएको अवस्थामा रहेका छन् । साल प्रजातिका विरूवाहरू रूपान्तरित अवस्थामा हुर्किएको क्षेत्रमा लाथ्रा साइजका विरूवाहरूको टुप्पो प्रायः काटिएको अवस्थामा पाइन्छन् । गाईवस्तुको निम्ति घाँस तथा सालको पातबाट गाँउघरमा टपरी, प्लेट आदि बनाई बेच्ने हुँदा पुनरूत्पादन भै हुर्किएका सालका वुटाहरू त्यसरी दयनीय अवस्थामा भेटिन्छन् । प्रायःजसो सल्लाका रूखहरू भएको वनजंगल सामुदायिक वनको रूपमा हस्तान्तरण भैसकेको भएता पनि अत्याधिक दाउराको मागको कारणले गर्दा सल्लाका ती रूखहरूका हाँगाविँगाहरू जथाभावी तवरले काटिएका छन् । वन अतिक्रमणको सन्दर्भमा जिल्लाका दक्षिणतिरका केही वनजंगलहरू अतिक्रमणको चपेटाबाट मुक्त हुन सकेको छैन ।

२.१.१.२ भौगोलिक आधारमा वनको वर्गिकरण

भौगोलिक क्षेत्रको आधारमा अर्घाखाँची जिल्लामा मुख्य गरी निम्न प्रकारका वनहरु (Forest type) पाईन्छन् ।

क) भावर तथा चुरिया क्षेत्रको वन

यो वन क्षेत्र चुरेको फेदी देखि चुरे पहाड क्षेत्रमा फैलिएर रहेको छ । चुरेको तल्लो तटिय क्षेत्रमा मुख्य प्रजातिको रुपमा साल रहेको छ । यस क्षेत्रमा सोको अलावा असना, कर्मा, वाँझी, जामुन, हर्रो, वर्रो, अमला, खयर, कुसुम, वोटधयेरो आदि प्रजातिहरुको मिश्रण रहेको छ भने चुरेको माथिल्लो भुभागमा साल प्रजाति सँगै खोटे सल्ला , चिलाउने, असना, कुसुम लगायतका वोटविरुवाहरु पाईन्छन । तल चुरे क्षेत्रमा रहेका वनको अवस्था लगायत भू–उपभोगिता नक्सा तलका चित्रहरुमा देखाइएका छन् ।



चित्र-९: चुरिया क्षेत्रमा रहेका वनको अवस्था नक्सा



चित्र-१०: चुरिया क्षेत्रमा रहेका वनस्पतिको घनतव नक्सा



चित्र-११: चुरिया क्षेत्रमा रहेका भू-उपयोगिता नक्सा

ख) महाभारत क्षेत्रको वन

दक्षिणि मोहडाका केही क्षेत्रहरुमा खोटे सल्लाको वन रहेको छ भने उत्तरतिर फर्केको पाखोमा चिलाउने (*Schima wallichii*) र कटुस (*Castanopsis indica*) मुख्य प्रजाति भएको र अन्य प्रजातिमा धार्ने, खल्दु, अंगेरो, मौवा, मयल, गुराँस, राजु, खोलेकाठ, चौतारी, वेडुलो, कुकुरडाइनो, लाटीमौवा, तिते, खिलुवा, झिनझिने, काफल, घँघारू, विलौनी, फुर्से, तेजपात, रयच, बाँझ, उत्तिस, काउलो, लाँकुरी, रूदिलो, बोके, खिर्रो, बाखेबोरो, तिल्का, पैंयू, दुधिलो हुन् । दक्षिणी पाखोमा प्रायः साल प्रजातिका रूख विरूवा हुर्केका पाइन्छन् । Transitional Zone मा साल र सल्लाका रूख विरूवाहरू मिश्रित अवस्थामा पाइन्छन् । यस प्रकारको वन क्षेत्र प्रायः वृक्षरोपणको साथै प्राकृतिक पुनरूत्पादन भई हुर्केको र घनत्वको हिसाबले मध्यम खालको रहेको पुष्टि हुन्छ । समग्रमा भन्नुपर्दा वनको संचिती १०५.९४ घ.मी./हे.लाई राम्रो मान्न सकिन्न ।

२.१.१.३ वन व्यवस्थापनको आधारमा वनको वर्गिकरण

क. सरकारद्वारा व्यवस्थित वन

सामुदायिक वन, धार्मिक वन, कवुलियती वनको रुपमा स्थानीय उपभोक्ताहरुलाई हस्तान्तरण नगरिएको वनक्षेत्रको एउटा निश्चित वन व्यवस्थापनको प्रकृया अवलम्बन गरी यस प्रकारको वन क्षेत्रभित्र रहेका वन पैदावारहरूको उपयोग गर्ने, हटाउने वा इजाजत दिई वन पैदावरको मूल्य वा दस्तुर तोकी बिक्री वितरण गरी राजश्व संकलन गर्नु नै सरकारद्वारा व्यवस्थित वनको प्रमुख उद्देश्य हो । वन नियमावली, २०५१ र संशोधित नियमावली, २०५५ अनुसार पाँचवर्ष अवधिसम्मको लागि जिल्ला वन कार्यालयको कार्ययोजना र त्यसैको प्रारम्भिक वातावरणीय परीक्षण वन विभागबाट स्वीकृत गराईसकेपछि मात्र कार्ययोजनामा उल्लेख भए अनुसार वर्षभरी संकलन तथा तोकिएको स्थानबाट उल्लेखित परिमाणमा नबढ्ने गरी वन पैदावार संकलन र बिक्री वितरण कार्य गरिनेछ ।

यस जिल्लाको कूल ६७,०२३ हे. (झाडी वुट्यान,घाँसे क्षेत्रसहित) वन क्षेत्रमध्ये झण्डै ३८,५३९ हे. सरकारद्वारा व्यवस्थित वन क्षेत्रभित्र पर्दछ । सामुदायिक वनको माग वर्षेनी वृद्धि हुँदै गएको र सरकारी वन क्षेत्रलाई नै सामुदायिक वनको रूपमा हस्तान्तरण गरिने भएकोले यसको क्षेत्रफल घट्दै गएको हो । धेरैजसो पहुँच पुग्ने सरकारी वन क्षेत्रहरू सामुदायिक वनको रूपमा विकसित हुँदै जाने कारणले गर्दा विस्तारै दुर्गम तथा अति दुर्गम क्षेत्रहरूमा सरकारद्वारा व्यवस्थित वनहरू बाँकी रहन गएको देखिन्छ । तराईको सिमानासँग जोडिएको क्षेत्रदेखि खोंच, चुरे पर्वत हुँदै महाभारत पर्वत श्रृंखलासम्म साल, असना, खयर, कर्मा, बाँझ, चिलाउने, उत्तिस, सल्ला, लालीगुराँस आदि रूखहरू र बहुउपयोगी गैह्रकाष्ठ वन पैदावार प्रशस्त मात्रामा पाईन्छन् । व्यवस्थापनको दृष्टिकोणले सरकारद्वारा व्यवस्थित वनलाई पूर्ण संरक्षण दिईएको र त्यस क्षेत्रबाट स्वीकृत पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजनामा उल्लेखित सुखड र ढलापडा रूखहरुबाट काठ, दाउराको समेत सदुपयोग गरिँदै आएको छ । यस वाहेक सरकारद्धारा ब्यवस्थित वनबाटै दैवी प्रकोपमा परेका जनताहरूलाई नियमानुसार सहुलियत दरमा समेत काठ उपलब्ध गराउँदै आएको छ ।

ख. संरक्षित वन

यस जिल्लामा हालसम्म संरक्षित वन छैन ।

ग. सामुदायिक वन

अ. सामुदायिक वनको समग्र स्थिति

वन विकास गुरूयोजना, २०४५ ले सामुदायिक वन विकास कार्यक्रमलाई सबैभन्दा उच्च प्राथमिकता दिएको थियो । वन ऐन, २०४९ को प्रादुर्भावसँगै यस जिल्लामा पहिलो पटक सन्धिखर्क-७ स्थित भलायडाँडा सामुदायिक वन उपभोक्ता समूहको गठन भएको उक्त सामुदायिक वनकोहाल ५१.६२ हे. क्षेत्र १०२ घरधुरीले उपभोग गरिरहेका छन । आ.व. ०५०/५१ देखि आ.व. ०६०/६१ सम्म सामुदायिक वन उपभोक्ता समूह गठन गर्ने र वन हस्तान्तरण गर्ने कार्य तिव्र गतिमा अघि बढ्यो । सो अवधिमा मात्रै १०,४२० क्षेत्रफलको २७१ वटा वन स्थानीय वन उपभोक्ता समूहहरूलाई हस्तान्तरण गरियो जसबाट ३०,६३४ घरधुरी लाभान्वित भएको देखिन्छ । शुरुमा मध्य-पहाडी क्षेत्रका अधिकांश वनहरू सामुदायिक वनमा दर्ता भयो भने हाल आएर जिल्लाको दक्षिणतिर रहेका उत्पादनशील साल प्रजातिका मिश्रित वनलाई पनि सामुदायिक वनमा हस्तान्तरण गर्ने कार्यलाई निरुत्साहितगरिएको छ । यस जिल्लामा रहेका चुरमा रहेका सामुदायिक वनहरुको संचितीको विवरण अनुसूची-११ (क) र मध्य-पहाडी सामुदायिक वनहरुको संचितीको विवरण अनुसूची-११ (ख) मा प्रस्तुत गरिएको छ ।

ंखाँची जिल्लामा आ.व. २०६९/०७० को अन्तसम्ममा जिल्लाभरी ४२५ वटा २८९५८.९८ हे. सामुदायिक वन४६,०५७ घरधुरीलाई हस्तान्तरण गरिसकेको तथ्याङ्कबाट देखिन्छ । जिल्लाको आठवटा रेञ्जपोष्टमा सामुदायिक वन हस्तान्तरण भएको तथ्याङ्क चित्र नं. ५ मा प्रस्तुत गरिएको छ । अर्घातोष, सन्धिखर्क, धारापानी र मथुरावेंसी रेञ्जपोष्टहरूमा धेरै संख्यामा सामुदायिक वनहरू हस्तान्तरण भइसकेका छन् । यसरी जिल्लाको कूल वन क्षेत्रको झण्डै ४२.५% वन सामुदायिक वनमा पर्दछ । अर्घातोष, सन्धिखर्क, धारापानी र मथुरावेंसी रेञ्जपोष्टहरूमा धेरै संख्यामा सामुदायिक वनहरू हस्तान्तरण भइसकेका छन् ।

जिल्लामा रहेका सबै सामुदायिक वन उपभोक्ता समूहहरु सापेक्ष रुपमा सक्रिय नभएका कारणले सक्रिय रहेका सामुदायिक वनहरुको समयमै वन कार्ययोजना पुनरावलोकन भैरहेको छ भने निष्कृय समूहहरुको कार्ययोजना नवीकरण हुन सकेको तथ्य अनुगमन निरिक्षण प्रतिवेदनवाट खुल्न आएको छ । निष्कृय रहेका सामुदायिक वन उपभोक्ता समूहहरु समेतको नियमित अनुगमन गरी उपभोक्ताहरु सँग अन्तरकृया तथा वैठक समेत राखी जिल्लामा रहेको स्रोत साधनको समुचित उपयोग गरी क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरीदै आएको छ ।सामुदायिक वनको निर्णय प्रक्रियामा गरीव, दलित र महिलाहरुको पहुच अझै पनि न्यून रहेको छ । सामुदायिक वनमा दोश्रो पुस्ताका सवालहरु शुसासन, दिगो वन व्यवस्थापन, सामाजिक न्याय र गरीवहरुको जीविकोपार्जन आदि मुख्य मुद्दाहरु रहेका छन् ।

आ.व ०६९/०७० सम्ममा जम्मा ४२५ वटा सामुदायिक वन उपभोक्ता समूह गठन भई समूहहरुलाई २८९५८.९८ हेक्टर वन क्षेत्र संरक्षण, व्यवस्थापन गर्न हस्तान्तरण भै सकेको छ, जसबाट ४६०५७ घरधुरी लाभान्वित भएका छन् ।

यस जिल्लामा विगत पाँच वर्षमा हस्तान्तरण भएका सामुदायिक वनको विवरण तालिका-१४ मा देखाइएको छ ।

तालिका-१४: विगत पाँच वर्षमा हस्तान्तरण भएका सामुदायिक वनको विवरण

सि.नं.	वन हस्तान्तरण विवरण		
	आर्थिक बर्ष	सामुदायिक वन संख्या	क्षेत्रफल (हे.)
१	२०६५/६६	२४	३०६७.३१
२	२०६६/६७	२९	३६५१.४२
३	२०६७/६८	२०	२१४६.८
४	२०६८/६९	१५	१९८७.६
५	२०६९/०७०	८	४८९.९८
कुल जम्मा		९६	११३४३.११

घ. कवुलियती वन

वन ऐन, २०४९ अनुसार दुई किसिमबाट राष्ट्रिय वनको कुनै क्षेत्रलाई कवुलियती वनमा दिन सकिने प्रावधान छ । यस जिल्ला अन्तर्गत हालसम्म खाली पर्ती, हैसियत खराब वन क्षेत्रहरु सा.व.उ.समूहहरुलाई हस्तान्तरण भैसकेको र बांकी रहेको सम्भाव्य त्यस्ता वन क्षेत्रहरुअन्य गरिवीको रेखामूनिका परिवारहरुका लागि तथा अन्य प्रयोजनको लागि कवूलियती वन हस्तान्तरण भएको छैन । तर पनि आगामी वर्षहरुमा यस्तो कार्यक्रम संचालन गर्न सकिने छ ।

जिल्लाको नरपानी, अर्घा, खिदिम, पोखराथोक, पणेना, खनदह, हंसपुर गाविस क्षेत्रमा पर्यापर्यटनको केही संभावना भएकोले व्यवसायिक कवुलियती वनको रुपमा त्यस क्षेत्रको वनलाइ छनौट गरी कार्ययोजनाको अंगको रुपमा राखिने छ । यसको लागि व्यवसायिक कवुलियती वन कार्यविधि, २०६८ अनुसारको विधि अवलम्वन गरिने छ ।

ङ. धार्मिक वन

धार्मिक तथा ऐतिहासिक दृष्टिकोणले यस जिल्लामा स्थानीय रुपमा रहेका केहि वन क्षेत्रको संरक्षण सम्वर्द्धन हुदै आईरहेको छ । तापनि यस हालसम्म जिल्लामा धार्मिक वन दर्ता भई सकेको छैन् ।खिदिम गा.वि.स.मा रहेको दुर्वाशेश्वर गुफा क्षेत्रलाई समेटे धार्मिक वनको रुपमा हस्तान्तरण गर्ने प्रकृया अगाडि वढिरहेको छ ।

च. निजी वन

यस जिल्लामा आफनो निजि जग्गामा प्रशस्त मात्रामा वन वुटयानहरु रहेका छन । त्यस्तो क्षेत्र कति छ भन्ने एकिन तथ्याङक नभए तापनि प्रतिवन्धित प्रजाति वाहेक अन्य प्रजातिहरुको विक्रि वितरणवाट कृषकहरुले राम्रै आम्दानी गर्ने गरेको पाईन्छ । निजि जग्गाहरुमा रहेका काठजन्य प्रजातिमा सल्लो , उत्तिस, खयर काठ विक्रिवाट कृषकहरुले राम्रो आम्दानी लिने गरेका छन । त्यस्तै गरी कृषकहरुले आफनो खेतवारीमा भएको तेजपात, काउलो, गिठीको विक्रिवाट समेत राम्रो आम्दानी लिने गरेका छन । खाली स्थानमा निजी वन लगाउन चाहने कृषकहरुलाई जिल्ला वन कार्यालयले निःशुल्क रुपमा विरुवा तथा प्राविधिक सेवा समेत उपलब्ध गराउँदै आएको छ । यस जिल्लामा निजि वन दर्ता गर्ने र व्यवस्थापन गर्ने गरेको कमै पाईन्छ । निजि नर्सरीहरु स्थापना गरी वहुमुल्य जडिवुटी तथा वहुउद्येश्यीय वनजन्य प्रजातिहरुको उत्पादन, वितरण र वृक्षारोपणवाट एकातिर जिविकोपार्जनमा टेवा पुग्ने अर्कोतिर वन पैदावारको मागको आपुर्ति पुरा गर्न सहयोग पुरयाई सामुदायिक तथा सरकारी वन माथि पर्ने चापलाई कम गरी हरित क्षेत्रमा महत्वपुर्ण योगदान दिन सकिन्छ । यसको लागि जिल्ला वन कार्यालयले समेत छिटो वृद्धि हुने तथा वहुउद्येश्यीय प्रजातिहरुको विरुवा उत्पादन गरी वितरण गर्ने कार्यक्रम राखेको छ । राष्ट्रिय वन क्षेत्र माथि पर्ने वन पैदावरको चापलाई कम गर्न नेपाल सरकारले अवलम्बन गरेको नीति अन्तर्गत हालसम्म यस जिल्ला वन कार्यालय अर्घाखांची वाट आ.व ०६९/०७० सम्ममा दर्ता भएका निजि वनको क्षेत्रफल १३.१ हे. रहेको छ ।

२.१.१.४ गैरकाष्ठ वन पैदावार

अर्घाखाँची जिल्लाको वनमा विभिन्न प्रकारका जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरू पाईन्छन् । विभिन्न प्रकारका जडिवुटीहरु रहेको भएतापनि खोटो वाहेक अन्य गैह्र काष्ठ वन पैदावार व्यवसायिक किसिमलेविक्री वितरण हुन सकेको छैन । यिनै जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारलाई गरीव परिवारहरुले वनबाट सङ्कलन गरी मध्यस्थकर्तालाई बिक्री गरी राष्ट्रिय अर्थतन्त्र र यस जिल्लाका गरीव परिवारलाई केही मात्रामा भएपनि सघाऊ पुग्ने संभावना छ ।

यस जिल्लाको चुरे तथा पहाडी क्षेत्रका वनहरु मानवीय किंयाकलाप, गाईवस्तुको चाप तथा वर्षेनी लाग्ने डढेलोवाट ठुला वोटविरुवा तथा रुखहरु त्यति प्रभावित नभएतापनि जमीनको सतहमा भएका र वर्षेनी जरा तथा मुनावाट पलाउने जडिवुटीहरु प्रभावीत भई पुनरुत्पादनमा ह्रास आईरहेको कुरालाई नकार्न सकिदैन । वर्तमान अवस्थामा यस जिल्लाका विभिन्न क्षेत्रमा पाईने जडीवुटीको संचिति परिमाण निर्धारण गर्न विगतमा विक्रि भएको परिमाण, जडिवुटी पाईने वनक्षेत्र, र त्यसले ढाकेको अनुमानित क्षेत्रफल, जडीवुटी संकलनकर्ता तथा व्यपारीसँग छलफल, स्थानिय वासिन्दावाट प्राप्त जानकारी, गैरकाष्ठ वन पैदावारसँग सम्वन्धित संघ, संस्था, विज्ञ तथा अन्य सरोकारवालहरुसँगको छलफल, अनुभव तथा उनीहरुसँग भएको तथ्याङकमा आधारित रही प्राविधिकहरुको प्रारम्भिक सर्भेक्षणलाई आधार लिई विभिन्न गैरकाष्ठ वन पैदावारहरुको कुल संचिति अनुमान गरिएको छ । यस पंच वर्षिय वन व्यवस्थापन योजनामा प्रस्तुत गरिएको गैरकाष्ठ वन पैदावारको मौज्दातको अवस्था जिल्लामा रहेका रेन्जपोष्टहरुमा कार्यरत वन कर्मचारीहरुको प्रत्यक्ष फिल्ड सर्भेक्षण र स्थानिय संकलनकर्ता, खुद्रा व्यपारी, ठुला व्यपारी र स्थानिय वुढापाकाहरु सँग प्रत्यक्ष सम्पर्क राखी सहभागितामुलक ग्रामीण लेखाजोखा (PRA) विधिवाट संकलन भएको हो ।

यस जिल्लामा अश्वगन्धा, अलैची, अपमार्ग, अल्लो, असुरो, अडेर, आकासवेली, आँक, अंगेरी, ईन्द्रेणी, उशीर जरा, उन्यु, एक्लेविर, एसेलु, कचुर, कालमेघ, काउछो, काफल, काभ्रो, कालो हलेदो, कालोजिरा, कालो निउरो, कागतीघाँस, कुमकुम, कुकुरडाईनो, कुश, केतुकी, खसखस, गुजरगानो, गुर्जोलहरा, घिउकुमारी, घोडताप्रे, छतिवन, झयाउ, तितेपाती, धतुरो, नागवेली, निम, पिप्ला, पुर्ननवा, प्याउली, वलुझार, वज्रदन्ती, वन धनिया, विलौने, वेल, वोझो, भलायो, भ्याकुर, भृङगराज, भुईअमला, मजिठो, सेतो मुसली, रानिसिन्कि, रिठ्ठा, रुदिलो, लज्जावती, सिन्दुरे , सर्पगन्धा, सिकाकाई, सिल्टीमुर, सेतो वरुवा, हडचुर को साथै व्यवसायिक रुपले खेती गर्न सकिने सम्भावना भएका सर्पगन्धा, सुगन्धवाल, कुरीलो, चिराईतो, मजिठो, पाषणभेद, टिमुर सिन्कौली, काउलो, सेतो वरुवा, पिप्ला, हर्रो, वर्रो, अमला, वोझो, अलैची, अमृसो, वाँस, वावियो, चिउरी समेत पाईन्छ ।यस जिल्लामा पाईने मुख्य मुख्य गैरकाष्ठ वन पैदावारहरुको मौज्दात परिमाण अनुसूची ११(ग) मा उल्लेख गरिएको छ ।

२.१.२ मूख्य प्रजातीहरुको वितरण तथा बृद्धि मौज्दात(Growing Stock)

यस जिल्लामा वन प्रजातिहरुलाइ विभिन्न उमेरमा वर्गिकरण गरी निम्न बमोजिमको वृद्धि मौज्दात आकलन गरिएको छ । सो अनुसार औसत १४६.१२ घ.मि. प्रति हे. मौज्दात रहेको छ ।यस जिल्लाका तिन वटै किसिमका वनहरु: तल्लो पहाडी कडाकाठ प्रजाति, सल्ला अथवा सल्ला-चौडापाते मिश्रित र साल वन छन । प्रत्येक किसिमको वनमा ०.१%Sampling Intensityको आधारमाSystematic Random Samplingगर्दा ती वनहरूको कूल संचिती अर्थात् काठको आयतन तथा वार्षिक वृद्धिदर तलको तालिका-१५ अनुसार भएको अनुमान गरिएको छ ।

तालिका-१५ : उमेर अनुसारको औसत बृद्धि मौज्दात

Age class	Growing stock (Standing volume) m^3/ha
मध्य उमेरको वन	१०७.४३
परिपक्व वन	१८४.८१
औषत	**१४६.१२**

२.१.२.१ तल्लो पहाडी कडाकाठ प्रजातिको वन

तल्लो पहाडी कडा काठ प्रजातिको वनमा उत्तरतिर फर्केको पाखोमा चिलाउने (*Schima wallichii*)र कटुस(*Castanopsis indica*)मुख्य प्रजाति भएको र अन्य प्रजातिमा धार्ने, खल्टु, अंगेरी, मौवा, मयल, गुराँस, राजु, खोलेकाठ, चौतारी, वेडुलो, कुकुरडाइनो, लाटीमौवा, तिते, खिलुवा, झिनझिने, काफल, घँघारू, विलौनी, फुर्से, तेजपात, रयच, बाँझ, उत्तिस, काउलो, लाँकुरी, रूदिलो, बोके, खिर्रो, बाखेबोरो, तिल्का, पैंयू, दुधिलो हुन् । दक्षिणी पाखोमा प्रायः साल प्रजातिका रूख विरूवा हुर्केका पाईन्छन् । Transitional Zone मा साल र सल्लाका रूख विरूवाहरू मिश्रित अवस्थामा पाइन्छन् । यस प्रकारको वन क्षेत्र प्रायः वृक्षरोपणको साथै प्राकृतिक पुनरूत्पादन भई हुर्केको र घनत्वको हिसाबले मध्यम खालको रहेको छ । समग्रमा भन्नुपर्दा वनको संचिती १०५.९४ घ.मी./हे.लाई राम्रो मान्न सकिन्न ।

हालसम्म हस्तान्तरण भएका सामुदायिक वनहरु मध्ये पहाडी कडा काठ प्रजातीको वन(Mountain Hardwood forest)को मौन्दात, वार्षिक वृद्धिदर १२७ गोटा सामुदायिक वनहरुको कार्ययोजनाको अध्ययन गरेर तयार गरिएको हो । सोको आधारमा प्रजातिहरुको वितरण, रुखको गुणस्तर, उत्पादन संचिति र वार्षिक वृद्धिदर तल तालिका-१६ बमोजिम **रहेको** अनुमान गरिएको छ ।

तालिका-१६: रुख विरुवाको उमेर समूह अनुसार मौज्दात विवरण (प्रति हेक्टरमा)

सि.नं.	प्रजाति	रुख संख्या	पोल संख्या	लाथ्रा संख्या	विरुवा संख्या
१	खोटे सल्लो	४१	१२४	४७७	१३१२
२	साल	१०	३३	१६६	९९१
३	चिलाउने	६	१९	१३५	३३४
४	कटुस	३	१०	४०	११६
५	तिजु	३	६	४६	१४०
६	उत्तिस	२	१०	३८	१०६
७	मयल	१	४	५८	१२९
८	चिउरी	२	५	२५	९४
९	जामुन	१	१	१२	३०
१०	अन्य	१	२	१८	८६
कुल जम्मा		**७०**	**२१४**	**१०१५**	**३३३८**

तालिका-१७: रुख विरुवाको संचिती कुल संचिति तथा वार्षिक वृद्धिदर विवरण (प्रति हेक्टरमा)

सि.नं.	प्रजाति	काण्ड आयतन रुख (घ.मी./हे.)	काण्ड आयतन पोल (घ.मी./हे.)	जम्मा काण्ड आयतन (घ.मी./हे.)	वर्षिक वृद्धिदर (घ.मी./हे.)
१	खोटे सल्लो	५६.५६	१६.५६	७३.१२	०.७३
२	साल	१०.४३	५.७५	१६.१८	०.१६
३	चिलाउने	४.८६	२.०५	६.९१	०.०७
४	कटुस	०.६७	०.६४	१.३१	०.०१
५	तिजु	१.४०	०.८९	२.२९	०.०२
६	उत्तिस	१.७९	१.१४	२.९३	०.०३
७	मयल	०.२५	०.२५	०.५०	०.०१
८	चिउरी	१.३०	०.७६	२.०६	०.०२
९	जामुन	०.१९	०.१६	०.३५	०.००
१०	अन्य	०.१३	०.१६	०.२९	०.००
कुल जम्मा		**७७.५८**	**२८.३६**	**१०५.९४**	**१.०६**

माथि उल्लेखित तालिका अनुसार रुख, पोल तथा लाथ्राको प्रति हे. मौज्दातलाई अध्ययन गरी हेर्दा लाथ्रा तथा विरुवाको प्रति हेक्टर औषत मौन्दात ठीकै देखिन्छ । काठको मौज्दात तर्फ अध्ययन गरी हेर्दा समेत मध्यम देखिनआएको हुँदा वन संवर्धनको कार्य नियमित रुपमा गर्नु पर्ने देखिन्छ । प्रजाति समिश्रणको हिसावले हेर्दा सन्तोषजनक देखिन्छ । रुख र पोलको संख्या अनुसार प्रति हे मौज्दात विवरण हेर्दा रुखहरुको गुणस्तरमा खासै असर परेको देखिदैन । कुल संचिति अनुसार रुख र पोलको मौज्दात परिमाण ठिकैदेखिन आएकोले वृद्धिदर १ प्रतिशत मात्र कायम गरी वन व्यवस्थापनका कार्यहरु संचालन गर्नु पर्ने देखिन्छ । तल्लो पहाडी कडा काठ प्रजातिको वनमा रहेका मुख्य प्रजातिहरु, कुल संचिति विवरण तपसिल वमोजिम रहेको छ ।

२.१.२.२ सल्ला वन

यस प्रकारको वनमा सल्ला प्रमुख प्रजाति रहेको तर चिलाउने, कटुस र साल पनि अन्य सहायक प्रजातिमा रहेका छन् । समग्रमा वनको कूल संचिती ठिकै (११२.२३ घ.मी./हे.) रहेको तर प्रमुख रूपमा रहेको सल्ला प्रजातिको संचिती ज्यादै राम्रो भएको तालिका-१८ बाट देखिन्छ ।

यस किसिमको वनको वार्षिक मौज्दात तथा वार्षिक वृद्धिदरको विश्लेषण गर्दा २६ गोटा सामुदायिक वनहरुको कार्ययोजनाहरुको अध्ययन गरी तयार गरिएको हो ।

तालिका-१८: रुख विरुवाको उमेर समूह अनुसार मौज्दात विवरण (प्रति हेक्टरमा)

सि.नं.	प्रजाति	रुख संख्या	पोल संख्या	लाथ्रा संख्या	विरुवा संख्या
१	सल्लो	८२	१९४	६८०	१६५५
२	चिलाउने	५	१२	५५	२६०
३	कटुस	१	५	४०३	११०१
४	चिउरी	३	१३	६६	२०१
कुल जम्मा		९१	२२४	१२०४	३२१७

तालिका-१८: रुख तथा पोलको कुल संचिति तथा वार्षिक वृद्धिदर विवरण (प्रति हेक्टरमा)

सि.नं.	प्रजाति	काण्ड आयतन रुख (घ.मी./हे.)	काण्ड आयतन पोल (घ.मी./हे.)	जम्मा काण्ड आयतन (घ.मी./हे.)	वर्षिक वृद्धिदर (घ.मी./हे.)
१	सल्लो	८५.३२	२६.९१	११२.२३	१.१२२३
२	चिलाउने	३.२७	१.८१	५.०८	०.०५०८
३	कटुस	०.४६	०.३४	०.८	०.००८
४	चिउरी	१.७	१.१२	२.८२	०.०२८२

यहाँ रुख र पोलको आधारमा वनको वृद्धिदर मापन गरिएको छ । सल्लो वनमा रुख तथा पोलको काठ मौज्दात सन्तोषजनक अवस्थामा रहेको र विरुवा र पोथ्राको मौज्दात अवस्था राम्रो रहेको देखिदैन ।

यहाँ रूखको वृद्धिदर राम्रो भएता पनि पोलको वृद्धिदर भने सन्तोषजनक देखिदैन । पोल तथा लाथ्राको संख्यालाई क्रमिक रूपमा छटनी गर्दै लान सकेमा र रूखलाई पनि Crown Thinning गर्दै लान सकिएमा वनको अवस्थामा ह्रास आउने छैन ।

सल्ला वनमा रयच, राजु, मयल, खल्टु, काफल, चौतारी, लालीगुराँस, टिमुर, फलाँट, बोके, मल्लाटो, अंगेरी, चिउरी, भर्लो, अमला जस्ता चौडापाते विरूवाहरू पनि प्राकृतिक पुनरूत्पादन भै आएका देखिन्छन् ।

२.१.२.३ साल वन

यस किसिमको वनको वार्षिक मौज्दात तथा वार्षिक वृद्धिदरको विश्लेषण गर्दा ७९ गोटा सामुदायिक वनहरुको कार्ययोजनाहरुको अध्ययन गरी तयार गरिएको हो ।यस प्रकारको वनको कूल संचिती (काठको आयतन) १४४.५९ घ.मी. प्रति हे. रहेकोमध्ये साल मात्र झण्डै ७८.३९ घ.मी. प्रति हे. (कूल संचितीको ५४.२१%) छ भने अर्को प्रमुख प्रजाति असना ३६.९१ घ.मी. प्रति हे. (कूल संचितीको २५.५३%) रहेको देखिन्छ । कूल संचितीको हिसाबले समग्रमा यस वनको अवस्था ठिकै रहेको मान्न सकिन्छ ।

तालिका-१९: रुख तथा पोलको कुल संचिति तथा वार्षिक वृद्धिदर विवरण (प्रति हेक्टरमा)

सि.नं.	प्रजाति	काण्ड आयतन रुख (घ.मी./हे.)	काण्ड आयतन पोल (घ.मी./हे.)	जम्मा काण्ड आयतन (घ.मी./हे.)	वर्षिक वृद्धिदर (घ.मी./हे.)
१	साल	६३.३१	१५.०८	७८.३९	०.७८
२	असना	३०.२८	६.६३	३६.९१	०.३७
३	सल्ला	४.६४	४.८२	९.४६	०.०९
४	खयर	२.१६	१.०१	३.१७	०.०३
५	जामुन	२.५४	०.९०	३.४४	०.०३
६	वाँझी	३.२४	३.९७	७.२१	०.०७
७	कर्मा	१.९४	०.६९	२.६३	०.०३
८	प्यार	०.३९	१.५७	१.९६	०.०२
९	सादन	०.०६	०.०३	०.०९	०.००
१०	अन्य	०.६६	०.६७	१.३३	०.०१
कुल जम्मा		**१०९.२२**	**३५.३७**	**१४४.५९**	**१.४५**

यहाँ रुख र पोलको आधारमा वनको वृद्धिदर मापन गरिएको छ । साल वनमा रुख तथा पोलको मौज्दात सन्तोषजनक अवस्थामा रहेको र विरुवाको मौन्दात अवस्था राम्रो रहेको देखिन्छ ।

यस वनमा साल, असना, खयर वाहेक भर्ला, प्यार, वकललेडो, हल्लुडे, चेप्टे, कुसुम, रोहिनी, जामुन, अमला, बाँझी, चिउरी, कदम, कर्मा, टुनी, दबदबे, भलायो, लाटिमौवा, वोटधाइरो, सादन, तिल्को, सिद्ध, धौटी, खल्टु, राजवृक्ष, हर्रो, वर्रो, टठलो, मौवा, गाउजो, कालीकाठ प्रजातिहरूको साथै फाटफुटरूपमा अन्य महत्वपूर्ण सल्ला, चिलाउने, कटुस जस्ता प्रजातिहरू पनि पाइन्छन् ।

२.२.४ साइटिस (CITES) मा सूचिकृत वन प्रजातीहरुको उपलब्धता तथा विवरण

भौगोलिक विविधतासँगै अर्घाखाँचीजिल्लामा पनि जैविक विविधतामा धनी छ । यहाँ भावरक्षेत्र देखि शीतोष्ण हावापानीमा हुर्किने अनगिन्ती रूख तथा विविध वनस्पति प्रजातिहरू पाईन्छन् । प्रमुख रूपमा लोपोन्मुख अवस्थामा पुगेका (CITES को अनुसूची-२ मा परेका) प्रजातिहरूमा सुनाखरी, जीवन्ती, गामाडोल र सर्पगन्धा (*Rauvolfia serpentina*) हुन् ।

२.१.२.५ जैविक विविधता

प्रकृतिमा पाइने प्राणी र वनस्पतिहरूको विविधतालाई जैविक विविधता भनिन्छ । ती अवयवहरू बीच एक आपसमा अपरिहार्य सम्बन्ध रहेको हुन्छ । मानवजातिका लागि आवश्यक गाँस, वास, कपास र औषधिको पूर्ति प्रकृतिमा पाइने प्राणी तथा वनस्पतिहरूबाट नै हुन्छ । त्यसैले प्रकृतिमा प्राणी र वनस्पति बीचको अन्तरसम्बन्धलाई सँधै सन्तुलित अवस्थामा राख्नुपर्दछ । अत्यधिक जनसंख्या वृद्धि, आर्थिक तथा भौतिक विकासका नकारात्मक प्रभावले विश्वभरीकै जैविक विविधतामा तीव्र गतिले ह्रास आइरहेको वेला हाम्रो देश र यस जिल्ला पनि बिभिन्न किसिमका असरहरूबाट मुक्त रहेको मान्न सकिन्न । जैविक विविधता संरक्षण कार्य अनुरूप यस जिल्लामा वन ऐनमा व्यवस्था भए वमोजिम सामुदायिक वन कार्यक्रम अन्तर्गत संरक्षण सम्बन्धी बिभिन्न क्रियाकलापहरू संचालित छन् । तर जैविक विविधता सम्बन्धी परम्परागत ज्ञानको अभिलेख राख्ने कार्य अझै शुरू भइसकेको छैन । विभिन्न पारिस्थितिक क्षेत्रमा संकटकालीन अवस्थामा पुगेका वा पुग्न लागेका जैविक स्रोतको प्रभावकारी संरक्षण गर्नु नितान्त आवश्यक भएको सन्दर्भमा यस जिल्लामा पाइने त्यस्ता केही महत्वपूर्ण जीवजन्तु तथा वनस्पतिहरूको परिचय तल दिइएको छ ।

अर्घाखाँचीको पर्वतीय श्रृङ्खला समुद्र सतहबाट ३०५ मी. देखि २,५१५ मी. उचाईसम्म पूर्व-पश्चिम भएर फैलिएको छ र यहां जैविक विविधता भरिपूर्ण मात्रामा पाईने गर्दछ । यहाँ समतल मैदान देखी चुरे क्षेत्र समेत पर्दछ । त्यस्तै यहां नदी नाला र ताल तलैयाहरु एवं सिमसार क्षेत्रहरु पनि प्रशस्तै पाईने, उष्ण Tropical देखी उपोष्ण Sub-Tropical क्षेत्र समेत भएको हुंदा विशिष्ट किसिमको जैविक विविधता पाइन्छ । यस जिल्लामा करिब ६५३ किसिमको वनस्पतिहरु छन् ।

२.१.३ प्राकृतिक पूनरुत्पादनको अवस्था

पुनरुत्पादन तर्फ विश्लेषण गर्दा सल्ला प्रजातिको विरुवा १६५५ प्रति हे. रहेको पाइन्छ भने लाथ्रा, पोल एवं रुखको संख्या पनि अनुपातमा मिलेको जस्तो देखिन्छ । किनकी रुखको संख्या ८२ प्रति हे. रहेको छ । तर कटुसको रुख संख्या १ वटा प्रति हे. भएकोले न्यून देखिन्छ भने विरुवाको संख्या ११०१ प्रति हे. देखिएको छ । अत: पुनरुत्पादनको लागि भविष्यमा संरक्षण पद्धति अपनाउनु पर्ने देखिन्छ ।

तालिका-२०: रुख विरुवाको उमेर समूह अनुसार मौज्दात विवरण (प्रति हेक्टरमा)

सि.नं.	प्रजाति	रुख संख्या	पोल संख्या	लाथ्रा संख्या	विरुवा संख्या
१	सल्लो	८२	१९४	६८०	१६५५
२	चिलाउने	५	१२	५५	२६०
३	कटुस	१	५	४०३	११०१
४	चिउरी	३	१३	६६	२०१
कुल जम्मा		**९१**	**२२४**	**१२०४**	**२२१७**

चुरे तथा भावर क्षेत्रमा पाइने प्रजातिहरुको पुनरुत्पादन विश्लेषण गर्दा साल प्रजातिको पुनरुत्पादन ४८४५ रहेको छ । तर यसको अनुपातमा रुख संख्या ५१ एवं पोल र लाथ्रा संख्याको विवरणले अनुपात मिलेको जस्तो देखिएको छ । अधिकांस भूभाग चुरे क्षेत्रको केही भिरालो भागमा सालको वन पर्ने भएकोले विरुवा संख्याको अनुपात पनि राम्रो नै मान्नु पर्ने देखिएको छ । प्रजाति सम्मिश्रणको आधारबाट पनि जैविक विविधताकै सिद्धान्त अनुसार प्रजातिहरुको वितरण रहेको देखिन्छ ।

तालिका-२१: रुख विरुवाको उमेर समूह अनुसार मौज्दात विवरण (प्रति हेक्टरमा)

सि.नं.	प्रजाति	रुख संख्या	पोल संख्या	लाथ्रा संख्या	विरुवा संख्या
१	साल	५१	११५	५४४	४८४५
२	असना	२५	४६	२९२	१४७७
३	सल्ला	५	११	५५	१४२
४	खयर	३	९	४३	१९७
५	वाँझी	५	३१	१४३	४९५
६	जामुन	३	९	८०	३२९
७	कर्मा	२	६	५५	१८५

८	प्यार	२	१३	५८	२२८
९	सादन	१	१	१३	३७
१०	अन्य	१	६	६०	४९६
कुल जम्मा		**९७**	**२४७**	**१३४३**	**८४३१**

२.१.४ वन संरक्षण

यस जिल्लामा वन संरक्षणको विशेष गरी अतिक्रमण नियन्त्रण, चोरी निकासी नियन्त्रण एवं वन डढेलो नियन्त्रण नै कसरी गर्ने भन्ने मुख्य चुनौतिहरु रहेको छ । जस अनुसार वन संरक्षणको कार्यहरु निम्न बमोजिम भए गरेको पाइन्छ । तर पनि यस जिल्लामा प्राकृतिक प्रकोपहरु बाढी, पहिरोबाट पनि केही क्षति हुने गरेको छ त्यसको आकलन सहि तरिकाबाट गर्न सकिएको छैन ।

क. प्राकृतिक प्रकोप

राष्ट्रिय वन क्षेत्रहरुमा चोरी कटानी, अत्याधिक चरिचरण एवं परम्परागत पशुपालनले वन जङ्गलमा चाप बढ्नगई चुरे तथा तराई क्षेत्रको वन जङ्गल प्रभावित भएको छ । बाढी, पहिरो, भू-क्षय एवं उर्बरा माटो बग्न गई वन जङ्गलको उत्पादकत्वको क्षमतामा ह्रास आईरहेको छ भने बाढीका कारण विभिन्न क्षेत्रहरुमा घरबास र धनजनमा क्षति पुऱ्याउनुको साथै खेतियोग्य जमिनमा क्षति पुग्न गएको छ । हावाहुरीबाट पनि सुख्खा मौषममा वन क्षेत्रका रुखहरुका हाँगाहरु भाच्चिने, रुख ढल्ने जस्ता कार्यले वन जङ्गलमा क्षति पुग्न जाने गर्दछ । जाडो मौषममा तुषारोका कारण पनि स-साना विरुवा देखि बल्लावल्ली सम्मका रुखहरु समेत मरेको पाईन्छ ।

जिल्लाको दक्षिण तर्फको चुरे पहाड श्रृंखला तथा भावर क्षेत्र भू-वनोटको हिसाबले फुसफुसे वलौटे माटो तथा ढुङ्गयान भएको कान्छो पहाड (Young Mountain) भएकोले अति नै कमजोर (Fragile) भएको र वर्षायाममा आउने प्रायः अनिश्चित र अनियन्त्रित बाढीले जमिनको माटो काटी बगाउने तथा कमजोर जमिनका रूख विरूवाहरू ढलाउने र काठहरू अन्यत्र बगाई लाने गर्दछन् । जिल्लाका प्रायःजसो खोल्सा-खोल्सीहरू बर्षात्को समयमा विकसित भई अनियन्त्रित किसिमले बाढीको रूप लिई अत्यधिक रूपमा क्षति पुऱ्याउने गर्दछन् । जिल्लामा अवस्थित वाँगीखोला, मथुराखोला, सितखोला र विशेष रूपले वाणगंगा तथा रनसिङखोलाले छेउछाउका जग्गा तथा वनजंगल कटानी गरी नोक्सानी पुऱ्याइरहेका छन् । फलस्वरूप नदी/खोला छेउछाउका बस्तीका बाढी पिडित जनताहरू जंगल अतिक्रमण गर्न उन्मुख हुन्छन् ।

सम्पूर्ण जिल्ला पहाडी धरातलीय भएको कारण यहां हरेक वर्ष वर्षात्को समयमा भू-स्खलन हुने गर्दछ । यस जिल्लाको ४२ वटै गा.वि.स. लाई सदरमूकाम सन्धिखर्कसँग जोड्ने कच्ची तथा पक्की बाटोहरू निर्माण गरिएका छन् । गोरूसिङ्गे-सन्धिखर्क राजमार्ग वाहेक अन्य सबैजसो बाटोहरू कच्ची छन् । बाटाघाटाहरू कच्ची भएको र कुनै वैज्ञानिक पद्धति नअपनाई वातावरणीय असरको ख्याल समेत नराखिकन बनाइएको हुंदा हरेक वर्षात्को समयमा बाटाहरू क्षत्विक्षत् भई माटो बगाउने र खोल्सा-खोल्सीको पिंधमा माटोले पुरिने भई बाढी आउने र पैह्रो समेत जाने गर्दछ । यस जिल्लाको सदरमूकाम जोड्ने गोरूसिङ्गे-सन्धिखर्क राजमार्गका छेउछाउ खासगरी बसेरी वन क्षेत्र तथा नरपानीमा भू-स्खलनको ठूलो समस्या देखिएको छ । उपरोक्त बाहेक प्राकृतिक कारणले पनि ठाउँ-ठाउँमा पैह्रो गइरहेका हुन्छन् । उदाहरणको लागि छत्रगंजको बाह्रमासे पैह्रो, ठाडा गा.वि.स.को कैलाशेको पैह्रो लाई लिन सकिन्छ ।

वर्षेनी बिग्रिएका बाटाघाटाको पुनर्निर्माण कार्यमा जि.वि.स.को करोडौं रूपिया खर्च हुन्छ । त्यस्तै भैरहवामा रहेको जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालयबाट पनि यस जिल्लामा आउने बाढी पैह्रो नियन्त्रण कार्यको लागि पिडित पक्षहरूलाई हरेक वर्ष तारजालीहरू निःशुल्क रूपमा वितरण गरिंदै आएको छ । जिल्ला भू-संरक्षण कार्यालयले पनि आफ्नो कार्य क्षेत्रभित्र बाढी तथा पहिरो नियन्त्रणका लागि छेकबाँध बनाउने र संरक्षणवृक्षरोपण कार्यलाई प्राथमिकता दिई संचालन गर्दै आएको छ ।

ख. वन अतिक्रमण तथा वन सिमाना

वन क्षेत्रको जग्गा अतिक्रमण सन्दर्भमा यस जिल्लाका केहि भागहरूमा द्वन्दकालको बखत मौका छोपी जिल्लाभित्र तथा बाहिरका व्यक्तिहरू आई छाप्रा बनाई खेतिपाती गरी बसेका देखिन्छन् तत्पश्चात् अन्यत्र वन क्षेत्रको जग्गा अतिक्रमण भएको देखिदैन तरपनि जिल्लाको दक्षिणी भेगका वनजंगलहरू अतिक्रमण हुनबाट संवेदनशील नै रहेको भन्नुपर्दछ । उदाहरणस्वरूप सिमलपानी गा.वि.स.-१ स्थित केउरापानीमा संगैको ४५ रोपनी जग्गाको जिल्ला वन कार्यालयवाट दर्ता वदर गरी वन कायम गरिएकोमा सर्वोच्च अदालतवाट सो निर्णय सदर भई व्यक्तिको नाममा नापनक्शा

भई दर्ता भएको जग्गा वनक्षेत्र कायम भएको । हाल त्यस क्षेत्रमा दुईवटा घर टहरा मात्र रहेका छन् तर पनि १५-२० जना व्यक्तिहरूले खनजोत गरी तोरी, कोदो अरहरको वाली लगाई खेतिपाती गरिरहेको देखिन्छ । सोक्षेत्र सँगै रहेको केउरापानीमा पटक-पटक पावरा रेञ्जपोष्टका कर्मचारीद्वारा हटाउने प्रयासका वावजुद पनि २०५४ सालतिर नै वन अतिक्रमण गरी खेतिपाती गरिएको र २०५५ सालदेखि नै मगर जातिका मानिसहरु करचुली भन्ने ठाउँबाट बसाई सरी आई अतिक्रमण गरेको देखिन्छ । हाल यस क्षेत्रमा ५.२५ हे. क्षेत्र २६ परिवारले अतिक्रमण गरी वालीनाली लगाई १३ गोटा घर वनाई वसेको देखिन्छ ।सिमलपानी गा.वि.स.-१ को वठेनी गाउँका पश्चिम दक्षिण तर्फको अतिक्रमित क्षेत्रमा २०६१, ६२ सालतिर खनजोत शुरु गरी घर छाप्रो समेत तयार गरी खेतियोग्य जमिन बनाई खेतिपाती गर्दै आएको देखिन्छ । उक्त क्षेत्रमा बर्षेनी तोरी, कोदो, मकै गरी बर्षमा तिनवटा वालीसम्म लगाएको पाईएको छ । हाल सो क्षेत्रमा १०.५ हे. क्षेत्र ४५ परिवारले अतिक्रमण गरी २५ वटा घर वनाई वसेको देखिन्छ ।सिमलपानी-१ तोरीवारी गाउँको पूर्वतर्फ अतिक्रमण भएको क्षेत्र छ । गाउँदेखि पूर्वतिरको २.५ हे. वनको जग्गा २०५२ सालतिरै फडानी भई खनजोत गरी खेतिपाती गरिदै आएको छ । हाल सो क्षेत्रमा ५ वटा घर वनेको छ भने ८ परिवारले खेतीपाती गरिरहेको देखिन्छ ।

हाल सो क्षेत्रहरुमा स्कूल, खानेपानी जस्ता पूर्वाधार समेत व्यवस्थित तवरले संचालन भैसकेको हँदा अतिक्रमण सजिलैसंग हटाउन सक्ने अवस्था देखिदैन तापनि अतिक्रमण नियन्त्रणको लागि जिल्लामा जिल्ला वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन कार्यदल गठन भई सकेको र जिल्ला वन अतिक्रमण नियन्त्रणको लागि कार्ययोजना तयार गरी वन विभागमा पठाईसकिएको हुँदा कार्ययोजना अनुरुप वजेट विनियोजन भई आएमा वन अतिक्रमण रणनिति २०६८ वमोजिम अतिक्रमण हटाउँदै लगिनेछ ।

तालिका-२२: वन क्षेत्रको अतिक्रमण विवरण

क्र. सं.	गाविस/ वडा नं.	स्थान	चार किल्ला	अतिक्रमण भएको साल	क्षेत्रफल (हे.)	घरधुरी संख्या	जाति
१	सिमलपानी-१	तोरीवारी	पूर्व: खोरमोर खोला पश्चिम: तोरीवारी गाउँ उत्तर: सरकारी वन दक्षिण: स्कूलको जग्गा	२०५२	२.५	८	मगर
२	सिमलपानी-१	वठेनी, केवरापानी	पूर्व: वुद्ध सा.व. पश्चिम: मुन्देवासको ढिक उत्तर: वुद्ध सा.व. दक्षिण: वुद्ध सा.व.	२०५४	५.२५	२६	मगर
३	सिमलपानी-१	वठेनी	पूर्व: वुद्ध सा.व. पश्चिम: विक्रमसोताको ढिक उत्तर: वुद्ध सा.व. दक्षिण: वुद्ध सा.व.	२०६१/०६२	१०.५	४५	मगर

वन सिमाना सम्बन्धि विशेष विवाद र सुल्झाउने प्रयास

वन सिमानातर्फ कुरा अगाडि बढाउनुभन्दा पहिला यस विषयमा विगतका वर्षहरूमा के भएको थियो त्यसतर्फ केही छोटो परिचय दिनु जरूरी हुन्छ । वि.सं. २०१८ सालसम्म अहिलेको गुल्मी जिल्ला र अर्घाखाँची जिल्लाको भू-भाग एउटै गुल्मी जिल्ला भनी कायम थियो । सो पश्चात् गुल्मी जिल्लाको दक्षिणी भाग अर्घाखाँची जिल्ला भनी छुट्टै जिल्ला कायम भयो । अर्घाखाँची जिल्लाको दक्षिणी सिमाना र कपिलवस्तु जिल्लाको उत्तरी सिमाना सन् १९५९ को सर्भे अफ इण्डियाले तयार पारेको Toposheet नक्सा अनुसार नै कायम थियो । कुनै प्राकृतिक वा कृत्रिम सिमाना नभएको कारण केही पहाडी भाग कपिलवस्तुमा थियो भने केही तराईको भाग पनि अर्घाखाँचीमा पर्दथ्यो । वि.सं. २०३२ सालमा नेपालको संविधानको दोश्रो संशोधन हुंदा धेरैजसो जिल्लाहरूको सिमाना हेरफेर भएको क्रममा कपिलवस्तु जिल्ला र अघाखाँची जिल्ला बीचको सिमाना पनि हेरफेर भै २०३२ साल मंसिर २६ गतेको नेपाल राजपत्रमा प्रकाशित भए अनुसार कपिलवस्तुको उत्तरी सिमाना चुरे पहाडको पानी ढलो कायम भएको र अर्घाखाँचीको दक्षिणी सिमाना पनि चुरे पहाडको पानी ढलो नै कायम भै पत्थरकोटदेखि उत्तर रहेको भनिएको थियो ।

नेपाल सरकारको उक्त निर्णयका वावजुद फिल्डमा खटिएका कर्मचारीहरूलाई प्राकृतिक सिमाना वारे यकिन नभएको र वास्तविकता सम्वन्धमा फिल्डमा गई हेर्दा सीमा छुट्याउने आधार समेत नभएको कारण असजिलो परिस्थिति उत्पन्न भएको हुंदा वन क्षेत्रको विकासको काममा अर्घाखाँची र कपिलवस्तु जिल्ला बीच वेलावखत सिमाना विवाद भइरहन्थ्यो । वि.सं. २०४०-४१ सालमा दुवै जि.व.का. स्थापना भएको र वनजंगलको हकभोग विषयमा सर्वप्रथम २०४३ सालमा दुई जिल्ला बीच जोरीयापानी, बिक्रमसोता र पावर भन्ने क्षेत्रका जंगल सम्बन्धमा सीमा विवाद भएको बुझिन्छ । वि.सं. २०४७ सालमा मन्त्रीपरिषदबाट भएको निर्णय अनुसार अर्घाखाँची जिल्ला वन कार्यालयले वन सम्बन्धी गतिविधि संचालनका लागि दक्षिणमा चुरे पहाडको फेदसम्म सिमाना कायमलाई नै प्रमुख आधारको रूपमा मानिदै आएको छ ।

ग. वनपथ तथा डढेलो नियन्त्रण

अर्घाखाँची जिल्लाको सबै वन क्षेत्रमा वन पथ निर्माण भएको पाईंदैन । कतै कतै धेरै बर्ष अगाडी निर्माण भएका वन पथहरु हराउँदै गएको पाईन्छ । वन डढेलो लाग्ने समयमा डढेलो सम्बन्धी प्रचार प्रसार गराई आवश्यक जनशक्ति एवं सामुदायिक वन उपभोक्ता समूहसंग सहकार्य गरी वन डढेलो नियन्त्रण गर्ने कार्य गरिएको छ । जिल्लाको वन क्षेत्र तथा अवस्थालाई विचार गर्दा प्रत्येक क्षेत्रको वनमा वन पथ निर्माण गर्नु पर्ने अति जरुरी रहेको छ । जिल्लामा पुराना वन पथहरुको विस्तृत विवरण भेटिएको छैन र हालसम्म ति अग्नि रेखाको मर्मत सम्भार कार्य भएको देखिदैन । यस जिल्लामा सरकारद्वारा व्यवस्थित वन क्षेत्रमा वनपथ तथा अग्नी संरक्षण रेखा निर्माण सम्बन्धी कुनै विशेष कार्यक्रमको रूपमा संचालन भएको हालसम्मको रेकर्डबाट देखिदैन । सायद यस जिल्लामा व्यवस्थित तवरले वनको व्यवस्थापनको कुनै पनि प्रकृया नअपनाइएकै कारण वनपथ तथा अग्नी संरक्षण रेखा निर्माण जस्ता महत्वपूर्ण कार्यलाई महत्व नदिएको बुझ्नुपर्दछ ।

वनपथ निर्माणका दुई मुलभूत उद्देश्यहरू हुन सक्छन् । पहिलो यसले पनि डढेलो नियन्त्रणमा सघाई अग्नी संरक्षण रेखाको जस्तै काम गर्दछ । दोश्रो यसले वनजंगलबाट खेर गइरहेका वन पैदावरहरू सरल तरिकाले संकलन गर्नमा मद्दत मिल्दछ । वन क्षेत्रलाई एउटा व्यवस्थापन प्रकृयामा लगिसकेपछि वनपथ तथा अग्नी संरक्षण रेखा निर्माण कार्यहरू प्राथमिकता क्रममा पर्दछन्, तर अर्घाखाँची जिल्लाका दक्षिणतिरका केही सामुदायिक वनहरूमा रहेका उत्पादनशील सालको वनमा वाहेक सरकारद्वारा व्यवस्थित अन्य वन क्षेत्रहरूमा त्यस्तो कुनै प्रकारको कार्यक्रम संचालनमा रहेको छैन । वन डढेलो लागेको स्थान र क्षतिको वारे विस्तृत विवरण अनुसूची-९ मा उल्लेख गरिएको छ ।

घ. चोरी निकासी नियन्त्रण

देशमा संक्रमणकाल तरल अवस्थामा रहेको असहज राजनैतिक परिस्थितीमा वनको संरक्षण गर्न स्थानिय जनतासंग सहकार्य एवं सुरक्षा निकायसंग समन्वय गर्दै कार्यालय अन्तर्गत रहेका साधन श्रोत र जनशक्ति परिचालन गरी वनको संरक्षण गर्ने कार्य भै आएको छ । यस जिल्लाको विभिन्न रेञ्जपोष्टहरुको वन क्षेत्रहरुमा वन जङ्गल हानी नोक्सानी तथा चोरी कटानी तथा वन अतिक्रमण गर्नेलाई पक्राउ गरी मुद्धा दायर भई कार्यबाही भैरहेको छ ।

वन पैदावारहरूको चोरी निकासी सम्बन्धमा यस जिल्लालाई पूर्णरूपले नियन्त्रित जिल्ला भन्न नसकेता पनि वेलावखत सानातिना घटना घट्ने क्रम भने जारी नै छ । खासगरी जिल्लाको दक्षिणी भेगमा कपिलवस्तु र रूपन्देही जिल्लाहरू र पश्चिममा प्यूठान जिल्लासंगको सिमाना सटिएका वनजंगलहरूमा दक्षिणतर्फवाट काठ तस्करहरू आई रूख काटी लाने गर्दछन् । प्रायः जिल्लाका दक्षिणमा रहेका चुरे तथा भावर क्षेत्रका साल तथा अन्य कडाकाठ प्रजातिका वनजंगलहरूको क्षेत्रफल ठूलो र अति नै दुर्गम क्षेत्रमा फैलिएका कारण र फिल्डस्तरमा कार्यरत कर्मचारीहरूमा साधन स्रोतको अभावले गर्दा नियमित र सुरक्षित गस्ती गर्न कठिनाई उत्पन्न हुँदै आएको छ । चोरी निकासी नियन्त्रण स्वरूप त्यस्ता समस्या भएका क्षेत्रका वनजंगललाई स्थानीय समुहहरूलाई सामुदायिक वनको रूपमा हस्तान्तरण गरिँदै लगेको र फिल्ड कर्मचारी तथा उपभोक्ताहरूको सञ्जाल निर्माण भएको कारण पनि काठ चोरी निकासीलाई हदैसम्म नियन्त्रण गरिएको छ । उपरोक्त वाहेक यस जिल्लासंग सिमाना जोडिएका जिल्लाहरू खासगरी कपिलवस्तुबाट पनि वनजंगलको नियमित गस्ती भएकै कारण वन पैदावार चोरी निकासीमा दुवैतर्फ कमी आएको महशुस हुन्छ ।

वन्यजन्तु चोरी शिकारीको सन्दर्भमा यहाँ खासै त्यस्तो ठूलो समस्या देखिएको छैन । घना जंगल भएको जिल्लाको दक्षिणी भागमासामुदायिक वन उपभोक्ता समूहहरू गठन भई समूह तथा कर्मचारीको निगरानीको कारण पनि वन्यजन्तुको चोरी शिकारमा नियन्त्रण भएको छ । साथै अर्घाखाँची जिल्लामा पेशाको हिसावले वन्यजन्तुलाई धरापमा पारी समात्ने र वेचविखन गर्ने कार्य हुने गरेको सुन्नमा आएको छैन ।

यस जिल्लामा वेलावखत वन पैदावरको अवैध रूपमा हुने कटानी, संकलन र चोरी निकासीबाट श्रृजित वन सम्बन्धी केही मुद्दाहरू आउने गर्दछन् । विगतमा दायर भएका वन सम्बन्धी मुद्दाको प्रकृति तथा उपलब्धी विवरण तालिका-२३ मा देखाइएको छ ।

तालिका-२३: आ.व. ०६२/०६३ देखि २०६९/०७० सम्म वन सम्बन्धी मुद्दाको प्रकृति विवरण

आ.व.	मुद्दा संख्या	मुद्दाको प्रकृति	वन पैदावर	परिमाण	अभियुक्त संख्या	आम्दानी (रु.)		निर्णय फैसला मिति	कैफियत
						राजश्व	जिविस		
०६२/६३	२	अनियमित वन कटानी	सल्लाको गोलिया	१२.८३ क्यू.फी.	१	१६४३.५	७१.५	२०६४/३/१३	–
			सल्लाको चिरान काठ	४४.९८ क्यू.फी.	२	५१५०.०	३५०.०	२०६५/३/१९	–
०६३/६४	३	वन पैदावर ओसारपसार	सालको चिरान काठ	७८.१२३ क्यू.फी.	४	–		२०६३/९/०६	सर्वोच्च अदालतमा विचाराधीन
		अनधिकृत रूपबाट हानी नोक्सानी गरी वन पैदावर हटाएको	सल्लाको गोलिया	९५.४९ क्यू.फी.	१	१३९९९.५	५२५.०	२०६५/५/१६	–
			सल्लाको गोलिया सल्लाको दाउरा	६७.४१ क्यू.फी. ०.५ चट्टा	१	१३१४३.७	४७४.८	२०६५/६/०८	–
०६४/६५	१	" "	यार्सागुम्बा	६१ ग्राम	३	–	–	२०६५/३/२०	
आ. व. ०६२/६३ देखि ०६४/६५ सम्मको जम्मा						३३९३६.७	१४२१.३		

आ.व.	दायर भएको मुद्धा		दायर निकाय र संख्या		अभियुक्त संख्या	फैसला विवरण		
	संख्या	प्रकृति	जि.व.का.	अदालत		जि.व.का.वाट	अदालतवाट	जरीवाना (रु.)
२०६५/०६६		वन पैदावार सम्वन्धि	अघिल्लो आ.व.मा दायर भएको	०	५	३	०	१९९७५
२०६६/०६७	१	वन पैदावार सम्वन्धि	१	०	१	०	०	०
२०६७/०६८	८	वन पैदावार संवन्धि	७	१	३४	१	०	११४०
	१	वन अतिक्रमण	१	०	३१			
२०६८/०६९	५	वन पैदावार संवन्धि	०	५	५१	३	१	३०००
	१	वन अतिक्रमण	१	०	१	०	०	०
२०६९/०७०	४	वन पैदावार	१	३	५९	४		३८९८६/५०
	०	वन अतिक्रमण				१		

ङ. चरिचरण नियन्त्रण

यस जिल्लाको मानिसहरुको जीविकोपार्जनको प्रमुख स्रोत कृषि भएकै कारणले गर्दा कृषिसँग अन्योनाश्रीत सम्बन्ध रहेको वनजंगल र पशुपालन क्षेत्र पनि कम महत्वको देखिन्न । कृषि प्रणाली अन्तर्गत रहेका यी तिन महत्वपूर्ण विषयहरूलाई छुट्टाछुट्टै राखेर परिकल्पनासम्म पनि गर्न सकिदैन । त्यसैले सधैं कृषि पेशासंगसंगै घरपालुवा पशुपंक्षीको सवाल पनि उठ्ने गर्दछ । जिल्लाका बिभिन्न क्षेत्रका सामुदायिक वनहरूको विधानको अध्ययनको आधारमा यो भन्न सकिन्छ की अर्घाखाँची जिल्लाका प्रत्येक धरधुरीले औषतमा २.५५ वटा भैंसी, १.५ वटा गाई/गोरु र ३.२३ वटा बाखा/भेंडा

पालेको देखिन्छ । यस हिसाबले यहां करिब ११९५८५ हजार भैंसी/राँगा, ४४०३४ हजार गाई/गोरु र १५१४०६ बाखा/भेंडा पालेको देखिन्छ । एकातिर स्थानिय अनुत्पादक पशुहरु क्रमश हटाउँदै उन्नत जातका वँधुवा पशुहरु पाल्ने क्रम वढदै गएको हुँदा चरिचरणमा क्रमश चाप कम हुँदै जाने संभावना देखिन्छ भने अर्कोतिर वाखा पालन व्यवसायिक रुपमा वढदै गएकोले चरिचरणको चाप यथावत रहने देखिन्छ । सामुदायिक वनहरूमा खुला रुपमा चरिचरण गराउने प्रथालाई नियन्त्रण गरिँदै लगिएको देखिन्छ भने अर्कोतिर सरकारद्वारा व्यवस्थित वनजंगलमा चरिचरणको चाप बढ्दो मात्रामा छ । जिल्लाको दक्षिणी क्षेत्रमा गाई र बाखा सामुदायिक वनभित्रै पनि चरिचरण गराउने कार्यले गर्दा वनको पुनरुत्पादनमा अत्यन्तै बाधा पुगेको देखिन्छ । प्राय: घरपालुवा पशुहरूको खुला रुपमा हुने चरिचरणले नयाँ पालुवा लागेका मूल्यवान वोट विरूवाहरू नाश हुने र त्यसमाथी गोठालाहरूले सुक्खा: याममा जानीजानी आगो लगाउने खराब नियतले गर्दा वनजंगलको प्राकृतिक तवरले पुनरुत्थान हुने कार्यमा अवरोध पुगेको देखिन्छ ।

वनजंगलमा चरिचरण गराउने कुरा गैरकानूनी हो तर कुनै पक्षबाट पनि यसलाई नियन्त्रण गर्नेतर्फ ठोस कदम चालिएको छैन । नियन्त्रित तवरले घुम्ती चरिचरण गराउने प्रथाको शुरुवात् अझै भैसकेको छैन । यस जिल्लामा चरिचरणको मुख्य चाप हुने क्षेत्रहरु सिमलपानी , ठाडा , जलुके र सिद्धारा प्रमुख रुपमा रहेका छन ।

२.२ वन्यजन्तुहरुको विवरण

२.२.१ स्तनधारी वन्यजन्तुहरु

यस जिल्लामा निम्न बमोजिमको वन्यजन्तुहरु पाइने गरेको रेकर्ड गरिएको छ । तर पनि वन्यजन्तु संरक्षणको लागि विशेष संरक्षण योजनाको अभाव रहेको छ ।

क. स्तनधारी

अन्तर्राष्ट्रिय व्यापारले गर्दा अस्तित्व नै सङ्कटमा परेको, प्रकृतिमा सङ्कटापन्न अवस्थामा रहेको, लोपोन्मुख र अति नै दुर्लभ भैसकेको अर्थात्CITES को अनुसूची-१ मा परेको काठेभालु (*Melursus ursinus*)यसजिल्लाको चुरे तथा भावर क्षेत्रको प्राय: सबैजसो जंगलमा पाइन्छ । यसै अनुसूचीमा परेको चितुवा(*Panthera pardus*)पनि जिल्लाका सबैजसो जंगलमा पाइन्छ । CITES कै अनुसूची-२ अर्थात् दुर्लभ हुँदै गएको र समयमै तिनको व्यापार नियन्त्रण हुन नसके अस्तित्व नै खतराजनक अवस्थामा पुग्नसक्ने आसामी वाँदर अर्थात् पहरे वाँदर (*Macaca assamensis*)यस जिल्लाको प्राय: सबै क्षेत्रको वनजंगलमा पाइन्छ । साधारणतया: यसले जंगली फलफूल र किरा फट्याङग्रा खाने हुँदा यसको प्रमुख वासस्थान भनेको चौडापाते रूख भएको वनजंगल हो । त्यस्तै यहाँको चुरे तथा भावर क्षेत्रको जंगलमा लंगुर (*Semnopithecus entellus*)पनि पाइन्छ । सोही अनुसूचीमा परेको चरीबाघ (*Felis viverrina*) चुरे तथा महाभारत पर्वतको जंगलमा फाट्टफुट्ट रूपमा भेटिने स्थानीय बासिन्दाहरूको भनाई छ । कुनै राष्ट्रद्वारा विशेषत: व्यापार नियन्त्रण गर्नका लागि प्रस्तावित वन्यजन्तु एवं वनस्पतिहरूलाई CITESको अनुसूची-३ मा समावेश गरिएको फ्याउरो(*Vulpes bengalensis*)यहाँ फाट्टफुट्ट रूपमा देखापर्दछ । उपरोक्त वाहेक यहाँ स्याल, खरायो, वँदेल, रतुवा मृग, घोरल, राते, मलसाँप्रो, दुम्सी आदी पाइन्छन् ।

ख. चराचुरुङ्गी

CITES को अनुसूची-१ मा परेको चीर कालिजको साथै सुगा, वनकुखुरा, ढुकुर, चील, बाज, लुइँचे, तित्रा, जुरेली जस्ता चरा प्रजातिहरू यस जिल्लाको वनजंगलमा प्रशस्त भेटिन्छन् ।

यहां करिब ३५२ प्रजातिका चराहरु पाइने अनुमान गरिएको छ । तिनीहरुमा मुख्य गरी बकुल्ला (Little egret, Intermediate egret, Large egret), खेखौरा (White breasted kingfisher, Eurasian kingfisher, Stork billedkingfisher) चिल (Grey headed fishing eagle), कुक्लेरुवा (Indian tree pie), रानीचरा (Minivet), बट्टाई (Shrike), चखेवा (Brahminy duck), काठखोलिया (Large golden backed woodpecker; Grey crown pigmy woodpecker), ढुकुर (Spotted dove), धनेश (Grey hornbill), राजक छेग्रा (Pigmy gooes), कर्कुलिया (Black ibis), फिस्टे (Plane coloured leaf warbler), तिकुला (Green shank), खरवक्ली (Pond heron), पल्टैया (Bronze winged jacana), खैरो ठुलो वकुलला (Purple heron), पिरौटा (Black headed oriole), काग (Crow), सुगा (Parakeet), गौथली (Swallow), भुडिफोर (White necked stork), जूरेली (Bulbul), चिवे (Drongo), ठ्यौवा (Indian roller),लामपूच्छे (Red billed bule magpie),आदि प्रमूख छन् । जाडो र गर्मी मौसममा बेग्लाबेग्लै प्रकारका चराहरु अवलोकन गर्न सकिन्छ । यिनीहरु मध्ये बकुल्ला (Bronze winged jacana) र Comb duck स्थायी बसोवास गर्ने चरा हुन् भने केही चराहरु हिउँदमा साईबेरियाबाट यहां आउने गर्दछन् ।

ग. घस्रने वर्ग

यस वर्गमा मगर गोही (Crocodylus palustris),दुर्लभ रातो खोल भएको कछुवा(Kachuga kachuga)सहित ३ जातका कछुवा, अजिङ्गर (Python molurus),गोहोरो (Varanus flavescens) साथै गोमन, धामन, अजिङ्गर, बैरिकरेट अनेक प्रकारका सर्प तथा छेपारो, माऊसुलि, भानेमहुरा आदि पाइन्छन् ।

घ. माछा वर्ग (Fish)

यस जिल्लामा व्यवसायिक माछापालन तथा जिल्लाभित्र ठुला नदीहरु समेत नभएको कारणवाट प्रशस्त मात्रामा माछाहरु नपाईएतापनि जिल्लामा रहेका विभिन्न खोलानाल तालतलैयाहरुमामंगुरी, वाम, ठेड, असला, वुधुना जस्ता प्रजातिका माछाहरु पाईन्छन ।

२.२.२ वन्य जन्तुका लागि महत्वपूर्ण मानिएका स्थानहरु

यस जिल्लामा दक्षिणी भेगमा रहेको सालको चुरे क्षेत्रको वनहरुमा वाघको वासस्थान एवं अन्य तराइ क्षेत्रमा पाइने वन्यजन्तुहरुको हिडडुल गर्ने बाटो (Corridor) को रुपमा रहेको पाईन्छ । कपिलवस्तुको सुराइ नाका संग यस्को क्षेत्र समेत जोडिएको हुदा सो क्षेत्रमा विशेष गरी वाघ, चितुवा आदिको वासस्थान रहेको वुझिएको छ ।

यसै गरी अर्घा गाविसको हिले क्षेत्र, नरपानीको माथिल्लो भेग, सितापुर गा.वि.स.को माथिल्लो लेक, खिल्जी, ढिकुरा असुरकोटको प्यूठान संग जोडिएको क्षेत्र, ढाकावाङ र गोखुडगा, हंसुपर क्षेत्रको वन लगायत अधिकांश क्षेत्रमारतुवा मृग, चितुवाहरुको विशेष वासस्थान रहेको छ ।

२.२.३ वन्य जन्तु संरक्षणको प्रयासहरु

यस जिल्लामा वन्य जन्तु संरक्षणको लागि विशेष कुनै कार्यक्रमहरु संचालन गरिएको पाइदैन तर पनि कपिलवस्तु क्षेत्रमा तराई भू-परिधि कार्यक्रमबाट वन्य जन्तुको संरक्षणको लागि चलाइएको कार्यक्रमहरुबाट यस जिल्लाको तल्लो भेगमा जनचेतना केही मात्रामा भए पनि वन्यजन्तुको संरक्षणको लागि अभिवृद्धि भएको पाईन्छ । जिल्ला वन कार्यालय तथा अन्तरगतको कार्यालय एवं पोष्टहरुबाट वन्यजन्तु संरक्षणको लागि जनचेतनामुलक कार्यहरु मौखिक प्रचार प्रसार गर्ने गरिएको छ । स्थानीय गोष्ठी तथा सेवाग्राहीहरुसंगको अनौपचारिक छलफल आदिमा वन्यजन्तुको शिकार तथा अवैध रुपमा मार्ने, हानी गर्ने कार्य वन ऐन, २०४९ तथा राष्ट्रिय निकुञ्ज ऐन, २०२९ अनुसार कसुर ठहरिने कुराको जानकारी गराउने गरिएको छ ।

यसै गरि सामुदायिक वनहरुको वन कार्य योजनामा वन्यजन्तु सम्बन्धि अपराधहरु भएमा सामुदायिक वन उपभोक्ता समुहले कार्यवाहि गर्न नपाउने र यसको लागि जिल्ला वन कार्यालयमा सो सम्बन्धमा जानकारी गराउने भनि लेखिएको छ । सामुदायिक वनहरुलाई वन्यजन्तुको संरक्षणको लागि नै उत्प्रेरणात्मक निर्देशन गर्ने गरिएको छ ।

भाग ३

वन सदुपयोग

यो भागमा वन क्षेत्रवाट उत्पादन हुने वन पैदावारको किसिम तथा परिमाण, जिल्लामावन पैदावारको माग र आपूर्तिको स्थिति, स्थानिय स्तरमा सहज,सरल र सहुलियत दरमा वन पैदावार आपूर्ति गर्ने तरिका र वन पैदावारको विकी वितरण सम्वन्धि व्यवस्था प्रस्तुत गरिएको छ ।

३.१ जिल्लाको जनसंख्या तथा घरधुरी

यो जिल्लाको कुल जनसंख्या र घरधुरी तल तालिका-२४ मा दिईएको छ ।

तालिका-२४: अर्घाखाँची जिल्लाको जनसंख्या परिवर्तन विवरण(Source: CBS, 2001, 2011)

जनगणना बर्ष	घरधुरी संख्या	औषत परिवार संख्या	जनसंख्या		
			जम्मा	पुरूष	महिला
२०५८	४०८६९	५.१	२०८३९१	९६३४९	११२०४२
२०६८	४६८३५	४.१५	२००४४६	८८३०९	११२१३७

३.२ बजार तथा बजार योग्य उत्पादनहरु

यस जिल्लाको प्रमुख वनजन्य उत्पादनमा काठ, खोटो, दाउरा तथा खयर रहेको छ । यस जिल्लामा उत्पादन हुन वन पैदावार मध्ये काठको प्रमुख वजार केन्द्र वुटवल रहेको छ । यस जिल्लामा उत्पादन हुने वजारयोग्य वन पैदावारहरु र सोको प्रमुख वजारको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका-२५: बजार तथा बजार योग्य उत्पादनहरुको विवरण

वन जन्य पैदावारको किसिम	विकि गर्ने वस्तुको विवरण	प्रमुख बजार केन्द्रहरु
काठ	गोलिया	बुटवल, भैरहवा, तौलिहवा, काठमाडौ, पोखरा
	चिरान	बुटवल, भैरहवा, काठमाडौ, पोखरा
	तयारी फर्निचर	सन्धिखर्क तथा अन्य गा.वि.स.हरु
ईन्धन	दाउरा	पोखरा, काठमाडौ ।
	ब्रिकेट	काठमाडौ ।
खयर	काठ	भैरहवा, नेपालगंज
गैरकाष्ठ वन पैदावार	खोटो	गनापुर, वाँके/तिलौराकोट, कपिलवस्तु/
गैर काष्ठ वन पैदावार	दालचिनी, तेजपात काउलोको वोका, दार (गिठी),पाखनवेद, सुगन्धवाल, चिराईतो	कृष्णनगर, नेपालगंज, बुटवल, भारत

३.३ घरायसी प्रयोगको वन पैदावारको वस्तुहरु

यस जिल्लामा वन पैदावारको प्रयोग प्रायः जसो कृषि औजार, घर निर्माण,फर्निचर र केही मात्रामा धार्मिक-संस्कारको प्रयोजनको लागिहुने गरेको छ, सोको विवरण तलको तालिकामा दिइएको छ ।

तालिका-२६: घरायसी प्रयोगको वन पैवावारका वस्तुहरु

प्रयोगको किसिम	वन पैदावारका विभिन्न स्वरुप तथा प्रकार	प्रयोग हुने मुख्य प्रजातिहरु
कृषि औजार	हलो, जुवा, हेगा, विंड	साल, बोटधाइरो, चाप, सिरिस
घर निर्माण तथा आवास	झयाल, ढोका, छानो, खाँवाहरु, डाडा, भाटा	साल,असना, बोटधाइरो, चाप, सिरिष
फर्निचर	कुर्सि, टेवुल, मेच, दराज, खाट, पलङ	साल, बोटधाइरो, चाप, सिरिस, सल्ला
धार्मिक प्रयोजनको लागि	धूप	सल्ला

३.४ वनजन्य बस्तुहरुको माग र आपूर्ति

३.४.१ वन पैदावारहरुको मागको आँकलन तथा आपूर्तिको स्रोत र तरिकाहरु

जिल्लामा रहेका सामुदायिक वनहरुको विधान तथा कार्ययोजना, समय समयमा सा.व.उ.सहरुको अनुगमन, निरिक्षण, वार्षिक प्रतिवेदन तथा A study on Demand and Supply of wood productions in different regions of Nepal - NFA, 2012समेतको आधारमा जिल्लाको ४६८३५ घरधुरी मध्ये ईन्धनको रुपमा दाउरा खपत गर्ने ४३७६० घरधुरीको लागि (राष्ट्रिय जनगणना, २०६८) तल उल्लेखित तालिका-२७ मा देखाईए अनुसारको माग र आपूर्तिको स्थिति प्रक्षेपण गरिएको छ । जस अनुसार दाउरा खपत सरदर २.०२ मे.टन प्रति घरधुरी प्रति वर्ष अनुमान गरिएको छ । यसरी समग्र जिल्लामा दाउरा ८८३९५ मे.टन प्रति वर्ष खपत हुने देखिन्छ । पन्च वर्षिय वन व्यवस्थापन कार्ययोजना (२०६५/०६६-२०६९/०७०) मा सरदर प्रति घरधुरी ३.२ मे.टन प्रति वर्षको दरले जिल्लामा १६१६६५ मे.टन दाउरा खपत हुने अनुमान गरिएकोमा हाल दाउराको माग घटनुको कारण औषत परिवार संख्या घटनु, जिल्लाका ३०७५ घरधुरीले एल.पि.ग्याँस लगायत अन्य विभिन्न वैकल्पिक उर्जाको स्रोत प्रयोग गर्नु हो ।

तालिका-२७: जिल्लामा विभिन्न वन पैदावारको माग र आपूर्तिको अवस्था

काठ (घ.फि.)				दाउरा (मे.टन)				स्याउला (मे.टन)				घाँस (मे.टन)			
माग	आपूर्ति			माग	आपूर्ति			माग	आपूर्ति			माग	आपूर्ति		
	सा.व.	निजि क्षेत्र	अन्य		सा.व.	निजि क्षेत्र	अन्य		सा.व.	निजि क्षेत्र	अन्य		सा.व.	निजि क्षेत्र	अन्य
५००००	२४०००	२५०००	१०००	८८३९५	५६९६०	३१०००	४३५	११७९८७	१७०४०	७५२८३	२५६६४	१२६४५४	३७४६८	८६२२३	२७६३

हाल जिल्लाको सवै गा.वि.स.हरुमा वाटोघाटोको सुविधा भएको कारणवाट वजार क्षेत्र लगायत गाउँवस्तीमा समेत वैकल्पिक उर्जाको स्रोत (ईन्धन) एल.पी. ग्याँस, वायो ग्याँस, विद्युतको प्रचलन वढदै गएतापनि हालसम्म जिल्लामा घरयासी खाना पकाउने ईन्धनको रुपमा दाउरा नै प्रमुख स्रोत रहेको छ ।

जिल्लाको काठ, दाउराको माग र आपूर्तिको अवस्थालाई हेर्दा काठको माग प्रति घर परिवार १.०७ घ.फि प्रति परिवार प्रति वर्ष आवश्यक पर्ने देखिन्छ । पुरानो कार्ययोजना अनुसार जिल्लाभरि ४२००० घ.फि. काठ खपत हुने अनुमान गरिएकोमा यस कार्य योजना अवधिमा वार्षिक ५०,००० क्यु.फि. काठ आवश्यक पर्ने सर्वेक्षणले देखाएको छ । माथिको तालिकावाट प्रति घरधुरी स्याउला र घाँसको खपत क्रमश २.५० मे.टन र २.७ मे.टन हुने देखिन्छ । जिल्लाको हिसाववाट क्रमश स्याउला ११७९८७ र घाँस १२६४५४ मे.टन खपत हुने देखिन्छ । जुनअधिल्लो पंच वर्षिय वन व्यवस्थापन कार्ययोजनामा प्रक्षेपण गरिएको भन्दा कम हुन आउँछ । यसको मुख्य कारण वढदो शहरीकरण, जनशक्तिको विदेश पलायनले गर्दा गाउँघरमा पशुपालन व्यवसायमा कमी देखिएको छ ।

सामुदायिक वनहरुवाट जिल्लाभित्र घरकाज प्रयोजनको शिलशिलामा आन्तरिक खपतको लागि आ.व. ०६८/०६९ मा ३८९३ क्यु.फि. तथा २०६९/०७० मा १७७४ क्यु.फि काठ घर वनाउने प्रयोजनको लागि सामुदायिकवनवाट संकलित ढलापडा काठमध्येवाट खपत भएको देखिन्छ । काठ दाउराको आपूर्तिको हिसावले यस जिल्लामा निजि दर्ता रहेका खरवारीहरुवाट स्थानिय आपूर्ति हुने हुँदा वन क्षेत्रमा खासै चाप पर्ने देखिदैन । व्यक्तिहरुका दर्ता रहेका निजि जग्गाको साथै सामुदायिक वनवाट वन कार्ययोजना अनुसार प्रतिवर्ष प्राप्त हुने वन पैदावारवाट दैनिक आवश्यक्ता पूर्ति हुने देखिन्छ । जिल्लाको उत्तरतर्फ खोटेसल्ला तथा अन्य प्रजातिको मिश्रित किसिमको वन रहेको र घर वनाउन प्रयोग हुने चौकोस, खापा, झयाल, ढोका जस्ता सामाग्रीको लागि समेत दक्षिणतर्फको सामुदायिक वनहरुमा ढलापडा रुखहरुवाट संकलन हुने काठको २५ प्रतिशत आन्तरिक खपतको लागि छुटयाईने परिमाणवाट स्थानिय मागको पूर्ति सहजै हुने देखिन्छ ।

३.४.२ वन पैदावारको उत्पादन तथा बिक्री भएको विवरण (विगत ५ वर्षको)

यस जिल्लामा आ.व. ०६५/६६ देखी आ.व. ०६९/०७० सम्मको अवधिमा उत्पादन गरिएको काठ तथा दाउराको परिमाण एवं प्राप्त राजस्व विवरण तलको तालिकामा देखाइएको छ । सो अनुसार वन पैदावारको आपूर्ति सरकारद्धारा व्यवस्थित वन, सामुदायिक वन र निजि आवादीवाट हुने गरेको छ। सामुदायिक वन,सरकारद्धारा व्यवस्थित वन रनिजि आवादीवाट उत्पादित काठ, दाउराको बिक्रि वितरणवाट प्राप्त राजस्व/आम्दानीको विवरण अनुसूची-२ (क), २ (ख) र २ (ग) मा प्रस्तुत गरिएको छ ।

तालिका-२८: विगत ५ वर्षमा काठ/दाउरा बिक्री वितरण र राजश्व सङ्कलनको विवरण

क) राष्ट्रिय वन

आ.व	काठ क्यू.फी.	दाउरा चट्टा	प्राप्त राजस्व रु.
०६५/६६	४७१६.०५	९.५	९०६६१६.०
०६६/६७	१८७३५.९२	४३.५	५८९९९५३.०
०६७/६८	५४८७.०६	२९	४५८४०९२.०
०६८/६९	०	०	०
०६९/७०	२८८५.८४	१४	३६५५३७.०
जम्मा	३१८२४.८७	९६	११७५६१९८

ख) सामुदायिक वन

आ.व.	काठ क्यू.फी	दाउरा चट्टा	प्राप्त राजस्व रु.
०६५/६६	२२४३८.७८	१४२.२५	३६०७९६.०
०६६/६७	१५७२७३.९६	४८९.५	३८६०९१५
०६७/६८	५१२०८.३४	२०९.५	२३१२६१४
०६८/६९	८७०२६.३४	२५३.२५	७०६८८७२
०६९/७०	३२४६९.९९	३३.५	५०४३०४१
जम्मा	३४९८४४.५	११२०.५	२७८६१२९६८

(ग) निजि आवादी

आ.व	काठ क्यू.फी.	दाउरा चट्टा	मु.अ.कर रु.	व.वि.कोष रु.
०६५/६६	४००७२.५५	१३०	६७३०६१	२१०१२८
०६६/६७	७९७२५.७२	१२६.७५	११५२५१९	४०४३७६
०६७/६८	१०३५२७.०५	५७.७५	१४५०७६९	६१३६६४
०६८/६९	१४१३४८.६५	२२३	३४४३२६८	६९६५८४
०६९/७०	१०१७९४.८७	१०३	२००१७१७	१८९६९०
जम्मा	**४६६४६८.८४**	**६४०.५०**	**८७२१३३४**	**२११४४४२**

सरकारद्धारा व्यवस्थित वन, सामुदायिक वन तथा निजि आवादीवाट विगत ५ वर्षमा निकासी भएको काठ, दाउराको तुलनात्मक विवरण तल प्रस्तुत गरिएको छ ।

सरकारद्धारा व्यवस्थित वन		सामुदायिक वन		निजि,आवादी	
काठ	दाउरा	काठ	दाउरा	काठ	दाउरा
३१८२४.८७	**९६**	३४९८४४.५	११२०.५	**४६६४६८.८४**	**६४०.५०**

३.५ वन पैदावारको संकलन तरिका

सरकारद्धारा ब्यवस्थित वन

काठ, दाउरा

यस जिल्लामा सुखड खडा तथा ढलापडा रुखहरुवाट **वन पैदावार (काठ/दाउरा) संकलन तथा विक्री वितरण निर्देशिका, २०५७** वमोजिम काठ, दाउरा संकलन गरिनेछ । जिल्लामा सरकारद्धारा ब्यवस्थित वनवाट संकलन गर्नु पर्ने रुखहरुको प्लट निर्धारण गरी छपान, मुल्याङकन गरिनेछ । छपान, मुल्याङकन पश्चात क्षेत्रिय निर्देशकवाट छपान निरिक्षण गराई मात्र वन प्रवेश पूर्जि दिई कटान मुछान , ढुवानी तथा घाटगद्धी कार्य गराईने छ । सुखड खडा रुखहरु वन विभागवाट तोकिएको प्रकृया अनुसार संकलन गरिने छ । सरकारद्धारा ब्यवस्थित वनमा प्रति वर्ष १५,००० क्यु.फि. काठ तथा १५ चट्टा दाउरा संकलन हुन सक्ने अनुमान गरिएको छ । सुखड तथा ढलापडा रुखहरुवाट मात्र काठ, दाउरा संकलन गरिने भएकोले सो परिमाणमा घटवढ हुन सक्ने देखिन्छ । सरकारद्धारा ब्यवस्थित वनक्षेत्र भित्र रहेका खोलानालाहरुवाट प्रचलित ऐन, नियम, निति , निर्देशिका वमोजिम दरियावुर्दिकाठ, दाउराहरु संकलन गरिनेछ ।यसै गरी नेपाल सरकारबाट स्विकृत भई काठ, दाउराको कारोवार गर्नको लागि कुनै संस्था वा निकायलाई तोकिएको अवस्थामा सोही बमोजिम हुनेछ । काठ, दाउरा संकलन कार्य टि.सि.एन. वाटसमेत गराउन सकिने छ ।

गैरकाष्ठ वन पैदावार

वन वन ऐन, २०४९ र वन नियमावली, २०५१ को अधिनमा रही नेपाल सरकारवाट समय समयमा जारी भएको वा हुने निति, निर्देशिका,मार्गदर्शन वमोजिम यस जिल्लामा पाईने गैरकाष्ठ वन पैदावारहरु संकलनगरिनेछ ।गत वर्षहरुमा उत्पादन भएको खोटो तथा जिल्लामा मौजुदा खोटे सल्लाको वनहरुलाई समेत दृष्टिगत गरी हेर्दा वार्षिक रुपमा ५०,००० के.जी. खोटो संकलन हुन सक्ने अनुमान गरिएको छ । अन्य गैरकाष्ठ वन पैदावारहरुको मौज्दात परिमाण अनुसूची ११ (ग) मा राखिएको छ ।जडीबुटी सङ्कलन गर्दा निम्न कुरामा ध्यान दिईने छ ।

(क) तोकिएको समयमा कार्ययोजनाले निर्दिष्ट गरेको प्रकृया पुरा गरेर मात्र सङ्कलन गरिनेछ ।
(ख) जडिबुडी सङ्कलनकर्तालाई जडिबुटी सङ्कलन ईजाजत, सङ्कलन विधि र प्रशोधनका विषयमा जानकारी दिईनेछ ।
(ग) सङ्कलन गर्नु अगावै स्थानीय रे.पो. तथा सा.व.हरुमा सङ्कलनकर्ताको नाम र सङ्कलन हुने जडिबुटीको विवरण वारे जानकारी दिईने छ ।
(घ) नेपाल सरकार, वन तथा भू-संरक्षणमन्त्रालयको नीति नियम अनुसार जडिवुटी सङ्कलन गर्ने ईजाजत पत्र उपलब्ध गराईने छ ।
(ङ) तोकएको समयभन्दा अरु समयमा जडिबुटी सङ्कलन गर्न दिईने छैन ।
(च) जडिबुटी सङ्कलन भई पुनरुत्पादन हुनुपर्ने स्थानमा आगलागी तथा चरिचरण नियन्त्रण गरिनेछ ।
(छ) जडिबुटी सङ्कलन गर्दा अनुगमनको उचित व्यवस्था गरिने छ ।
(ज) अनुमान गरिएको उत्पादन परिमाण भन्दा बढी जडिबुटी सङ्कलन गर्ने इजाजत दिइने छैन ।
(झ) जडिबुटी सङ्कलन गर्दा सङ्कलन गर्ने निश्चित समय तोकी सोही समय भित्र निकासी इजाजत दिइने छ ।
(ञ) जडिबुटी सङ्कलनका लागि ईजाजत लिदा तोकिएको ढाँचामा दर्खास्त र धरौटी राखे पछि मात्र सङ्कलन ईजाजत उपलब्ध गराईने छ ।
(ट) जडिबुटी सङ्कलन कर्ताहरुलाई जडिबुटीको खेती प्रणालीमा प्रोत्साहित गरिने छ ।

सामुदायिक वन

काठ, दाउरा

सामुदायिक वन उपभोक्ता समूहले सामुदायिक वनको स्वीकृत वन कार्ययोजनामा उल्लेखित वार्षिक स्वीकार्य कटान परिमाणको परिधी भित्र रही काठ, दाउरा संकलन तथा घाटगद्धी कार्य गर्ने छ । संकलन पूर्व कार्ययोजनामा तोकिए वमोजिमका प्रकृतिका रुखहरु छनौट गरी सो रुखहरुमा छपान गरी सोको मुल्याङन समेत गरी प्रचलित ऐन नियम, निति, निर्देशिका वमोजिम काठ, दाउरा संकलन तथा घाटगद्धी गरिनेछ । यस जिल्लाको चुरेक्षेत्रमा रहेका सामुदायिक वनहरुमा उपरोक्त प्रकृया अपनाई ढलापडा रुखहरुवाट मात्र काठ, दाउरा संकलन कार्य गरिनेछ ।यस जिल्लामा रहेका सामुदायिक वनहरुमा वार्षिक रुपमा १,२५,००० क्यु.फि. काठ तथा १२५ चट्टा दाउरा संकलन हुन सक्ने अनुमान गरिएको छ । यो

परिमाण जिल्लाको दक्षिणतिर रहेका सामुदायिक वनमा वार्षिक रुपमा संकलन भईरहेका परिमाण समेतलाई विश्लेषण गरी प्रक्षेपण गरिएकोले परिमाणमा घटवढ हुन सक्ने देखिन्छ ।

गैरकाष्ठ वन पैदावार

सामुदायिक वनको स्वीकृत वन कार्ययोजनामा उल्लेख भए वमोजिम नेपाल सरकारको प्रचलित ऐन, नियम, निति, निर्देशिका वमोजिम सामुदायिक वनवाट गैरकाष्ठ वन पैदावार संकलन गरिनेछ ।यस जिल्लाको गैरकाष्ठ वन पैदावारको प्रमुख स्रोतको रुपमा रहेको सल्लोको खोटो वार्षिक रुपमा संकलन हुँदै आएको छ ।सामुदायिक वनको स्वीकृत कार्ययोजनमा उल्लेख भए अनुसार खोटो संकलन कार्यविधि निर्देशिका २०६४ वमोजिम, सल्ला जातका रुख नंवरिङ, रिल निर्माण गरी सामुदायिक वनहरुवाट खोटो संकलन गरिनेछ । यस जिल्लामा वार्षिक रुपमा ५,००००० के.जी.खोटो संकलन हुन सक्ने अनुमान गरिएको छ । यस जिल्लामा पाईने गैरकाष्ठ वन पैदावारहरु मध्ये यस जिल्लावाट व्यवसायिक रुपमा निकासी हुन सक्ने गैरकाष्ठ वन पैदावारहरुको मौज्दात विवरण अनूसूची ११ (ग) मा उल्लेख गरिएको छ ।

निजी, आवादी

काठ, दाउरा

यस जिल्लामानिजि तथा व्यवसायिक प्रयोजनको लागि निजि आवादी जग्गाहरुवाट काठ, दाउरा संकलन कार्य हुँदै आएको छ । वन ऐन २०४९ तथा वन नियमावली २०५१ तथा वन विभागवाट समय समयमा प्राप्त हुने परिपत्र तथा आदेश निर्देशन वमोजिम निजि आवादी जग्गाको हकभोगको प्रमाण संलग्न राखी निजि जग्गा धनीवाट निवेदन लिई सो निवेदन उपर जाँचवुझ गरी ठहर भए अनुसारका रुखहरुको कटान ईजाजत दिईनेछ । गत वर्षहरुमा संकलन भएको काठ, दाउराको परिमाण समेतलाई आधार मान्दा यस जिल्लावाट वार्षिक रुपमा १२५००० क्यु.फि. काठ तथा १२५ चट्टा दाउरा संकलन हुने अनुमान गरिएको छ ।

गैरकाष्ठ वन पैदावार

यस जिल्लमा निजि, आवादी जग्गामा रहेका गैरकाष्ठ वन पैदावार वन ऐन २०४९ तथा वन नियमावली २०५१, समय समयमा प्राप्त हुने विभागि परिपत्र तथा आदेश निर्देशन वमोजिम सम्वन्धित जग्गाधनीको हकभोगको निस्सा प्रमाण संलग्न राखी निवेदन प्राप्त भए पश्चात माग गरिएको जग्गाको मौज्दात संचितिलाई मध्यनजर राखी संकलन कार्य गरिनेछ । यस जिल्लामा निजि आवादी जग्गावाट समेत संकलन गर्न सकिने गैरकाष्ठ वन पैदावारको मौज्दात परिमाण अनूसूची ११ (ग) मा उल्लेख गरिएको छ ।

३.६ मूख्य प्रजातीहरुको जिल्ला दररेट

यस जिल्लामा सरकारद्धारा व्यवस्थित वन तथा सामुदायिक वनवाट प्राप्त मुख्य वन पैदावारहरुको विगत ५ वर्षमा भएको लिलाम विक्रीको औषत मुल्य निम्नानुसार रहेको छ ।

आ.व.	साल	असना	कर्मा	अन्य	दाउरा
२०५५/०५६ देखि २०६८/०६९ सम्म	५०४/-	१२६/-	१२६/-	१४९/-	८०४०/-
२०६९/०७०	१२००/-	५००/-	४९०/-	१९३/-	२७,०००/-

३.७ वन पैदावारमा आधारित उद्योग व्यवसायहरुको विवरण

वाहय जिल्लामा रहेको रोजिन एण्ड टरपेन्टाईन उद्योगको लागि आवश्यक पर्ने खोटो यस जिल्लाका विभिन्न सामुदायिक वनहरूबाट संकलन गरी निकासी हुँदै आएको छ । जिल्लामारहेका केही फर्निचर उद्योगहरू नै वन पैदावारमा आधारित प्रमुख उद्योगहरू हुन् ।

३.७.१ खोटो उद्योग

यस जिल्लामा खोटोमा आधारित उद्योगहरु नभएतापनि उद्योगलाई चाहिने कच्चा पदार्थ खोटोको आपूर्ति हुँदै आएको छ । यस जिल्लामा खनाल रोजिन एण्ड टर्पेन्टाइन उद्योग, गनापुर २, वाँकेवाट सरकारद्धारा व्यवस्थित वन समेतमा तथा कपिलवस्तु रोजिन उद्योग,तिलौराकोट ९, कपिलवस्तुतथा माउन्ट रोजिन एण्ड टरपेन्टाईन ई.प्रा.लि., मधवलिया ९, रुपन्देहीले सामुदायिक वनहरुवाट मात्र खोटो संकलन गर्दै आएकोमा खनाल रोजिन एण्ड टर्पेन्टाइन उद्योग, गनापुर २, वाँकले वन विभागसँग गरेको खोटो संकलन सम्वन्धि सम्झौताकोम्याद आ.व. २०६९/०७० मा समाप्त भई सकेको हुँदा अव उप्रान्त सरकारद्धरा व्यवस्थित वनवाट खोटो संकलन कार्य प्रचलित ऐन, नियम वमोजिम हुनेछ ।

सरकारद्धारा व्यवस्थित तथा सामुदायिक वनक्षेत्रहरूबाट विगत वर्षहरुमा संकलन भएको खोटोको परिमाण चित्र-१० मा देखाइएको छ ।



चित्र-१०: आ. व. ०५९/०६० देखि ०६९/०७० सम्मको खोटो संकलनको अवस्था (श्रोत: जि.व.का.अर्घाखाँची)

यस जिल्लामा उद्योगहरुले विगत पाँच वर्ष अवधिमा गरेको खोटो संकलनको विवरण तालिका-३१ रहेको छ ।

तालिका-३१: विगत पाँच वर्ष अवधिमा राष्टिय वन तथा सामुदायिक वनमा गरेको खोटो संकलनको विवरण (के.जि.मा)

आर्थिक बर्ष	खनाल रोजिन एण्ड टरपेन्टाईन उद्योग प्रा. लि.	कपिलवस्तु रोजिन उद्योग	माउन्ट रोजिन एण्ड टरपेन्टाईन ई.प्रा.लि.	जम्मा
२०६५/०६६	३१४३२९	०	०	३१४३२९
२०६६/०६७	२१०९२६	०	०	२१०९२६
२०६७/०६८	२८९५६४	६६१८३	३६०३७	३९१७८३
२०६८/०६९	३२५९९३	९७६५५	५१२०९	४७४८५७
२०६९/०७०	३००२५७	१२१६३७	७३६३८	४९५५३२
जम्मा	१४४१०६९	२८५४७५	१६०८८४	१८८७४२८



तालिका-३२: आ.व.२०६५/०६६ देखि २०६९/०७० सम्म सामुदायिक वन तथा सरकारद्धारा ब्यवस्थित वनवाट संकलन भई निकासी भएको खोटोकोआम्दानी विवरण

आर्थिक बर्ष	सा. व. उ. समूहमा (रु.)	मु.अ.कर (रु.)	राजश्व (रु.)
२०६५/०६६	१०८११९६	२११५६१	६६८५१२
२०६६/०६७	१०१२६१७	१६५३२६	२८२३६७
२०६७/०६८	२३७५२०५	३३७०३३	१०८०००
२०६८/०६९	२९६९२९०	४००२३२	११६२०८
२०६९/०७०	३३९४५०८	४४९७८३	६५२३३
कुल जम्मा	६३६३७९८	१५६३९३५	१२४०३२०

३.७.२ फर्निचर उद्योग

यस जिल्लामा दर्ता भएका ३३ गोटा फर्निचर उद्योग मध्ये २६ गोटा फर्निचर उद्योग चालु अवस्थामा रहेको र उक्त उद्योगहरुवाट फर्निचर सामग्रीहरु उत्पादन गरी फर्निचरजन्य सामाग्रीहरु विकि गरी स्थानियस्तरमा आपूर्ति गर्दे आईरहेका छन । यस जिल्लामा हाल फर्निचर उद्योगहरुको अवस्था, क्षमतालाई हेर्दा वार्षिक रुपमा १३००० क्यु.फि. गोलिया काठ खपत हुन सक्ने देखिन्छ । फर्निचर उद्योगहरुलाई जिल्लावाट छुट्टै आपूर्तिको व्यवस्था नभएकोले फर्निचर उद्योगहरुले जिल्ला वाहिरवाट खरीद गरी वासरकारद्धारा ब्यवस्थित वन तथा सामुदायिक वनहरुवाट संकलन भई लिलाम हुँदा लिलाम सकार गरी स्थानिय फर्निचर उद्योगहरुमा काठको आपूर्ति हुँदै आएको छ । यसरी यस जिल्लामा संचालनमा रहेका फर्निचर उद्योगहरुको विवरण अनुसूची-१० उल्लेख गरिएको छ ।

३.८ वन पैदावारको विकी वितरणको तरिका

यस जिल्लामा घरकाज, दैवि प्रकोप, कृषि औजार, हलो जुवा तथा विकास निर्माणको लागि आवश्यक पर्ने काठ दाउरा यसै जिल्लाको वन क्षेत्रबाट सुखड खडा, ढलापडाबाट तथा निजि आवादीमा भएका रुखहरुको कटान वाट पुरा हुने गर्दछ । बिभिन्न प्रकारका वन क्षेत्रबाट उत्पादन भइरहेको वन पैदावरको परिमाणको विवरण तालिका-३३ मादिईएको छ ।

तालिका-३३: बिभिन्न प्रकारका वन क्षेत्रबाट उत्पादन भइरहेको वन पैदावारको परिमाण

तालिका-३३.१: सरकारद्धारा ब्यवस्थित वनवाट उत्पादित काठ, दाउराको विवरण

सि.नं.	वन पैदावारको जात	ईकाई	विक्रि					कुल जम्मा
			आ.व. २०६५/०६६	आ.व. २०६६/०६७	आ.व. २०६७/०६८	आ.व. २०६८/०६९	आ.व. २०६९/०७०	
			काठ (क्यु.फि.)	काठ (क्यु.फि.)	काठ (क्यु.फि.)	काठ (क्यु.फि.)	काठ (क्यु.फि.)	काठ (क्यु.फि.)
१	साल	क्यु.फि.	४५११.८२	१७४९५.३९	५४४९.७३	०	२७१९.७५	३०१७६.६९
२	असना	क्यु.फि.	१४५.१६	०	३७.३३	०	७९.८	२६२.२९
३	कर्मा	क्यु.फि.	५९.०७	०	०.००	०	२८.२९	८७.३६
४	अन्य	क्यु.फि.	०	१२४०.५३	०	०	०	१२४०.५३
	कुल जम्मा काठ		४७१६.०५	१८७३५.९२	५४८७.०६	०	२८२७.८४	३१७६६.८७
५	दाउरा	चट्टा	९.५	४३.५	२९	०	१४	९६.००

तालिका-३३.२: निजि, आवादीवाट उत्पादित काठ, दाउराको विवरण

सि.नं.	प्रजाति	ईकाई	उत्पादन					कुल जम्मा
			आ.व. २०६५/०६६	आ.व. २०६६/०६७	आ.व. २०६७/०६८	आ.व. २०६८/०६९	आ.व. २०६९/०७०	
			काठ (क्यु.फि.)	काठ (क्यु.फि.)	काठ (क्यु.फि.)	काठ (क्यु.फि.)	काठ (क्यु.फि.)	
१	असना	क्यु.फि.	१०७२९.५२	३४४६३.८६	५५९४२.६७	१७२४०.१४	०	११८३७६.१९
२	सल्लो	क्यु.फि.	१३३२०.८६	२६४२५.४१	५१५७२.८९	८१५६८.७१	८३५३५.७९	२५६४२३.६६
३	जामुन	क्यु.फि.	९८४.४९	४०३७.५१	३२३८.९८	५५६४.४४	६५१.६	१४४७७.०२
४	कर्मा	क्यु.फि.	३१००.९७	२१४६.३८	३९२५.८७	१३८.९३	०	९३१२.१५
५	खयर	क्यु.फि.	७४६८.१८	८४११.८२	५०२.३५	३११३.५१	११७६.५९	२०६७२.४५
६	सिमल	क्यु.फि.	३७८८.२४	२७४५.०३	२४९९.०३	६७६३.९२	०	१५७९६.२२
७	उत्तिस	क्यु.फि.	०	७२८.९८	६५०३.११	२०५५.८१	४४६४.८९	१३७५२.७९
८	सिसौ	क्यु.फि.	८०३.४१	१३.४३	८८.२३	२२४७.८५	२९८.७३	३४५१.७५
९	आँप	क्यु.फि.	२४०.२२	३५२.८३	८७८.७१	२१४७.६७	५०६.०१	४१२५.४४
१०	सिरिष	क्यु.फि.	२०.६५	०	२२.२१	४८९.८५	१२०७.९२	१७४०.६३
११	टुनी	क्यु.फि.	०	४३.४९	६२.५	११३.४६	७०४.५५	९२४.००
१२	वाँझी	क्यु.फि.	०	०	९८.६९	१९८.५७	५६३.७५	८६१.०१
१३	अन्य	क्यु.फि.	९२.५५	३५६.९८	६४१.६९	९९०.४९	७२४६.८९	९३२८.६०
काठ जम्मा			**४०५४९.०९**	**७९७२५.७२**	**१२५९७६.९३**	**१२२६३३.३५**	**१००३५६.७२**	**४६९२४१.८१**
१४	दाउरा	चट्टा	१३०	१२६.७५	१८७.५६	९९.७	१०३	६४७.०१

तालिका-३३.३:सामुदायिक वनवाट उत्पादित काठ, दाउराको विवरण

सि.नं.	वन पैदावार	ईकाई	उत्पादन					कुल जम्मा
			आ.व. २०६५/०६६	आ.व. २०६६/०६७	आ.व. २०६७/०६८	आ.व. २०६८/०६९	आ.व. २०६९/०७०	
१	साल	क्यु.फि.	३७९०८.५३	८७८०१.२९	८०१४९.४२	४६३५५.२५	५८२२८.३२	३१०४४२.८१
२	असना	क्यु.फि.	१८२३६.३७	३१२५२.९४	७७४६.९७	३६७१.६५	६१६४.९	६७०७२.८३
३	जामुन	क्यु.फि.	३९४.७२	१०१७.९२	१५५२.०५	५५०.६३	५१२.३	४०२७.६२
४	वाँझी	क्यु.फि.	१८५.६७	३५४.५४	२८६.१३	१०४.३१	२८३.५	१२१४.१५
५	कर्मा	क्यु.फि.	५४१.८२	५२६.५३	७९०.३८	३९२.५४	२३५.९५	२४८७.२२
६	सादन	क्यु.फि.	०	२९.६५	१८९.१२	७०.९२	१५९.६	४४९.२९
७	सल्लो	क्यु.फि.	३५५१.५४	१६९२४.०२	१६१६.३९	०	४७७.९६	२२५६९.९१
८	अन्य	क्यु.फि.	१८२४.३९	१८६५.९५	१६७.०७	०	२०२.७५	४०६०.१६
कुल जम्मा काठ			**६२६४३.०४**	**१३९७७२.८४**	**९२४९७.५३**	**५११४५.३०**	**६६२६५.२८**	**४१२३२३.९९**
९	दाउरा	चट्टा	२६९.५	३७८.५	२५९.७५	१०४.५	११७.५	११२९.७५

अन्य जिल्लाहरु भैं यस जिल्लामा विभिन्न माध्यमवाट वन पैदावार बिक्रि बितरण गर्ने प्रचलन रहेको छ, सोको विस्तृत विवरण तल उल्लेख गरिएको छ ।

क. जिल्ला वन पैदावर आपूर्ति समिति मार्फत

नेपाल सरकार (सचिवस्तर) को मिति २०६८/११/१८ को निर्णयानुसार यस जिल्लामा सामुदायिक वनहरुवाट उत्पादित काठ, दाउरा क्रमश: २५ र ५० प्रतिशत आन्तरिक खपतको लागि छुट्टयाईजिल्ला वन पैदावार आपूर्ति समिति मार्फतजिल्लावासीलाई आवश्यक पर्ने काठ,दाउराविक्री वितरण गर्नु पर्ने प्रावधान भएकोमा यस जिल्लामा हालसम्म उक्त समिति गठन नभएको अवस्थामा सो कार्य जिल्ला वन कार्यालयवाट हुँदै आएकोमा निकट भविष्यमा सो कार्य उक्त समिति मार्फत नै गरिनेछ । जिल्ला वनक्षेत्र समन्वय समितिले निर्धारण गरिदिएको परिमाण र दरमा जिल्लावासीहरुको माग अनुसार निम्न प्रयोजनको लागि काठ,दाउरा उपलब्ध गराईनेछ ।

- घरकाज
- दैविप्रकोप
- कृषि औजार
- जनसहभागितामा संचालन हुने साना साना विकास निर्माण
- धार्मिक प्रयोजन ।

ख. सामुदायिक वन उपभोक्ता समूह मार्फत

सामुदायिक वन उपभोक्ता समूहले आफनो सामुदायिक वनबाट सङ्कलन गरेका काठ/दाउरा स्वीकृत वन कार्ययोजना तथा प्रचलित ऐन, नियमानुसार बिक्री वितरण गर्नेछन् । सामुदायिक वनहरुवाट उत्पादित काठ, दाउरा सम्बन्धित सामुदायिक वनको विधानमा उल्लेख भएका उपभोक्ताहरुलाई तथा समूहको क्षेत्र भित्रको विकास निर्माणको लागि विधान तथा वन कार्ययोजना अनुसार बिक्री वितरण गरी वाँकी रहेको वन पैदावार स्वीकृत वन कार्ययोजना वमोजिम लिलाम प्रकृयाद्धारा विक्री गरिने छ । तर चुरे क्षेत्रका सामुदायिक वनहरुवाट उत्पादित काठ, दाउरा मध्ये समूहमा विक्री वितरण गरी वाँकी वचेको परिमाणवाट तोकिएको प्रतिशतले हुने परिमाणको काठ दाउरा जिल्लाका अन्य ठाउँका वासिन्दा,

संघ, संस्थाको आवश्यक्ता पूर्तिका लागि जिल्ला वन कार्यालयलाई उपलब्ध गराई वाँकी काठ, दाउरा मात्र तोकिएको प्रकृया अनुसार लिलाम विक्री गरिने छ ।

ग. जिल्ला वन कार्यालय मार्फत

काठ, दाउरा

यस कार्ययोजना अनुसार सङ्कलन हुने काठ/दाउरा तथा अन्य गैह्रकाष्ठ वन पैदाबार मध्ये टि. सि. एन., जिल्ला वन पैदावार आपूर्ति समितीलाई बिक्री वितरण गरी बाँकी रहेका वन पैदावारहरु नेपाल सरकारको प्रचलित ऐन, नियम तथा**वन पैदावार (काठ, दाउरा) संकलन तथा विकि वितरण निर्देशिका, २०५७** तथा **वन पैदावार लिलाम बिक्री कार्यविधि निर्देशिका, २०६०** वमोजिम प्रकृया पुरा गरी बिक्री वितरण गरिने छ ।यसको साथै जिल्ला वन कार्यालयले वेला वखतमा फेला पारेकोवेवारिसे, जफती तथा वन मुद्धाको सिलसिलामा वरामद गरेको काठ, दाउराहरूलाई र राष्ट्रिय वन भएर बग्ने नदी तथा खोलाहरूले बगाएर ल्याएका दरियाबुर्दी तथा दहत्तर बहत्तर काठ पनि माथिकै प्रकृया अनुसार लिलाम बिक्री गरी राजश्वको श्रृजना गरिने छ ।

गैर काष्ठ वन पैदाबार

जडिबुटी उद्योग तथा निजी व्यवसायीहरुलाई स्वीकृत कार्य योजना र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा भएको व्यवस्था अनुसार उत्पादित परिमाणमा नबढाई राजश्व लिएर सङ्कलन ईजाजत दिइने छ ।

जडीबुटीको सन्दर्भमा यस जिल्लामा जिल्ला वन कार्यालयबाट यदाकदा जडीबुटी संकलनकर्ताहरूले प्रचलित ऐन, नियम अनुसार संकलन इजाजत लिई संकलन गरी नियमानुसार छोडपूर्जी लिई चिराइतो, टिमुर, सुगन्धवाल, सिल्टीमुर, सोमलता, बोझो, रिट्ठा जस्ता जडीबुटीहरू निकासी गरेको पाईन्छ । यसरी निर्यात हुने क्रम विगत ३-४ वर्ष यतादेखि लगभग पूर्णरूपमा अवरूद्ध भएको अभिलेखबाट प्रष्ट हुन्छ । तर निजी आवादी क्षेत्रमा किसानहरूले लगाई हुर्काइ पालेका दालचिनी, काउलो बोक्रा, सल्लाको दियालो, पाषणभेद, गिठि जस्ता जडिबुटीहरूको संकलन र निर्यात हुने क्रम भने बढ्दो छ । अर्घाखाँची जिल्लामा पाईने जडिवुटीहरु मध्ये व्यवसायिक रुपमा निकासी हुन सक्ने गैरकाष्ठ वन पैदावारहरुको मौज्दात विवरण अनूसूची ११ (ग) मा उल्लेख गरिए अनुसार प्रजातिको किसिम, उपयोग गरिनेभाग , अङग अनुसार दिगो व्यवस्थापन हुने गरी गैरकाष्ठ वन पैदावारको परिमाण मात्र संकलन गरिने छ ।

३.९ ढुङ्गा, गिट्टी, बालुवा संकलन

सामान्यतया यस जिल्लाको चुरक्षेत्रमा पर्ने वन क्षेत्र भएर बग्ने खोला र नदीहरुवाट ढुङ्गा, गिट्टी, बालुवा, सङ्कलन गरिने छैन । उक्त खोला, नदीहरुवाट ढुङ्गा, गिट्टी, बालुवा संकलन नगर्दा त्यस क्षेत्र आसापासको वस्ती तथा महत्वपूर्ण भौतिक संरचनामा जोखिम उत्पन्न हुन सक्ने देखिएमा मात्र जिल्ला अनुगमन समितिको निर्णयानुसार ढुङ्गा, गिट्टी, बालुवा संकलन गर्न सकिनेछ ।

३.१० खनिज/उत्खनन उद्योगहरुको विवरण

चुनढुङ्गा उद्योग

तत्कालिन श्री डाइनेष्टी इन्डष्ट्रीज (ने.) प्रा.लि., हाल अर्घाखाँची सिमेन्ट उद्योग प्रा.लि. ले वि.स. २०६२ सालदेखि नै नरपानी गाविसको दाडरडाँडाबाट चुनढुङ्गा निकाल्दै आइरहेको छ । नरपानी गाविसका दाडरडाँडा, तापेडाँडा र तिनपानेडाँडा तथा आसपासको क्षेत्रमा चुनढुङ्गाको विशाल भण्डार रहेको अनुमान गरिन्छ । उक्त उद्योगले प्रस्तुत गरेको एक प्रतिवेदनमा त्यस क्षेत्रमा झण्डै १४ मिलियन टन बराबरको सिमेन्ट ग्रेड ४७.६७% CaOर २.४३%MgOनिकाल्न सकिने चुनढुङ्गा उपलब्ध छ, जुन ६०० मे.ट. प्रतिदिन उत्पादन गर्दा पनि ७७.५ वर्षसम्मका लागि पुग्ने अड्कल गरिन्छ ।

प्राथमिकता प्राप्त उद्योगको सूचीमा राखिएको कारण वन विभागले मिति २०६२/३/७ मा वन ऐन, २०४९ र वन नियमावली, २०५१ को परिधिभित्र रही सो वनबाट कवुलियती वनको दस्तुर लिने दिने गरी उद्योगसंग सम्झौता भएकोदेखिन्छ । उक्त उद्योग संचालनार्थ नरपानी-७ को नरपानी बजारदेखि पूर्व-दक्षिणतर्फको सरकारी वन क्षेत्र १०.५ हे., सो सँगै जोडिएको छेडाको पोखरीतारे पहरो सामुदायिक वनबाट फिर्ता लिएको २६.३५ हे. र खाँचीकोट-१ र ९ को तिनपाने पाखो सामुदायिक वनबाट फिर्ता लिएको ३१.५ हे. गरी जम्मा ६८.३५ हे. वन क्षेत्र कवुलियतीको रुपमा उपलब्ध गराएको थियो ।

भाग ४

वन व्यवस्थापन कार्य योजना

अर्घाखाँची जिल्लाको वनसँग सम्बन्धित विभिन्न सरोकारवालाहरु विशेष गरेर स्थानीय समुदायसँग सहभागितामूलक छलफल प्रकृयाबाट अर्घाखाँची जिल्लाको वन जङ्गलको वर्तमान भौतिक अवस्था, चुनौति, अवसर पहिचान र आंकलन गरी विगतमा तयार गरिएका योजनाहरुको माध्ययमबाट भावी लक्ष्य निर्धारण गरी वन क्षेत्रको दिगो संरक्षण, व्यवस्थापन र विकास गरी प्राप्त लाभको न्यायिक बाँडफाँड गर्न सहयोग पुऱ्याउन यो कार्ययोजना तयार गरिएको छ ।

४.१ अवधी

यो कार्ययोजनाको अवधि आ.व. २०७०/०७१ देखि २०७४/०७५ सम्म ५ (पाँच) वर्षको लागि हुने छ ।

४.२ कार्ययोजनाको लक्ष्य र उद्देश्य

४.२.१ लक्ष्य तथा उद्येश्यहरु

लक्ष्य

वन क्षेत्रको दीगो व्यवस्थापन एवं वातावरणीय संरक्षण गर्दै स्थानीय उपभोक्ताहरुलाई सरल, सहजरुपमा वन पैदावारको न्यायोचित वितरण गरेर आर्थिक समृद्धि हासिल गर्ने ।

उद्येश्यहरु

१. वन क्षेत्र एवं जैविक विविधताको संरक्षण गर्ने ।
२. सबै किसिमका वन प्रणालीहरुमा दिगो व्यवस्थापन पद्धति अवलम्बन गरी वन व्यवस्थापन गर्ने ।
३. वनजन्य उत्पादन तथा पारिस्थितिकीय सेवाको सदुपयोग र व्यवसायीकरणबाट वन उद्यमको विकास गर्नको लागि वन पैदावारको सुलभ आपूर्ति, थप रोजगारी सिर्जना र जीविकोपार्जनमा सुधार गर्ने ।
४. पारिस्थितिकीय दृष्टिकोणबाट संवेदनशिल क्षेत्रहरुको (जलाधार क्षेत्र, चुरे क्षेत्र, जैविक विविधता कोरिडोर, विशेष इकोसिष्टम संरक्षण समेत) दिगो व्यवस्थापन गर्दै वन क्षेत्रको उत्पादकत्व वृद्धि गर्ने ।
५. व्यवसायिक महत्वका गैरकाष्ठ वन पैदावारहरुको पहिचान, दिगो सङ्कलन, प्रविधि विकासको साथै व्यावसायिकरण र बजारीकरण गर्न समुदाय तथा निजीक्षेत्रलाई प्रोत्साहन गर्ने कार्यक्रम संचालन गर्ने ।
६. जलवायु परिवर्तनका कारणले पर्नसक्ने संभावित जोखिमको आँकलन गरी आवश्यक र उपयुक्त अनुकूलन एवम् जोखिम व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्ने ।
७. वनक्षेत्रमा सुशासन एवं सहयोगी वातावरणको सिर्जना गर्ने ।

उपरोक्त उद्येश्यहरु मध्ये बुँदा नं. ५ र ७ को कार्यक्रमहरु अन्य कार्यक्रम संग समायोजन गरिएको छ ।

४.२.१ दिर्घकालिन उद्येश्य

वनक्षेत्रको वैज्ञानिक वन ब्यवस्थापन , वनक्षेत्रको रेखाङ्कन, नियन्त्रण र संरक्षण गर्दै वातावरणीय सन्तुलन कायम राख्दै वन संपदाको उचित प्रयोग गरी वनजन्य स्रोतलाई पुन सृजना हुन दिने प्रकृया अपनाउने , वैज्ञानिक तथा आर्थिक दृष्टिकोणले वढि महत्वपूर्ण वन्यजन्तु र वनस्पतिको लेखाजोखा गरी दिगो ब्यवस्थापन गर्ने र सर्वसाधारणलई आवश्यक पर्ने काठ, दाउरा, डालेघाँस तथा जडिवुटी तथा अन्य वन पैदावारको न्यायोचित रुपमा वितरण गर्ने व्यवस्था मिलाउने ।

४.२.२ *अल्पकालिन उद्देश्यहरु*

- समुदायमा आधारित वन व्यवस्थापन प्रणालीहरुको व्यवस्थापन कार्यमा जनसहभागिता परिचालन गर्ने ।
- सरकारद्वारा व्यवस्थित वनको कार्ययोजना अनुसार वन पैदावार उत्पादन गरी स्थानीयस्तरमा वन पैदावारको उचित रुपमा वितरण गर्ने ।
- निजी वन विकास र सरल उपयोग प्रणाली अवलम्बन गर्ने ।

- अतिक्रमित वन, खोला, पर्ती तथा सार्वजनिक जग्गाहरूमा जनसहभागिता जुटाई वृहतरूपमा बहुउद्देश्यीय प्रजातिहरूको वृक्षरोपण गर्ने ।
- चुरे वन संरक्षण र व्यवस्थापन कार्यको लागि जनसहभागिता जुटाउने ।
- जैविक विविधताहरुको संरक्षण गरी नदी कटान, भू-क्षय, बाढी पहिरो जस्ता प्राकृतिक विपत्तिहरु रोकथाम तथा नियन्त्रण गर्दै वातावरण सन्तुलनमा सहयोग पुऱ्याउने ।
- जिल्लाको ताल तलैया तथा पर्यटकीय स्थलहरुको संरक्षण र विकास गर्दै आन्तरिक तथा वाह्य पर्यटन विकासलाइ सहयोगी कार्यक्रमहरु संचालन गर्ने ।
- सबै किसिमका वन विकास कार्यक्रमहरुलाई भू–तथा जलाधार संरक्षणमको उध्येश्य संग समायोजना गरि कार्यक्रम कार्यान्वयन गर्ने ।
- काष्ठ, गैह्रकाष्ठ वन पैदावारमा आधारित उद्योगहरुलाई कच्चा पदार्थ सरल र शुलभ रुपमा उपलब्ध गराउने । साथै वातावरणीय प्रभाव न्यूनीकरण कार्यान्वयन गर्दै उल्लेखित परिमाणमा वन क्षेत्रभित्र रहेका विभिन्न गैह्रकाष्ठ वन पैदावरहरू नियमित संकलन गरी राजश्व अभिवृद्धि गर्ने ।
- टी.सि.एन. र जिल्ला वन पैदावार आपूर्ति समितिलाई काठ, दाउरा र अन्य वन पैदावार उपलब्ध गराई स्थानीय उपभोक्ताहरुलाई वन पैदावारको आपूर्ति गराउने ।
- वन अपराध रोकथाम र नियन्त्रणका उपायहरु अवलम्बन गर्ने ।
- वैकल्पिक उर्जा विकासका लागि उन्नत चुल्हो, गोवर ग्याँस तथा सौर्य उर्जा कार्यक्रमहरू स्थानीयस्तरमा प्रवर्द्धन गर्दै लैजाने ।
- स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षणमा उल्लेख भए वमोजिम वातावरणीय प्रभाव न्यूनीकरण गरी वन क्षेत्र भएर बग्ने प्रमुख नदी तथा खोलाहरूबाट कार्ययोजनामा उल्लेख भएको परिमाणमा ढुङ्गा, गिट्टी, वालुवा नियमित रूपमा संकलन गरी राजश्व अभिवृद्धि गर्ने ।

४.३ कार्यक्रम कार्यान्वयन गर्ने जिल्लाको कार्यनितीहरु

राष्ट्रिय वन क्षेत्रलाई मुख्य रुपमा उत्पादनशिल र संरक्षित वन क्षेत्रको रुपमा विभाजन गरिएको छ । भावरक्षेत्रमा पाईने वनहरु उत्पादनशिल वन क्षेत्रमा पर्दछ । यी वन क्षेत्रलाई सामुदायिक वन र सरकारद्वारा ब्यवस्थित वनको रुपमा ब्यवस्थापन हुदै आएको छ । गाँउ र बसोवास क्षेत्र वरिपरीका वनहरुलाई समुदायहरुको सहभागितामा संरक्षण, संवर्द्धन र ब्यवस्थापन गर्ने कार्य सामुदायिक वनको माध्यमबाट गरिने छ । उत्पादनशिल वन क्षेत्रलाई सरकारद्वारा ब्यवस्थापन गरिने प्रणाली अनुरुप ब्यवस्थापन गरिने छ । चुरे पहाड, शिवालिक क्षेत्र र नदी किनारका वनक्षेत्रहरु जैविक विविधताको संरक्षण, बिकास र वातावरणीय रुपमा संवेदनशिल क्षेत्रमा पर्दछ । वन क्षेत्रको व्यवस्थापन गरि यस कार्ययोजनामा उल्लेख गरिएका उद्देश्यलाई हासिल गर्ने तर्फ निम्न कार्यनीति निर्धारण गरिएको छ ।

क. समुदायद्धारा व्यवस्थापन गरिएको वन क्षेत्र

- नाङ्गो जग्गालाई मिश्रित प्रजातिको वृक्षारोपण गरी हराभरा बनाउने सामुदायिक वन र त्यस भित्रको कवुलियती वन क्षेत्रमा बहुउत्पादनलाई बढावा दिने ।
- चुरे तथा पहाडी क्षेत्रका वन र अतिक्रमण हटाईएका गाउ बस्ति नजिक रहेका टुक्राटाक्री वन जङ्गललाई सामुदायिक वन, धार्मिक वनको रुपमा हस्तान्तरण गरि उपभोक्ता समूह मार्फत संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापन गरिने छ ।
- वनको संरक्षण, सम्वर्धन र सदुपयोग कार्यमा स्थानीय जनताको जनसहभागिता गराई रोजगारीका अवसर श्रृजना गरिने छ ।

ख. चुरे क्षेत्र तथा संवेदनशिल क्षेत्रको वन संरक्षण तथा व्यवस्थापन

- बाढी पहिरो भू_ क्षय, नदी कटान जस्ता अति संवेदनशिल क्षेत्रहरुबाट जडिबुटी, ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन गर्न दिईने छैन ।
- ताल, तलैया तथा पर्यटकीय स्थलहरुको आवश्यकता अनुसार योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गरिने छ ।
- भौतिक र प्राविधिक रुपले जनशक्तिलाई सक्षम बनाउने पहल गरी जैविक मार्ग Wildlife corridorsको संरक्षण गरि वन्यजन्तुको वासस्थान सुरक्षित गरिने प्रयास हुने छ ।

विशेष गरी चुरे क्षेत्रको संरक्षणको लागि निम्न बमोजिम कार्यनीतिहरु अवलम्बन गरिनेछ ।

- सहभागीतामूलक तथा जनताको साझेदारीमा वन श्रोतको संरक्षण र व्यवस्थापन गर्ने ।
- क्षतिग्रस्त क्षेत्रमा वृक्षारोपण तथा क्षति न्यूनिकरण कार्यहरु ।
- चरिचरन व्यवस्थापनको कार्यनीतिहरु चुरे क्षेत्रको सामुदायिक वनहरुबाट शुरु गर्ने ।
- चुरे क्षेत्रको संवेदनशीलता बारे जनतामा जनचेतना जगाउने ।
- चुरे क्षेत्रमा बसोवास गर्ने गरीव, दलित, महिलाहरुको गैर काष्ठ वन पैदावारमा आधारित वैकल्पिक आय-आर्जनलाई प्रवतर्द्धन गर्ने ।
- चुरे क्षेत्रमा ढुङ्गा खानी संचालन गर्न नदिने नीति अख्तियार गर्ने ।
- चुरे क्षेत्रबाट हरियो खडा रुखहरु कटान र निकासीलाई प्रतिबन्ध लगाउने ।
- स्थानीय निकाय, सामुदायिक वन र कवुलियती वनमा भू-संरक्षण कार्यक्रम समावेश गर्ने ।

यसको अतिरिक्त त्यस क्षेत्रमा आफै ढलेपडेका रुख, झिजामिजा दाउराहरु नियमानुसार सङ्कलन गरि सदुपयोग गरिने छ ।

ग. सरकारद्धारा व्यवस्थापन गरिने उत्पादनशिल वन क्षेत्रको व्यवस्थापन

- सामान्यतया आगामी ५ बर्षसम्म सरकारद्वारा ब्यवस्थापन गरिने वनक्षेत्रमा हरियो रुखहरु काटिने छैन । सुखड खडा तथा ढलापडा रुखबाट वन पैदावार सङ्कलन गरिनेछ । तर चुरे वन संरक्षण तथा व्यवस्थापन योजना नेपाल सरकारबाट स्वीकृत भै सकेकोले सोही वमोजिम कार्यक्रम संचालन गरिने छ । तर पनि विशेष रुपमा वैज्ञानिक वन व्यवस्थापनको लागि कार्ययोजनाहरु बनाएर वन विभागको स्विकृति लिएर संचालन गर्न प्रयास थालनी गरिनेछ ।

घ. गैरकाष्ठ वन पैदावार तथा जडिवुटि संकलन तथा व्यवस्थापन

- गैह्रकाष्ठ वन पैदावारको दीगो उपयोग र संरक्षण कार्य योजना अवश्यकता अनुसार तयार गरिने छ ।
- गरिव, विपन्न, महिला तथा दलितहरूलाई प्राथमिकतामा राखेर वन विकासका कार्यक्रमहरू तर्जुमा एवं कार्यान्वयन गर्ने छ ।
- यस जिल्लाको वनक्षेत्रबाट बगिजाने खोला नालाबाट दरियाबुर्दिको काठ दाउरा नियमानुसार सङ्कलन गरि सदुपयोग गरिने छ ।
- जिल्लाको वनक्षेत्रहरुबाट उपलब्ध हुने जडिबुटी वार्षिक उत्पादन कार्ययोजनाले निर्धारण गरेको परिमाण बमोजिम नियमानुसार सङ्कलन र सदुपयोग गर्ने व्यवस्था मिलाइने छ ।
- निजी वन स्थापनाको लागि सम्वन्धित जग्गाधनिलाई जिल्ला वन कार्यालयबाट आवश्यक प्राविधिक सहयोग तथा उपलब्ध हुन सक्ने बीऊ विजन, विरुवा उपलब्ध गराई दर्ता गर्ने प्रकृया पुरा गरी दर्ता गर्ने कार्यमा प्रोत्साहान दिइने छ ।

ङ. वन पैदावारको संकलन तथा वितरण (काठ, दाउरा)

- वन पैदावारको सङ्कलन कार्यबाट वातावरणमा कुनै प्रकारको नकारात्मक प्रभाव नपर्ने गरी काठ दाउरा सङ्कलनको व्यवस्था मिलाईने छ ।

- उपभोक्ता समूहलाई हस्तान्तरण नभैसकेका वनलाई सरकारद्वारा व्यवस्थापन पद्धति अपनाई त्यस्ता वन क्षेत्रहरुबाट उपलब्ध हुने ढलापडा, सुखडखडा तथा बुढापुराना (Over matured) रुखहरुको साथै सडक, नहर जस्ता विकास निर्माण र सरकारद्वारा गठित आयोग, समिति जस्ता निकायहरुले वितरण गरेका वनक्षेत्रमा भएका रुखहरु मध्येबाट नियमानुसार सङ्कलन हुने काठ दाउराको बिक्री वितरण गरिने छ ।

च. संस्थागत सुदृढिकरण तथा शुसासन

- जिल्ला वन क्षेत्र समन्वय समितिलाई अझ प्रभावकारी वनाइने छ ।
- क्षतिग्रस्त भवन पुनः निर्माण र आवश्यकता अनुसार भवन निर्माणको कार्यलाई पहल गरिने छ ।
- स्थानीय सरकारी, गैह्र सरकारी संघ/संस्था (Local NGOs, CBOs, VDC, DDC, etc)हरुलाई वनको संरक्षण, सम्वर्धन तथा व्यवस्थापन कार्यमा सहभागीता जुटाउन प्रयत्न गरि वन विकास कार्यमा साझेदारी बढाईने छ ।
- दरवन्दी अनुसारको जनशक्तिलाई परिचालन गर्ने क्रममा जिल्ला वन कार्यालय, पश्चिमाञ्चल क्षेत्रीय वन तालिम केन्द्र लगायतका संस्थाहरुबाट वन अधिकृत, रेन्जर, वन कार्य सहयाक, वन रक्षक, सशस्त्र वन रक्षक लगायत प्रशासनिक कर्मचारीहरुलाई क्षमता अभिवृद्धि गराउन कार्यक्रम र बजेट तर्जुमा गरिने छ ।
- ऐन नियम अनुरुप कार्ययोजना तयार गरी कार्यान्वयन गरिने छ ।
- अतिक्रमण नियन्त्रण, बसाई सराई रोकथाम र नियन्त्रण गर्न व्यापक प्रचार प्रसार गरी जनतालाई जागरुक गरिने छ र अटेरी गर्नेलाई कानूनी कारवाही अगाडी बढाइने छ ।
- सामाजिक रूपमा स्वीकार्य(Socially Acceptable),आर्थिक रूपले सम्पन्न हुनसक्ने(Economically Viable)र वातावरणीय मैत्री(Environmentally Friendly)खालका वनमा आधारित योजना तथा कार्यक्रमहरूलाई प्राथमिकता दिई कार्यान्वयन गर्ने छ ।
- चोरी निकासी हुने प्रमुख क्षेत्रहरू, अतिक्रमण हुनसक्ने संभाव्य वन क्षेत्रहरू तथा हालसम्म सामुदायिक वन विकास कार्यक्रम लागु हुन नसकेका दुर्गम क्षेत्रहरूलाईCritical Areaमानी त्यस्ता वन क्षेत्रहरूलाई प्राथमिकताकासाथ समूह गठन गरी सामुदायिक वनको रूपमा स्थानीय समुदायलाई हस्तान्तरण गर्दै लैजाने छ ।

४.४ प्रस्तावित कार्यक्रम

नेपाल सरकारको वन क्षेत्रको नीति, २०५७ र त्रि-बर्षिय योजना (आ.व. ०७०/०७१-०७३।०७४) ले निर्दिष्ट गरेका वन नीति (Forestry Sector Policy)तथा उद्देश्यहरू हासिल गर्नका लागि यो वन कार्ययोजनाको प्रारूप कोरिएको छ । यसको साथै दुरगामी लक्ष्यहरु हासिल गर्नको लागि वन तथा भूसंरक्षण मन्त्रालयले लिएको सोचलाइ पनि मध्य नजर गरी यो कार्यक्रम प्रस्तावित गरिएको छ । विशेष गरी वन विभागले अंगिकार गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्ने रणनीतिहरु वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८, वन डढेलो व्यवस्थापन रणनीति, २०६७, सिमसार नीति, २०६९, वन क्षेत्रमा लैंगिक समावेसीकरण रणनीति, २०६५ ले लक्षित गरेका कार्यक्षेत्रहरुलाई यो प्रस्तावित कार्ययोजनाले पछ्याउने कार्य गरेको छ ।

समग्र जिल्लाको वन स्रोतको दिगो र वैज्ञानिक रूपमा व्यवस्थापन गर्न अपनाइने नीति, रणनीति तथा कार्य पद्धतीहरू यस कार्य योजनामा स्पष्ट रूपमा उल्लेख गर्नु पर्ने पूर्व सर्तका रूपमा लिइएको छ । आगामी ५ वर्षमा यस जिल्लाको वन स्रोतलाई कसरी, कुन ढंगबाट के-के सँग समन्वय गरेर दिगो रूपमा बुद्धिमतापूर्वक व्यवस्थापन तथा उपयोग गर्ने हो त्यसलाई यस वन कार्य योजनाले दिशा निर्देश गर्नु पर्ने हुन्छ । यस कार्य योजनामा विगतका कार्य योजनाहरू तर्जुमा तथा कार्यान्वयन गर्दा सिकिएका, महशुस गरिएका र देखिएका राम्रा सिकाईहरू, अनुभवहरू र कार्यक्रमहरूलाई निरन्तरता दिनु पर्दछ भने अव्यवहारिक, महत्वाकांक्षी तथा नराम्रा कार्यक्रमहरूलाई परिमार्जन गर्दै सापेक्षित रूपमा देश, काल र परिस्थिति अनुसार समेटिएको छ ।

विगत आ. व. ०६५/०६६ देखि ०६९/०७० सम्म पाँच बर्षमा संचालन भएको कार्यक्रमको विस्तृत जानकारी अनुसूची-१ मा देखाइएको छ । त्यसैगरी यस कार्य योजनामा निर्दिष्ट गरिएका दीर्घकालीन तथा अल्पकालीन उद्देश्यहरूलाई हासिल गर्नका लागि मौजुदा वन संगठनको जनशक्ति र उपलब्ध भएका स्रोत साधनहरूको अर्थपूर्ण र प्रभावकारी ढंगबाट परिचालन गरी समग्र वन स्रोतको दिगोरूपमा व्यवस्थापन गर्ने कार्यलाई अगाडि बढाउनुपर्ने आवश्यकता देखिन्छ । तल उल्लेख गरे वमोजिम कार्य पद्धती अपनाई कार्यक्रमहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै अगाडि बढाउन कोशिस गरिने छ ।

वन विकास गुरूयोजनाले निर्दिष्ट गरेको वन व्यवस्थापन सम्बन्धी नीतिहरू, राष्ट्रिय योजना आयोगको त्रि-बर्षिय योजना तथा वन तथा भू-संरक्षण मन्त्रालयको नीति निर्देशन तथा अन्य उपलब्ध साधन स्रोतको आधारमा समग्र अर्घाखाँची जिल्लाको वन क्षेत्रलाई दिगो तथा वैज्ञानिक व्यवस्थापन गर्न वन प्राविधिक, स्थानीय निकायका प्रतिनिधिहरू, अन्य संघ संस्थाहरू तथा सरोकारवालाहरूसँगको छलफल, अन्तरक्रिया तथा अनुभवको आधारमा बिभिन्न कार्यक्रमहरू प्रस्ताव गरेको छ । साथै समय क्रममा अन्य दातृ निकायका कार्यक्रमहरू यस जिल्लामा विभागीय पहल तथा निर्णयमा कार्यान्वयनमा आएमा तिनलाई समेत थप गर्न सकिने प्रावधान यस कार्य योजनामा राखिएको छ ।

तालिका नं. ३४ प्रस्तावित कार्यक्रमहरुको तर्कपूर्ण खाका विवरण(Logical framework)

सि.नं.	बिवरणात्मक संक्षेप	इकाई (सुचक)	लक्ष्य	कार्य सम्पादन सूचकहरु Objectively Verifiable Indicators (OVI)	पुष्ट्याईका आधारहरु Means of Verification (MOV)	पूर्वानुमान
	लक्ष्य (Goals):					
	वन क्षेत्रको दीगो व्यवस्थापन एवं स्थानीय उपभोक्ताहरुलाई सरल, सहजरुपमा वन पैदावारको न्यायोचित वितरण गरेर आर्थिक समृद्धि हासिल गर्ने ।			• २०७० सालको भन्दा वन क्षेत्रको हैसियतमा अभिवृद्धि भै वन पैदावारको आपूर्ति न्यायोचित तवरबाट भै वातावरणीय तथा आर्थिक समृद्धिमा योगदान दिनेछ ।	वन क्षेत्रको सर्वेक्षण नतिजा तथा सहभागितात्मक लेखा जोखा एवं मुल्यांकन पुस्तिका	सरोकारवालाको सक्रीय सहभागीता एवं प्रतिबद्धता एवं प्रभुत्व वर्ग तथा सरोकारवाला सबैको लक्षित वर्ग प्रति सकारात्मक सोंच तथा सहयोगी भावना
	उदेश्यहरु (Purposes):					
१	**वन क्षेत्र एवं जैविक विविधताको संरक्षण गर्ने ।**			• वन क्षेत्र अतिक्रमण हुन बाट जोगिने तथा वन एवं वन्यजन्तु प्रजातिको संरक्षणमा वृद्धि हुनेछ ।		
	प्रतिफल (Outputs) :					
	स्व स्थानिय र परस्थानिय (Ex-situ conservation) प्रजाति संरक्षण कार्य मार्फत जैविक विविधताको संरक्षणमा अभिवृद्धि हुने ।			• जैविक विविधताको लागि पहिचान भएका तथा महत्वपूर्ण वनस्पति तथा वन्यजन्तु प्रजातिको संरक्षणको लागि स्थानीय स्तरको जनचेतना वृद्धि हुनेछ ।	अनुगमन तथा वार्षिक प्रतिवेदन, वन तथा वन्यजन्तुको सर्वेक्षण नतिजा प्रतिवेदन (सहभागितात्मक तथा सर्वेक्षण)	
	वन पैदावार तथा वन्यजन्तुको संरक्षण हुने तथा अपराधहरु नियन्त्रण एवं घट्दै जाने ।					
	वन क्षेत्र अतिक्रमण नियन्त्रण भइ वनको क्षेत्रफल नघट्ने ।			• जिल्लामा थप वन क्षेत्र अतिक्रमण ज्यादै न्यून हुनेछ तथा भएको अतिक्रमणको सबै वन क्षेत्र पुर्नस्थापना हुनेछ ।	वार्षिक प्रगति प्रतिवेदन र कार्यालयको रेकर्ड	
क	**वन तथा वन्यजन्तुको संरक्षण तथा प्रवर्धन कार्यक्रम**			**कार्य सम्पादन सूचकहरु**		
१	वन तथा वन्यजन्तु संरक्षणमा सुराकी व्यवस्था	वर्ष	५	• वन अपराध तथा वन्यजन्तुको चोरी शिकार नियन्त्रण भई प्रभावकारी रुपमा वन संरक्षण भई वन्यजन्तुको संख्यामा वृद्धि हुनेछ ।	अनुगमन प्रतिवेदन, वार्षिक प्रतिवेदन	
२	वन सम्वन्धि मुद्धा अभियोजन, अनुसन्धान र मुद्धा दायरी	वर्ष	५	•अपराधहरुको अनुसन्धान तहकिकातमा सहयोग पुगी अपराधको विस्तृत अनुसन्धान गर्न सहयोग पुग्ने ।	मुद्धा दायर रजिष्टर, वार्षिक प्रगति प्रतिवेदन	
३	सहभागितामुलक वन संरक्षण तथा चोरी निकासी नियन्त्रण	वर्ष	५	• स्थानीय मानिसहरुमा वन संरक्षण गर्ने चेतना अभिवृद्धि हुनेछ तथा वन पैदावार चोरी निकासी नियन्त्रण भई वनको संरक्षण हुनेछ ।	कार्यालयको अभिलेख, वार्षिक प्रगति प्रतिवेदन	
४	वन अतिक्रमण नियन्त्रण कार्यक्रम (वृक्षारोपण, तारवार समेत)	वर्ष	५	. अतिक्रमीत क्षेत्र पुर्नस्थापन भई वनक्षेत्रको विस्तार हुनेछ । भविष्यमा अतिक्रमण नियन्त्रणको लागि सघाउ पुग्नेछ ।	स्थलगत अनुगमन, फोटोहरु, प्रगति प्रतिवेदन	

				.वातावरण सन्तुलनमा सहयोग पुग्नेछ ।		
२	सबै किसिमका वन प्रणालीहरुमा दिगो व्यवस्थापन पद्धति अवलम्बन गरी वन व्यवस्थापन गर्ने ।					
	प्रतिफल (Outputs) :					
	वन जंगलमा पुनरुत्पादनमा वृद्धि भई विभिन्न उमेरका बोट बिरुवाहरुको समानुपातिक उपलब्धता हुनको लागि वनको संरचनामा परिवर्तन हुने ।			• दिगो वन व्यवस्थापन पद्धति अवलम्बन भएको वन क्षेत्रमा (कम्तिमा २५ प्रतिशत सामुदायिक वन, कबुलियती वनहरुमा) सबै उमेर समुहको वनस्पति प्रजातिहरुको सम्मिश्रण संरचनाको विकास हुने ।	वन श्रोतको सर्वेक्षण, वन कार्ययोजनाहरुका समिक्षा तथा स्थलगत अनुगमन प्रतिवेदन	
	सबै वन प्रणालीहरुमा वन संवर्धन पद्धतिको अवलम्वन भइ वनको उत्पादकत्वमा अभिवृद्धि भई वन पैदावारको आपूर्ति सरल तथा सतत रुपमा हुने ।			•कम्तिमा ४० प्रतिशत सामुदायिक वनहरुले वन संवर्धन पद्धति संचालन गर्ने प्राविधिक ज्ञान हासिल गर्नेछन् • कम्तिमा २५ प्रतिशत सामुदायिक वनहरुमा वन संवर्धन पद्धति अनुसारको वन व्यवस्थापन प्रणाली अवलम्बन हुनेछ ।	वन व्यवस्थापन कार्ययोजना परिमार्जत तथा नविकरण , सामुदायिक वनको वार्षिक प्रतिवेदन, जिल्ला वन कार्यालयको अनुगमन प्रतिवेदन, स्थलगत अध्ययन प्रतिवेदन	चुरेक्षेत्रका सा.व.मा संरक्षणमुखी वन कार्ययोजनाको अवधारणा
ख	**दिगो तथा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम**			**कार्यसम्पादन सूचकहरु**		
१	नर्सरी मर्मत	गोटा	१०	• १० गोटा नर्सरी मर्मत भई आवश्यक्ता अनुसार विरुवा उत्पादन गर्न सहयोग पुग्नेछ ।	कार्य सम्पन्न प्रतिवेदन, जाँचपास प्रतिवेदन,स्थलगत अवलोकन, विरुवा उत्पादनको अभिलेख	
२	विरुवा उत्पादन (काठ दाउरा, डालेघाँस, जडिवुटी प्रजाति)	हजार	३७५	•वाँस, काठ, दाउरा, डालेघाँस, जडिवुटी प्रजातिका विरुवाको उत्पादन हुनेछ । • सामुदायिक वन, निजि क्षेत्र,सार्वजनिक जग्गामा वृक्षारोपण गर्न को लागि विरुवा उपलब्ध हुनेछ ।	विरुवा उत्पादन रजिष्टर, विरुवा वितरण रजिष्टर, प्रगति प्रतिवेदन, अनुगमन प्रतिवेदन, फोटोहरु	
ग	**वनको दिगो सदुपयोगको लागि संस्थागत सुदृढिकरण कार्यक्रम**					
१	जिल्ला वन व्यवस्थापन कार्ययोजना तयारी (पांच वर्ष अवधि) (IEE अध्ययनसमेत)	जिल्ला	१	• जिल्लाको समग्र वनक्षेत्रको दिगो व्यवस्थापन सरल र सहज रुपमा संचालन गर्न तथा वनक्षेत्रको समग्र उद्येश्य परिपूर्ति हुनेछ ।	सम्वन्धित निकायवाट स्विकृत पंच वर्षिय वन व्यवस्थापन कार्य योजना तथा सोको IEE प्रतिवेदन	
२	ढलापडा काठदाउरा संकलन तथा व्यवस्थापन	जिल्ला	१	• जिल्लामा रहेको राष्टिय वनमा हुने ढलापडा रुखहरुको सदुपयोग भई पुनरुत्पादनमा वृद्धि हुनेछ । •स्थानिय तथा राष्टियस्तरमा काठ, दाउराको आपूर्ति हुनेछ । •राजश्व संकलनमा वृद्धि हुनेछ ।	लिलाम विकि रजिष्टर , मासिक तथा वार्षिक प्रगति प्रतिवेदन आदि ।	

३	वनजन्य उत्पादन तथा पारिस्थितिकीय सेवाको सदुपयोग र व्यवसायीकरणबाट वन उद्यमको विकास गर्नको लागि वन पैदावारको सुलभ आपूर्ति, थप रोजगारी सिर्जना र जीविकोपार्जनमा सुधार गर्ने ।					
	प्रतिफल (Outputs) :					
	क्षयीकरण भएको वन क्षेत्र पुर्नस्थापना भइ हरियाली वृद्धि हने तथा सो वन क्षेत्रबाट स्थानीय समुदाय घरधुरीहरुको घाँस, दाउरा तथा काठको आपूर्ति सरल तथा सहज हुने ।			•विद्यमान वनक्षेत्रको २० प्रतिशत क्षेत्रमा वनको हैसियत (घनत्व तथा उत्पादन मात्रा) ५० प्रतिशत भन्दा वढी हुनेछ ।	इन्भेन्ट्री प्रतिवेदन तथा स्थलगत अध्ययन प्रतिवेदन, सहभागितात्मक लेखाजोखा प्रतिवेदन ।	
	सामुदायिक वनको वन जन्य उत्पादन तथा सेवाहरुमा विपन्न, महिला तथा दलितहरुको पहुँच वृद्धि हुनको साथै वन पैदावारको अधिकतम सदुपायोगबाट जिविकोपार्जनमा सुधार हुने ।			•वन प्रैदावारको सुदुपायेग भई न्यायोचित रुपमा वितरण भएको हुनेछ महिलाको प्रतिनिधित्व ५० प्रतिशत हुनेछ । •दलित विपन्नहरुको समानुपातिक प्रतिनिधित्व तथा सकृय सहभागितामा वृद्धि हुनछे ।	अनुगमन प्रतिवेदन, स्थानीय समुहहरुको वार्षिक प्रतिवेदन, सवेक्षण प्रतिवेदन, वार्षिक प्रगति प्रतिवेदन ।	
	स्थानीय स्तरमा नीजि क्षेत्र समेतको संलग्नतामा वन उद्यमहरु स्थापना भइ रोजगारीको सृजना हुने ।			• जिल्लामा कम्तिमा पनि १० वटा वन उद्यम स्थापना भइ ५० जनाले रोजगारी प्राप्त गर्नेछन ।	उद्योग दर्ता रजिष्टर, अनुगमन प्रतिवेदन, स्थानीय समुहहरुको वार्षिक प्रतिवेदन, सवेक्षण प्रतिवेदन, वार्षिक प्रगति प्रतिवेदन ।	
घ	**सामुदायिक वन विकास कार्यक्रम**					
	दीगो तथा बैज्ञानिक वन व्यवस्थापन सहयोगी कार्यक्रम					
१	सामुदायिक वन उपभोक्ता समुह गठन	गोटा	२६	• २६ वटा सामुदायिक वन उपभोक्ता समूह गठन भई समूहको संस्थागत विकास भएको हुनेछ ।	स्वीकृत विधान, समूह दर्ता प्रमाणपत्र, वार्षिक प्रगति प्रतिवेदन	
२	सामुदायिक वन कार्ययोजना तयारी तथा वन हस्तान्तरण	गोटा	२६	• स्थानिय उपभोक्ताहरुलाई पायक पर्ने २६ वटा छुट्टाछुट्टै वनको वन कार्ययोजना तयार भई राष्टिय वनक्षेत्र हस्तान्तरण हुनेछ । नियमित रुपमा वन व्यवस्थापन लगायतका कार्यवाट स्थानिय उपभोक्ताहरुको दैनिक आवश्यक पर्ने वन पैदावारको परिपुर्ति हुने तथा गरीवी न्युनिकरणमा समेत टेवा पुग्नछे ।	स्वीकृत वन कार्ययोजना, सामुदायिक वन हस्तान्तरण प्रमाणपत्र, वार्षिक प्रगति प्रतिवेदन	
३	सामुदायिक वनको वन कार्ययोजना पुनरावलोकन	गोटा	१५०	• म्याद समाप्त भएका १५० गोटा सामुदायिक वन कार्ययोजनाहरुको वनको संरचना, स्थानिय उपभोक्ताहरुको चाहना, आवश्यक्ता वमोजिम वन कार्ययोजना तयार हुनेछ ।	स्वीकृत पुनरावलोकित वन कार्ययोजना, वार्षिक प्रगति प्रतिवेदन	

				• परिमार्जित वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन भई लक्षित उद्येश्य हाँसिल गर्न सहयोग पुगेको हुनेछ ।		
४	**तालिम/गोष्ठी/वैठक**					
४.१	सुशासन, लेखा तथा अभिलेख व्यवस्थापन कोचिंग	जना	३००	• समुहको आय व्यय विवरण व्यवस्थित रुपमा राख्न , समुहको आय व्यय विवरणलाई पारदर्शी वनाउन तथा समुहको कोष परिचालन को लागि सहयोग पुगेको हुनेछ । • समूहहरुमा सरलीकृत रुपमा अध्यावधिक अभिलेख व्यवीसथत रुपमा राख्न सक्नेछन । •सामुदायिक वन उपभोक्ता समूहहरुको संस्थागत अवस्था मजवुत हुनेछ ।	सामुदायिक वन उपभोक्ता समूहको रेकर्ड, वार्षिक प्रगति प्रतिवेदन, गोष्ठी प्रतिवेदन, फोटोहरु	
४.२	रे.पो. स्तरिय अन्तरकृया तथा योजना तर्जूमा गोष्ठी	पटक	५०	• विगत आ.व.का कार्यहरुको समिक्षा भई आगमी आ.व.को लागि योजनाहरु तर्जुमा गर्न सहयोग पुग्नेछ । •कार्यक्रम संचालनमा आईपरेको समूस्या तथा समाधानका उपायहरुका वारेमा छलफल भई आगामी योजना सरल रुपमा कार्यान्वयन गर्न सहयोग पुग्नेछ । •समूहले माग गरेका वन विकास लगायतका कार्यक्रमहरुलाई जिल्लास्तरको कार्यक्रमसँग तालमेल गर्नको लागि ५० गोटा रे.पो. स्तरीय सा.व. अन्तरकृया तथा योजना तर्जुमा गोष्ठीको कार्यक्रम सम्पन्न भएको हुनेछ ।	वार्षिक प्रगति प्रतिवेदन, फोटोहरु	
४.३	वार्षिक योजना तर्जुमा गोष्ठी	पटक	५	हरेक आ.व को वार्षिक योजना तयार भएको हुनेछ ।	स्वीकृत वार्षिक कार्यक्रम, फोटोहरु, हाजिरी रजिष्टर	
४.४	जिल्लास्तरीय प्रगती समिक्षा वैठक	पटक	५	कार्यक्रम संचालनको सन्दर्भमा भएका उपलब्धीहरु, आईपरेका समस्या तथा समाधानका विधिहरु वारे समिक्षा गरी भावी कार्य संचालनका लागि स्पष्ट कार्य दिशा पहिल्याई प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्न सघाउ पुग्नेछ ।	वार्षिक प्रगति प्रतिवेदन, फोटोहरु, हाजिरी रजिष्टर	
४.५	सामुदायिक वन व्यवस्थापन स्थलगत अभ्यास	गोटा	४०	•सामुदायिक वनको उचित व्यवस्थापन गरी वनबाट वढी भन्दा	वार्षिक प्रगति प्रतिवेदन, स्थलगत अनुगमन, हाजिरी	

				वढी बन पैदावर उत्पादन गर्न, सामुदायिक वनको हैसियतमा सुधार गर्न सहयोग पुग्नेछ । •सा.व.उ.स.को वन व्यवस्थापन सम्वन्धि ज्ञान, सिप अभिवृद्धि हुनेछ ।	रजिष्टर, फोटोहरु	
४.६	गैरकाष्ठ वन पैदावार व्यवस्थापन तालिम	गोटा	५	· वहुमुल्य जडिवुटीको व्यवस्थापन भई उचित प्रवर्धन तथा विकास हुने । . व्यवसायमुलक ढङ्गवाट खेती विस्तार भई सोवाट स्थानिय उपभोक्ताहरुको आयआर्जन तथा क्षमता अभिवृद्धि हुने .खेर गईरहेका जग्गाहरुको समुचित उपयोग भई हरियालीमा समेत वृद्धि हुने ।	तालिम प्रतिवेदन, तालिम पश्चात स्थलगत अनुगमन प्रतिवेदन	
५	सामुदायिक वन उपभोक्ता समूहलाई विरुवा उत्पादन अनुदान (वस्तुगत र नगद) वृक्षारोपण समेत	हजार	१००	•विभिन्न सामुदायिक वन उपभोक्ता समूह मार्फत स्थानिय उपभोक्ताहरुको चाहना र आवश्यक्ता अनुसारका विभिन्न प्रजातिका १००००० विरुवा उत्पादन हुनेछ, •सामुदायिक वन तथा निजि जग्गामा समेत गरी ६० हे.भन्दा वढि भूभागमा वृक्षारोपण भई हरियाली वढेको हुनेछ ।	वार्षिक प्रगति प्रतिवेदन, समूहको विरुवा उत्पादन रजिष्टर, वृक्षारोपणको स्थलगत अवलोकन	
६	सामुदायिक वन व्यवस्थापन अनुदान (वस्तुगत र नगद) वैज्ञानिक वन व्यवथास्थापन	समूह	२५	•आम्दानी न्यून भएका २५ गोटा सामुदायिक वनहरुमा उचित किसिमको वन व्यवस्थापन प्रणाली लागु हुनेछ । •वन व्यवस्थापन कार्यवाट वनको हैसियतमा सुधार भइ स्वास्थय वनको विकास हुनेछ , स्थानिय उपभोक्ताहरुको वन पैदावारको आवश्यक्ता सहज रुपमा परिपूर्ति हुनेछ ।	स्थलगत निरिक्षण, फोटोहरु, वार्षिक प्रगति प्रतिवेदन	
७	सा.व. भित्र कवुलियती वन समुह गठन, प्रविधि हस्तान्तरण, आयमुलक कार्यक्रम	समूह	२०	•गरीव तथा विपन्न वर्गका २०० घरधुरीले कवुलियती वनभित्र जडिवुटी ,डालेघाँस,भुईघाँस लगाई आयआर्जनमा वृद्धि गर्न सहयोग पुग्नेछ साथै रोजगारीको समेत सृजना हुनेछ । •सामुदायिक वनभित्र खाली रहेका भुभाग हरियालीमा परिणत भई भुक्षय नियन्त्रण, वातावरण संरक्षण, मौसम परिवर्तनको असर न्युनीकरण गर्न मद्धत पुगेको हुनेछ ।	वार्षिक प्रगति प्रतिवेदन, स्थलगत अनुगमन	

८	आयमुलक कार्यक्रम सहयोग	जिल्ला	५	•समूहभित्रका करीव ५० घर परिवारको जिवनस्तरमा सुधार आउनेछ • स्वरोजगारमुखी भावनाको विकास भई रोजगारीको सृजना हुनेछ, •स्थानियस्तरमा प्रविधिको विकास हुनेछ ।	वार्षिक प्रगति प्रतिवेदन, स्थलगत अनुगमन।, फोटोहरु	
४	**पारिस्थितिकीय दृष्टिकोणबाट संवेदनशिल क्षेत्रहरुको (जलाधार क्षेत्र, चुरे क्षेत्र, जैविक विविधता कोरिडोर, विशेष इकोसिष्टम संरक्षण समेत) दिगो व्यवस्थापन गर्दै वन क्षेत्रको उत्पादकत्व वृद्धि गर्ने ।**			वातावरणीय दृष्टिकोणबाट सम्वेदनशिल वन क्षेत्रको पुर्नस्थापना तथा हैसियतमा वृद्धि भइ वातावरणीय सेवामा टेवा पुग्नेछ ।		
	प्रतिफल (Outputs) :					
	वातावरणीय दृष्टिकोणले संवेदनशिल क्षेत्रहरुको पहिचान भई विशेष संरक्षणका कार्यहरु (भूसंरक्षण, वन संरक्षण) बाट क्षतिग्रस्त तथा क्षयीकरण भएको वन क्षेत्र पुर्नस्थापना भइ वातावरणीय सेवा प्रवाहमा वृद्धि हुने ।			क्षतिग्रस्त तथा कमजोर हैसियत भएको सम्वेदनशिल वन क्षैत्रको हैसियतमा वृद्धि भई जलाधार क्षैत्रको संरक्षणबाट वन क्षेत्रको उत्पादकत्व वृद्धि हुने ।	वर्क्षारोपण तथा प्रगति प्रतिवेदन, लेखा प्रतिवेदन, अनुगमन प्रतिवेदन, स्थलगत फोटोहरु, स्थानीय सरोकारवालाहरु विचको सहभागितात्मक लेखा जोखा प्रतिवेदन, जिल्ला वन क्षेत्र समन्वय समितिको स्थलगत अनुगमन प्रतिवेदन	
	विशेष, सांस्कृतिक तथा वातावरणीय महत्वको वन क्षेत्र संरक्षण भइ स्थानीय समुदायको वन विकास तथा संरक्षणमा सहभागिता वृद्धि हुने ।			वातावरणीय हिसावले विशेष महत्वको वन क्षेत्रको संरक्षणमा जनसहभागिता वृद्धि भै वनको विकासमा स्थानीय समुदायको अपनत्व वृद्धि हुने ।	वार्षिक प्रगति प्रैतिवेदन, स्थानीय सरोकारवाला तथा समितिहरुको प्रगति प्रतिवेदन, अनुगमन प्रतिवेदन	
	क्रियाकलापहरु (Activities):					
	वनको विशेष संरक्षण तथा वन पुनर्स्थापना कार्यक्रम					
१	वन डढेलो नियन्त्रण तथा व्यवस्थापन	जिल्ला	५	•स्थानिय स्तरमा वन डढेलो सम्वन्धि जनचेतना प्रवाह भई वन डढेलो नियन्त्रण हुनेछ । • वन डढेलो नियन्त्रणवाट जिल्लाको वनक्षेत्रहरुमा पुनरुत्पादनमा वृद्धि हुनेछ •जैविक विविधता संरक्षणमा टेवा पुग्नेछ •जिल्लाको वन डढेलोको उच्च जोखिममा रहेको चुरक्षेत्रको वन वन डढेलोवाट जोगाउन सघाउ पुग्नेछ ।	अनुगमन निरिक्षण, अग्नि नियन्त्रण संजाल स्थापना, वन डढेलो प्रविदन	
२	सामुदायिक वन उपभोक्ता समुहहरु तथा कर्मचारीहरुलाइ जलवायु परिवर्तन अनुकुलन योजना तयारी तालिम	पटक	५	जलवायु परिवर्तनवाट उच्च जोखिममा रहेका क्षेत्रका १०० जना सरोकारवालाहरु लाभान्वित भई १५० भन्दा वढी सामुदायिक वन	तालिम प्रतिवेदन, फोटोहरु, , वार्षिक प्रगति प्रतिवेदन, वन कार्ययोजना	

				कार्ययोजनामा जलवायु परिवर्तनका असरहरु न्युनीकरण गर्ने प्रावधान समावेश भएको हुनेछ ।		
३	संरक्षण अन्तरक्रिया (शिक्षक,सामुदायिक वन, पत्रकार, नागरिक समाज, राजनैतिक दल आदि)	जिल्ला	१	जिल्लाको दक्षिण तर्फको वन, जैविक विविधता संरक्षण तथा वन डढेलो नियन्त्रण व्यवस्थापन लगायतका कृयाकलापहरुमा स्थानिय सरोकारवालाहरुको भुमिकामा वृद्धि हुनेछ । प्रभावकारी रुपमा संरक्षणमुखी कृयाकलापहरु संचालन हुनेछ ।	अन्तरकृया प्रतिवेदन, वार्षिक प्रगति प्रतिवेदन	
४	स्थानीय स्तरमा जनचेतना अभिबृद्धि तथा प्रचार प्रसार कार्यक्रम (एफ. एम., सरोकारवाला बीच गोष्ठी, ब्रोसर, सडक नाटक, आदि)	पटक	५	•चुरेको वन, वन्यजन्तु, जैविक विविधता र वातारणको संरक्षण गर्न सरोकारवालाहरु लाई सहभागि गराई जनचेतनामुखी कार्यक्रम संचालन गर्न सहयोग पुग्नेछ । •चुरे क्षेत्रमा रहेको वन तथा वन्यजन्तुको संरक्षणको बारेमा जनचेतना जागृत हुनेछ	वार्षिक प्रगति प्रतिवेदन, फोटोहरु	
५	**वनक्षेत्रमा सुशासन एवं सहयोगी वातावरणको सिर्जना गर्ने ।**			स्थानीय सुमुह तथा सेवाग्राहीहरुलाइ प्रवाह हुने सेवा प्रभावकारी तथा सहज तरिकाले प्रदान हुने तथा कार्यक्रमहरु कार्यान्वयन गर्नको लागि कर्मचारीहरु तथा स्थानीय समुदायहरुको उत्प्ररणामा वृद्धि हुने ।		
	प्रतिफल (Outputs)					
	सामुदायिक वन उपभोक्ता समूह परिचालनमा पारदर्शीता, आर्थिक अनुशासन एवं जिम्मेबारीको बोध गराई शुशासन सुनिश्चीत गर्नको लागि टेवा पुरयाउन सहयोग पुग्ने ।			स्थानीय वन समुहहरुको आर्थिक, लाभ वांडफांडमा पारदर्शिता महसुस हुने गरी परिवर्तन हुनेछ ।	सार्वजनिक लेखा परीक्षण प्रतिवेदनहरु, साधारण सभा, वैठक माइनटहरु, वार्षिक प्रगति प्रतिवेदन	
	स्थानिय जनताहरु तथा राजनैतिक दल लगायत सरोकारवालाहरुको जैविक विविधता संरक्षण गर्ने भावना तथा क्षमतामा बृद्धि हुने । वन क्षेत्र प्रति सबै सरोकारवालाहरु बीच समन्वय तथा सकारात्मक सहयोग पुगेको हुनेछ ।			स्थानीय वन समूहहरुबाहेकाका सरोकारवालाहरुमा वन सम्बन्धि समस्या तथा सरोकारको विषयमा जानकार भई जैविक विविधता संरक्षण तथा वन विकासमा सहयोग अभिवृद्धि हुनेछ ।	जिल्ला वन क्षेत्र समन्वय समितिको वैठक निर्णयहरु, संयुक्त अनुगमन प्रतिवेदन	
	वन बिकास कार्यक्रममा स्थानिय जनताको सहभागितामा बृद्धि भै वन पैदावारको दिगो तथा न्यायोचीत रुपमा सदुपयोग ।			वन पैदावारहरुको वितरणमा न्यायोचित विधिको अवलम्वन कम्तिमा ७५ प्रतिशत स्थानीय वन समुहहरुबाट हुनेछ ।	स्थानीय समुहहरुको विधान, वन कार्य योजना, वार्षिक प्रतिवेदन, अनुगमन प्रतिवेदन	
	क्रियाकलापहरु (Activities)					

च	**सुशासनमुखी व्यवस्थापन कार्यक्रम**					
१	सामुदायिक वन उपभोक्ता समूहको अनुगमन र निरिक्षण	गोटा	१४५०	•अनुगमनको पृष्ठपोषणवाट वन संरक्षण, व्यवस्थापन, गरीवी न्यूनिकरणका कार्यहरु प्रभावकारी रुपमा संचालन गर्न सघाउ पुग्नेछ •दिगो वन व्यवस्थापन, सुशासन र जिविकोपार्जनको राष्टिय लक्ष्य हाँसिल गर्न मद्धत पुग्नेछ , •समूहको संस्थागत विकासमा टेवा पुगी सवल र चुस्त दुरुस्त कार्य गर्न सक्ने समूहको विकास हुनेछ ।	समूहको अभिलेख, माईन्युट, स्थलगत अनुगमन मुल्याङकन फारम, अनुगमन मुल्याङकन पुस्तिका	
२	उपभोक्ता समूह मुल्याङकन तथा पुरस्कार	जिल्ला	५	• सा.व.उ.स.हरुलाई सामुदायिक वन व्यवस्थापन गर्न थप हौसला प्राप्त हुनेछ । •उत्कृष्ट रुपमा समूह परिचालन गर्न तथा वनको व्यवस्थापन गर्न उत्प्रेरणा मिल्नेछ ।	वार्षिक प्रगति प्रतिवेदन, प्रमाणपत्र	
३	जिल्ला वन समन्वय समिति संचालन, अनुगमन तथा निरिक्षण भ्रमण	जिल्ला	५	जिल्लाको वनक्षेत्रको वन संरक्षण, व्यवस्थापन तथा विकास सम्वन्धि महत्वपूर्ण पृष्ठपोषण प्राप्त भई वन व्यवस्थापन कार्य संचालन गर्न सहज र सरल वातावरणको सृजना हुने ।	वार्षिक प्रगति प्रतिवेदन, वैठक रजिष्टर, अनुगमन प्रतिवेदन	
छ्ण	**कार्य वातावरण अनुकूलनको लागि पूर्वाधार विकास कार्यक्रम**					
१	भवन निर्माण	गोटा	७	•कार्यालयको भौतिक, जिन्सी, अभिलेख जस्ता महत्वपूर्ण दस्तावेजहरु सुरक्षित राख्न सकिनेछ । •सेवा प्रवाह चुस्त, दुरुस्त भई सेवाग्राहीलाई छिटो, छरितो सेवा प्राप्त हुनेछ ।	कार्य सम्पन्न , जाँचपास प्रतिवेदन, वार्षिक प्रगति प्रतिवेदन, फोटोहरु, स्थलगत अवलोकन निरिक्षण	
२	भवन मर्मत संभार	जिल्ला	१	•कार्यालयको भौतिक, जिन्सी, अभिलेख जस्ता महत्वपूर्ण दस्तावेजहरु सुरक्षित राख्न सकिनेछ । •सेवा प्रवाह चुस्त, दुरुस्त भई सेवाग्राहीलाई छिटो, छरितो सेवा प्राप्त हुनेछ ।	कार्य सम्पन्न , जाँचपास प्रतिवेदन, वार्षिक प्रगति प्रतिवेदन, फोटोहरु, स्थलगत अवलोकन निरिक्षण	

तालिका-३५: जिल्ला वन कार्यालय, अर्घाखाँचीवाट पाँच वर्ष अवधिमा संचालन गरिने कार्यक्रम तथा वजेटको विवरण

सि.नं.	बिवरणात्मक संक्षेप	इकाई (सुचक)	लक्ष्य	आ.व. २०७०/०७१		आ.व.२०७१/०७२		आ.व.२०७२/ ०७३		आ.व.२०७३/ ०७४		आ.व.२०७४/ ०७५		जम्मा	
	लक्ष्य (Goals):			वार्षिक लक्ष्य		वार्षिक लक्ष्य		वार्षिक लक्ष्य		वार्षिक लक्ष्य		वार्षिक लक्ष्य		वार्षिक लक्ष्य	
	वन क्षेत्रको दीगो व्यवस्थापन एवं स्थानीय उपभोक्ताहरुलाई सरल, सहजरुपमा वन पैदावारको न्यायोचित वितरण गरेर आर्थिक समृद्धि हासिल गर्ने ।			परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट	परिमाण	बजेट
	उदेश्यहरु (Purposes):														
१	**वन क्षेत्र एवं जैविक विविधताको संरक्षण गर्ने ।**														
	प्रतिफल (Outputs) :														
	स्व स्थानिय र परस्थानिय (Ex-situconservation) प्रजाति संरक्षण कार्य मार्फत जैविक विविधताको संरक्षणमा अभिवृद्धि हुने ।														
	वन पैदावार तथा वन्यजन्तुको संरक्षण हुने तथा अपराधहरु नियन्त्रण एवं घट्दै जाने ।														
	वन क्षेत्र अतिक्रमण नियन्त्रण भइ वनको क्षेत्रफल नघट्ने ।														
क	वन तथा वन्यजन्तुको संरक्षण तथा प्रवर्धन कार्यक्रम														
१	वन तथा वन्यजन्तु संरक्षणमा सुराकी व्यवस्था	**वर्ष**	**५**	१	५०	१	५५	१	६०	१	६५	१	७०	५	३००
२	वन सम्वन्धि मुद्धा अभियोजन, अनुसन्धान र मुद्धा दायरी	**वर्ष**	**५**	१	२५	१	२५	१	२५	१	२५	१	३०	५	१३०
३	सहभागितामुलक वन संरक्षण तथा चोरी निकासी नियन्त्रण	**वर्ष**	**५**	१	२२५	१	२४५	१	२७०	१	२८०	१	३००	५	१३२०
ख	वन अतिक्रमण नियन्त्रण कार्यक्रम (वृक्षारोपण, तारवार समेत)	**वर्ष**	**५**	१	५००	१	५००	१	५००	१	५००	१	५००	५	२५००
२	**सबै किसिमका वन प्रणालीहरुमा दिगो व्यवस्थापन पद्धति अवलम्वन गरी वन व्यवस्थापन गर्ने ।**														
	प्रतिफल (Outputs) :														
	वन जंगलमा पुनरुत्पादनमा वृद्धि भई विभिन्न उमेरका बोट विरुवाहरुको समानुपातिक उपलब्धता हुनको लागि वनको संरचनामा परिवर्तन हुने ।														
	सवै वन प्रणालीहरुमा वन संवर्धन पद्धतिको अवलम्वन भइ वनको उत्पादकत्वमा अभिवृद्धि भई वन पैदावारको आपूर्ति सरल तथा सतत रुपमा हुने ।														
क	दिगो तथा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम														
१	नर्सरी मर्मत	**गोटा**	**१०**	२	६०	२	७०	२	७०	२	७०	२	७०	१०	३४०
२	विरुवा उत्पादन (काठ दाउरा, डालेघाँस, जडिवुटी प्रजाति)	**हजार**	**३७५**	७५	६००	७५	६००	७५	६७५	७५	६७५	७५	७५०	३७५	३३००
१	जिल्ला वन व्यवस्थापन कार्ययोजना तयारी (पांच वर्ष अवधि) (IEE अध्ययनसमेत)	**गोटा**	**१**									१	३००	१	३००
२	ढलापडा काठदाउरा संकलन तथा व्यवस्थापन (आवश्यकता अनुसार नर्मस बमोजिम)	**वर्ष**	**५**	१	७५०	१	७५०	१	७५०	१	७५०	१	७५०	५	३७५०
३	**वनजन्य उत्पादन तथा पारिस्थितिकीय सेवाको सदुपयोग र व्यवसायीकरणबाट वन उद्यमको विकास गर्नको लागि वन पैदावारको सुलभ आपूर्ति, थप रोजगारी सिर्जना र जीविकोपार्जनमा सुधार गर्ने ।**														

	प्रतिफल (Outputs) :														
	क्षयीकरण भएको वन क्षेत्र पुर्नस्थापना भइ हरियाली वृद्धि हने तथा सो वन क्षेत्रबाट स्थानीय समुदाय घरधुरीहरुको घाँस, दाउरा तथा काठको आपूर्ति सरल तथा सहज हुने ।														
	सामुदायिक वनको वन जन्य उत्पादन तथा सेवाहरुमा विपन्न, महिला तथा दलितहरुको पहुँच वृद्धि हुनको साथै वन पैदावारको अधिकतम सदुपायोगबाट जिविकोपार्जनमा सुधार हुने ।														
	स्थानीय स्तरमा नीजि क्षेत्र समेतको संलग्नतामा वन उद्यमहरु स्थापना भइ रोजगारीको सृजना हुने ।														
घ	सामुदायिक वन विकास कार्यक्रम														
	दीगो तथा वैज्ञानिक वन व्यवस्थापन सहयोगी कार्यक्रम														
१	सामुदायिक वन उपभोक्ता समुह गठन	**गोटा**	**२६**	६	१५	५	२००	५	२०	५	२०	५	२०	२६	९५
२	सामुदायिक वन कार्ययोजना तयारी तथा वन हस्तान्तरण	**गोटा**	**२६**	६	३०	५	३५	५	३५	५	३५	५	३५	२६	१७०
३	सामुदायिक वनको वन कार्ययोजना पुनरावलोकन	**गोटा**	**१५०**	३०	४५०	३०	४५०	३०	४५०	३०	४५०	३०	४५०	१५०	२२५०
४	तालिम/गोष्ठी/बैठक													०	०
४.१	सुशासन, लेखा तथा अभिलेख व्यवस्थापन कोचिंग	**जना**	**३००**	६०	१८०	६०	१८	६०	१८०	६०	१८०	६०	१८०	३००	७३८
४.२	रे.पो. स्तरिय अन्तरकृया तथा योजना तर्जुमा गोष्ठी	**पटक**	**५०**	१०	१००	१०	११०	१०	१२०	१०	१३०	१०	१४०	५०	६००
४.३	वार्षिक योजना तर्जुमा गोष्ठी	**पटक**	**५**	१	४०	१	४०	१	५०	१	६०	१	६०	५	२५०
४.४	जिल्लास्तरीय प्रगती समिक्षा बैठक	**पटक**	**५**	१	४०	१	४०	१	५०	१	६०	१	६०	५	२५०
४.५	सामुदायिक वन व्यवस्थापन स्थलगत अभ्यास	**गोटा**	**४०**	८	१२०	८	१२०	८	१२०	८	१२०	८	१३०	४०	६१०
४.६	गैरकाष्ठ वन पैदावार व्यवस्थापन/उद्यम विकास तालिम	**गोटा**	**५**	१	६०	१	६५	१	७०	१	७०	१	७५	५	३४०
५	सामुदायिक वन उपभोक्ता समूहलाई विरुवा उत्पादन अनुदान (वस्तुगत र नगद)	**हजार**	**१००**	२०	१००	२०	११०	२०	१२०	२०	१३०	२०	१४०	१००	६००
६	सामुदायिक वन व्यवस्थापन अनुदान (वस्तुगत र नगद)	**समूह**	**२५**	५	१२५	५	१३०	५	१३५	५	१४०	५	१४५	२५	६७५
७	सा.व. भित्र कवुलियती वन समुह गठन, प्रविधि हस्तान्तरण, आयमुलक कार्यक्रम (जिविकोपार्जन सुधार योजना अनुदान समेत)	**समूह**	**२०**	४	१२०	४	१२०	४	१२८	४	१२८	४	१४०	२०	६३६
८	आयमुलक कार्यक्रम सहयोग	**जिल्ला**	**५**	१	१००	१	११०	१	११०	१	११०	१	११५	५	५४५
४	**पारिस्थितिकीय दृष्टिकोणबाट संवेदनशिल क्षेत्रहरुको (जलाधार क्षेत्र, चुरे क्षेत्र, जैविक विविधता कौरिडोर, विशेष इकोसिष्टम संरक्षण समेत) दिगो व्यवस्थापन गर्दै वन क्षेत्रको उत्पादकत्व वृद्धि गर्ने ।**														
	प्रतिफल (Outputs) :														
	वातावरणीय दृष्टिकोणले संवेदनशिल क्षेत्रहरुको पहिचान भई विशेष संरक्षणका कार्यहरु (भूसंरक्षण, वन संरक्षण) बाट क्षतिग्रस्त तथा क्षयीकरण भएको वन क्षेत्र पुर्नस्थापना भइ वातावरणीय सेवा प्रवाहमा वृद्धि हुने ।														
	विशेष, सांस्कृतिक तथा वातावरणीय महत्वको वन क्षेत्र संरक्षण भइ स्थानीय समुदायको वन विकास तथा संरक्षणमा सहभागिता वृद्धि हुने ।														

	क्रियाकलापहरु (Activities):														
	वनको विशेष संरक्षण तथा वन पुनर्स्थापना कार्यक्रम														
१	वन डढेलो नियन्त्रण तथा व्यवस्थापन (सामग्रि, संजाल, डढेलो व्यवस्थापन कार्ययोजना समेत)	**जिल्ला**	**१**	१	१७५	१	१९०	१	२००	१	२१०	१	२२०	५	९९५
२	सामुदायिक वन उपभोक्ता समुहहरु तथा कर्मचारीहरुलाइ जलवायु परिवर्तन अनुकुलन योजना तयारी तालिम	**पटक**	**५**	१	५०	१	५५	१	५५	१	५५	१	६०	५	२७५
३	संरक्षण अन्तरक्रिया (शिक्षक,सामुदायिक वन, पत्रकार, नागरिक समाज, राजनैतिक दल आदि)	**जिल्ला**	**५**	१	६०	१	६५	१	७५	१	८०	१	९०	५	३७०
४	स्थानीय स्तरमा जनचेतना अभिबृद्धि तथा प्रचार प्रसार कार्यक्रम(एफ. एम., सरोकारवाला बीच गोष्ठी, ब्रोसर, सडक नाटक, आदि)	**पटक**	**५**	१	१००	१	१००	१	१००	१	१००	१	१००	५	५००
५	**वनक्षेत्रमा सुशासन एवं सहयोगी वातावरणको सिर्जना गर्ने ।**														
	प्रतिफल (Outputs) :														
	सामुदायिक वन उपभोक्ता समूह परिचालनमा पारदर्शीता, आर्थिक अनुशासन एवं जिम्मेवारीको बोध गराई शुशासन सुनिश्चीत गर्नको लागि टेवा पुर्याउन सहयोग पुग्ने ।														
	स्थानिय जनताहरु तथा राजनैतिक दल लगायत सरोकारवालाहरुको जैविक विविधता संरक्षण गर्ने भावना तथा क्षमतामा वृद्धि हुने । वन क्षेत्र प्रति सबै सरोकारवालाहरु बीच समन्वय तथा सकारात्मक सहयोग पुगेको हुनेछ ।														
	वन विकास कार्यक्रममा स्थानिय जनताको सहभागितामा वृद्धि भै वन पैदावारको दिगो तथा न्यायोचीत रुपमा सदुपयोग ।														
	क्रियाकलापहरु (Activities):													०	०
	सुशासनमुखी व्यवस्थापन कार्यक्रम													०	०
१	सामुदायिक वन उपभोक्ता समूहको अनुगमन र निरिक्षण	**गोटा**	**१४५०**	२५०	१५०	३००	२१०	३००	२४०	३००	२४०	३००	२७०	१४५०	१११०
२	उपभोक्ता समूह मुल्याङकन तथा पुरस्कार	**पटक**	**५**	१	२०	१	२२	१	२२	१	२५	१	२५	५	११४
३	जिल्ला वन समन्वय समिति संचालन, अनुगमन तथा निरिक्षण भ्रमण	**वर्ष**	**५**	१	१००	१	११०	१	१२०	१	१३०	१	१४५	५	६०५
४	कार्य वातावरण अनुकूलनको लागि पूर्वाधार विकास कार्यक्रम														
४।१	भवन निर्माण	**गोटा**	**७**	२	८०००	३	१३५००	२	१००००					७	३१५००
४।२	भवन मर्मत संभार	**पटक**	**५**	१	१५०	१	२००	१	२५०	१	२५०	१	२५०	५	११००
५	अनुगमन, मुल्यांकन तथा भ्रमण खर्च	वर्ष	५	१	३००	१	३४०	१	३८०	१	४२५	१	४६५	५	१९१०
	कुल जम्मा				**१२७९५**		**१५५८५**		**१५३८०**		**५५१३**		**६०८५**		**५८३५८**
	प्रशासनिक खर्च प्रस्ताव (संचालन खर्च)				**१९०००**		**२५०००**		**३२५००**		**४००००**		**५००००**		**१६६५००**
	कुल जम्मा (विकास तथा संचालन खर्च)				**३१७९५**		**४३५८५**		**४७८८०**		**४५५१३**		**५६०८५**		**२२४८५८**



चित्र नं. : वार्षिक बजेट प्रस्ताव पाँच वर्षको (रकम रु हजारमा)

यस जिल्लामा वन व्यवस्थापन सम्बन्धमा उपलब्ध वित्तिय लगानी पूर्णरूपमा नेपाल सरकारको कोषबाट प्राप्त भइरहेको छ भने जिल्लाका झण्डै ४२५ वटा सामुदायिक वनहरूबाट पनि प्रत्यक्ष/अप्रत्यक्ष रूपमा केही न केही लगानी भई वन संरक्षण तथा व्यवस्थापन कार्य हुँदै आएको छ । तथापि यस कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने वित्तिय स्रोतको व्यवस्था नेपाल सरकारको आफ्नै स्रोत, जिल्लाको आन्तरिक स्रोत र वैदेशिक दातृ निकायहरूको सहयोगबाट उपलब्ध हुने अपेक्षा गरिएको छ ।

जिल्ला वन कार्यालयमा यस कार्ययोजना अवधिमा वन विकास कोषमा रु. १६९८४२०/- जम्मा भएकोमा त्यसको २५% रकम केन्द्रिय वन विकास कोषमा पठाउँदा पनि बाँकी रहने झण्डै १३ लाख रकम जिल्लाभित्र वन विकास सम्बन्धी कुनै पनि कार्यमा खर्च गर्न सकिने प्रावधान रहेको छ । विभागीय निर्देशन अनुसार यो कोषको परिचालन गरिनेछ ।

४.४.१ सरकारद्वारा ब्यवस्थित वन व्यवस्थापन कार्यक्रम

सामुदायिक वन वाहेककावन क्षेत्रहरुलाईसरकारद्वारा ब्यवस्थित वनको रुपमा ब्यबस्थापन गरिने छ । ब्यबस्थापन कार्यलाई सहज र शुलभ तरीकावाट संचालन गर्न आवश्यकता अनुसार स-साना क्षेत्रहरुमा समेत छुट्टाई वनलाई संरक्षण र ब्यवस्थापनको बाटो अपनानउन सकिने छ ।

यस जिल्लाको दक्षिणी भेगमा अवस्थित ठाडा, सिमलपानी, जलुके र सिद्धारा गा.वि.स.हरूमा साल, असना जस्ता प्रजातिहरुको बाहुल्यता भएको उत्पादनशील वनहरू रहेका छन् भने चुरे पहाडको माथिल्लो भेगमा र जिल्लाको मध्य तथा उत्तरी क्षेत्रहरूमा खोटे सल्लो मुख्य प्रजाति भएको उत्पादनशील वनहरू रहेका छन् । यी क्षेत्रहरूमा रहेका वनहरूमध्ये करिब एक चौंथाई वन क्षेत्रलाई उत्पादनशील वनको Categoryमा वर्गिकरण गरिएको छ । चुरे क्षेत्रमा स्थानीय समुदायको चाहना, सजिलै पहुंच पुग्ने वनको उपलब्धता तथा अतिक्रमण र चोरी निकासी नियन्त्रण गर्न सजिलो होस भन्ने हेतुले विगत वर्षहरूमा केहि वन क्षेत्र सामुदायिक वनको रूपमा हस्तान्तरण भई स्थानीय उपभोक्ताहरूबाट व्यवस्थापन हुँदै आएको छ । यसरी चुरे क्षेत्र भन्दा वाहेकका सामुदायिक वनको रूपमा हस्तान्तरण गरिएकावनहरूमा बिभिन्न Block छुट्याई सोही अनुरूपGrowing StockCalculationगरीAAC निर्धारण गरिएको छ । सामुदायिक वन वाहेकका उत्पादनशील वन क्षेत्रहरूको स्पष्टरूपमा क्षेत्र निर्धारण गरी विस्तृत योजना बनाई लागु गर्नुपर्ने देखिन्छ तर हालसम्म उत्पादनशील वन क्षेत्रलाई कसरी वैज्ञानिक तवरले व्यवस्थापन गर्ने भन्ने स्पष्ट नीति तथा कार्यक्रम नभएको हुँदा सो यस जिल्लामा लागु भै नसकेको सन्दर्भमा चुरे क्षेत्रमा रहेका केही उत्पादनशील वनमा जिल्ला वन कार्यालयले आवश्यकता अनुसारको Plotनिर्धारण गरी त्यहाँ रहेका ढलापडा तथा सुख्खड खडा रूखहरूको सदुपयोग गर्ने कार्यक्रम प्रस्ताव गरिएको छ । तर वन क्षेत्रमा जैविक विविधता कायम राख्न ढलापडा तथा सूख्खड खडा काठको परिमाणमा १०% सम्म रूखहरू पर्यावरणीय दृष्टिकोणले एवं जनावर, चराचुरूङ्गी, सरिसृप एवं किटपटङ्ग आदिको संरक्षणको लागि संकलन नगरी त्यसै छाडिने छ । जिल्ला वन कार्यालयबाट सरकारी उत्पादनशील वनको व्यवस्थापन निम्न वमोजिम गर्ने गरी प्रस्ताव गरिएको छ ।

- उत्पादनशील वन क्षेत्रहरूको यकीन गरी क्षेत्रफल छुट्याउने ।
- यस्ता वन क्षेत्रहरूबाट वनको वार्षिक वृद्धिदरको आधारमा मात्र वन पैदावार संकलन गर्ने ।
- सुखड खडा र ढलापडा काठ तथा दाउराको संकलन गरी राजश्व अभिवृद्धि गर्ने ।
- दरियाबुर्दी काठ दाउराको संकलन मार्फत् स्थानीय विकास कोषको स्रोत बढाउने ।
- चक्लाबन्दी वनको विस्तृत योजना बनाउने ।
- गैह्रकाष्ठ जडीबुटीको उचित व्यवस्थापन गरी व्यवसायीकरणमा जोड दिने ।
- वन क्षेत्रमा खाली पर्ती जग्गाहरूमा वृहतरूपमा वृक्षरोपण कार्यक्रम संचालन गर्ने ।
- वन संरक्षणका लागि वनपथ निर्माण, अग्नीरेखा निर्माण, जनचेतना अभिवृद्धिको लागि प्रचार प्रसार जस्ता कार्यक्रमहरू संचालन गरी वन संरक्षण कार्यमा टेवा पुऱ्याउने ।

४.४.१.१ बैज्ञानिक वन व्यवस्थापन

यस्तो वन व्यवस्थापन सरकारद्धारा व्यवस्थित वन तथा सामुदायिक वनहहरु दुवै क्षेत्रमा संचालन गर्न सकिने संभावना रहेको छ । अतः यस्तो कार्यहरुलाइ क्रमशः क्षेत्र छनौट गरी कार्ययोजनाहरु बनाउदै लगिनेछ ।

क. क्षेत्र निर्धारण

यस प्रकारको वन अर्घाखाँची जिल्लाको दक्षिणी भेगमा केहि क्षेत्रमा मात्र रहेको छ, जुन व्यवस्थापनका दृष्टिकोणले संवेदनशिल छ । यस्तो खालको वनलाई वैज्ञानिक व्यवस्थापन गर्न जनसहभागितामूलक वन व्यवस्थापन पद्धति, संरक्षित वन तथा सरकारद्धारा ब्यवस्थित वनको व्यवस्थापन कार्य यसै कार्ययोजनाको परिधि भित्र रहेर विभागिय स्वीकृती लिई वन व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ख. वनको संचिती र उत्पादनको आकंलन(Growing stock and Yield calculation)

यस जिल्लाको कुल क्षेत्रफल ११९३०० हेक्टर रहेकोमा कुल वन क्षेत्र ६७०२३ हे. छ जसमध्ये उत्पादनशील वन क्षेत्र करीव ६७६० हे. रहेको छ । वन विकास गुरु योजना२०४६ अनुसार तराईको वनमा औषतGrowing Stock१ प्रतिशतका दरले वृद्धि हुने आधारमा नै सामुदायिक वनको वन श्रोत सर्भेक्षण मार्गदर्शन २०६१ अनुसार साल र साल मिश्रित वनको वर्तमान अवस्था र हैसियत हेरी वार्षिक वृद्धिदर १ प्रतिशत अनुमान गरिएको छ । यसबाट वार्षिक रुपमा उत्पादन गर्न सकिने काठ दाउराको परिमाण (AAH)सोहि मार्गदर्शनको आधारमा वार्षिक बृद्धिदर (MAI) को ४० प्रतिशत अनुमान राखिने छ ।

ग. वन सम्बर्धन कृयाकलाप सन्चालन भएको क्षेत्र

यस जिल्लामा सरकारद्धारा व्यवस्थित वनजंगलमा खण्ड विभाजन गरी कटान चक्रको अवधारणा अनुसार वनको वैज्ञानिक व्यवस्थापन हालसम्म भएको छैन । सुकेका र ढलापडा रूखवाट काठ दाउरा संकलन गरी सदुपयोग गर्ने बाहेक अन्य व्यवस्थापन कार्य भएको देखिदैन तर हरेक वर्ष सामुदायिक वनहरूमा वन कार्ययोजनामा उल्लेख गरी सोही अनुरूप झाडी सफाई, एकल्याउने, छटनी गर्ने जस्ता वन सम्बर्धनका क्रियाकलापहरू गर्ने गराउनेतर्फ आवश्यक पहल भएता पनि सबै सामुदायिक वनहरूमा सो कार्यहरु सुचारु विभिन्न कारणले गर्न सकिरहेको छैन । खासगरीकन यस जिल्लाका मध्य-पहाडी क्षेत्रमा विगतमा भएका वृक्षरोपण एवं पुनरूत्पादनबाट सल्ला तथा साल प्रजातिका बाक्ला वनहरू लाथ्रा अथवा खम्बा साइजका भइसकेको हुँदा तत्कालै छटनी गर्नुपर्ने देखिन्छ ।

Conversion silvicultural System demonostration plot establishment

उपभोक्ताहरूमा वनको सम्बर्धन कार्यवाट वनजंगलको साथै उपभोक्ता वर्गमा समेत वन पैदावार प्राप्त भई फाइदा पुग्नसक्ने वारे अवगत गराउने उद्देश्यले आ.व. ०५९/६० मा NARMSAPको आर्थिक तथा प्राविधिक सहयोगमा धाइरीचौर वेहोरे सामुदायिक वन, सन्धिखर्क-९ मा रहेको सल्ला वनलाई चौडापाते वनमा परिणत गर्न १.२० हे. क्षेत्रफलमा वन व्यवस्थापन प्रदर्शनीस्थल तथा त्यस्तै फुलवारी सामुदायिक वन, सन्धिखर्क-३ मा १.१२ हे. क्षेत्रफलमा झाडीवन व्यवस्थापन प्रदर्शनीस्थल स्थापना गरी वृक्ष सुधार तथा वन संवर्धन ईकाइको आर्थिक सहयोग र जिल्ला वन कार्यालयको समन्वयमा योजना अनुरूप हरेक वर्ष व्यवस्थापन कार्यहरू गर्दै आइरहेको छ । यस प्रकारको नमूनास्थलले वन उपभोक्ताहरूमा वन सम्बर्धन प्रति आत्मविश्वास बढाउन मद्दत मिल्ने हुँदा अन्यत्र सामुदायिक वनहरूमा पनि वन सम्बर्धन

सम्बन्धी थप नमूना स्थलहरू स्थापना गर्नु पर्ने आवश्यकता छ ।

४.४.१.२ वन सम्बर्द्धन कार्यहरु

चालू पञ्चवर्षिय कार्य योजना अनुसार सञ्चालन हुने सरकारी वृक्षारोपण क्षेत्रहरुमा लगातार दुई वर्षसम्म पुनः रोपण, गोडमेल, सरसफाई गरिने छ । सामुदायिक वनहरुमा वनको अबस्था र हैसियत हेरी स्विकृत कार्ययोजनाको अधिनमा रहि थिनिङ्ग,प्रुनिङ्ग जस्ता कार्यहरु पनि सञ्चालन गरिने छन् ।

४.४.१.३ वन सम्बर्द्धन प्रणाली(Silvicultural system)

यस कार्य योजनाको मुख्य उद्येश्य र कार्यक्रम हालको अवस्थामा ढलापढा रुखहरु मात्र र विभागिय आदेश निर्देशन प्राप्त भएको खण्डमा सुखड खडा रुखहरु समेत सङ्कलन गरि स्थानीय र जिल्ला बाहिरका जनताहरुको काठ दाउराको आवश्यक्ता पुरा गर्नमा सघाउ पुऱ्याउने भएको हुँदा यस अबधिमा काठ र दाउराको सङ्कलन गर्दा पुनरुत्पादनमा प्रतिकुल असर नपर्ने गरी मरेका, ढलेका वा विशेष कारणबस हटाउनु पर्ने अबस्था बाहेक हरियो खडा रुखहरु हटाईने छैन । त्यसैकारण वैज्ञानिक वन ब्यवस्थापन कार्यविधि अनुसारका सिल्भिकल्चरल सिस्टमका कार्यहरु गर्नु परेमा साधारणतया यस कार्ययोजनामा उल्लेखित परिमाणको परिधि भित्र रही विभागीय स्वीकृतिको आधारमा सञ्चालन गरिने छ ।

यसभन्दा अघि आ.व. ०६५/०६६ देखि ०६९/०७० को पञ्चवर्षिय कार्ययोजनाको अवधिमा सरकारी वनमावजेट तथा विभागिय निति, निर्देशनको आधारमा वन व्यवस्थापनकाकृयाकलापहरु संचाालन गर्न सकिएको देखिदैन । कार्य योजनाको अवधिमा केही सामुदायिक वनहरुमा मात्र भने वनको Growing Stock र Mean Annual Increment को आधारमा वन कार्ययोजनाहरूमा AAC निर्धारण गरिएको र त्यसै अनुरूप सुख्खड खडा, ढलापडा, मक्किएका, पुराना रूखहरू र बाक्लो गरी हुर्किएका स्थानहरूबाट रूख विरूवाहरू छटनीद्वारा संकलन गरी बिक्री वितरण गरिँदै आएको देखिन्छ तर विगत २ वर्षदेखि चुरे क्षेत्रमा ढलापडा रुखहरु मात्र संकलन भई जिल्लाका कुनै पनि वनक्षेत्रमा खडा रुखवाट काठ, दाउरा संकलन भएको देखिदैन । यस पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजनाको अवधिमा हस्तान्तरित चुरे क्षेत्रका सामुदायिक वनहरुमा वन संवर्धनहरुमा विभागीय निति निर्देशन वाहेक झाडी सफाई, हाँगाविंगा काँटछाट, लाथ्रा तथा स-सना पोल अवस्था रुख विरुवा छटनी वाहेक अन्य वन संवर्धन प्रणाली लागु गरिने छैन । सदुपयोग अन्तर्गत ढलापडा रुखहरु मात्र संकलन गरिनेछ । चुरे क्षेत्र वाहेकका जिल्लाका मध्य तथा उत्तरी भेगमा रहेका अन्य सामुदायिक वनक्षेत्रहरुमा वनको किसिम, प्रकार तथा अवस्था हेरी निम्न वन सम्बर्धन प्रणालीहरू अपनाउने निधो गरिएको छ ।

क. Coppice with Standard System (CWS)

मध्य पहाडी भेगका होचा भागहरूमा साल प्रजातिका वनहरू स-साना Patches मा हुर्किएका पाईन्छन् । ती वनहरू प्रायः Coppice Shoots बाट Originate भएको कारणले गर्दा लगभग एकै उमेर र साइजका छन् । यस भेगका अधिकांश सालका वनहरू पोल साइजको भएको र बाक्लोगरी हुर्किएको हुँदा तुरून्तै छटनी गर्नुपर्ने देखिन्छ । भिरालोदेखि अति भिरालो जग्गामा हुर्किएका यी वनहरूमा छटनी कार्य गर्ने, काम नलाग्ने रूख विरूवाहरू हटाउने र उपयोगी प्रजातिलाई प्राथमिकता दिई हुर्काउने उद्देश्यले गरिने झाडी सफाई कार्यले उपभोक्तालाई चाहिने घाँस, दाउरा, घोचाघोची, स्याउला, खम्बा (Pole) र साना तथा मध्यम खालका काठ समेत प्राप्त हुने हुँदा क्रमशः Coppice with Standard System लागु गरिँदै लगिनेछ । यसमा कम्तीमा २५% वीउबाट हुर्किएका रूख विरूवालाई Standard को रूपमा राखिनेछ र वनको अवस्था हेरी तीनलाई ४० देखि ६० वर्षको Rotation मा काठ उत्पादन गर्ने प्रबन्ध मिलाइनेछ । यस वन सम्वर्धन प्रणाली अन्तर्गत कार्य गर्दा निम्न तालिकालाई आधार मानी वन सम्बर्धनका प्रकृयाहरू अवलम्वन गर्ने प्रयास गरिनेछ ।

तालिका-३६: Coppice with Standard System अन्तर्गत पहाडी साल वनको सम्बर्धनका लागि अपनाउने प्रकृयागत नमूना (स्रोत: नारायण धिताल)

Forest stage	H_{dom} of standards (m)	Dbh (cm) of standards	Mean crown dia (m) of standards	No. of standards ha^{-1} to be retained after coppice rotation (CR)	Age (yr) of standards	Spacing of standards after harvesting coppce crop (m * m)	Cover (%) of standards		Growing stock (m^3) of standards	
							Before CR	After CR	Before CR	After CR
Seedling	< 1			10,000	Existing					
Established regeneration	> 1	< 10		5,000	0-5					
Ist rotation of coppice	5	10-14.9	2	450	6-10	5 * 5	100	14		28
2nd rotation of coppice	8	15-19.9	2.75	225	11-20	6 * 6	27	13	54	27
3rd rotation of coppice	10	20-24.9	3.75	125	21-30	10 * 10	25	14	54	30
4th rotation of coppice	14	30-34.9	5	80	31-40	11 * 11	25	16	58	33
5th rotation of coppice	16	35	6.5	450 (new)	41-50	5 * 5	27	19	123	28

नोट: CR = Coppice Rotation; Hdom = Height of Dominant

ख. Shelterwood System

वन क्षेत्रमा रहेको वनको किसिम तथा संरचना अनुसार यो प्रणालीलाइ पनि विभाजन गरिएको छ । जसमध्ये Regular Sheterwood system रIrregular shelter wood systemलाई स्थानीय आवश्यकता अनुसार लागु गर्दै गइनेछ । यसरी समान उमेरको वनमा गरिने वन सम्बर्धनको क्रियाकलाप तथा प्रकृयालाई Regular Shelterwood अर्थात् Uniform System पनि भनिन्छ ।

- मध्य पहाडी भेगमा साल जस्तै एकनासले हुर्किएका अरू थुप्रै खोटे सल्लाका वनहरू पनि पाईन्छन् । धेरैजसो सल्ला वनहरू बृक्षारोपण गरी हुर्काइएको भएता पनि त्यहाँ प्राकृतिक तवरले पुनरूत्पादन भई असंख्य सल्लाका रूख विरूवाहरू हुर्कन थालिसकेका छन् ।
- जहाँ समान उमेर र समान साईजका रूखहरू छन् त्यस्ता वनहरूमा उपभोक्ताहरूको वन पैदावारको उद्देश्य अनुरूप बिस्तारै छत्र (Canopy) खोल्ने हिसाबले बिभिन्न चरणमा Thinning कार्यहरू थालिने छन् ।
- त्यस अतिरिक्त कुनै कुनै सल्लाका वन जहाँ समान उमेरका रूख विरूवाहरू छैनन् त्यहाँ Irregular Shelterwood System अपनाई रूखको छत्रलाई Irregular तरिकाले प्रत्येक वर्ष अथवा केही वर्ष विराएर खोल्दै लगिने छ । उपरोक्त कार्यको लागि नेपाल सरकारले २०६४ सालमा स्वीकृत गरेको वन अनुसन्धान तथा सर्भेक्षण विभागले प्रकाशित गरेको "नेपालमा पाटुले सल्ला र खोटेसल्ला बृक्षारोपण वन पत्ल्याउने सम्बन्धी मार्गदर्शन" लाई अनुशरण गरिने छ ।

ग. Selection System

जिल्लाको चुरे क्षेत्र वाहेकका सामुदायिक वनहरुमा गरिने वन ब्यवस्थापन कार्य अन्तर्गत**Selection System**लाई प्रस्ताव गरिएको छ । तर यस**System** लागु गर्ने क्रममा निम्न सावधानीका उपायहरू अवलम्वन गरिने छ ।

- साल प्रजातिLight Demander Species भएको हुँदा उक्त प्रजाति पुनरूत्पादन हुने क्षेत्रमा विशेष सतर्कता अपनाई Crown Thinning गरिनेछ ।

- Logging हुने समयमा प्रायः कलिला पुनरुत्पादनहरुलाई नोक्सानी हुनसक्ने बढी सम्भावना हुँदा त्यसको संरक्षणको उचित प्रवन्ध मिलाई मात्र कार्य संचानन गर्ने ।
- चरिचरण तथा वन डढेलोवाट नयाँ पुनरूत्पादित विरूवाहरूलाई जोगाउने ।

प्रजाति छनौटको कार्यमा निम्न बमोजिम आधारहरु तय गरिएको छ ।

- वन विभागबाट प्राप्त निर्देशनलाइ मुख्य आधार लिइनेछ ।
- भिरालो तथा संवेदनशिल क्षेत्रमा रुखहरु कटान गरिने छैन ।
- वन संवर्धन प्रणालीको अवलम्बन गर्नु पर्ने तरिकाहरु जस्तै रोग लागेको, ढलेको, मरेको, सुकेको, कुहिन थालेको आदि रुखहरुलाई मात्र कार्ययोजना अनुसार आकलन गरेर मात्र निस्कासन गर्न दिइनेछ ।

४.४.२.संरक्षित वनव्यवस्थापन कार्यक्रम

यस जिल्लामा वन व्यवस्थापनका बिभिन्न मोडेलहरूमा सामुदायिक वन विकास कार्यक्रमको मोडेललाई मुख्यरूपमा संचालन गरिंदै आएको छ । तर पनि हालसम्म यस जिल्लामा कुनै पनि क्षेत्रलाई संरक्षित वनको रूपमा व्यवस्थापन गरिएको छैन । तथापि सामुदायिक वनहरूमा ४५° भन्दा बढी भिरालो भएको वन क्षेत्र (चुरे क्षेत्र भए ३०°) लाई संरक्षित वन क्षेत्र छुट्याई व्यवस्थापन गरिएको पाईन्छ । यस्ता वन क्षेत्रलाई पूर्णरूपमा संरक्षित क्षेत्र मानी वन सदुपयोगका कुनै पनि कार्य गर्न निशेधित गरिएको छ । त्यसै गरी नदी तथा खोल्सा-खोल्सीको दाँयाबाँया १५ मिटरको क्षेत्रलाई पनि संरक्षित क्षेत्र मानी भू-क्षय नियन्त्रणका रूपमा सामुदायिक वन विकास कार्यक्रम मार्फत् Bio-engineering को अभ्यासको साथसाथै वृक्षरोपणको कार्यक्रम समेत संचालन गरिने छ ।

क. क्षेत्र निर्धारण

यस जिल्लामा नदी किनारहरुमा रहेको र नदीबाट प्रभावित हुन सक्ने संवेदनशील वन र चुरे पहाड तथा कमजोरभू-बनौट भएको स्थानहरुमा रहेको वनलाई संरक्षित वनको रुपमा व्यवस्थापन गरिनेछ । कपिलवस्तुको सुराई नाका क्षेत्र संग जोडिएका संरक्षित वन्यजन्तुहरुको जैविक मार्ग जस्ता संवेदनशिल क्षेत्रहरुलाइ प्राथमिकताका साथ संभावनाको खोजि गरिने छ । यस्तो क्षेत्र एकिन भए पश्चात कार्यान्वयन गर्ने अवस्थामा जिल्ला वन कार्यालयवाट यसै कार्ययोजनाअनुसार कार्यन्वयन गरिनेछ ।

ख. सञ्चालन गरिने संरक्षण, सम्बर्द्धन र सदुपयोगका कार्यक्रमहरु

अ. चुरेक्षेत्रको वन संरक्षण र सम्बर्द्धन

चुरेको वन ज्यादै जोखिमपूर्ण अवस्थामा भएको महसुश भएर वन तथा भू–संरक्षण मन्त्रालयवाटराष्टपति चुरेसंरक्षण कार्यक्रम संचालन निर्देशिका २०६८ तयार गरिएको छ । चुरे क्षेत्र कार्यक्रम रणनीतिले २२ वटा रणनीति तथा ४ वटा विषयगत क्षेत्र पहिचान गरेको छ ।

चुरे पहाडको विनासको कारण प्राकृतिक श्रोतको अनियन्त्रित प्रयोग, निर्माण सामग्रीको बढ्दो माग, प्राकृतिक प्रकोप र बढ्दो जनसंख्याको चाप आदि पर्दछन् । चुरे क्षेत्रको संरक्षणमा ध्यान नपुऱ्याएको कारण यस्तो स्थिति देखापरेको कुरालाई नकार्न मिल्दैन । चुरे क्षेत्रको यस्तो भयावह विनाश देखेर नेपालका प्रथम राष्ट्रपति डा.रामवरण यादवज्यूले चिन्ता व्यक्त गर्दै चुरे क्षेत्रलाई संरक्षण नगरे पहाड र तराईका बस्तीलाई प्रभाव पर्न सक्नेतर्फ सरकारको ध्यानाकर्षण गराएका थिए । राष्ट्रपतिले त्यसरी चिन्ता व्यक्त गरेपछिसरकारले आ.व.२०६७/०६८ देखि ''राष्ट्रपति चुरे संरक्षण कार्यक्रम''संचालनमा ल्याएको छ ।

चुरे क्षेत्रको कमलो भू-बनौटको कारण संवेदनशिल भौगोलिक अवस्था र तराईको उर्वर भूमिलाई अत्यावश्यक भूमिगत जलभण्डारको मुख्य श्रोत जगेर्ना गर्न नेपाल सरकार सचिवस्तरको निर्णय अनुसार अत्ति संवेदनशिल , संवेदनशिल क्षेत्रमा रहेको वनलाई ढलापडा काठ, दाउरा मात्र संकलन गराउने निति लिईएको छ । विभागि आदेश , निर्देशन तथा कुनै निश्चित वन क्षेत्रको वैज्ञानिका वन व्यवस्थापनको लागि स्वीकृत वन व्यवस्थापन कार्य योजन तयार गरी स्वीकृत नभए सम्म सो वाहेकका अन्य कुनै कृयाकलाप संचालन गरिने छैन ।

आ. चुरे क्षेत्रमा सञ्चालन गरिने कार्यक्रमहरु

वन तथा भू–संरक्षण मन्त्रालय अन्तर्गतका वन विभाग, भू तथा जलाधार संरक्षण विभाग र वनस्पति विभाग मार्फत नेपालको २२ वटा जिल्लामा चुरे संरक्षण कार्यक्रम थालनी भएको छ । चुरे संरक्षण कार्यक्रम सफलता पूर्वक सञ्चालन गर्नका लागि स्थानीय स्तरमा अल्पकालीन तथा दीर्घकालीन योजना तयार भई मूख्यत: निम्न क्रियाकलापहरु गरिने छ ।

१. भू-तथा जलाधार व्यवस्थापन कार्यक्रम, बायो-ईन्जिनियरिङ्ग सम्बन्धी कार्यक्रमहरु बांस, अम्रिसो जस्ता छेकबांध बनाउने तथा माटो संरक्षण गर्ने लगायतका अन्य प्रजातिको वृक्षारोपण गर्ने कार्यहरु जिल्ला भूसंरक्षण कार्यालयवाट ।

२. जैविक विविधता अभिलेखिकरण र संरक्षण ।

३. अति चरिचरन (Over Grazing) तथा वन डढेलो नियन्त्रण गर्न जनचेतना अभिवृद्धि कार्यक्रम (तालिम, गोष्ठि, पर्चा, पम्पलेट वितरण आदि) ।

४. सामुदायिक वनमा जन सहभागितामूलक वन व्यवस्थापन

५. निजी वनलाई प्रोत्साहन दिने ।

६. खाली रहेको वनक्षेत्रमा तत्कालै वृक्षारोपण ।

७. वन पैदावारमा आधारित उद्यम विकास कार्यक्रम

इ. गैह्रकाष्ठ वन पैदावार

१. वन क्षेत्रमा पाईने गैह्रकाष्ठ वन पैदावारको वार्षिक उत्पादन हुने परिमाणलाई ध्यानमा राखि वार्षिक वृद्धिदरमा नबढाई लघुवन पैदावरको सङ्कलन तथा बिक्री वितरण गर्न सकिने छ ।

२. लघुवन पैदावरको वृक्षारोपण, खेति तथा संरक्षण कार्य प्राथमिकताका साथ संचालन गरिने छ ।

४.४.३ जनसहभागितामा आधारित वन व्यवस्थापन कार्यक्रम

४.४.३.१ साझेदारी वन व्यवस्थापन

साझेदारीको वनको निति अनुरुप यस जिल्लामा हालसम्म साझेदारी वनको संभावना देखिएको छैन ।

४.४.३.२ सामुदायिक वन कार्यक्रम

वन विकास गुरु योजना लागु भएको करिब तीन दशकको अवधीमा नेपालमा सामुदायिक वनहरु अधिक मात्रामा हस्तान्तरण भएको देखिन्छ ।

यस जिल्लामा पनि स्थानिय उपभोक्ताहरुलाई पायक पर्ने तथा स्थानिय उपभोक्ताहरुको चाहना अनुसार सामुदायिक वनहरु हस्तान्तरण गरिएका छन सोवाट स्थानिय उपभोक्ताको पायक पर्ने वनस्रोतको व्यवस्थापकिय अधिकार सुनिश्चत भएको छ जस्तै

- सामुदायिक वनको उत्पादकत्व बृद्धि गरि दीगो रुपमा वन पैदावार निकालेर उपभोक्ता समूहहरूको वन पैदावार सम्बन्धी आवश्यकतालाई निरन्तर रुपमा पुरा गर्ने ।
- सामुदायिक वनबाट उत्पादित वन पैदावार बिक्रि वितरण गरी श्रृजित आयलाई वन विकास, गरिवी निवारण र सामुदायिक विकासका कार्यमा लगाउनुका अतिरिक्त उपभोक्ता र स्थानीय उद्योगको वन पैदावार सम्बन्धी माग पुरा गर्ने ।
- वातावरण संरक्षण गरी जैविक विविधता बढाउने ।

सामुदायिक वन हस्तान्तरण भै सकेका चुरे क्षेत्र वाहेकका समूहहरुको वन कार्ययोजनामा उल्लेखित वन श्रोत सर्वेक्षणको आधारमा वनको उत्पादकत्वलाई कायमै राखी वन ऐन,२०४९, वन नियमावली, २०५१, समूहको स्वीकृत विधान र कार्ययोजना अनुसार वार्षिक स्वीकार्य कटान (AAC)को परिधि भित्र रही सामुदायिक वनक्षेत्र भित्र रहेका सुखड खडा,

ढलापडा रुखहरुलाई सर्वप्रथम प्राथमिकता दिई स्वीकृत वन कार्ययोजना अनुसारसंकलन गर्ने कार्य नेपाल सरकारको निर्देशन तथा मार्गदर्शन बमोजिम गरिनेछ ।

सामुदायिक वन विकासका लागि आगामी पाँच वर्षसम्म संचालन गरिने प्रस्तावित विभिन्न कार्यक्रमहरू र सोको लागि चाहिने अनुमानित वजेट यस कार्य योजनामा उल्लेख भए बमोजिम हुने छ । यसमा समय र परिस्थिति अनुसार कार्यक्रमहरूको पहिचान भएमा थपघट हुन सक्ने प्रावधान राखिएको छ । प्रस्तावित कार्यक्रम अनुसार स्थानीय उपभोक्ताहरूलाई नयाँ सामुदायिक वन हस्तान्तरण गर्ने लक्ष्य रहेको छ । त्यस्तै प्रत्येक वर्ष सामुदायिक वनहरूको कार्य अवधि समाप्त भई म्याद थप गरिरहनु पर्ने हुँदा यहाँ तिनीहरूको संख्या उल्लेख गर्नु उपयुक्त हुन्छ । यस पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजना अवधिभरमा जम्मा २९२ वटा सामुदायिक वनकार्य योजनाको नविकरण गर्नुपर्ने छ ।

सामुदायिक वन व्यवस्थापनका लागि गरिने कार्यहरु

- चोरी निकासी हुने तथा अतिक्रमणको संभावना रहेका वन क्षेत्रलाई Critical Area मानी त्यस्ता क्षेत्रलाई जनसहभागितामा आधारित सहभागितामुलक वन चोरी निकासी तथा अतिक्रमण नियन्त्रण कार्यलाई प्रभावकारी वनाउँदै लगिने ।
- जिल्लाको दक्षिणी चुरे क्षेत्र अति नै कमजोर र कमसल भएकोले पहुंच क्षेत्र(Reachable Area) को सन्दर्भमा संरक्षणलाई प्राथमिकता दिई सो संवेदनशील क्षेत्रहरुमा भू-संरक्षण कार्यालयसँग समन्वय गरी एकिकृत जलाधार व्यवस्थापन कार्यक्रममासघाउ पुग्ने कृयाकलापहरु संचालन गर्ने ।
- चुरे क्षेत्रको हकमा ३०° भन्दा बढी भिरालो भएको वन क्षेत्रलाई पूर्णरूपमा संरक्षित क्षेत्रको रुपमाव्यवस्थापन गर्ने जस्तैः वृक्षरोपण र अन्य निकायसँगको समन्वयमाBio-engineeringका कार्यक्रमहरू संचालन गराउने ।
- आर्थिक रूपले महत्वपूर्ण र गरीवि न्युनिकरणमा टेवा पुऱ्याउन सक्ने गैह्रकाष्ठ वन पैदावार तथा जडीबुटीहरूको पहिचान, उचित व्यवस्थापन, बजार प्रवर्धन तर्फ जोड दिने ।
- सामुदायिक वनहरूले श्रृजना गरेका कोषको कम्तिमा २५% लगानी अनिवार्य हरित क्षेत्रमा र ३५% गरीवमुखी कार्यक्रममा खर्च गर्नुपर्ने प्रावधानलाई व्यवहारमा अनिवार्य रुपमा लागु गर्ने गराउने ।
- समुदायका गरिव, विपन्न, दलित तथा महिलाहरूको जीविकोपार्जनमा टेवा पुरयाउने खालका र छोटो समयमा नै प्रतिफल दिनसक्ने आयआर्जनका कार्यक्रमहरूको योजना तथा कार्यान्वयन गर्न समूहलाई प्रोत्साहित गर्ने ।
- सामुदायिक वनका क्रियाकलापहरूलाई पारदर्शी बनाउन सार्वजनिक सुनुवाइको कार्यक्रमलाई विस्तारित गर्ने तथा जनचेतनाको कार्यक्रमलाई व्यापक बनाउँदै लैजाने ।
- सामुदायिक वनबाट आर्जन गरेको रकमको विनियोजन तथा खर्च बिभिन्न क्षेत्रहरूमा जस्तैः हरित क्षेत्र, सामुदायिक विकास, शैक्षिक क्षेत्र, उर्जा क्षेत्र, स्वास्थ्य क्षेत्र आदीमा कसरी र के कति भएको छ ? अभिलेखीकरण गरी जिल्लाभित्रको सामुदायिक वनले राष्ट्रियGDPमा गर्ने योगदानको लेखाजोखागर्ने गराउने ।

४.४.३.३ कवुलियती वन कार्यक्रम

यस जिल्लामा नेपाल सरकारले छुट्टै कवुलियती वन विकास कार्यक्रम लागु गरेको छैन । तथापि हस्तान्तरण भैसकेका वन नविकरणको क्रममा रहेका सामुदायिक वनहरूमा गरिवीको रेखामुनी रहेका विपन्न वर्गहरूको सानो समूह गठन गरी सामुदायिक वनभित्र रहेका खाली पर्ती तथा आयआर्जन गर्न सकिने वन क्षेत्र छुट्याई उनीहरूबाटै जीविकोपाजर्नको लागि यो कार्यक्रम लागु गर्न प्रस्ताव गरिएको छ । यस जिल्लामा केही सामुदायिक वनहरूमा समूहको सहमति र सहयोगमा यो कार्यक्रमको शुरूवात भएको छ । आगामी वर्षहरूमा पनि संभव र सहमति जुटेमा नयाँ निर्माण हुने वा नविकरण हुने सामुदायिक वनहरूमा कवुलियती वन कार्यक्रमलाई प्राथमिकता दिई लागु गरिनेछ ।

कुनै जडिबुटी तथा गैह्रकाष्ठ उद्योगको लागि कच्चा पर्दाथ उपलब्ध गराउन, जैविक विविधता संरक्षण कार्य गर्न तथा पर्यटकीय क्षेत्रको विकास तथा प्रवर्द्धन कार्यको लागि कुनै व्यक्ति वा संघ संस्थाले सरकारी वनक्षेत्र कवुलियती वनको रुपमा व्यवस्थापन गर्न चाहेमा नियमानुसार केही वनक्षेत्र कवुलियती वनको रुपमा उपलब्ध गराउन सकिने कानुनी प्रावधान रहेको छ । हैसियत बिग्रिएका वनहरू जसलाई कवुलियती वनको रुपमा व्यवस्थापन गरी विपन्न समुदायको

उत्थानको लागि दिन सकिन्छ, त्यस्ता वनहरु सामुदायिक वन भित्र नै माग भै आएमा नीतिमा व्यवस्था भए बमोजिम कार्यान्वयन तर्फ पहल गरिने छ ।

४.४.४ वन संरक्षण कार्यक्रम

४.४.४.१ वन सिमाना निर्माण, मर्मत तथा संरक्षण

यस जिल्लामा वन सिमाना सम्बन्धी समस्या टड्कारो रूपमा रहेको देखिन्छ । यो समस्या खासगरी जिल्लाको दक्षिण-पश्चिम क्षेत्रमा कपिलवस्तुसँग जोडिएको क्षेत्रमा रहेको पाइन्छ । जिल्लाको उत्तरी क्षेत्रमा यो समस्या खासै देखिदैन । जिल्लाको दक्षिणी सीमाको कतिपय वन क्षेत्र अझै पनि दुई जिल्ला बीचको विवादको विषय बन्न पुगेको छ ।

विगत वर्षहरूमा जिल्लाका बिभिन्न क्षेत्रहरूमा स्थापना गरिएका वन सिमानाहरूको फिल्डबुक २-२ पल्ट माओवादी जनयुद्धको क्रममा आक्रमणमा परेको (यस कार्यालयको भवन) ले ती श्रेस्ताहरू सबै नष्ट भएको अवस्थामा फिल्डमा ती सिमानाहरूको आवधिक रूपमा मर्मत संभार र स्याहार नभएकोले सीमा मिची अतिक्रमण गर्ने अवस्था रहन सक्ने देखिन्छ । जिल्लाको दक्षिणी भेगमा खासगरी कपिलवस्तुसँग उत्पन्न हुने/भएका सिमाना विवाद सल्ट्याउन जिल्लाभित्र निरन्तररूपमा राजनीतिक पहलको लागि कोशिस गरिनेछ ।

४.४.४.२ अतिक्रमण नियन्त्रण

यस जिल्लामा अतिक्रमण सम्बन्धी रहेको रेकर्ड अनुसार विभिन्न वनक्षेत्रमा करिव १८.२५ हे. वन क्षेत्र अतिक्रमण भएको रेकर्डबाट देखिएको छ । वन अतिक्रमण क्षेत्रको स्थलगत वस्तुस्थितिको आधारमा तिनीहरुलाई दुई भागमा विभाजन गरी अतिक्रमण नियन्त्रण गर्ने व्यवस्था मिलाईने छ ।

१. अतिक्रमण व्यवस्थापन

- धेरै पहिला देखि घरछाप्रो बनाई बसोवास गरिएको, भौतिक पूर्वाधार समेतको विकास भैसकेका स्थानहरु र खनजोत गरि खेती गरिएका अतिक्रमण क्षेत्रहरु मध्ये केहि क्षेत्रमा स्थाई बसोवासका संरचना बनाई सरकारद्वारा विकासका पुर्वाधार (विधुत, खानेपानी, स्वास्थ्य, स्कुल, बाटोघाटो) समेत बनाई व्यवस्थित भएका बसोवास समेत पाईएकोले त्यस्तो बसोवास तथा पुरानो खनजोत गरी खेतीपाती गरिदै आएको क्षेत्रहरुवाट अतिक्रमण हटाई वन पुर्नस्थापना गर्न वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ लागु भए पनि जिल्ला स्तरबाट मात्र त्यस्ता अतिक्रमीत क्षेत्र खाली गराउन अप्ठ्यारो परिरहेकोले केन्द्र स्तरबाट विशेष आयोग बनाई अतिक्रमण नियन्त्रण तर्फ पहल हुन आवश्यक छ ।
- नयाँ भरखरै वनक्षेत्रमा बसोवास गरेका क्षेत्रहरु, बारबेर सारी जग्गा बढाउने नियतले गरिएका अतिक्रमण, सा.व. क्षेत्र भित्रका अतिक्रमण क्षेत्रहरुमा जिल्लास्तरमा स्थानीय प्रशासन, प्रहरी, स्थानीय निकाय, उपभोक्ता समूहको सहयोग र समन्वयमा जिल्ला वन कार्यालयमा रहेको साधन र श्रोतको यथोचित परिचालन गरि अतिक्रमण क्षेत्र खाली गराईने कार्य जारी राखिने छ । यसरी खाली गराईएका क्षेत्रहरुमा वन विभागको स्वीकृती र स्थानीय जनसहभागितामा तत्कालै वृक्षारोपण गरी बारबेर गरिने छ ।
- वन अतिक्रमण नियन्त्रणको लागि थप रकमको आवश्यक परेको अवस्थामा वन विभाग संग माग गरि वन अतिक्रमण नियन्त्रण गरिनेछ ।

२. अतिक्रमण रोकथाम (Preventive Measure)

यस जिल्लाको दक्षिणी क्षेत्र खासगरी पावरा र दोवाटा रेञ्जपोष्ट अन्तर्गत १८.५ हे. पुरानो अतिक्रमण क्षेत्र रहेको छ । हाल आएर पुरानो अतिक्रमित क्षेत्रको नगिचैका वन क्षेत्रहरू खेतीपाती तथा आवासको प्रयोजनका लागि फाटफूट रूपमा वन सिमाना मिची अतिक्रमण क्षेत्र बढाउने वाहेकSignificantरूपमा वन अतिक्रमणको समस्या यस जिल्लामा रहेको पाइदैन । राष्ट्रिय वन अतिक्रमण हुनसक्ने(Vulnerable Area) क्षेत्रहरूको पहिचान गरी स्थानीय समुदायलाई सामुदायिक वनको रूपमा हस्तान्तरण गर्ने रणनीति समेत यस कार्यालयले लिदै आएको छ र दक्षिणी क्षेत्रका डोहोटे, पावरा र दोवाटा रेञ्जपोष्ट अन्तर्गतका केही त्यस्ता वन क्षेत्रहरू पहिचान गरी समुदायलाई हस्तान्तरण गरिसकेको छ । तथापि हालको संक्रमणकालीन राजनैतिक परिवेशमा सामुहिक वन अतिक्रमणको प्रयास नहोला भन्ने स्थिति नरहेकोले यसप्रति चनाखो हुनका लागि सम्बन्धित रेञ्जपोष्टका कर्मचारीहरूलाई चनाखो हुन निर्देशन गरिनेछ भने त्यस्ता क्षेत्रहरूको गस्तिलाई प्रभावकारी र नियमित तुल्याउनेछ ।

अतिक्रमण नियन्त्रण कार्य सम्पादन गर्न सहज देखिदैन । जिल्ला वन कार्यालयमा साधन स्रोतको रूपमा गाडी, सशस्त्र वन रक्षकहरु तथा हातहतियारको अभावले गर्दा प्रभावकारीताको कमि भएको अवस्थमा यसको वैकल्पिक उपायको खोजीको महशुस गरिएको छ । यसको लागि स्थानीय वा जिल्लास्तरीय सर्वपक्षिय संयन्त्रको निर्माण गरी सामुहिक रूपमा यो समस्या समाधान गर्ने प्रस्ताव गरिएको छ । यस कममा जिल्लामा जिल्ला अतिक्रमण नियन्त्रण कार्यदल गठन समेत भईसकेको छ ।

अतिरिक्त जिल्ला वन कार्यालयमा रहेको साधन र स्रोत तथा सुबिधालाई हदैसम्म परिचालन गरी कार्य क्षेत्रमा नियमित अनुगमन गरिनेछ ।आ.व. २०६९/०७० मा वन अतिक्रमणको अवस्था रणनिति अनुसार आवधिक (५ वर्षे कार्यक्रम तथा वजेट तयार गरी वन विभागमा पठाईएकोमा हालसम्म वजेट स्वीकृत भई नआएकोले वन अतिक्रमण नियन्त्रण कार्ययोजना कार्यान्वयन गर्नको लागि कार्यक्रम तथा बजेट प्रस्ताव गरिएको छ ।

वन अतिक्रमण नियन्त्रण कार्य योजना निम्न बमोजिम रहेको छ ।

क्र.सं	कार्यक्रमहरु	कहिले	जिम्मेवारी
१	वन सिमाङ्कन क्षेत्रहरुमा नियमित अनुगमन	निरन्तर	रे.पो. तथा इलाका वन कार्यालय
२	अतिक्रमण क्षेत्रको नक्सांकन कार्य (जिपिएस प्रयोग तथा इमेजहरुको प्रयोग)	प्रत्येक वर्ष	इलाका वन कार्यालय तथा जिल्ला वन कार्यालय
३	अतिक्रमण वनक्षेत्रहरू भविष्यमा दर्ता नहुने बारेमा जनतालाई पूर्ण चेतनशील प्रचार प्रसार	निरन्तर	जिल्ला वन कार्यालय र अन्तरगत सबै कर्मचारीहरु
४	विभिन्न वन व्यवस्थापन नमूनाको जनचेतना कार्यक्रममा गैर सरकारी समुदाय, समितिहरू र समूहहरू परिचालन	निरन्तर	जिल्ला वन कार्यालय र अन्तरगत सबै कर्मचारीहरु
५	अतिक्रमण नियन्त्रण सूक्ष्म अध्ययन	आ.व.०७०/०७१र ०७३/०७४	जिल्ला वन कार्यालय
६	साधारण वल प्रयोग गरेर अतिक्रमण क्षेत्रमा वस्ती तथा व्यक्तिको कब्जामुक्त गर्ने	आ.व.०७२/०७३	जिल्ला वन कार्यालय (वन अतिक्रमण नियन्त्रण कार्यदलको समन्वययमा)
७	अतिक्रमण क्षेत्रमा भएका सुखड तथा ढलापडा रुखहरू संकलनको लागि कार्ययोजना बनाई विभागिय स्विकृति लिई कार्यान्वयन गरिने छ ।	आ.व. ०७३/०७४	वन विभाग, जिल्ला वन कार्यालय
८	अतिक्रमण हटाउन नसकिएका क्षेत्रहरुमा कवुलियती वन समूह गठन गरी व्यवस्थापन गर्ने (वन विभाग संग स्विकृति लिएरमात्र)		वन विभाग, जिल्ला वन कार्यालय
९	अतिक्रमण क्षेत्र पुर्नस्थापना पश्चात वृक्षारोपण कार्य गर्ने र संरक्षण गर्ने ।	आ.व. ०७३/०७४ देखि ०७४/०७५ सम्म	जिल्ला वन कार्यालय

४.४.४.३ वन पैदावार चोरी निकासी नियन्त्रण

काठ तथा दाउराको अवैध रूपमा चोरी निकासीको समस्या यस जिल्लामा न्यून रहेको छ । विगतमा यस जिल्लाको पावरा, वठेनी, विक्रमसोता, गाग्रेखोला, भंगला, मौवावारी, गैंडे, खयरभट्टी, पत्थरकोट, वेल, सुकवेल आदि स्थानहरू वनसंरक्षणको हिसावले संवेदनशिल देखिन्छ । सो क्षेत्रमा कर्मचारीहरुको नियमित गस्ती तथा सुराकीहरु समेत परिचालन गरि चोरी निकासी नियन्त्रण कार्य गरिनेछ ।सो क्षेत्रमा सहभागितामुलक चोरी निकासी नियन्त्रण कृयाकलापलाई प्रभावकारी वनाउँदै लगिनेछ । यस्ता संवेदनशिल क्षेत्रहरुमा जिल्ला वन कार्यालय, अर्घाखाँचीले कपिलवस्तु जिल्लासँग समन्वय गरी संयुक्त गस्ती तथा अनुगमनको व्यवस्था गरीनेछ । यसको लागि सहभागितामुलक चोरी निकासी नियन्त्रण कार्यक्रम प्रस्ताव गरिएको छ ।

१. तत्कालिन कार्यक्रमहरु

- रेन्पोष्टहरुको मौजुदा पूर्वाधार सुधार तथा पुनर्स्थापना गरी कामकाज गर्ने व्यवस्था मिलाउने ।
- वन पैदावार चोरी निकासी गर्ने दुस्प्रयासलाई नियन्त्रण गर्न ईलाका वन कार्यालय स्तरमा जनशक्ति, श्रोत र साधन सम्पन्न गराई नियमित र शसक्त गस्ती परिचालन गर्ने । गस्ती परिचालन गर्दा उल्लेखित नाका र विन्दुहरुलाई विशेष निगरानीमा राख्ने ।

- स्थानीय प्रहरी, प्रशासनसंग समन्वय गरि फिल्डस्तरका कारवाहिहरु सञ्चालन गर्ने ।
- संवेदनशिल वनक्षेत्रका वन इकाईहरुमा स्थानीय संघ संस्था, उपभोक्ता समूह, स्थानीय निकाय, राजनैतिक दल समेतको समन्वयबाट जनस्तरमा चेतना र सन्देश मूलक कार्यक्रम गर्ने ।

२. दीर्घकालिन कार्यक्रमहरु

- चोरी निकासी नियन्त्रण विशेष योजना तयार गर्ने ।
- वन प्रशासन शसक्त र सबल बनाई फिल्डस्तरीय कार्वाही बढाउने ।
- स्थानीय जनतालाई दैनिक आवश्यक पर्ने काठ, दाउरा तथा कृषि औजार आदि आपूर्ती समिति मार्फत सर्व शुलभ वितरण गर्ने ।
- काठ दाउराको विक्रि डिपोहरु सञ्चालन गर्ने ।
- वन पैदावारमा आधारित उद्योग धन्दाहरुलाई वन पैदावार आपूर्ती सुचारु गर्ने ।
- चोरी निकासी नियन्त्रण तथा वन संरक्षण तर्फ जन चेतना अभिवृद्धि गर्ने खालको गोष्ठी सञ्चालन गर्न बार्षिक कार्यक्रममा बजेट व्यवस्थापन गर्ने ।
- वन पैदावारमा आधारित उद्योग, सःमिल, फर्निचर उद्योग, भेनियर उद्योग, कत्था यद्योग तथा इटाभट्टाहरुको शसक्त अनुगमन, नीरिक्षण तथा नियन्त्रण प्रभावकारी बनाउने ।
- वन पैदावार आपूर्ती समिति, सामुदायिक वन तथा टि.सि.एन.लाई शसक्त र जिम्मेवार बनाउने ।
- स्थानीय निकाय, प्रहरी प्रशासन, भन्सार, सीमा प्रशासन, सुरक्षा निकायहरुको समन्वय, सहयोग जुटाई सिमापार चोरी निकासीलाई नियन्त्रण गर्ने ।
- थुनुवाको कोठा/घर सुधार गरी मानव अधिकार संरक्षण गर्ने ।

४.४.४.४ जैविक विविधता संरक्षण कार्यक्रम

जैविक विविधता संरक्षणतर्फ यस जिल्लामा सरकारीस्तरबाट विशेष कार्यक्रम लागु गरेको छैन तथापि जैविक विविधताको संरक्षणलाई महत्व दिंदैसामुदायिक वन कार्ययोजनाहरुमा अभिलेखीकरण गर्ने परिपाटीको थालनी गरिंदै आएको छ । यसको लागि तात्कालीन नेपाल सरकारले २०६० बैशाख २० गते स्वीकृत गरेको जैविक विविधताको अभिलेख राख्ने विभिन्न फारमको आधारमा सरल किसिमको फारामको बिकास गरी नयाँ बन्ने तथा नविकरण गर्ने सामुदायिक वन कार्य योजनाहरूमा अनिवार्यरूपमा जैविक विविधताको अभिलेख राख्ने व्यवस्था गरिएको छ । साथै उक्त कार्ययोजनामा सालवसाली रूपमा खण्ड-खण्डमा के कस्ता जीवजन्तु तथा वनस्पति प्रजातिहरूको आगमन भएका छन् अथवा लोप हुने अवस्थामा छन् भन्ने कुरा थाहा पाउनको लागि प्रत्येक वर्ष एक वटा खण्डको जैविक विविधता सम्बन्धी जानकारी अद्यावधिक गर्नको लागि आर्थिक वर्षको भूक्तानी भएको एक महिनाभित्र प्रत्येक सामुदायिक वन उपभोक्ता समूहहरूले वार्षिक प्रतिवेदन जिल्ला वन कार्यालयमा पेश गर्नु पर्ने व्यवस्था गरिएको छ । साथै सामुदायिक वन उपभोक्ता समूहहरूले स्वीकृत वन कार्ययोजना अनुसार व्यवस्थापन तालिकामा उल्लेखित बिभिन्न किसिमको वन सम्वर्धनका कार्यहरू गर्दा जैविक विविधताको संरक्षणलाई प्राथमिकता दिन उपभोक्ताहरूलाई जिल्ला वन कार्यालय, इलाका वन कार्यालय तथा रेञ्जपोष्टहरूबाट सहजीकरण गरिनेछन् ।

जैविक विविधता संरक्षणको व्यवस्थापन योजना तयार गर्ने एक प्रस्ताव

पणेना गाविसमा अवस्थित पाणिनि तपोभूमि वन क्षेत्र लगायत जिल्लाका बिभिन्न ठाउँमा रहेको जैविक विविधताले महत्वपूर्ण र धनी क्षेत्रहरूको पहिचान गरी जैविक विविधता संरक्षणको समग्र व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गरीदैलगिने छ । जिल्लामा सीमित स्रोत र साधनको कमी रहेकोले आगामी ५ वर्षको लागि कुनै निकायवाट वजेट प्राप्त भएमा कुनै एक स्थानलाई Pilot Programको रूपमा जैविक क्षेत्रको विविधता संकलन गर्ने प्रस्ताव राखिएको छ । यो कार्यक्रम संचालन गर्न जैविक विविधतासँग सरोकार राख्ने जिल्लास्थित अन्य सरकारी कार्यालयहरू, स्थानीय निकाय तथा अन्य विकास योजनाहरूसँग समन्वय गरिने छ ।

जिल्लामा पाइने बिभिन्न गैह्रकाष्ठ वन पैदावरहरूको सदुपयोग गर्नु पूर्व विभिन्न वन क्षेत्रमा पाइने गैह्रकाष्ठ वन पैदावारजन्य वनस्पतिको परिमाण र क्षेत्र तोकी वनस्पति प्रजातिको Physical तथा Biological Characteristics को आधारमा कति-कति वर्षमा र कुन-कुन महिनामा संकलन कार्य गर्न दिने हो, सो वारे उल्लेख गरिनेछ । सुनाखरी प्रजातिको संकलन तथा खेति कार्यविधि, २०६९ लाई अवलम्वन गरि कार्यहरु संचालन गरिनेछ । त्यस्तै खोटो संकलन कार्यक्रमलाई निरन्तरता दिई सल्लाका रूखहरूलाई चोट नपुऱ्याउन वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनले निर्देशित गरिएका सुझावहरूलाई अक्षरस पालना गरिने छ एवं खोटो संकलन कार्यविधि, २०६४ लाइ पालना गरिनेछ ।

४.४.४.५ वन डढेलो नियन्त्रण तथा व्यवस्थापन कार्य योजना

यस जिल्लामा पनि वर्षेनी वनमा आगलागी भई वन विनाश हुने गरेको छ, सोको छुटै विस्तृत वन डढेलो नियन्त्रण कार्य योजनाको आवश्यकता महसुस भए तापनि उपलब्ध जनशक्ति, श्रोत साधनलाई समेत ध्यानमा राखी निम्न बमोजिमको क्रियाकलापहरु संचालन गरिने छ ।

१. वन डढेलो लाग्ने अवधी (चैत्र, बैषाख, ज्येष्ठ) अगावै देखि विभिन्न FM/Radio, पत्र पत्रिका, पोष्टरहरु मार्फत जनचेतना जगाउने कार्य गरिने छ ।

२. सर्व प्रथम वन कर्मचारी र त्यस पछि प्रत्येक गा. वि. स. का प्रतिनिधित्व हुने गरी विभिन्न संघ सँस्थाहरु, सामुदायिक वन, राजनैतिक सँघ सँगठनहरु व्यक्तिहरुलाई वन डढेलो सम्बन्धी तालिम दिई श्रोत व्यक्तिको रुपमा वन डढेलो नियन्त्रणको लागि तयारी गरिने छ ।

३. उपलब्ध बजेटवाट वन डढेलो नियन्त्रणका सामाग्रीहरु खरिद गरिने छ ।

४. वन डढेलो रोकथाम र नियन्त्रणका लागि स्थानीय समुदाय, सामुदायिक वन उपभोक्ता, नागरिक समाज, सरकारी तथा गैर सरकारी सँघ सस्थाहरुसँग समन्वय र सहकार्य गरिने छ ।

५. समुदायमा आधारित वन व्यवस्थापन समूहहरुमा डढेलो व्यवस्थापन स्वयंसेवी उप समूहहरु गठन गरिने छ ।

६. वन डढेलो नियन्त्रण तथा रोकथामका लागि योगदान पुर्‍याउने व्यक्ति वा सँस्थालाई पुरस्कृत गर्ने, साथै वन डढेलो लगाउने वा लगाउन मद्दत पुरयाउने कार्य गर्ने व्यक्ति वा सँस्थालाई कडा कारवाही गरिने छ ।

७. वन डढेलो प्रभावित क्षेत्रमा जनसहभागिता परिचालन गरि प्राकृतिक पुनरुत्पादन प्रवर्द्धन तथा बृक्षारोपण गरी सोको संरक्षण गरिने छ ।

८. वन डढेलो पीडित व्यक्ति तथा घरधुरीलाई अन्य आगलागि पिडितलाई सरह उचित राहत दिने व्यवस्था मिलाइने छ ।

४.४.४.६ चरिचरन नियन्त्रण तथा व्यवस्थापन

चरिचरन अदृश्य वन विनाशका कारक तत्वहरु मध्ये एक रहेको छ, जसवाट वनको प्राकृतिक वा कृत्रिम पुनरुत्पादनमाअसर पर्दछ । त्यसैले चरिचरण नियन्त्रण तथा व्यवस्थापन गर्ने कार्य आवश्यक ठानी निम्न बमोजिमका कार्यहरु गरिने छ ।

१. बृक्षारोपण क्षेत्र वरिपरि तारवार वा जैविक वार लगाइने छ । सामाजिक वारको लागि जनचेतनामूलक कार्यमा जोड दिइनेछ ।

२. भिरालो र भू-क्षय प्रभावित क्षेत्रमा उपयूक्त विरुवा लगाई चरिचरनमा पूर्ण बन्देज लगाइने छ ।

३. गाउँका वरिपरिका वनहरु, निजी वन, पर्ति-खाली स्थानहरुमा घाँस प्रजाती लगाई बधुवा पशुपालनलाई प्रोत्साहन गरिने छ ।

४. वन संरक्षण र विकासमा असर नपर्ने गरी केहि स्थानहरुमा घुम्ती चरिचरनको व्यवस्था मिलाइने छ ।

५. जिल्ला पशु सेवा कार्यालयसँग समन्वय गरी विकसित प्रजातीका पशुपालनको लागि प्रोत्साहन गरिने छ ।

६. विशेष गरी महिलाहरुलाई भुँई घाँस र ठूला रुखवाट मात्र घाँस काट्न जनचेतना दिइने छ ।

७. सामुदायिक वन भित्रको कवुलियती वनहरुमा उन्नत घाँसको खेति लाइ प्रश्रय दिइनेछ । यसको साथै सामुदायिक वनहरुमा अम्रिसो रोपण कार्यलाइ समेत प्राथमिकता दिनको लागि कार्ययोजना पुनरावलोकन गर्दा समावेस गरिनेछ ।

४.४.५ कृत्रिम तथा प्राकृतिक पुनरुत्पादन कार्यक्रम

यस जिल्लाको वनको विकासका लागि वनको किसिम, प्रजाती र स्थान विशेष अनुसार कृत्रिम तथा प्राकृतिक दुवै किसिमका पुनरुत्पादनमा जोड दिनु पर्ने देखिन्छ । हालसम्म गरिएका विरुवा उत्पादनको विवरण अनुसूची-३ मा उल्लेख गरिएको छ । भौगोलिक वनावट अनुसार जिल्लाको दक्षिणी भेकमा पर्ने साल वनमा प्राकृतिक पुनरुत्पादनलाई प्राथमिकता दिएर वनको विकासमा ध्यान दिनु पर्ने देखिन्छ भने चरिचरनलाई घुम्ती चरिचरन वा पूर्ण बन्देज लगाउनु पर्ने आवश्यकता देखिएको छ । साथै चुरे लगायतका विभिन्न खाली, पर्ति, सार्वजनिक स्थानहरुमा वृक्षरोपण गरी वनको विकास गर्नु पर्ने अपरिहार्यता देखिएको छ, सोको लागि निम्न बमोजिमका कार्यहरु गरिने छ ।

४.४.५.१. स्थायी तथा अस्थायी नर्सरीकार्यक्रम

यस जिल्लामा सामुदायिक, सरकारी तथा निजी गरी ३ किसिमका नर्सरीहरु संचालन हुदै आएका छन् ।

१. स्थायी नर्सरी

यस जिल्लामा जिल्ला पशु सेवा कार्यालय अर्घाखाँचीको खाली क्षेत्रमा १ वटा नर्सरी सरकारी निकायबाट संचालन हुँदै आएको छ । यो नर्सरीलाइ स्थायी प्रकृतिको पुर्वाधार तयार गर्ने गरी कार्यक्रम प्रस्ताव गरिएको छ । यी नर्सरीमा उत्पादन भएको विरुवा स्थानिय बासिन्दाहरुलाई निःशुल्क बितरण गर्ने गरिएको छ । नर्सरीमा उत्पादन गरिने बिरुवाहरु जडिबुटी, डालेघाँस, काठ, दाउरा लगायत आयमूलक कार्यक्रममा टेवा पुऱ्याउने खालका छन् । जस मध्ये मुख्य रुपमा मसला, कल्की फूल, कपू, धुपिसल्लो, दालचिनी , रिठा, अमला, बांस, , लप्सी, आदि रहेका छन् । जिल्लामा एउटा नर्सरीलाई स्थायी प्रकृतिको रुपमा विकास गर्ने योजना रहेको छ ।

२. सामुदायिक वन समूह नर्सरी

यस जिल्लाका सामुदायिक वनहरुले पनि वन नर्सरीहरुको स्थापना गरी विरुवा उत्पादनको कार्यक्रम संचालन गरिरहेका छन् । सा.व.उ.स. मा वृक्षारोपणको आवश्यकता अनुसार विरुवा उत्पादनको लागि नर्सरी स्थापना तथा संचालन गर्ने र वृक्षारोपण कार्य समाप्त भए पछि स्वत बन्द हुने गरेका छन् । विषेश गरी समूहहरुबाट सन्चालन भएका नर्सरीहरुमा प्राविधिक ज्ञानको कमि हुने भएबाट विरुवाको गुणस्तरमा कमि, धेरै प्रजातिहरुको उत्पादन नहुने र के कति उत्पादनभै कहाँ रोपियो भन्ने वारे अभिलेख समेत नरहने समस्याहरु देखिएको छ ।

विगत वर्षहरूमा यस जिल्लामा सामुदायिक वन नर्सरी संचालनको लागि जिल्ला वन कार्यालयवाट अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ र उक्त कार्यक्रमलाई आगामी दिनमा समेत निरन्तरता दिने प्रस्ताव गरिएको छ ।

३. समुदायगत एवं निजी नर्सरी

यस जिल्लामा निजी तवरमा विरुवाहरु उत्पादन गरि उत्पादित विरुवाहरु मध्येका केहि विरुवाहरु बिभिन्न संघ संस्था तथा व्यक्तिहरुलाई बिक्री गर्ने गरिएको पाईएकोछ । तथ्यगत लगत तयारी हुन सकेको छैन ।

४.४.५.२ वृक्षारोपण कार्यक्रम

स्थानीयस्तरमा हरियाली बढाउन, भू-क्षयको नियन्त्रण तथा सोधभर्ना गर्न, कृषि क्षेत्रको उत्पादकत्व बढाउन, वन पैदावारको परनिर्भरता कम गर्न, बिभिन्न कारणबाट कटान भएका वन क्षेत्रलाई पुनः हराभरा गराउन तथा खाली, नाङ्गो आवाद जग्गाहरूमा हरियाली कायम गर्न वृक्षरोपणको अति नै आवश्यकता पर्दछ । यस जिल्लामा तुलनात्मक हिसाबमा दक्षिणी क्षेत्रहरू भन्दा उत्तरी क्षेत्रहरूमा केही बढी नाङ्गा, खाली पर्ती र भू-क्षय हुनसक्ने क्षेत्रहरू रहेकाले त्यस्ता क्षेत्रमा व्यापक वृक्षरोपणको खाँचो देखिन्छ । समग्रमा जिल्लाभरी कहाँ, के कति वृक्षारोपण गर्न आवश्यक जग्गा उपलब्ध छन्, सोको आधारमा कति विरूवा उत्पादन गर्ने भन्ने कुराको एकिन गर्न सजिलो पर्न जान्छ । यस जिल्ला भरीमा हालसम्म गरिएका बृक्षारोपण सम्बन्धी विवरण अनुसूची-४ मा उल्लेख गरिएको छ ।

क. वृक्षारोपण गर्न सकिने क्षेत्रको विवरण र वृक्षारोपणको वार्षिक कार्यक्रम

यस जिल्लामा वृक्षारोपण गर्न सकिने क्षेत्र करीब १२१२ हे. रहेको छ । यस वन व्यवस्थापन योजना अवधिमा प्रत्येक आ.ब.मा उपलब्ध बजेट र आवश्यकता हेरि क्रमशः बृक्षारोपण गरिने लक्ष लिईएको छ । वजेटको व्यवस्था हुन सकेमा यस भन्दा वढी वन क्षेत्रमा वृक्षारोपण गर्न सकिन्छ । वृक्षारोपण गर्नु पर्ने मुख्य र सम्भाव्य उपयुक्त स्थानको विवरण साथै अनुमानित क्षेत्रफल निम्न बमोजिम छन् ।

तालिका-३८: वृक्षारोपण गर्न उपयुक्त स्थानको विवरण

क्र.सं.	गाविस	क्षेत्रफल (हे.)	क्र.सं.	गाविस	क्षेत्रफल (हे.)	क्र.सं.	गाविस	क्षेत्रफल (हे.)
१	वाँगी	१००	१५	मैदान	३३	२९	नरपानी	७
२	खन	१०	१६	पाली	५	३०	अड्गुरी	६
३	खनदह	१५	१७	पटौटी	३८	३१	वाङ्गला	२
४	अर्घातोष	१५	१८	पणेना	९	३२	चिदिका	४
५	मरेङ्ग	१६	१९	खिदिम	४	३३	केरूङ्गा	१६
६	डिभर्ना	३	२०	पोखराथोक	२९	३४	ठूलोपोखरा	५.५
७	भगवती	५	२१	धातिवाङ्ग	५	३५	छत्रगंज	२.५
८	जलुके	१०	२२	सन्धिखर्क	१०	३६	वल्कोट	१
९	सिद्धारा	४०	२३	किमडाँडा	१३	३७	गोखुङ्गा	४५
१०	सिमलपानी	२५	२४	अर्घा	५०	३८	ढाकावाङ्ग	३२
११	सुवर्णखाल	११०	२५	नुवाकोट	३	३९	असुरकोट	१०
१२	सीतापुर	१५०	२६	ढिकुरा	४	४०	हँसपुर	७५
१३	ठाडा	२००	२७	धनचौर	३	४१	धारापानी	७५
१४	जुकेना	३	२८	खाँचीकोट	८	४२	खिल्जी	१५

ख. जि.व.का.ले गर्ने सरकारी वृक्षारोपण

यस योजना अवधिमा खाली पर्ति, सार्वजनिक जग्गा, वन अतिक्रमण हटाई खाली भएका क्षेत्रहरुमा वार्षिक रुपमा जिल्लाको आवश्यकता अनुसार योजना तयार गरी वृक्षारोपण गर्दै गई खेर गईरहेको जमीनलाई वनक्षेत्रमा परिणत गरी व्यवस्थापन गरिनेछ । काठ दाउराको आपूर्तिमा निजी वनको योगदान उल्लेखनिय छ । निजी वनका धनीहरुलाई नि:शुल्क विरुवा वितरणको कार्यमा व्यापकता बनाई बृक्षारोपण कार्यक्रम मार्फत अझै परिणाममुखी बनाउन निजी क्षेत्रको सहभागितामा जोड दिईने छ । वृक्षारोपण गर्न सकिने क्षेत्रहरु :–

- खाली गराइने अतिक्रमित क्षेत्रहरु,
- वनक्षेत्र भित्र रहेका खाली पर्ती चौरहरु,
- नदी खोलाको किनारका खाली पर्ती चौरहरु,

निजी वनलाई बढावा दिने उद्देश्यले स्थानीय समुदाय/किसानलाई समेत छिटो हुर्कने डालेघाँस तथा दाउराका विरूवाहरू लगाउन प्रोत्साहन गर्दै नि:शुल्क विरूवा वितरण गरिनेछ । सामुदायिक वन उपभोक्ता समूहहरूलाई परिचालन गरी सामुदायिक वन क्षेत्रमा वृक्षरोपणको कार्य सम्पन्न गर्न स्पष्ट प्रतिवद्धता सहित विरूवाहरू नि:शुल्क रूपमा वितरण गरिनेछ । यसका लागि नर्सरी संख्या र क्षमतालाई बढाई प्रत्येक रेञ्जपोष्टमा कम्तीमा १० हजार विरूवा उत्पादन गर्ने नर्सरीको स्थापनाको लागि उचित कदम चालिने छ ।

अर्घाखाँची जिल्लामा अघिल्ला वर्षहरूमा गरिएका वृक्षारोपणको लगत विवरण तालिका-३१ मा प्रस्तुत गरिएको छ । जिल्लामा वृक्षरोपणको माग हरेक वर्ष बढिरहेको भएता पनि सरकारबाट कार्यक्रम र वजेटको उचित व्यवस्था नभई दिनाले नियमित रुपमा वृक्षारोपण कार्य हुन सकेको छैन । आ.व. ०६९/०७० मा जिल्ला वन कार्यालय तथा सामुदायिक वनमा नर्सरी स्थापना गरी विरूवा वितरण गर्ने कार्यक्रम राखिएको भएपनि वृक्षारोपणको लागि भनेर छुट्टै कार्यक्रम र वजेटको व्यवस्था भएन । तथापि उक्त आ.व.मा वितरण भएको विरूवा र समूहमा वृक्षरोपण भएकोलाई आधार मानी क्षेत्रफल तोकी तालिकामा प्रस्तुत गर्न खोजिएको छ ।

तालिका-३८: बिभिन्न आ.व.मा भएका वृक्षरोपणको विवरण

क्र.सं.	आर्थिक वर्ष	वृक्षरोपण क्षेत्रफल (हे.)	वृक्षरोपणको अवस्था	कैफियत
१	०४४/४५	१२९१.४०	रामो (रोपिएका बिरूवाहरू ६०% भन्दा बढी बाँचेको)	अघिल्लो वर्षदेखिको जम्मा
२	०४५/४६	२०१.००		
३	०४६/४७	२१.००		
४	०४७/४८	३१.५९		

५	०४८/४९	१२३.०४		
६	०४९/५०	१८२.८५		
७	०५०/५१	१०३.८५		
८	०५१/५२	११०.००		
९	०५२/५३	१२०.००		
१०	०५३/५४	१७०.००		
११	०५४/५५	१५०.००		
१२	०५५/५६	५०.००		
१३	०५६/५७	१५.००		
१४	०५७/५८	१०.००		
१५	०५८/५९	२०.००		
१६	०६३/६४	४.९०		
१७	०६४/६५	३१.२५		
१८	०६५/६६	२४.६२		
१९	०६६/६७	५३.४३		
२०	०६७/६८	९७.८७		
२१	०६८/६९	७९.१३		
२२	०६९/०७०	१५.४१		
	जम्मा	**२९०५.६९**		

जिल्लामा विरूवाको मागको अनुपातमा उत्पादन साह्रै कम भएको हुँदा वृक्षरोपण गर्न लायकको क्षेत्र छनौट गरी समूहमा नर्सरी स्थापना गर्न लगाई त्यसको निम्ति आर्थिक तथा प्राविधिक सहयोग दिन सकेमा उपभोक्ता वर्ग बढी लाभान्वित हुने तथा जिल्लाकै परिप्रेक्ष्यमा पनि हरियाली बढ्न गई वातावरणमा समेत अनुकूल प्रभाव पर्नजाने हुन्छ । विगतमा जिल्लामा भएका वृक्षरोपण स्थलहरूमा हाल प्राकृतिक पुनरूत्पादन समेत भई वनजंगलको हैसियतमासुधार भएकोदेखिन्छ ।

ग. सामुदायिक वनहरूले गर्ने सामुदायिक वृक्षरोपण

सामुदायिक वनहरूले आफ्नै आर्थिक स्रोतबाट वा अन्य संघ/संस्थाको सहयोगमा आफ्नो समुदायमा विरूवा उत्पादन गरी वृक्षरोपणको कार्य गर्न सक्नेछन् । आर्थिक स्रोत नभएका समूहहरूलाई स्रोत सम्पन्न समूहहरू विशेषगरी दक्षिण क्षेत्रका सामुदायिक वन उपभोक्ता समूहहरूले विरूवा उत्पादन कार्यमा सहयोग गर्ने विशेष कार्यक्रमको प्रस्ताव गरिएको छ । यसको लागि जि.व.का./इ.व.का./रे.पो.ले समन्वयकारी भूमिका खेल्नुपर्नेछ । साथै जिल्ला वन कार्यालयले

चाहिने प्राविधिक सेवा उपलब्ध गराउनेछ । विरूवा उत्पादन गर्दा पारम्परीक तरिकाबाट निम्न गुणस्तर र कम उपयोगी विरूवाहरू भन्दा बहुउद्देश्यीय छिटो हुर्कने र आयआर्जनमा प्रत्यक्ष टेवा पुऱ्याउन सक्ने विरूवा उत्पादन गर्न समूहलाई जागरूक बनाउने काम गरिनेछ । वृक्षरोपणको लागि वृक्षरोपणभन्दा पनि अर्थपूर्ण र गुणात्मक वृक्षरोपणको सिद्धान्तलाई अंगिकार गरी कार्यक्रम संचालन गरिनेछ ।

४.४.५.३ सम्पन्न भएको वृक्षारोपणको विवरण र हालको स्थिती

सरकारी कार्यक्रमबाट यस जिल्लामा अभिलेख अनुसार आ.व. ०४४/४५ देखि आ.व. ०६९/०७० सम्ममा यस जिल्लामा कुल २,९०५.६९ हेक्टर क्षेत्रमा वृक्षरोपण गरिएको देखिन्छ भने आ.व. ०६०/६१ पश्चात् सरकारीस्तरबाट वृक्षरोपणका कुनै पनि कार्यक्रमहरू संचालन भएको देखिंदैन । अधिकांश वृक्षारोपण कार्य जिल्लाका उत्तरी भागमा पर्ने बिभिन्न गाविसहरूमा भएको देखिन्छ । तुलनात्मक रूपमा दक्षिणखाँचीको दाँजोमा उत्तरखाँचीका अधिकांश भागहरू विगत वर्षहरूमा नाङ्गो रहेको स्थानीय बृद्धहरू बताउँदछन् । उत्तरी भागमा आवादी ज्यादै पातलो तर वनजंगल क्षेत्र भने बढिरहेको सन्दर्भमा विगतमा वृक्षरोपण कार्य उतैतिर केन्द्रित भएको हुनुपर्दछ ।

विगतमा ढिकुरा, खन, खनदह, अर्घातोष, वाङ्गला, चिदिका, मरेङ्ग, नुवाकोट, सन्धिखर्क, अर्घा, धनचौर, धारापानी, खिल्जी, ढाकावाङ्ग र हंसपुर गाविसहरूका नाङ्गा डाँडापाखाहरूमा व्यापकरूपमा वृक्षरोपणका कार्य भएका थिए । खोटेसल्ला, पाटुलासल्ला, उत्तिस, मसला लगायतका प्रजातिहरूको वृक्षारोपण भएको पाइन्छ, जुन तुलनात्मक रूपमा सफल वृक्षरोपणको कडीको रूपमा लिइएको छ । नाङ्गा डाँडाहरू हरिया भएको सहजै देख्न सकिन्छ भने धेरैजसो ठाउँमा भू-क्षय नियन्त्रण तथा पानी मूहान संरक्षण भएको पाइन्छ । यसरी विगत वर्षहरूमा सफलरूपले सम्पन्न भएका वृक्षारोपणयूक्त क्षेत्रहरूको अधिकांश ठाउँहरू हाल सामुदायिक वनको रूपमा स्थानीय समुदायहरूलाई दीगोरूपमा व्यवस्थापन गर्ने गरी सामुदायिक वनको रूपमा हस्तान्तरण भइसकेको सन्दर्भमा स्वीकृत वन कार्ययोजनाको परिधिभित्र रहेर त्यसको समग्र व्यवस्थापन गर्दै आएको पाइन्छ ।

राष्ट्रिय वनभित्र रहेका खाली ठाउँहरूमा यस पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजनाको अवधिमा जिल्ला वन कार्यालयबाट र सामुदायिक वन उपभोक्ता समूह मार्फत् जिल्लाका बिभिन्न खाली पर्ती जग्गाहरूमा वृहत् रूपमा वृक्षरोपणको कार्यक्रम संचालन गरिनेछ । सामुदायिक वनभित्र उपभोक्ता समूहको निर्णय वमोजिम गरिव तथा विपन्न वर्गका लागि कवुलियतनामा गरी खाली अथवा हैसियत खराब भएका ठाउँहरू उपलब्ध गराई बिभिन्न आयमूलक कार्यक्रमहरू कृषि-वन (Agro-forestry) अनुरूप संचालन गराउने प्रतिबद्धता लिइएको छ । एक सर्भेक्षण अनुसार यस जिल्लाका बिभिन्न गाविसहरूमा तत्कालै वृक्षरोपण गर्नसक्ने हजार हेक्टरभन्दा बढी खाली क्षेत्र रहेको छ । सामुदायिक वन कार्यक्रम मार्फत् पाँच वर्षमा गरिने वृक्षारोपण क्षेत्रको विवरण तालिका-४० मा प्रस्तुत गरिएको छ ।

तालिका-३९: बिभिन्न निकायबाट पाँच वर्ष अवधिमा गरिने वृक्षारोपण (हेक्टरमा)

वृक्षारोपण कार्यक्रम	आ.व.					जम्मा
	०७०/७१	०७१/७२	०७२/७३	०७३/७४	०७४/७५	
जि.व.का.	२३५	२३५	२३५	२३५	२३५	११७५
सा.व.उ.स.	१२.५	१२.५	१२.५	१२.५	१२.५	६२.५
जम्मा	**२४७.५**	**२४७.५**	**२४७.५**	**२४७.५**	**२४७.५**	**१२३७.५**

४.४.५.४ शहरी वन विकास कार्यक्रम

यस जिल्लामा सदरमुकाम सन्धिखर्क मात्र जनघनत्व बढी भएको र केहि वर्ष पछि मात्र शहर रुपमा परिणत हुन सक्ने भएकोले तत्काल यस खालको कार्यक अति आवश्यक नभए तापनि पर्यटन व्यावसाय फस्टाउन सन्धिखर्कका विभिन्न वडाहरुमा रहेका खाली स्थानहरुमा जिल्ला विकास समितीसँग समन्वय गरी बृक्षारोपण गरिने छ । शहरी वन विकासको लागि सहयोग गर्नको लागि जिल्ला वन कार्यालयले निम्न बमोजिमको कार्यहरु परिचालन गर्नेछ । शहरी वन विकासको अवधारणा वमोजिम सन्धिखर्क वजारक्षेत्र तथा कार्यालय क्षेत्रहरुमा जिल्ला वन कार्यालयवाट आ.व २०६७/०६८ मा गरिएको सौन्दर्यमुलक विरुवाहरुको वृक्षारोपण एक नमुनाको रुपमा रहेको छ ।

- जिल्ला विकास समिति संग मिलेर शहरी क्षेत्रको सर्वेक्षण गरी हरित अभियानको लागि मागहरु तथा चाहनाहरु संकलन गरिनेछ ।
- शहरी उन्मुख क्षेत्रको पहिचान गरी एक योजना तयार गरिनेछ ।

- जिल्ला वन कार्यालयले उत्पादन गर्ने विरुवाहरुको केही अंश शहरी वनको लागि उपयुक्त हुने प्रजातिको छनौट गरी ठुला साइजको विरुवा उत्पादन गरिनेछ ।

४.४.६ सार्वजनिक तथा निजी वन प्रवर्द्धन एवं उद्यम विकास सहयोग कार्यक्रम

४.४.६.१ सार्वजनिक तथा निजी वन प्रवर्द्धन कार्यक्रम

यस जिल्लामा हालसम्म निजी वन दर्ता गर्ने र व्यवस्थापन गर्ने परिपाटी ज्यादै न्यून रहेको छ । निजी जग्गामा वृक्षरोपण गरी निजी वन लगाउने कार्यलाई उच्च प्राथमिकता दिनुपर्ने देखिन्छ । निजी नर्सरीहरू स्थापना गरी बहुमूल्य जडीबुटी तथा बहुउद्देश्यीय वनजन्य प्रजातिहरूको उत्पादन, वितरण र वृक्षारोपणबाट एकातिर जीविकोपार्जनको शुरूवात गर्न सकिन्छ भने अर्कोतिर वन पैदावारको मागबाट सामुदायिक तथा सरकारी वन माथी पर्ने चापलाई उल्लेखनीय तवरले घटाउँदै लगी हरित क्षेत्रमा महत्वपूर्ण योगदान दिन सकिन्छ । यसका साथै जिल्ला वन कार्यालयले छिटो वृद्धि हुने तथा बहुउद्देश्यीय प्रजातिहरूलाई प्राथमिकतामा राखी प्रशस्त मात्रामा विरूवा उत्पादन गरी जनताहरूलाई निःशुल्क विरूवा उपलब्ध गराउने कार्यक्रम तर्जुमा गरी लागु गर्नुपर्दछ । यस्तै व्यवसायीकरण गर्न सकिने र व्यवसायीक महत्व बोकेका गैह्रकाष्ठ वन पैदावारको वितरणमा विशेष ध्यान पुऱ्याउनुपर्ने हुन्छ । निजी वनको हकहितको पैरवी गर्नका लागि निजी वन व्यवसायीहरूको संजाल निर्माण तथा विस्तार गरी बजार व्यवस्थापनको क्रियाकलापलाई अगाडि बढाउने छ ।

त्यसैगरी जिल्लामा रहेका सार्वजनिक जग्गाहरूमा जनसहभागिता जुटाई बहुउद्देश्यीय तथाAvenues/aestheticमहत्व बोकेका विरूवाहरूको वृक्षरोपणमा विशेष जोड दिइने छ ।

माग भएका स्थानमा निजी वन दर्ता गर्न प्रोत्साहन गरिनेछ । निजी वृक्षारोपण गर्दा स्थानीय बहुउपयोगी प्रजातीहरुलाई प्राथमिकता दिईने छ । यसका लागि अन्य निकायहरु संग पनि समन्वय गरिने छ । निजी वन लगाउन तथा हुर्काउन चाहनेलाई आवश्यक प्राविधिक सल्लाह जिल्ला वन कार्यालयले प्रदान गर्ने छ ।

यस जिल्लामा निजी वन कार्यक्रम भनेर कुनै विशेष कार्यक्रम विगतका कार्ययोजनामा उल्लेख भएको पाईदैन । सरकारीस्तरबाट पनि यस कार्यक्रमलाई खासै प्राथमिकता दिइएको छैन तर निजी वन कार्यक्रमलाई प्राथमिकता दिई यसको व्यापक प्रचार प्रसार गरी जनसमुदायमा जागरण ल्याउन सकियो भने सजिलै हरित क्षेत्र लगायत आर्थिक क्षेत्रमा अत्यन्तै राम्रो प्रभाव पार्ने देखिन्छ । बहुमूल्य व्यवसायीक महत्व भएका गैह्रकाष्ठ जडीबुटी प्रजातिका विरूवाहरू निजी नर्सरीमा उत्पादन गरी किसानहरूलाई वितरण गर्न सकेको खण्डमा यसले गरिब समुदायको जीविकोपार्जनमा टेवा पुऱ्याउन सक्दछ । त्यसैगरी जिल्ला वन कार्यालयले बहुउद्देश्यीय र छिटो हुर्कनसक्ने खालका आयआर्जनमा टेवा पुऱ्याउन सक्ने विरूवाहरू उत्पादन गरी जनतालाई निःशुल्क रूपमा विरूवा उत्पादन गरी वितरण गर्न सकिएको खण्डमा यसले एकातिर त्यसै खेर गैरहेको निजी जग्गाहरूको उच्चतम उपयोगीतामा टेवा पुऱ्याउँछ । त्यस कार्यले हरियाली बढाई स्थानीय वातावरण सन्तुलनमा सहयोग पुरयाउने छ । तसर्थ यहाँ निम्न कार्यहरूको प्रस्ताव गरिएको छ ।

- निजी वनको महत्व र यसले हरित क्षेत्र लगायत सामाजिक र आर्थिक क्षेत्रमा पुऱ्याउनसक्ने भूमिकाको वारेमा व्यापक प्रचार प्रसार गर्ने ।
- जिल्ला वन कार्यालयले किसानहरूलाई बहुउद्देश्यीय र छिटो हुर्कन सक्ने र आयआर्जनमा टेवा पुऱ्याउन सक्ने व्यवसायीमूलक जडीबुटी तथा रूखजन्य प्रजातिको विरूवा उत्पादन गरी तिनीहरूको निःशुल्क वितरण गरी निजी वन स्थापना गर्ने कार्यमा प्रोत्साहन गर्ने ।
- निजी वन सम्बन्धमा नेपाल सरकारले बनाउने कुनै पनि कार्यविधि, निर्देशिकाको पालना गर्ने ।
- निजी वनबाट उत्पादन भएका वन पैदावारहरूको बिक्री वितरणमा जिल्ला वन कार्यालयले सहयोग तथा समन्वयको भूमिका निर्वाह गर्ने ।
- निजी वन व्यवसायीहरूको पैरवी गर्न स्थानीयस्तरमा संजालको निर्माण कार्यमा सहयोग गर्ने ।
- निजी वन स्थापना गर्न किसानहरूलाई प्राविधिक सेवा उपलब्ध हुने वातावरणको श्रृजना गर्ने ।

क. निजी तथा सार्वजनिक क्षेत्रले गर्ने वृक्षारोपण

निजी तथा सार्वजनिक क्षेत्रमा वृक्षारोपण गरेर पनि त्यसबाट प्रशस्तै आर्थिक तथा वातावरणीय फाइदाहरू लिन सकिने ठाउँ रहेकोले निजी तथा सार्वजनिक निकायबाट हुने वृक्षारोपण कार्यक्रमलाई विभिन्न संघ/संस्था/निकाय मार्फत

अगाडिवढाउने प्रस्ताव गरिएको छ । यसका लागि व्यापक सचेतना तथा प्रचार प्रसार गरिनेछ, (पोष्टर, पम्पलेटप्रकाशन र वितरण, तालिम, गोष्ठीको आयोजना तथा स्थानीयस्तरमा संजालको निर्माण, आदि) । निजी नर्सरी समेत संचालन गर्न प्रोत्साहित गरिनेछ । अर्घाखाँची जिल्लाका अधिकाँश व्यक्तिहरुले जिल्ला वन कार्यालयबाट विरुवा निशुल्क प्राप्त गरी व्यक्तिगत जग्गामा रोप्ने क्रम वढेको छ ।

ख. समूहगत, संस्थागत एवं निजी वृक्षारोपण प्रोत्साहन कार्यक्रम

रुख विरुवाहरु निर्वाहमुखी खेती प्रणालीका प्रमुख अंग हो । निजी खेती योग्य जमीनमा Marginal Land तथा बाँझो पर्ति जमीनमा बहुउपयोगी रुख विरुवा हुर्काउन त्यस्ता जग्गा धनीहरुलाई प्रोत्साहन गरिनेछ ।

जङ्गलको पहुँचबाट टाढा रहेका गा.वि.स.हरुमा निजी क्षेत्रबाट विरुवा उत्पादन वितरणलाई सहयोग गर्ने संघसंस्था वा व्यक्तिहरुलाई प्राविधिक सहयोग उपलब्ध गराइने छ । साथै जि.व.का.ले नियमितरुपमा उत्पादन गर्ने विरुवाहरु निःशुल्क रुपमा वितरण गरी निजी वृक्षारोपणको लागि प्रोत्साहित गरिने छ । निजी वा संस्थागत वृक्षारोपण कार्यलाई बढावा दिन स्थानीय गै.स.स.संग समेत समन्वय गरिने छ । विरुवाहरुको बढ्दो मागलाई ध्यानमा राखि अत्यावश्यक ठानिएका क्षेत्रहरुमा दीगोरुपमा विरुवा उपलब्ध गराउने गरि वन विकास कोषबाट Seed Money को व्यवस्था मिलाउन प्रयास गरिनेछ ।

४.४.६.२ उद्यम विकास सहयोग कार्यक्रम

यस जिल्लामा पंच वर्षिय वन व्यवस्थापन कार्ययोजना २०६५/०६६ देखि २०६९/०७० अवधिमा सामुदायिक वन उपभोक्ता समूहहरुमा रहेका गरीव विपन्न घरधुरीहरुलाई उद्यम संचालन गरी जिविकोपार्जनमा सहयोग पुरयाउन उद्यम विकासका वाँसवाट वन्ने फर्निचर तथा सजावटका सामाग्री उत्पादन, अल्लो प्रशोधन, वायो ब्रिकेट उत्पादन, वावियोको डोरी उत्पादन, सालको दुना टपरी उत्पादन जस्ता लघु उद्यम स्थापना तथा संचालन गरी आयआर्जनमा टेवा पुगेको देखिन्छ । पाँच वर्ष अवधिमा तपसिल वमोजिमका लघु उद्यम स्थापना तथा संचालनको लागि सहयोग पुरयाई लघु उद्यम विकास कार्यक्रम संचालन भएको देखिन्छ । उद्यम संचालन भइरहेको सामुदायिक वनहरुको विवरण तालिका-४१ मा दिइएको छ । उक्त कार्यलाई विशेष प्राथमिकतामा राखी आगामी आव.व. ०७०/०७१ देखि आ. व. ०७४/०७५ मा पनि निरन्तरता दिइने छ ।

तालिका-४०: वन पैदावरमा आधारित लघु उद्यम संचालन गर्न सहयोग प्राप्त गर्ने समूहहरु

सि.नं.	सा.व.उ.स. को नाम	ठेगाना	सम्पादन भएको कृयाकलाप
१	वजेना ठुलाखोरिया	हंसपुर ३	वाँसवाट विभिन्न फर्निचर तथा सजावाटका सामाग्री उत्पादन
२	सिद्ध	पोखराथोक ५	समुहमा अल्लो प्रशोधन तालिम संचालन भएको ।
३	मजुरेडाँडा	ठाडा ५	वावियो वाट डोरी उत्पादन
४	सान्देरानीचौर	मरेङ ४	वाँसवाट विभिन्न फर्निचर तथा सजावाटका सामाग्री उत्पादन
५	लक्ष्मी महिला	डिभनौ ३	वाँसवाट विभिन्न फर्निचर तथा सजावाटका सामाग्री उत्पादन
६	उज्वल	नुवाकोट १	वाँसवाट विभिन्न फर्निचर तथा सजावाटका सामाग्री उत्पादन
७	रिपाहापाखा महिला	किमडाँडा १	वाँसवाट विभिन्न फर्निचर तथा सजावाटका सामाग्री उत्पादन
८	वर्दवास	असुरकोट १,२	वाँसवाट विभिन्न फर्निचर तथा सजावाटका सामाग्री उत्पादन
९	प्रगतिसिल पहारपाखो	धारापानी ७	वाँसवाट विभिन्न फर्निचर तथा सजावाटका सामाग्री उत्पादन
१०	गायाखोला	ढाकावाङ ७	वाँसवाट विभिन्न फर्निचर तथा सजावाटका सामाग्री उत्पादन
११	केवलपोखरी	चिदिका १	वाँसवाट विभिन्न फर्निचर तथा सजावाटका सामाग्री उत्पादन
१२	भिरिमथान पातला	ठुलापोखरा ९	वाँसवाट विभिन्न फर्निचर तथा सजावाटका सामाग्री उत्पादन
१३	फुल्लीलाँकुरीडाँडा	ठुलापोखरा ५	वायो ब्रिकेट उत्पादन

१४	कालिका महिला	खन ४	वाँसवाट विभिन्न फर्निचर तथा सजावाटका सामाग्री उत्पादन
१५	मजुवा	केरुङगा ३	वाँसवाट विभिन्न फर्निचर तथा सजावाटका सामाग्री उत्पादन
१६	जालकाँडा फलारपानी	खन ३	वाँसवाट विभिन्न फर्निचर तथा सजावाटका सामाग्री उत्पादन
१७	मगाथुम	अर्घा १,२	वाँसवाट विभिन्न फर्निचर तथा सजावाटका सामाग्री उत्पादन
१८	दुर्वाशेश्वर	खिदिम ८	वाँसवाट विभिन्न फर्निचर तथा सजावाटका सामाग्री उत्पादन
१९	काउले दारिमपाटा	किमडाँडा ३	वाँसवाट विभिन्न फर्निचर तथा सजावाटका सामाग्री उत्पादन

४.४.७ ऐतिहासिक धार्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण क्षेत्रको संरक्षण एवं विकास

यस जिल्लामा स्थानीय स्तरमा धार्मिक तथा ऐतिहासिक दृष्टिकाणले समेत वनक्षेत्रको संरक्षण सम्वर्द्धन हुदै आई रहेको छ । यसमा खास गरी मन्दिर क्षेत्रमा रहेका वन क्षेत्रलाई धार्मिक वनको रुपमा व्यवस्थापन गरिने छ । यस जिल्लामा रहेको मठ, मन्दिर, पोखरी, दह एवं पर्यटकलाई आकर्षित तुल्याउने ठाउँहरूको विकास गर्नको लागि बिभिन्न संघ संस्थाहरूसँग समन्वय गरी उनीहरूको सहयोगमा कार्यक्रम संचालन गरिनेछन् । स्थानीयस्तरमा संचालन गरिने यस्ता कार्यक्रमहरूमा स्थानीय जनताको प्रत्यक्ष सहभागितामा संरक्षणको कार्य गरिनेछ ।

ठाडादह, अर्घा र खाँची दरवार क्षेत्र, मसिनाको लेक, पाणिनि तपोभुमि, दुर्वाशेश्वर गुफा आदि पर्यटकीय महत्व बोकेका क्षेत्रहरूको समग्र विकास गर्ने उद्देश्यले विस्तृत कार्यक्रम तथा योजनाहरूको विकास गर्नमा जिल्ला वन कार्यालयले महत्वपूर्ण भूमिका खेल्नेछ । साथै खिदिम गा.वि.स.मा रहेको दुर्वाशेश्वर गुफा क्षेत्र र पणेना र पोखराथोक गा.वि.स.सिमाना रहेको पणेनादह र पाणिनि तपोभूमिलाई धार्मिक वनको रूपमा विकास गर्न आगामी पाँचवर्षमा कार्ययोजना तयार गरी धार्मिक समूहलाई हस्तान्तरण गर्ने प्रस्ताव गरिएको छ । सामुदायिक वनभित्र रहेका यस्ता ऐतिहासिक तथा पर्यटकीय महत्व बोकेका अन्य क्षेत्रलाई पनि स्थानीय उपभोक्ताहरूकै वार्षिक कार्यक्रममा सामेल गराई दीर्घकालीन रूपमा बिकास गरिदै लाने छ ।

पर्यापर्यटन (Eco-Tourism) कोमाध्यमबाट आन्तरिक तथा बाह्य पर्यटकहरुलाई बढाउन सकिने संभावना देखिएको छ । पर्या-पर्यटन क्रियाकलापको कार्यान्वयनबाट प्रत्यक्ष रुपमा स्थानीय समुदाय लाभान्वित हुनेछन । विभिन्न महिनामा मनाईने विभिन्न धार्मिक उत्सवहरूको उचित व्यवस्थापनले स्थानीय पर्यटनको प्रवर्द्धनबाट स्थानीय मानिसहरूको व्यवसायमा सकारात्मक प्रभाव पर्नगै राम्रो र भरपर्दो आय हुन सक्दछ । जिल्लामा रहेका तर पहिचान हुन नसकेका संभाव्य पर्यटकीय स्थलहरूको पहिचान गरिने छ । वनक्षेत्रमा कंक्रिट संरचना निर्माणलाई निरुत्साहित गरिने छ । वार्षिक रुपमा अनुगमन र मूल्याङ्कन समेत गरिने छ ।

४.४.८ भू -तथा जलाधार संरक्षण कार्यक्रम

यस जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने चुरे क्षेत्रको भू-बनौट अति कमलो र संवेदनाशिल छ । यस क्षेत्रलाई बाढी पहिरो तथा भू-क्षय प्रभावित क्षेत्रको रुपमा लिईएको छ । यसको साथै नदी नालाका किनार क्षेत्रहरु वर्षेनी बाढीले कटान गर्दै तलको उर्वर भूमिलाई असर पारी कृषि उत्पादनमा ह्रास आइरहेको देखिन्छ । त्यसैले यी भू-क्षय, बाढी, पहिरो, नदी कटान आदि सम्भावित क्षेत्रहरुको पहिचान गरी जिल्ला भू-संरक्षण कार्यालयसंग समन्वय गरेर समाधानका उपायहरुको खोजि र कार्यान्वयन गरिने छ ।

जिल्ला भू-संरक्षण कार्यालयले जिल्लास्थित बिभिन्न उप-जलाधार क्षेत्रहरूको व्यवस्थापनको दायित्व बोकेको भए तापनि जिल्ला वन कार्यालयले पनि संरक्षण, वृक्षरोपण कार्यक्रमको माध्यमबाट यसमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्नेछ । चुरिया क्षेत्रहरू लगायत उत्तर तर्फको डिभर्ना, छत्रगंज, हंसपुर, धारापानी, अड्गुरी, पाली लगायतका गाविसहरूमा पैह्रो, खहरे तथा भू-क्षयलाई नियन्त्रण गर्न प्राथमिकताकासाथ कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गरिनेछ । यसरी कार्यक्रमहरू तर्जुमा गर्दा स्थानीय स्रोत र साधनहरूलाई केन्द्रमा राखेर स्थानीय समुदायको प्रत्यक्ष सहभागितामा सम्पन्न गर्ने किसिमले योजनाहरू बनाउनु पर्ने हुन्छ । त्यसरी बनाइने योजनाहरू सामाजिक रूपले स्वीकार्य, आर्थिक रूपले सम्पन्न हुनसक्ने र वातावरणीय मैत्री खालको हुनेछन् । भू-क्षय भएका क्षेत्रहरूको संयुक्तरूपमा पहिचान गरिसकेपछि सकेसम्मBio-engineering का बिभिन्न उपायहरूलाई टेवा दिदैLow-cost Bio-engineeringप्रविधिलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।

गाईवस्तु लगायतका चौपायाहरूको अत्याधिक चरिचरणबाट भू-क्षयको प्रकृयालाई बढावा मिल्ने हुनाले सकेसम्म चरिचरणलाई निरूत्साहित गर्नुपर्ने देखिन्छ । यसको लागि नीतिगत रूपमा चरिचरण रोकथामका उपायहरूको खोजी गरी वन र वातावरणसँग सरोकार राख्ने जिल्लास्थित भू-संरक्षण कार्यालय, पशुसेवा कार्यालय, कृषि विकास बैंक लगायत अन्य सरकारी तथा गैरसरकारी कार्यालयसँग समन्वय गरी पशु तथा घाँस विकास कार्यक्रमहरूको योजना बनाई कार्यान्वयन गरिनेछ । उच्च भिरालो भएका क्षेत्रहरूमा परम्परागत खेती प्रणालीले जमिनको उत्पादकत्वमा ह्रास ल्याउँदै भू-क्षयलाई टेवा पुऱ्याएको देखिन्छ । तसर्थ भिरालो जमिन, बारीहरूमा गह्राबनाएर मात्र खेती गर्ने अभ्यासलाई अन्तरक्रियाको माध्यमबाट प्रचार प्रसार गर्ने प्रयास गरिनेछ । सामुदायिक वनहरूको सन्दर्भमा कार्ययोजनामै भू-क्षय नियन्त्रण तथा रोकथामका बिभिन्न कार्यक्रमहरू समेटी कार्यान्वयन गरिने छन् ।

जिल्लामा भू-संरक्षण सम्बन्धी छुट्टै कार्यक्रम नभएतापनि नियमित कार्यक्रम संचालन गर्दा भू-संरक्षण सम्बन्धी जनचेतना अभिबृद्धि गरिने छ । भू-संरक्षणको समस्या भएका स्थानहरुमा वृक्षारोपण जस्तो भू-संरक्षणमा टेवा पुऱ्याउने कार्यक्रमलाई प्राथमिकता दिइने छ । यसको लागि प्रजाति छनौटमा समेत ध्यान दिइने छ । नदी कटान, डुवान, पहिरो जाने जस्ता काणरबाट भू-संरक्षणको ठूलो समस्या देखा परेका स्थानहरुमा सम्बन्धित सरोकारवाला र निकायसंग समन्वय गरी त्यस्ता कार्यहरुको रोकथाम गर्न सहयोगीको भूमिका निर्वाह गरिनेछ ।

४.४.९ बैकल्पिक उर्जा प्रबर्द्धन कार्यक्रम

नेपालमा उर्जा क्षेत्रलाई हेर्ने हो भने ७६% इन्धनको रूपमा दाउराको खपत हुने गरेको छ । बाँकी खनिज तेल, गोबर, कृषि अवशेष, कोइला तथा विद्युतको खपत १०% भन्दा कम भएको रेडा, पाल्पाले प्रकाशित गरेको वैकल्पिक उर्जा सम्बन्धी तथ्याङ्क विवरणमा देखाइएको छ । अर्घाखाँची दुर्गम पहाडी जिल्ला भएको कारणले यहाँ दाउराको विकल्पमा अन्य उर्जा कमै मात्र प्रयोग भएको हुनुपर्दछ । विगत वर्षहरूमा दाउराको मागलाई हेर्दा हालको स्थिति न्युन हुँदै गएको देखिन्छ । केही बजार क्षेत्रमा मात्र सीमित व्यक्तिहरूले ग्याँसको प्रयोग गरेको पाइन्छ ।



चित्र-११: ईन्धनको श्रोत र परिवार **(श्रोतः राष्ट्रिय जनगणना २०६८)**

दाउरा कम खपत गराउने प्रविधि अनुसारको सुधारीएको चुल्हो र दाउराका विकल्प गोबरग्याँस, Bio-Briquet, विद्युत आदि प्रवर्द्धन गर्ने संम्भावनाहरु यस जिल्लामा रहेको छ ।

यस जिल्लामा वैकल्पिक उर्जा विकासमा वायोग्याँस, सौर्य उर्जा, ब्रिकेट, एल.पि.ग्याँस, सुधारिएको चुलो प्रवर्द्धन गर्ने संघ संस्थाहरू र निजी क्षेत्र संग समन्वय गरि उर्जा उपभोगको वातावरण सहज पार्न सहयोग पुऱ्याईने छ । गोवर ग्याँस प्लान्टको स्थापनाले वनबाट ल्याउने दाउराको खपतमा कमी हुन गई सरकारी वन माथिको चापमा कमी हुने हुँदा उर्जा प्रविधिलाई प्रोत्साहित गरि लागु गरिने छ ।

यस जिल्लामा वैकल्पिक उर्जा विकासमा कार्य गरेका बिभिन्न संघ संस्थाहरूसँग समन्वय गरी यो कार्यक्रम संचालन गर्ने योजना छ ।सामुदायिक वन कार्ययोजनामा समेत समूहले आर्जन गरेको कोषको यस क्षेत्रमा पनि लगानी अभिवृद्धि गर्ने उद्देश्यले गोवरग्याँस प्लान्टको स्थापना, उन्नत चुलो कार्यक्रम तथा सौर्य उर्जाको व्यवस्था समेत गरिसकेको र कतिपय समुदायहरू यसबाट लाभान्वित समेत भइसकेको अवस्था यस जिल्लामा छ र यो अभियानलाई आउँदो ५ वर्षसम्म निरन्तरता दिन सामुदायिक वन मार्फत् ग्रामीण समुदायमा उर्जा विकास कार्यक्रमलाई लागु गराउँदै जाने निति लिईनेछ । जसले गर्दा दाउराको आपूर्तिको सन्दर्भमा वनजंगल माथिको बढ्दो चापलाई घटाई यस क्षेत्रको वातावरणमा कमसेकम कार्वन उत्सर्जन गराउन टेवा पुऱ्याउने लक्ष्य लिइएको छ ।

त्यसैगरी वनमारा र काँडेफुल जस्ता झाडीजन्य वनस्पति हाम्रा सामुदायिक वनहरूमा फैलिएर वनको पुनरूत्पादनलाई समेत अवरोध पुऱ्याई जैविक विविधतामा नकारात्मक प्रभाव पारी वनको अवस्था दिनानुदिन घटाउँदै आएको छ । तसर्थ यस्ता झाडीजन्य वनस्पति भएका सामुदायिक वनहरूको एउटा सञ्जाल निर्माण गरी “ब्रिकेट” एक प्रकारकोBio-fuelको उत्पादन गरी व्यवसायीकरण गर्नेतर्फ प्रस्ताव अघि सारिएको छ । यसको लागि जिल्ला वन कार्यालयले समन्वयकारी भूमिका निभाउने छ र आवश्यक तालिम मेशिन, औजार तथा बजारीकरणमा सक्दो सहयोग पुऱ्याउने छ ।

जिल्ला वन कार्यालयको एक Web Portal तयार गर्ने प्रस्ताव

जिल्ला वन कार्यालयको कार्यहरुलाइ पारदर्शि तथा सबैको जानकारीको लागि एक वेभ पोर्टलको अवधारणा प्रस्ताव गरिएको छ । आगामी ३ वर्ष भित्र यो कार्य सम्पन्न गरी सबै किसिमका सूचनाहरुको प्रसार गर्ने कार्य गरिनेछ ।

४.४.१० प्रचार प्रसार कार्यक्रम

प्राकृतिक स्रोतको संरक्षण तर्फ मानिसको सोचाई र व्यवहार परिवर्तन गर्न चेतनामूलक संरक्षण शिक्षा महत्वपूर्ण छ । संरक्षण शिक्षाको केन्द्र विन्दु विद्यालयका विद्यार्थी हुनु पर्दछ, जुन भविष्यमा प्राकृतिक स्रोतको संरक्षण गर्ने पुस्ता हुन् । त्यसरी नै विभिन्न समूह र गैर सरकारी संस्था/सामुदायिकमा आधारित संगठनका माध्यमले स्थानीय समुदाय समक्ष संरक्षण शिक्षा बृहत रुपमा पुऱ्याईने छ । यसका अतिरिक्त, वातावरण शिक्षा सम्बन्धी सामाग्री र विधिको विकास गरी औपचारिक र अनौपचारिक शिक्षामा समावेस गरी बृहत रुपमा प्रचार प्रसार गरिने छ । पर्चा, पम्पलेट, होडिङ्गबोर्ड, रेडियोको माध्यमले संरक्षण शिक्षाको प्रवर्द्धन गरिने छ ।

वन विकास तथा संरक्षण सम्बन्धी निम्न अनुसारको क्रियाकलाप कार्यक्रम तथा बजेटको व्यवस्था गरि सञ्चालन गरिने छ ।

१. सा. व, निजी वन सम्बन्धी लेख सामग्री प्रकाशन ।
२. जैविक विविधता संरक्षण तथा लेख रचनाहरुको प्रकाशन ।
३. डढेलो नियन्त्रण सम्बन्धी प्रचार प्रसार तथा माईकिङ्ग ।
४ निवन्ध प्रतियोगिता ।
५. जैविक विविधता संरक्षण सम्बन्धी प्रदर्शनी मेला आयोजना ।
६. सडक नाटक ।
७. दोहोरी गीत प्रतियोगिता ।
८. प्रजाती अनुसारको नमूना प्लट स्थापना गरिने ।
९. जिल्ला वन कार्यालय तथा सामुदायिक वन उ.स हरुले संचालन गरेको विभिन्न क्रियाकलापहरुको भिडियो क्यासेट तयार गर्ने ।
१०. रेडियो कार्यक्रम ।

वनको दीगो तथा वैज्ञानिक व्यवस्थापनको लागि जिल्ला वन कार्यालयका कर्मचारीहरूमात्र पर्याप्त हुँदैनन् । जबसम्म वन व्यवस्थापनका यावत अवयवहरूसँग वन र वातावरणसँग सरोकार राख्ने विभिन्न पक्षहरू परिचित हुँदैनन् र उनीहरू यस विषयमा सुसूचित हुँदैनन् तबसम्म दीगोरूपमा वनको संरक्षण र व्यवस्थापन कदापि हुन सक्दैन । तसर्थ वनको महत्व, यसले वातावरणीय, सामाजिक, सांस्कृतिक र आर्थिक क्षेत्रमा पार्नसक्ने प्रभावहरू र सहश्राब्दी विकासका लक्ष्यहरूलाई पार्नसक्ने प्रभावहरूको वारेमा सबैलाई जानकारी तथा सुसूचित गर्नुपर्ने देखिन्छ । यसका लागि जिल्ला वन कार्यालयले विविध प्रचार प्रसारका सामग्री तथा साधनहरू जागरण, सचेतना र सन्देश जगाउने पोष्टर, पम्पलेट, तालिम, गोष्ठी, सेमिनारदेखि लिएर आधुनिक युगका सर्वोत्तम विद्युतीय संचार मध्यमहरूको समेतको प्रयोग गर्नेछ ।

त्यसैगरी वन क्षेत्रमा पाइने जडीबुटी तथा अन्य गैह्रकाष्ठ वन पैदावारहरूको व्यापक प्रचार प्रसार र प्रवर्द्धन गर्न पनि विशेष कार्यक्रमहरू प्रस्ताव गरिएको छ । वास्तवमा वन्यजन्य पैदावारको महत्व काठ तथा दाउरा कै बराबरीमा

भएपनि यसको धरातलीय उपयोग र महत्वको जानकारीहरूको अभावका कारण रुग्ण अवस्थामा रहेको छ । यसको सही पहिचान र व्यापकरूपमा परिचालन गर्नसक्यो भने गरिवी रेखामुनी रहेका समुदायहरूको जीविकोपार्जनमा यथेष्ट मद्दत पुग्ने हुन्छ ।

४.४.११ विशेष आयमूलक कार्यक्रम

यस योजना अवधिमा जिल्लाभित्र वातावरणीय दृष्टिकोणले मैत्रीपूर्ण, सामाजिक तवरले स्वीकार्य हुने र आर्थिक दृष्टिकोणले संभव भएका बिभिन्न आयमूलक कार्यक्रमहरू पहिचान गरी कार्यान्वयनमा ल्याइनेछन् । योजना तर्जुमा गर्दा गरिव तथा सिमान्त परिवारका व्यक्तिहरू खासगरी दलित, महिला र सामाजिक रूपमा पछाडि पारिएका समूहहरूलाई लक्षित गरिनेछ । कार्यक्रम छनौट गर्दा छोटो समयमा प्रतिफल दिने मापदण्डलाई अंगिकार गरिनेछ भनेOff-farm Activitiesलाई विशेष महत्व दिइनेछ । यसरी संचालन हुने कार्यक्रमहरू जिल्ला वन कार्यालयले सोझै Pocket Areaको खोजी गरी गर्न सक्नेछ भने बिभिन्न संघ, संस्था तथा Line Agenciesसँग मिलेर संयुक्तरूपमा पनि संचालन गर्न सक्नेछ । त्यसमा पनि सामुदायिक वन उपभोक्ता समूह मार्फत् समुदायको गरिब तथा सिमान्त महिला, दलित वर्गको जीविकोपार्जनलाई सर्वोत्तम हितमा राखी कार्यक्रमलाई केन्द्रिकृत गरिनेछ । संभावित विशेष कार्यक्रमहरू यस प्रकार छन् ।

- सामुदायिक वनभित्रको खाली क्षेत्र पहिचान गरी विपन्न तथा गरिवहरूको उपसमूह गठन गरी बिभिन्न आयमूलक कार्यक्रम संचालन गर्ने, जस्तै अलैंची, अम्रिसो, सुगन्धित वनस्पति तथा जडिबुटीहरुको उत्पादन, संरक्षण, सम्वर्द्धन र भण्डारण सम्बन्धी प्रविधि हस्तानान्तरण गर्ने ।
- गा.वि.स.अनुसार विपन्न तथा गरिव समूहको पहिचान अथवा छुट्टै पहिचान भएक खास समूहहरूलाई लक्षित गरी कार्यक्रम गर्ने ।
- थोरै लगानी र कम समयमा प्रतिफल प्राप्त हुने खालका Off-farmActivities लाई प्राथमिकता दिने जस्तैः दालमोट, मैनबत्ती, सुपारी प्याकिङ्ग, घरेलु तान बुनाई, आदी ।
- चिउरी घिउ उत्पादन, च्याउ खेती, आदिलाई प्रोत्साहन ।
- वेत, बाँस, निगालोबाट बन्ने सामानहरू र गैह्रकाष्ठ वन पैदावरको उत्पादन विस्तार ।
- मौरीपालन, कुखुरापालन, मत्स्यपालन, वंगुरपालन ।
- गैह्रकाष्ठ वन पैदावार नर्सरी स्थापना तथा विरुवा उत्पादन र खेतीलाई वढावा दिन निजी क्षेत्रलाई प्रोत्साहन गर्ने र सा.व.को कार्ययोजनामा अनिवार्य व्यवस्था गर्ने ।
- लघु वन पैदावारमा आधारित घरेलु उद्योगहरु जस्तैः डोका, डाला, टोकरी बनाउने वेत, बांसको फर्निचर, वनमारा (Lantana) को बायो-ब्रिकेट र अन्य सामग्री निर्माण गर्ने, बावियोको डोरी तथा चटाई बनाउने उद्योग धन्दाहरुलाई प्रोत्साहन दिने ।

उपरोक्त बमोजिमको पहिचान भएका कार्यक्रम तथा क्रियाकलापहरु जिल्ला विकास समिति, घरेलु तथा साना उद्योग विकास कार्यालय एवं अन्य सहयोगी संस्थाहरुसंगको समन्वयमा परिचालन गर्न प्रयास गरिनेछ । जिल्ला वन कार्यालयले समन्वय गर्ने गरी थप कार्यक्रमहरु स्विकृत हुने अवस्थामा यिनै कार्यक्रमहरुबाट छनौट गरि कार्यक्रम संचालन गरिनेछ ।

४.४.१२ जलवायू परिवर्तन व्यवस्थापन सहयोगी कार्यक्रम

वन विनाशवाट जलवायू परिवर्तनमा प्रत्यक्ष असर परिरहेको तथ्य सर्वविदितै छ । सोको लागि पृथ्वी सम्मेलन, १९९२ प्रमुख भए तापनि वन विनाश जलवायू परिवर्तनका मूख्य कारण हुन भने कुरा इन्डोनेसियाको बालीमा सन २००७ डिसेम्बरमा सम्पन्न UNFCCC CoP १३ मा महसुस गरी REDD को प्रादुर्भाव भएको देखिन्छ । यसै तथ्यलाई मध्यनजर गर्दै विश्व बैंकले FCPF (Forest Carbon Partnership Facility) स्थापना गरी विकासोन्मुख देशहरुलाई सहयोग गर्न थालिएको छ । जुन कार्यक्रम नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयले रेड फरेष्ट्री तथा जलवायू परिवर्तन एकाई जलवायू परिवर्तन अनुकूलन एकाईको स्थापना गरी विभिन्न कार्यक्रमहरु संचालन हुँदै आएको छ । जलवायू परिवर्तनले मूख्यतः निम्न दुईटा कार्यक्रमहरुमा जोड दिइएको देखिन्छ ।

४.४.१२.१ जलवायू परिवर्तन न्यूनीकरण वा निष्प्रभाविकरण (Climate change mitigation) कार्यक्रम

वायुमण्डलमा हरितगृह ग्याँस कम गरी दीर्घकालिन रुपमा नै समाधान गर्ने प्रयासलाई न्यूनीकरण वा निष्प्रभाविकरण भनिन्छ । यसका लागि वन विनाश र वन क्षकिरण नियन्त्रण, वन पैदावार संचिती मौज्दातमा बृद्धि र वनको दिगो व्यवस्थापन प्रमुख भए तापनि यस जिल्लामा जलवायू परिवर्तन न्यूनीकरणका लागि निम्न बमोजिमका क्रियाकलापहरु संचालन गरिने छ ।

१. खाली पर्ति, सार्वजनिक जग्गा, निजी वन, सामुदायिक वन, सरकारद्धारा व्यवस्थित वन, नदी कटान क्षेत्र, शहर र सडकका पेटी लगायतका क्षेत्रहरुमा सम्बन्धीत सरोकारवालाहरुसँग सहयोग र समन्वय गरी बृक्षारोपण गरिने छ ।
२. चरिचरन नियन्त्रण र व्यवस्थापन गरी प्राकृतिक पुनरुत्पादन संरक्षण तथा विस्तार गरिने छ ।
३. बृक्षारोपण, वन संरक्षण र विकासका लागि विभिन्न मेडियाहरुको सहयोग र सहकार्यमा व्यापक प्रचार प्रसार गरिने छ ।
४. बृक्षारोपण, वन संरक्षण र विकासमा विशेष योगदान पुरयाउने व्यक्ति वा सँस्थालाई पुरस्कृत गरिने छ ।
५. उर्जाको रुपमा प्रयोग हुँदै आएका दाउराको खपतमा कमी ल्याई बैकल्पिक उर्जाका श्रोतहरु जस्तैः प्राकृतिक ग्याँस, बायोग्यास, ब्रिकेट, आदिको उपयोगमा बढावा दिन सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरिने छ ।
६. कार्बन संचिती र बृद्धि भइरहेको वन क्षेत्रलाई carbon credit को लागि स-प्रमाण सिफारीश गरिने छ ।

४.४.१२.२ जलवायू परिवर्तन अनुकुलन (Climate change adaptation)

जलवायू परिवर्तनवाट वर्तमानमा देखिएका र भविष्यमा पर्न सक्ने असरहरुवाट हुने जोखिमलाई कम गर्न गरिने अग्रसरता र प्राकृतिक तथा मानविय व्यवहार र क्रियाकलापहरुमा परिवर्तन गरी गरिने प्रयासहरुलाई जलवायू परिवर्तन अनुकुलन भनिन्छ । यसका लागि परिवर्तित अर्थात नयाँ रुपमा सृजना भएको वातावरणमा विभिन्न उपायहरु निकालेर जिउने, बाँच्ने र बस्ने तरीकाहरु अवलम्बन गर्नु पर्ने छ । यस जिल्लामा जलवायू परिवर्तन अनुकुलनका लागि निम्न बमोजिमका क्रियाकलापहरु संचालन गरिने छ ।

१. जलवायू परिवर्तन अनुकुलनका लागि Indigenous knowledge को संरक्षण र विकासको साथै सोको अवलम्बन गरिने छ ।
२. उन्नत चुल्हो लगायतका नयाँ प्रविधीको पहिचान गरी सोको उपयोग गर्न प्रचार प्रसार र प्रोत्साहन गरिने छ ।
३. जलवायू परिवर्तन अनुकुलनका लागि सीप, शिक्षा तथा जनचेतनामूलक तालिम-गोष्ठीको आयोजना गरिने छ ।

४.४.१३ भवन निर्माण एवं भौतिक प्रगती

जिल्ला वन कार्यालयको भवन वि.सं. २०५८ र २०६१ सालको द्वन्द्वकालमा ध्वस्त भए पश्चात् हाल शान्ति तथा पुनर्निर्माण कार्यक्रम अन्तर्गत जिल्ला वन कार्यालयको भवन निर्माण कार्य सम्पन्न भई कार्यसंचालन भई सकेको छ । जिल्लाको संगठित संरचना अनुसार एउटा इलाका वन कार्यालय (ठाडा) र ८ वटा रेञ्जपोष्टहरू छन् । भौतिक पूर्वाधारका सन्दर्भमा हाल एउटा मात्र (सन्धिखर्क) रेञ्जपोष्टको आफ्नै भवन छ भने एउटा इलाका र ७ वटा रेञ्जपोष्टहरूको भवन छैन । तसर्थ आगामी ५ वर्षभित्रमा उक्त भवनहरूको निर्माण हुनुपर्ने आवश्यकता देखिएको छ भने जिल्ला वन कार्यालयको कम्पाउण्डभित्रै रहेको एक तल्लाको अर्को पुरानो भवनको तत्कालै उचित मर्मत सम्भार गर्नुपर्ने देखिन्छ । यस कार्ययोजनाको अवधिमा उचित वजेटको व्यवस्था भई आएमा मर्मत सम्भार कार्यलाई प्राथमिकता दिई कार्यको थालनी गरिने छ ।

वन व्यवस्थापन प्रणालीमा जलवायु परिवर्तन अनुकुलन क्रियाकलापहरु तपसिल बमोजिम समावेस गर्ने प्रयास

क. वन डढेलो व्यवस्थापनको लागि समुदाय स्तरमा डढेलो व्यवस्थापन कार्य योजनाहरु तयार गरी कार्यान्वयन ।
ख. वन व्यवस्थापन प्रणालीहरुमा सल्लाको कोणधारी वनलाइ conversion प्रणाली अन्तरगत चौडा पाते वन प्रणालीमा परिवर्तन ।
ग. सुख्खा क्षेत्रमा वृक्षारोपण गर्ने कार्यमा कन्टुर डिच प्रणालीको अवलम्वन गरि पानि संचिति गर्ने कार्यक्रम ।
घ. पानि मुहान क्षेत्र तथा पानि पोखरीहरुमा पानि संचित हुने किसिमको टेवा पुग्ने कार्यक्रमहरु ।
ड. सुख्खा क्षेत्रमा छटनी कार्यको विचको समय अवधि वढाउने तथा जलधार क्षेत्रमा पानि संरक्षणको लागि चौडापाते वनको विकास तथा संरक्षण आदि ।

४.४.१४ जनशक्ति ब्यवस्थापन

यस पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको लागि जिल्ला वन कार्यालय, अर्घाखाँचीको वर्तमान संगठनात्मक स्वरूपमा व्यवस्था भएको उपलब्ध हुने अपेक्षा गरिएको छ । साथै योजना अवधिमा संचालन गर्ने कार्यक्रमहरुको संचालन गर्न आवश्यक जनशक्ति, साधन र श्रोतको व्यवस्था वन विभागबाट

विभिन्न कार्यक्रम तथा संघ संस्थाहरुसंगको समन्वयबाट उपलब्ध हुने अपेक्षा गरिएको छ । यसै अवधि भित्र वनको नयां संगठन लागु भई वर्तमान जनशक्ती, वजेट र भौतीक साधन श्रोत उपलब्ध भई वनको संरक्षण र विकासमा सुधार हुने अपेक्षा गरिएको छ ।

त्यसैगरी मौजुदा वन संगठनमा व्यवस्था भए अनुसार ठाडा इलाका वन कार्यालय अन्तर्गतको दोवाटा रेञ्जपोष्ट क्षेत्रफलको हिसाबले ज्यादै ठूलो र भौगोलिक रूपमा विषम तथा यातायात लगायत अन्य सुविधाहरूको पूर्वाधार ज्यादै कम भएकोले कार्य सम्पादनमा चुस्तता र प्रभावकारिता ल्याउन र समयमा नै जनताहरूलाई सेवा पुऱ्याउने उद्देश्यले दोवाटा रेञ्जपोष्टको कार्य क्षेत्रलाई गा.वि.स.अनुसार सिद्धारा र जलुके क्षेत्रमा विभाजन गरी जलुके गा.वि.स.अन्तर्गतको वन क्षेत्र र त्यहाँ संचालन हुने वन विकासका सम्पूर्ण कार्यहरूका लागि इलाका वन कार्यालयमा पदस्थापन रहने एक रेन्जरलाई जिम्मेवारी तोक्ने सन्दर्भमा निर्णय भई कार्यान्वयन भई सकेको छ ।

यो कार्ययोजना कार्यान्वयन गर्दा जनशक्ति, साधन तथा श्रोतको व्यवस्थापन यस प्रकार हुने आशा गरिएको छ :

- आवश्यक दरबन्दी अनुसारको गुणस्तरयुक्त कर्मचारीहरुको व्यवस्था सम्बन्धीत निकायबाट हुने छ ।
- कर्मचारीलाई आवश्यक पर्ने विभिन्न किसिमका तालिमहरु दिई कार्य दक्षता र क्षमतामा बृद्धि ल्याइने छ ।
- जि.व.का., ई.व.का., रे.पो.हरुमा कर्मचारीहरु आफनो कार्यालय भवनमा बसी काम गर्ने वातावरणको श्रृजना गरिने छ ।
- यो कार्ययोजना कार्यान्वयन गर्दा प्रचलित आर्थिक प्रशासन सम्बन्धी नियमावली अनुसार मितव्ययीता अपनाई कार्य गरिने छ ।
- यस कार्य योजनामा उल्लेख भएका कार्यक्रमहरु संचालन गर्न आवश्यक बजेट विभिन्न योजना तथा नेपाल सरकारको श्रोतबाट व्यवस्था गरिने छ ।

यहाँ जिल्ला वन कार्यालयको भवन तथा सन्धिखर्क लदामस्थित सन्धिखर्क रेञ्जपोष्टको सानो भवन वाहेक इलाका वन कार्यालय र अन्य रेञ्जपोष्टहरूको आफ्नो भवन छैन । ती कार्यालयका भवनहरू हाल भाडामा लिई संचालन गरिएका छन् । तसर्थ ती भवनहरू यथाशक्य चाँडो निर्माण हुनुपर्ने देखिन्छ ।

त्यसैगरी फिल्डस्तरमा कार्यरत कर्मचारीहरूलाई कुनैपनि किसिमको सवारी साधनको सुविधा हालसम्म उपलब्ध नभएको कारणले वन क्षेत्रको प्रभावकारी टुर, गस्ती जस्ता कार्यमा प्रभावकारीता आउन सकेको देखिदैन । तसर्थ कम्तिमा पनि ३ वटा मोटरसाइकल र एउटा जीपको व्यवस्था अविलम्व हुनुपर्दछ । यस जिल्लाको दक्षिणतिरको वनजंगल सुरक्षार्थ फिल्ड कर्मचारीहरूबाट निरन्तर टुरगस्ती गर्नुपर्ने हुँदा त्यसको लागि पावरा तथा दोवाटा रेञ्जपोष्टमा तत्कालै ३-३ वटा मोटरसाइकलको व्यवस्था गरिनुपर्ने देखिन्छ ।

४.४.१५ मानव वन्यजन्तु द्धन्द न्यूनिकरण सहयोग कार्यक्रम

यसका लागि तपसीलका कार्यक्रमहरु संचालन गरिने छ ।

१. वन्यजन्तुको वासस्थान भएको क्षेत्रहरुमा आवतजावत र वन पैदावार समेत प्रयोग नगर्न उक्त संवेदनशील क्षेत्रहरु तोकी पोष्टर र ब्यानरहरुको प्रयोग गरी प्रचार प्रसार गरिने छ ।

२. वन्यजन्तुको प्रजातीहरु र त्यसले गर्ने क्षतीको प्रकृती वारे अध्ययन गरी कार्य योजना तयार गरिने छ ।

३. वन्यजन्तुवाट क्षती भएमा सोको लागि कानून बमोजिम राहतको व्यवस्था गरिने छ ।

४. वन्यजन्तुको प्रजाती र क्षती गर्ने क्षेत्र पहिचान गरे पश्चात सुरक्षा निकायको समेत सहयोग लिई मानव र वन्यजन्तुको द्धन्द न्यूनीकरण गरिने छ ।

मानव वन्यजन्तु द्धन्द व्यवस्थापनको लागि वन विभागमा थप मद्यतको लागि प्रस्ताव पेश गरिनेछ ।

४.४.१६ बजेट ब्यवस्थापन

यस पञ्चवर्षिय वन कार्ययोजना कार्यान्वयनको लागि यस योजनाले निर्दिष्ट गरेका बार्षिक बजेट र कार्यक्रम तलब, भत्ता र प्रशासनिक खर्च समेत अनुमान गरिएको छ । प्रस्ताव गरिएको बजेट नेपाल सरकारको नीति र कार्यक्रम मार्फत केन्द्रिय वा स्थानीय तहबाट निकासा ब्यवस्था गरी खर्च वा लगानी गरिनेछ ।

विगतमा कार्यक्रम संचालन गर्दा प्राप्त अनुभव तथा मौजुदा श्रोत र साधनलाई ध्यानमा राखि आगामी ५ वर्षमा देहायका कायक्रम संचालन गर्ने लक्ष राखिएको छ । यि कार्यक्रमहरु नेपाल सरकार, स्थानीय निकाय (जि.वि.स, गा.वि.स.) तथा जिल्लामा संचालित अन्य आयोजनाहरु तथा गैह्व सरकारी संघ संस्थाहरु समेतको सहयोगबाट संचालन गरिनेछ ।

तालिका नं : ४१ : अन्य निकायहरु संग समन्वय गर्न सकिने कार्यक्रमहरु

क.सं.	कार्यक्रम तथा संभावित कियाकलापहरु	सहयोगको अपेक्षा गरिएको संस्था,निकाय तथा गैरसरकारी संस्था
१	सामुदायिक वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनको लागि प्राविधिक परामर्श तथा सेवाहरु	फेकोफन तथा अन्य संस्था
२	अतिक्रमण नियन्त्रण	जिल्ला प्रशासन कार्यालय, तथा राजनीतिक दलहरु तथा अतिक्रमण नियन्त्रण कार्यदल
३	वृक्षारोपण	स्थानीय क्लवहरु, फेकोफन, जिल्ला विकास समिति, गाविसहरु , अर्घाखाँची वन पैदावार उद्योग व्यवसायी संघ
४	वन सदुपयोग-काठ/दाउरा, जडिबुटी सङ्कलन तथा बिक्री वितरण	राजनीतिक दलहरु, जिल्ला वन कार्यालय
५	निजी वन विकास	गाउँ विकास समिति, सामुदायिक वन उपभोक्ता समूहहरु, वन पैदावार व्यवसायीहरु
६	वन पैदावारमा आधारित उद्योग स्थापना र अनुगमन	घरेल उद्योग विकास कार्यालय, जिल्ला विकास समिति, गाविस, सामुदायिक वन उपभोक्ता समुहहरु , उद्योग व्यवसायी संघहरु
७	जैविक विविधता अभिलेखीकरण	गाउ विकास समितिहरु, सामुदायिक वन उपभोक्ता समुहहरु , जिल्ला वन कार्यालय
८	वन पैदावार व्यवसायीहरु संग अन्तरकिया तथा समन्वय वैठकहरु	वन पैदावार व्यवसायी, फेकोफन ,जिल्ला वन कार्यालय

भाग ५

उपलब्धि, अनुगमन तथा समन्वय

५.१ प्राप्त हुने राजश्वको विवरण

यस जिल्लाको सामुदायिक वनबाट वन कार्ययोजना अनुसार सङ्कलन भै उपभोक्ता क्षेत्र बाहिर व्यापारिक प्रयोजनाको लागि बिक्री हुने काठ र दाउरा, नेपाल सरकारले तोकेको मूल्य तथा सरकारद्वारा व्यवस्थित वन (उत्पादनशिल वन, संरक्षित वन) बाट ढलापडा, सुखडखडा आदि काठ/दाउरा जिल्ला वन पैदावर आपूर्ति समिति, टि.सि.एन तथा जिल्ला वन कार्यालय मार्फत नियमानुसार सङ्कलन भई बिक्री वितरण भै ५ वर्ष भित्र निम्न अनुसारको राजश्व प्राप्त हुने अनुमान गरिएको छ ।

तालिका-४२: आगामी (५) पाँच वर्षमा प्राप्त हुने अनुमानित राजश्व विवरण

क्र.सं.	राजश्वको श्रोत	आ.व. अनुसारको अनुमानित राजश्व (हजारमा)					कैफियत
		०७०/०७१	०७१/०७२	०७२/०७३	०७३/०७४	०७४/०७५	
१	सरकारद्वारा व्यवस्थित वन						
१.१	काठ	१७६००	१७६००	१७६००	१७६००	१७६००	
१.२	दाउरा	८०	८०	८०	८०	८०	
१.३	जडिबुटी	१०	१०	१०	१०	१०	
२	सामुदायिक वन						
२.१	काठ	५०००	५०००	५०००	५०००	५०००	
३	टेण्डर बिक्रि	८८०	८८०	८८०	८८०	८८०	
४	टाँचा दर्ता तथा नविकरण शुल्क	०.५	०.५	०.५	०.५	०.५	
	जम्मा	२३५७०.५	२३५७०.५	२३५७०.५	२३५७०.५	२३५७०.५	
	कुल जम्मा	११७८५२.५ मात्र राजस्व ।					

यो पञ्चबर्षिय वन व्यवस्थापन कार्ययोजना निर्दिष्ट गरिएका उद्देश्यहरू प्राप्त गर्नका लागि तर्जुमा गरिएका बिभिन्न वन विकास तथा सदुपयोगका कार्यक्रम तथा योजनाहरू प्रभावकारी रूपमा संचालन वा कार्यान्वयन भएमा समग्र वनजंगलको दीगोरूपमा व्यवस्थापन हुने सामुदायिक वनहरूले समुदायको वन पैदावार माथिको निर्भरतालाई हटाउँदै वन, वातावरण र पारिस्थितिकीय प्रणालीलाई सन्तुलन गर्ने तथा कार्वन व्यापारबाट आर्थिक समृद्धि हासिल गर्न सहयोग गर्ने, निजी तथा सार्वजनिक वन विकासको माध्यमबाट वन पैदावारको स्रोतहरूमा वृद्धि गर्न वन पैदावारको उत्पादकत्वमा वृद्धि हुने हुँदा वन क्षेत्रबाट प्राप्त हुने राजश्वको मात्रा पनि निश्चित रूपमा बढ्ने अनुमान लगाउन सकिन्छ । यो अवधिभरमा वन व्यवस्थापन र सदुपयोगका बिभिन्न कार्यक्रमहरू संचालन गरी माथिको तालिकामा देखाए वमोजिमको राजश्व संकलन गर्न सकिने अनुमान गर्न सकिन्छ ।

५.२ कार्यक्रम कार्यान्वयनको उपलब्धि

यो कार्ययोजना लागु भएपछि आगामी ५ वर्ष भित्र जि.व.का.अर्घाखाँचीको उत्पादनशिल राष्ट्रिय वन क्षेत्रलाई क्रमिक रुपमा सा.व.उ.स, संरक्षित वनको रुपमा वैज्ञानिक व्यवस्थापन गर्दै लगिनेछ । कार्ययोजनाको अवधिमा राष्टिय वन

क्षेत्रको ३ लाख ७५ हजार विरुवा उत्पादन गरि करिव २०० हे. खाली पर्ती र अतिक्रमण हटाएका क्षेत्रमा नयां वृक्षारोपण हुनुको साथै निजी क्षेत्रमा समेत वृक्षारोपणको लागि कार्यक्रमहरुबाट नर्सरी स्थापना र संचालन गरी बहुउद्देष्यिय प्रजातीको विरुवाहरुको उत्पादन गरी सरकारी, सामुदायिक तथा निजी वृक्षारोपणको लागि समेत वितरण गर्ने व्यवस्था मिलाईने छ ।

सामुदायिक वन विकास तर्फ नयाँ सामुदायिक वन उपभोक्ता समूह गठन र दर्ता भई २६ वटा सा.व. हस्तान्तरण समेत हुने छन् । साथै पुरानो १५० वटा उपभोक्ता समूहको विधान तथा कार्ययोजनाको पुनरावलोकन तथा परिमार्जन गरिने छ । सा.व.उ.स.को वन क्षेत्रमा वृक्षारोपण गर्नको लागि करीब ४ लाख७५ हजार विरुवा उत्पादन तथा वितरण गरी करीब २०० हे. क्षेत्रमा वृक्षारोपण गर्न सहयोग गरिने छ । सामुदायिक वन विकास कार्यक्रम अन्तरगत तथा अन्य कार्यक्रम अन्तरगत संचालन हुने तालिम, गोष्ठि, अन्तकृया र अध्ययन भ्रमण जस्ता कार्यक्रमहरुबाट करीब ५००० जनाको क्षमता आभिवृद्धि हुने छ ।

कार्ययोजनाको कार्यान्वयनबाट जङ्गलको हैसियतमा सुधार हुनुको साथै बुढा, पुराना, ढलेका र सुखडखडा रुखको सङ्कलनबाट नयाँ विरुवाहरुलाई हुर्कन बढन र पुनरुत्थान हुन टेवा पुऱ्याउने छ । जङ्गलमा सुख्खा मौसममा हुन सक्ने आगलागीबाट समेत नियन्त्रण हुनगई हानी नोक्सानी कम हुदै जाने र मरेका रुखहरुबाट सर्न सक्ने रोगहरुबाट समेत रुख विरुवाहरु बच्न गई रुख विरुवाहरु स्वस्थ हुन जाने र वनको विकासमा समेत टेवा पुग्ने छ । मरिसकेका वुढा पुराना रुखहरुको सङ्कलनबाट वन पैदावारको आपूर्ति हुन गई चोरी निकासीमा नियन्त्रण हुन जाने छ, जस्ले गर्दा जङ्गलमा रहेका हरिया रुखहरुको आयु लम्बिन गई जैविक विविधता संरक्षण गर्नमा समेत यस कार्ययोजनाबाट प्रत्यक्ष, अप्रत्यक्ष रुपमा फाईदा पुग्न जानुको साथै निम्नकुराहरुमा थप सुधार हुन जाने छ ।

यस पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजनामा व्यवस्था गरिएका कार्यक्रम तथा योजनाहरू अक्षरस कार्यान्वयन भएमा आगामी पाँच वर्षमा समग्र वनको अवस्थामा निम्नानुसारको परिवर्तन आउने छ ।

तालिका-४३ : कार्यमूलक उपलब्धि ढाँचा (Performance framework)

उपलब्धि (Outcomes)	सूचक (Indicators)	आधार सूचक (Baseline) आ.व.०६९/०७०	लक्ष्य(Targerts)
वन क्षेत्र अतिक्रमण हुन बाट जोगिने तथा वन एवं वन्यजन्तु प्रजातिको संरक्षणमा वृद्धि हुनेछ ।	जिल्लामा थप वन क्षेत्र अतिक्रमण ज्यादै न्यून हुनेछ तथा भएको अतिक्रमणको सबै वन क्षेत्र पुर्नस्थापना हुनेछ ।		सबै वन अतिक्रमण भएको क्षेत्र पुर्नस्थापना हुने र अन्य वन क्षेत्रमा अतिक्रमण नहुने ।
वन अपराध तथा वन्यजन्तुको चोरी शिकार नियन्त्रण भई प्रभावकारी रुपमा वन संरक्षण भई वन्यजन्तुको संख्यामा वृद्धि हुनेछ ।	वन्यजन्तुहरुको देखा पर्ने पटकमा वृद्धि ।	कुनै तथ्यांक नभएको	१० प्रतिशत वृद्धि भएको हुने ।
सबै वन प्रणालीहरुमा वन संवर्धन पद्धतिको अवलम्वन भइ वनको उत्पादकत्वमा अभिवृद्धि भई वन पैदावारको आपूर्ति सरल तथा सतत रुपमा हुने ।	• कम्तिमा ४० प्रतिशत सामुदायिक वनहरुले वन संवर्धन पद्धति संचालन गर्ने प्राविधिक ज्ञान हासिल गर्नेछन् । • कम्तिमा २५ प्रतिशत सामुदायिक वनहरुमा वन संवर्धन पद्धति अनुसारको वन व्यवस्थापन प्रणाली अवलम्बन हुनेछ ।	**सामुदायिक वन** सामुदायिक वन : ४१६ वटा क्षेत्रफल : २८४८४ हे. **वनको हैसियत** मौज्दात आकंलन गर्दा औसत बृद्धि मौज्दात (Standing volume) १४६.१२ क्यू. मी. प्रति हे.	**सामुदायिक वन** सामुदायिक वन : ४४२ वटा क्षेत्रफल : ३०२६४ हे. **वनको हैसियत** मौज्दात आकंलन गर्दा औसत बृद्धि मौज्दात (Standing volume) १५०.०० क्यू. मी. प्रति हे.

सामुदायिक वनको वन जन्य उत्पादन तथा सेवाहरुमा विपन्न, महिला तथा दलितहरुको पहुँच वृद्धि हुनको साथै वन पैदावारको अधिकतम सदुपायोगबाट जिविकोपार्जनमा सुधार हुने ।	• वन प्रैदावारको सुदुपायेग भई न्यायोचित रुपमा वितरण भएको हुनेछ महिलाको प्रतिनिधित्व ५० प्रतिशत हुनेछ । • दलित विपन्नहरुको समानुपातिक प्रतिनिधित्व तथा सकृय सहभागितामा वृद्धि हुनछे ।	**काठ, दाउरा उत्पादन (०६५/६६ देखि ०६९/७०)** राष्ट्रिय वनवाट काठ ३१७६६.८७क्यू.फी. र दाउरा ९६चट्टा बिक्री वितरण गरी रु. ११७५६१९८/- राजश्व सङ्कलन । सामुदायिक वनवाट जम्मा ३४९८४४.५ क्यू.फी. र दाउरा ११२०.५ चट्टा बिक्री वितरण गरी रु. २७८६१२९६८/- राजश्व सङ्कलन । **लाभान्वित घरधुरी** सामुदायिक वनमा आवद्ध लाभान्वित घरधुरी : ४५३८२ **फर्निचर उद्योग संख्या : २६** काठको न्युनतम माग : १३००० घ.फि.	**काठ, दाउरा उत्पादन (०७०/०७१ देखि ०७४।०७५)** काठ दाउरा २० प्रतिशत वृद्धि हुने तथा राजस्व पनि करिव ३० प्रतिशतले वृद्धि हुने । **लाभान्वित घरधुरी** सामुदायिक वनमा आवद्ध लाभान्वित घरधुरी : ४८००० **फर्निचर उद्योग संख्या : ३०** काठको न्युनतम माग : २०,००० घ.फि.
वातावरणीय दृष्टिकोणले संवेदनशिल क्षेत्रहरुको पहिचान भई विशेष संरक्षणका कार्यहरु (भूसंरक्षण, वन संरक्षण) बाट क्षतिग्रस्त तथा क्षयीकरण भएको वन क्षेत्र पुर्नस्थापना भइ वातावरणीय सेवा प्रवाहमा वृद्धि हुने ।	क्षतिग्रस्त तथा कमजोर हैसियत भएको सम्वेदनशिल वन क्षैत्रको हैसियतमा वृद्धि भई जलाधार क्षैत्रको संरक्षणबाट वन क्षेत्रको उत्पादकत्व वृद्धि हुने । यस्तो क्षेत्र २० प्रतिशतले वृद्धि हुनेछ ।	नर्सरी : १ **चुरे क्षेत्रले ओगटेको वन क्षेत्र** • चुरे क्षेत्र ४०.० क्षेत्रमा ७२ प्रतिशत वनले ढाकेको **सालको वनको मौज्दात** • रुख तथा पोलको संख्या ३४४ प्रति हे. • रुख तथा पोलको कुल संचिति १४४.५९	स्थायी नर्सरी : १ वृक्षारोपण क्षेत्रफल हे.: १२७५ हे. **चुरे क्षेत्रले ओगटेको वन क्षेत्र** • ७२ प्रतिशत वनले ढाकेको क्षेत्र घट्न नदिने **सालको वनको मौज्दात घटन नदिने** • रुख तथा पोलको संख्या ३४४ प्रति हे. रुख तथा पोलको कुल संचिति १४४.५९
स्थानिय जनताहरु तथा राजनैतिक दल लगायत सरोकारवालाहरुको जैविक विविधता संरक्षण गर्ने भावना तथा क्षमतामा बृद्धि हुने । वन क्षेत्र प्रति सबै सरोकारवालाहरु बीच समन्वय तथा सकारात्मक सहयोग पुगेको हुनेछ ।	स्थानीय वन समूहहरुवाहेकाका सरोकारवालाहरुमा वन सम्वन्धि समस्या तथा सरोकारको विषयमा जानकार भई जैविक विविधता संरक्षण तथा वन विकासमा सहयोग अभिवृद्धि हुनेछ ।	सबै राजनितिक दलहरुको प्रतिवद्धता कार्यान्वयन भएको स्थिति नभएको ।	वन क्षेत्रको विकास र संरक्षणको लागि जिल्लाको सबै राजनीतिक दलहरुको प्रतिवद्धता कार्यान्वयन स्तरमा पनि प्राप्त हुनेछ ।
वन विकास कार्यक्रममा स्थानिय जनताको सहभागितामा वृद्धि भै वन पैदावारको दिगो तथा न्यायोचीत रुपमा सदुपयोग ।	वन पैदावारहरुको वितरणमा न्यायोचित विधिको अवलम्वन कम्तिमा ७५ प्रतिशत स्थानीय वन समुहहरुवाट हुनेछ ।	**काठको माग** • काठको माग प्रति घर परिवार १.०७ घ.फि प्रति परिवार प्रति वर्ष • वार्षिक ५०,००० क्यु.फि. काठ **घाँस, स्याउलाको माग** • प्रति घरधुरी स्याउला र घाँसको खपत क्रमश २.५० मे.टन र २.७ मे.टन	वन पैदावारको माग सबै पुरा गर्ने ।

५.३ रोजगारीका अवसर र गरीवी निवारणमा योगदान

यो योजना अवधिमा संचालन गरिने कार्यक्रमहरु मध्ये राष्ट्रिय वन तथा सामुदायिक वनबाट प्राप्त हुने काठ दाउरा बिक्री बितरण, जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावार सङ्कलन र बिक्री बितरण, , विरुवा उत्पादन, बृक्षारोपण तथा अन्य विकास निर्माणको कार्यक्रमबाट बार्षिक रुपमा करीब २७२८७२श्रमदिन वरावरको प्रत्यक्ष रोजगारी श्रृजना हुनेछ जसबाट प्रतिदिन रु. ३६० का दरले रु.९८२३३९२० वराबरको नगद कारोबार हुन ग्रामीण अर्थतन्त्रमा टेवा पुऱ्याउने देखिन्छ । जडिबुटी तथा काठ दाउरा सङ्कलन गर्ने कार्यमा बढी जसो न्यून आय भएका स्थानीय बासिन्दाहरुको संलग्नता हुने भएकोले यसले गरिवी निवारणमा समेत प्रत्यक्ष टेवा पुऱ्याउने देखिन्छ । जडिबुटी सङ्कलन कार्यमा महिलाहरुको पनि संलग्नता हुने भएकोले लैङ्गिक दृष्किोणबाट समेत यो कार्यक्रम प्रभावकारी देखिन्छ । यस्तै अन्य कार्यक्रमहरुबाट पनि केहि हदसम्म प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा स्थानीय रोजगार श्रृजना हुनेछ । उत्पादनशिल वनलाई वैज्ञानिक रुपले व्यवस्थापन गर्न सके र संरक्षित वनमा पर्या-पर्यटन लगायत उद्यमशिल कार्यक्रम सञ्चालन गर्न सकेमा रोजगारीका अवसरहरु श्रृजना भई ग्रामीण अर्थतन्त्रमा थप टेवा पुग्नेछ ।

तालिका-४४: आगामी पाँच (५) बर्षमा हुने भौतिक प्रगती

सि.नं	कार्यक्रम	उपलब्धी (outputs)
१	स्थायी नर्सरी स्थापना	१
२	विरुवा उत्पादन हजार	३७५
३	वृक्षारोपण हे.	१२३७.५
४	भवन निर्माण गोटा	७
५	भवन मर्मत गोटा	५
६	सामुदायिक वन उपभोक्ताको विधान दर्ता	२६
७	सामुदायिक वनको कार्य योजना निर्माण	२६
८	सामुदायिक वनको वन कार्ययोजना पुनरावलोकन (वैज्ञानिक वन व्यवस्थापनको कार्यान्वयन तरिका तथा जिविकोपार्जन सुधार कार्यक्रम समेत समावेस)	३००
९	कर्मचारीहरुको क्षमता अभिवृद्धि	क्षमता अभिवृद्धि हुने
१०	सामुदायिक वन उपभोक्ताको क्षमता अभिवृद्धि	विभिन्न तालिम गोष्ठीवाट क्षमता अभिवृद्धि हुने ।
११	अन्य उपभोक्ताहरुको वन अभिमुखीकरण	

यस पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजनामा व्यवस्था गरिएका बिभिन्न कार्यक्रमहरू सामुदायिक वन उपभोक्ता समूहका वन कार्ययोजनाहरू, निजी तथा सार्वजनिक क्षेत्रबाट गरिने वन वातावरणमा योगदान पुऱ्याउने क्रियाकलापहरू, ढुङ्गा, गिट्टी, वालुवा आदि जस्ता वन तथा वनजन्य पैदावारहरूको संकलन तथा बिक्री वितरण जस्ता कार्यले स्थानीय समुदाय, सम्बन्धित वन पैदावारमा आधारित उद्योगी तथा व्यापारीहरूको लागि पूर्ण या आंशिक (मौसमी) रोजगारको श्रृजना हुनेछ ।

वन पैदावारको बिक्री वितरणबाट श्रृजना भएको रकमले ग्रामीण समुदायहरूबाट (उपभोक्ताहरूबाट) बिभिन्न खालका सामुदायिक विकास निर्माणका कार्यहरू, लघु उद्योगहरूको स्थापना, भौतिक पूर्वाधार निर्माण (स्कूल, समूहको भवन), आयआर्जनका कार्यक्रमको कार्यान्वयनले स्थानीय समुदायमा त्यसै खेर गइरहेको मानवीय स्रोतको उपयोग हुने अवस्था देखिन्छ ।

सामुदायिक वन उपभोक्ता समूहले श्रृजना गरेको कोषको कम्तिमा ३५ प्रतिशत रकम गरिवी न्यूनीकरण कार्यमा खर्च गर्नुपर्ने वाध्यात्मक प्रावधानको कारणबाट पनि समुदायका अतिगरिव, विपन्न, महिला तथा उपेक्षित वर्गको जीवनस्तरमा प्रत्यक्ष प्रभाव परेको देखिनेछ । साथै जिल्ला वन कार्यालय स्वयंले सरकारी तथा आन्तरिक कोषको परिचालन गरी वन विकास मार्फत् गरिव र विपन्नहरूको जीविकोपार्जनमा टेवा पुऱ्याउने लक्ष्य बोकेका संघ संस्थाहरूसँग समन्वय गरी सहकार्य मार्फत् प्रत्यक्ष टेवा पुऱ्याउने कार्यको थालनी गर्नेछ । गरिवी/विपन्न, दलित, महिला तथा सिमान्तकृत वर्गहरूलाई लक्षित कार्यक्रमहरूको संचालनबाट पनि गरिवी न्यूनीकरणमा टेवा पुगेको देखिनेछ ।

वन क्षेत्रको National GDP मा कति प्रतिशत योगदानछ भन्ने कुराको स्पष्टरूपमा कहिंकतै उल्लेख गरेको पाइदैन । यस सन्दर्भमा समग्र राष्ट्रिय अर्थतन्त्रमा वन क्षेत्रको योगदानको लेखाजोखा हुनु अत्यावश्यक देखिन्छ । वन क्षेत्रले राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याएको योगदानको Recognition हुनु नितान्त आवश्यक देखिन्छ । यस्तो परिवेशमा के कति परिमाणमा वन क्षेत्रले (श्रमदिन) रोजगार श्रृजना हुन्छ भन्ने कुरा यकीनकासाथ तोक्ने कुनै आधार नभएको सन्दर्भमा यकीन गर्न गाह्रो भएपनि बिभिन्न आधारहरूलाई लिएर अनुमान गरेर यतिउति श्रमदानको श्रृजना गर्नसक्छ भन्ने तथ्याङ्क निकाल्न सकिने अवस्था भने रहेको छ ।

रोजगारीको अवसरको अनुमान गर्दा मुख्यतया: वन पैदावार (काठ तथा वनजन्य पैदावार, जस्तै ढुङ्गा, गिट्टी, वालुवा आदि) संकलन तथा बिक्री वितरण गर्दा श्रृजना हुने रोजगार, सामुदायिक वनको वन कार्ययोजना वमोजिम सम्पादन गरिने वन सम्वर्धनका कार्यहरू गर्दा श्रृजना हुने रोजगार, विकास कार्य र विकास निर्माण गर्दा श्रृजना हुने रोजगार, वन पैदावारमा आधारित लघु उद्योग तथा फर्निचरहरूको संचालन हुँदा श्रृजना हुने रोजगार, गैह्रकाष्ठ वन पैदावार तथा जडीबुटीहरूको संकलन, बिक्री वितरण र तिनमा आधारित उद्योगको संचालनबाट हुने रोजगारको श्रृजना, खोटो संकलन तथा खोटोमा आधारित उद्योग संचालनबाट श्रृजित रोजगार तथा नर्सरी संचालन र समूहले सामुदायिक वनको संरक्षणको लागि हेरालुको रूपमा वनपालेको श्रृजना गरी रोजगार दिएको आदिलाई पनि आधारको रूपमा लिन सकिन्छ । तसर्थ कार्ययोजनामा उल्लेखित बिभिन्न कार्यक्रमहरू कार्यान्वयनका प्रकृयामा जाँदा प्रतिवर्ष निम्न अनुसारको रोजगार (श्रमदिन) श्रृजना हुने अनुमान गर्न सकिन्छ ।

तालिका-४५: जिल्लाभित्र प्रतिवर्ष हुने रोजगारीको अवसर

क्र.सं.	कार्यक्रम	कामको विवरण	रोजगारी (श्रमदिन)
१	वन सदुपयोग	काठ, दाउरा संकलन तथा घाटगद्दी	१२०००
		काठ, दाउरा लोड तथा अनलोड	५००
२	फर्निचर उद्योग	हाल २६ वटा फर्निचर उद्योगमा कार्यरत ८ जना श्रमिकको २०० दिन मिल संचालन हुनेबाट	४१६००
३	सामुदायिक वन व्यवस्थापन	काठ, दाउरा संकलन तथा घाटगद्दी	१५००००
		काठ, दाउरा लोड तथा अनलोड	२००००
४	गैह्रकाष्ठ वन पैदावर	संकलन तथा घाटगद्दी, लोड तथा अनलोड	५०००
५	खोटो संकलन कार्य	१३० जना कामदार र १० जना सुपरभाइजरले १८० दिन काम गरेबाट	३०७७२
६	वन विकास कार्य	विरुवा उत्पादन, वृक्षारोपण, वन संवर्धन, वन संरक्षण (हेरालु) आदि	१३०००
	जम्मा	प्रत्यक्ष रोजगार	२७२८७२
	जम्मा	प्रत्यक्ष रोजगार व्यक्ति वर्ष	७४८ जना

५.४ अनुगमन तथा मूल्याङ्कन

यो कार्ययोजना कार्यान्वयन गर्दा विभिन्न तहमा अनुगमन गरिने छ । व्यवस्थापन अभ्यास र विकास कार्यक्रमको प्रभावकारिताका लागि अनुगमन अत्यावश्यक तत्व हो । विभिन्न तहमा गरिएको अनुगमनबाट प्राप्त पृष्ठपोषण कार्यान्वयन प्रक्रिया सुधारका लागि महत्वपूर्ण हुन्छ । स्थानीय जनता, समितिका सदस्यहरू, सम्बन्धित सरोकारवालाहरूको

प्रतिनिधिहरूलाई समेत संलग्न गराई योजना कार्यान्वयनको अवस्था थाहा पाउन तपसील बमोजिमका सहभागितात्मक अनुगमन योजना अनुसार अनुगमनको व्यवस्था मिलाईने छ ।

यस जिल्लाको लक्ष्य अनुसारका कार्यक्रमको कार्यान्वयन तथा प्रगतिको नियमित अनुगमन तथा मूल्याङ्कनको कार्य जि. व. का., क्षेत्रीय वन निर्देशनालय लगायत सम्बन्धीत विभिन्न निकायहरुवाट हुने छ । समय समयमा वन तथा भू-संरक्षण मन्त्रालय तथा वन विभागबाट समेत अनुगमन भईरहने छ ।

त्यस्तै जिल्ला वन अधिकृतबाट समय समयमा स्थलगत भ्रमण गरी कार्यक्रम कार्यान्वयनको नीरिक्षण तथा अनुगमन गरिने छ । सा.व. तथा फिल्ड स्तरको कार्यक्रम कार्यान्वयन गर्दा रे.पो.का कर्मचारीबाट नियमित नीरिक्षण तथा अनुगमन हुने छ । मन्त्रालय, विभाग, क्षेत्रीय वन निर्देशनालय तथा जि.व.का.र जिल्ला वन क्षेत्र समन्वय समितिबाट भएको अनुगमन तथा मूल्याङ्कन र सोको आधारमा प्राप्त सुझावहरुलाई तदारुकताका साथ पालना गरि कार्यक्रमलाई प्रभावकारी बनाईने छ ।

प्रस्तावित कार्यक्रम अनुसारको अनुगमन कार्ययोजना निम्नानुसार रहेको छ ।

तालिका नं.४६ : प्रस्तावित कार्यक्रमको अनुगमन कार्य योजना

सि.नं.	बिवरणात्मक संक्षेप	इकाई (सुचक)	लक्ष्य	कार्य सम्पादन सूचकहरु Objectively Verifiable Indicators (OVI)	पुष्ट्याईका आधारहरु Means of Verification (MOV)	कहिले अनुगमन गर्ने	जिम्मेवार निकाय तथा कर्मचारी
	लक्ष्य (Goals):						
	वन क्षेत्रको दीगो व्यवस्थापन एवं स्थानीय उपभोक्ताहरुलाई सरल, सहजरुपमा वन पैदावारको न्यायोचित वितरण गरेर आर्थिक समृद्धि हासिल गर्ने ।			• २०७० सालको भन्दा वन क्षेत्रको हैसियतमा अभिवृद्धि भै वन पैदावारको आपूर्ति न्यायोचित तवरबाट भै वातावरणीय तथा आर्थिक समृद्धिमा योगदान दिनेछ ।	वन क्षेत्रको सर्वेक्षण नतिजा तथा सहभागितात्मक लेखा जोखा एवं मुल्यांकन पुस्तिका	तेस्रो वर्ष तथा पाँचौ वर्ष समिक्षा	वन विभाग, जिल्ला वन अधिकृत
	उदेश्यहरु (Purposes):						
१	**वन क्षेत्र एवं जैविक विविधताको संरक्षण गर्ने ।**			• वन क्षेत्र अतिक्रमण हुन बाट जोगिने तथा वन एवं वन्यजन्तु प्रजातिको संरक्षणमा वृद्धि हुनेछ ।			
	प्रतिफल (Outputs) :						
	स्व स्थानिय र परस्थानिय (Ex-situ conservation) प्रजाति संरक्षण कार्य मार्फत जैविक विविधताको संरक्षणमा अभिवृद्धि हुने ।			• जैविक विविधताको लागि पहिचान भएका तथा महत्वपूर्ण वनस्पति तथा वन्यजन्तु प्रजातिको संरक्षणको लागि स्थानीय स्तरको जनचेतना वृद्धि हुनेछ ।	अनुगमन तथा वार्षिक प्रतिवेदन, वन तथा वन्यजन्तुको सर्वेक्षण नतिजा प्रतिवेदन (सहभागितात्मक तथा सर्वेक्षण)		
	वन पैदावार तथा वन्यजन्तुको संरक्षण हुने तथा अपराधहरु नियन्त्रण एवं घट्दै जाने ।						
	वन क्षेत्र अतिक्रमण नियन्त्रण भइ वनको क्षेत्रफल नघट्ने ।			• जिल्लामा थप वन क्षेत्र अतिक्रमण ज्यादै न्यून हुनेछ तथा भएको अतिक्रमणको ५० प्रतिशत वन क्षेत्र पुर्नस्थापना हुनेछ ।	वार्षिक प्रगति प्रतिवेदन र कार्यालयको रेकर्ड		
क	**वन तथा वन्यजन्तुको संरक्षण तथा प्रवर्धन कार्यक्रम**			**कार्य सम्पादन सूचकहरु**			
१	वन तथा वन्यजन्तु संरक्षणमा सुराकी व्यवस्था	जिल्ला	५	• वन अपराध तथा वन्यजन्तुको चोरी शिकार नियन्त्रण भई प्रभावकारी रुपमा वन संरक्षण भई वन्यजन्तुको संख्यामा वृद्धि हुनेछ ।	अनुगमन प्रतिवेदन, वार्षिक प्रतिवेदन	निरन्तर	जिल्ला वन अधिकृत तथा सहायक वन अधिकृत

२	वन सम्वन्धि मुद्धा अभियोजन, अनुसन्धान र मुद्धा दायरी	जिल्ला	५	•अपराधहरुको अनुसन्धान तहकिकातमा सहयोग पुगी अपराधको विस्तृत अनुसन्धान गर्न सहयोग पुग्ने ।	मुद्धा दायर रजिष्टर, वार्षिक प्रगति प्रतिवेदन	आवश्यकता अनुसार	जिल्ला वन अधिकृत
३	सहभागितामुलक वन संरक्षण तथा चोरी निकासी नियन्त्रण	जिल्ला	५	• स्थानीय मानिसहरुमा वन संरक्षण गर्ने चेतना अभिवृद्धि हुनेछ तथा वन पैदावार चोरी निकासी नियन्त्रण भई वनको संरक्षण हुनेछ ।	कार्यालयको अभिलेख, वार्षिक प्रगति प्रतिवेदन	मासिक समिक्षा । वार्षिक समिक्षा । अनुगमन	वन विभाग, जिल्ला वन अधिकृत
२	सबै किसिमका वन प्रणालीहरुमा दिगो व्यवस्थापन पद्धति अवलम्बन गरी वन व्यवस्थापन गर्ने ।						
	प्रतिफल (Outputs) :						
	वन जंगलमा पुनरुत्पादनमा वृद्धि भई बिभिन्न उमेरका बोट बिरुवाहरुको समानुपातिक उपलब्धता हुनको लागि वनको संरचनामा परिवर्तन हुने ।			• दिगो वन व्यवस्थापन पद्धति अवलम्बन भएको वन क्षेत्रमा (कम्तिमा २५ प्रतिशत सामुदायिक वन, कवुलियती वनहरुमा) सबै उमेर समुहको वनस्पति प्रजातिहरुको सम्मिश्रण संरचनाको विकास हुने ।	वन श्रोतको सर्वेक्षण, वन कार्ययोजनाहरुका समिक्षा तथा स्थलगत अनुगमन प्रतिवेदन		
	सबै वन प्रणालीहरुमा वन संवर्धन पद्धतिको अवलम्बन भइ वनको उत्पादकत्वमा अभिवृद्धि भई वन पैदावारको आपूर्ति सरल तथा सतत रुपमा हुने ।			•कम्तिमा ४० प्रतिशत सामुदायिक वनहरुले वन संवर्धन पद्धति संचालन गर्ने प्राविधिक ज्ञान हासिल गर्नेछन् • कम्तिमा २५ प्रतिशत सामुदायिक वनहरुमा वन संवर्धन पद्धति अनुसारको वन व्यवस्थापन प्रणाली अवलम्बन हुनेछ ।	वन व्यवस्थापन कार्ययोजना परिमार्जत तथा नविकरण , सामुदायिक वनको वार्षिक प्रतिवेदन, जिल्ला वन कार्यालयको अनुगमन प्रतिवेदन, स्थलगत अध्ययन प्रतिवेदन		
ख	**दिगो तथा वैज्ञानिक वन व्यवस्थापन कार्यकम**			**कार्यसम्पादन सूचकहरु**			
१	नर्सरी मर्मत	गोटा	१०	• १० गोटा नर्सरी मर्मत भई आवश्यक्ता अनुसार विरुवा उत्पादन गर्न सहयोग पुग्नेछ ।	कार्य सम्पन्न प्रतिवेदन, जाँचपास प्रतिवेदन,स्थलगत अवलोकन, विरुवा उत्पादनको अभिलेख	कार्य जारी रहेको वखत एक पटक तथा अन्तिममा एक पटक	जाँचपास गर्ने अधिकारी
२	विरुवा उत्पादन (काठ दाउरा, डालेघाँस, जडिवुटी प्रजाति)	हजार	३७५	•वाँस, काठ, दाउरा, डालेघाँस, जडिवुटी प्रजातिका विरुवाको उत्पादन हुनेछ । •सामुदायिक वन, निजि क्षेत्र,सार्वजनिक जग्गामा वृक्षारोपण गर्न को लागि विरुवा उपलब्ध हुनेछ ।	विरुवा उत्पादन रजिष्टर, विरुवा वितरण रजिष्टर, प्रगति प्रतिवेदन, अनुगमन प्रतिवेदन, फोटोहरु	विरुवा उत्पादनको अनुगमन मासिक	सहायक वन अधिकृत (जिल्ला वन कार्यालय) तथा जिल्ला वन अधिकृत

ग	**वनको दिगो सदुपयोगको लागि संस्थागत सुदृढिकरण कार्यक्रम**						
१	जिल्ला वन व्यवस्थापन कार्ययोजना तयारी (पांच वर्ष अवधि) (IEE अध्ययनसमेत)	जिल्ला	१	• जिल्लाको समग्र वनक्षेत्रको दिगो व्यवस्थापन सरल र सहज रुपमा संचालन गर्न तथा वनक्षेत्रको समग्र उद्येश्य परिपूर्ति हुनेछ ।	सम्वन्धित निकायवाट स्विकृत पंच वर्षिय वन व्यवस्थापन कार्य योजना तथा सोको IEE प्रतिवेदन	तयारी अनुगमन	वन विभाग, जिल्ला वन अधिकृत
२	ढलापडा काठदाउरा संकलन तथा व्यवस्थापन	जिल्ला	५	• जिल्लामा रहेको राष्टिय वनमा हुने ढलापडा रुखहरुको सदुपयोग भई पुनरुत्पादनमा वृद्धि हुनेछ । •स्थानिय तथा राष्टियस्तरमा काठ, दाउराको आपूर्ति हुनेछ । •राजश्व संकलनमा वृद्धि हुनेछ ।	लिलाम विकि रजिष्टर , मासिक तथा वार्षिक प्रगति प्रतिवेदन आदि ।	छपान देखि घाटगद्धि सम्म अनुगमन	वन विभाग, क्षेत्रीय वन निर्देशनालय, जिल्ला वन अधिकृत
३	वनजन्य उत्पादन तथा पारिस्थितिकीय सेवाको सदुपयोग र व्यवसायीकरणबाट वन उद्यमको विकास गर्नको लागि वन पैदावारको सुलभ आपूर्ति, थप रोजगारी सिर्जना र जीविकोपार्जनमा सुधार गर्ने ।						
	प्रतिफल (Outputs) :						
	क्षयीकरण भएको वन क्षेत्र पुर्नस्थापना भइ हरियाली वृद्धि हने तथा सो वन क्षेत्रबाट स्थानीय समुदाय घरधुरीहरुको घाँस, दाउरा तथा काठको आपूर्ति सरल तथा सहज हुने ।			•विद्यमान वनक्षेत्रको २० प्रतिशत क्षेत्रमा वनको हैसियत (घनत्व तथा उत्पादन मात्रा) ५० प्रतिशत भन्दा वढी हुनेछ ।	इन्भेन्ट्री प्रतिवेदन तथा स्थलगत अध्ययन प्रतिवेदन, सहभागितात्मक लेखाजोखा प्रतिवेदन ।		
	सामुदायिक वनको वन जन्य उत्पादन तथा सेवाहरुमा विपन्न, महिला तथा दलितहरुको पहुँच वृद्धि हुनको साथै वन पैदावारको अधिकतम सदुपायोगबाट जिविकोपार्जनमा सुधार हुने ।			•वन पैदावारको सुदुपायेग भई न्यायोचित रुपमा वितरण भएको हुनेछ महिलाको प्रतिनिधित्व ५० प्रतिशत हुनेछ । •दलित विपन्नहरुको समानुपातिक प्रतिनिधित्व तथा सकृय सहभागितामा वृद्धि हुनछे ।	अनुगमन प्रतिवेदन, स्थानीय समुहहरुको वार्षिक प्रतिवेदन, सवेक्षण प्रतिवेदन, वार्षिक प्रगति प्रतिवेदन ।		
	स्थानीय स्तरमा नीजि क्षेत्र समेतको संलग्नतामा वन उद्यमहरु स्थापना भइ रोजगारीको सृजना हुने ।			• जिल्लामा कम्तिमा पनि १० वटा वन उद्यम स्थापना भइ ५० जनाले रोजगारी प्राप्त गर्नेछन ।	उद्योग दर्ता रजिष्टर, अनुगमन प्रतिवेदन, स्थानीय समुहहरुको वार्षिक प्रतिवेदन, सवेक्षण प्रतिवेदन, वार्षिक प्रगति प्रतिवेदन ।		

घ	**सामुदायिक वन विकास कार्यक्रम**						
	दीगो तथा बैज्ञानिक वन व्यवस्थापन सहयोगी कार्यक्रम						
१	सामुदायिक वन उपभोक्ता समुह गठन	गोटा	२६	• २६ वटा सामुदायिक वन उपभोक्ता समूह गठन भई समूहको संस्थागत विकास भएको हुनेछ ।	स्वीकृत विधान, समूह दर्ता प्रमाणपत्र, वार्षिक प्रगति प्रतिवेदन	चौमासिक	जिल्ला वन अधिकृत
२	सामुदायिक वन कार्ययोजना तयारी तथा वन हस्तान्तरण	गोटा	२६	• स्थानिय उपभोक्ताहरुलाई पायक पर्ने २६ वटा छुट्टाछुट्टै वनको वन कार्ययोजना तयार भई राष्टिय वनक्षेत्र हस्तान्तरण हुनेछ । नियमित रुपमा वन व्यवस्थापन लगायतका कार्यवाट स्थानिय उपभोक्ताहरुको दैनिक आवश्यक पर्ने वन पैदावारको परिपुर्ति हुने तथा गरीवी न्युनिकरणमा समेत टेवा पुग्नछे ।	स्वीकृत वन कार्ययोजना, सामुदायिक वन हस्तान्तरण प्रमाणपत्र, वार्षिक प्रगति प्रतिवेदन	चौमासिक	जिल्ला वन अधिकृत
३	सामुदायिक वनको वन कार्ययोजना पुनरावलोकन	गोटा	१५०	• म्याद समाप्त भएका १५० गोटा सामुदायिक वन कार्ययोजनाहरुको वनको संरचना, स्थानिय उपभोक्ताहरुको चाहना, आवश्यक्ता वमोजिम वन कार्ययोजना तयार हुनेछ । • परिमार्जित वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन भई लक्षित उद्येश्य हाँसिल गर्न सहयोग पुगेको हुनेछ ।	स्वीकृत पुनरावलोकित वन कार्ययोजना, वार्षिक प्रगति प्रतिवेदन	चौमासिक	जिल्ला वन अधिकृत
४	**तालिम/गोष्ठी/वैठक**						
४.१	सुशासन, लेखा तथा अभिलेख व्यवस्थापन कोचिंग	जना	३००	• समुहको आय व्यय विवरण व्यवस्थित रुपमा राख्न , समुहको आय व्यय विवरणलाई पारदर्शी वनाउन तथा समुहको कोष परिचालन को लागि सहयोग पुगेको हुनेछ । • समूहहरुमा सरलीकृत रुपमा अध्यावधिक अभिलेख व्यवीसथत रुपमा राख्न सक्नेछन । •सामुदायिक वन उपभोक्ता समूहहरुको संस्थागत अवस्था मजवुत हुनेछ ।	सामुदायिक वन उपभोक्ता समूहको रेकर्ड, वार्षिक प्रगति प्रतिवेदन, गोष्ठी प्रतिवेदन, फोटोहरु	चौमासिक	सहायक वन अधिकृत (जिल्ला वन कार्यालय) तथा जिल्ला वन अधिकृत

४.२	रे.पो. स्तरिय अन्तरकृया तथा योजना तर्जूमा गोष्ठी	पटक	५०	• विगत आ.व.का कार्यहरुको समिक्षा भई आगमी आ.व.को लागि योजनाहरु तर्जुमा गर्न सहयोग पुग्नेछ । •कार्यक्रम संचालनमा आईपरेको समूस्या तथा समाधानका उपायहरुका वारेमा छलफल भई आगामी योजना सरल रुपमा कार्यान्वयन गर्न सहयोग पुग्नेछ । •समूहले माग गरेका वन विकास लगायतका कार्यक्रमहरुलाई जिल्लास्तरको कार्यक्रमसँग तालमेल गर्नको लागि ५० गोटा रे.पो. स्तरीय सा.व. अन्तरकृया तथा योजना तर्जुमा गोष्ठीको कार्यक्रम सम्पन्न भएको हुनेछ ।	वार्षिक प्रगति प्रतिवेदन, फोटोहरु	चौमासिक	सहायक वन अधिकृत (जिल्ला वन कार्यालय) तथा जिल्ला वन अधिकृत
४.३	वार्षिक योजना तर्जुमा गोष्ठी	पटक	५	हरेक आ.व को वार्षिक योजना तयार भएको हुनेछ ।	स्वीकृत वार्षिक कार्यक्रम, फोटोहरु, हाजिरी रजिष्टर	वार्षिक	जिल्ला वन अधिकृत
४.४	जिल्लास्तरीय प्रगती समिक्षा बैठक	पटक	५	कार्यक्रम संचालनको सन्दर्भमा भएका उपलब्धीहरु, आईपरेका समस्या तथा समाधानका विधिहरु वारे समिक्षा गरी भावी कार्य संचालनका लागि स्पष्ट कार्य दिशा पहिल्याई प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्न सघाउ पुग्नेछ ।	वार्षिक प्रगति प्रतिवेदन, फोटोहरु, हाजिरी रजिष्टर	वार्षिक	जिल्ला वन अधिकृत
४.५	सामुदायिक वन व्यवस्थापन स्थलगत अभ्यास	गोटा	४०	•सामुदायिक वनको उचित व्यबस्थापन गरी वनबाट वढी भन्दा वढी वन पैदावर उत्पादन गर्न, सामुदायिक वनको हैसियतमा सुधार गर्न सहयोग पुग्नेछ । •सा.व.उ.स.को वन व्यवस्थापन सम्वन्धि ज्ञान, सिप अभिवृद्धि हुनेछ ।	वार्षिक प्रगति प्रतिवेदन, स्थलगत अनुगमन, हाजिरी रजिष्टर, फोटोहरु	चौमासिक	सहायक वन अधिकृत (जिल्ला वन कार्यालय) तथा जिल्ला वन अधिकृत

५	सामुदायिक वन उपभोक्ता समूहलाई विरुवा उत्पादन अनुदान (वस्तुगत र नगद)	हजार	१००	•विभिन्न सामुदायिक वन उपभोक्ता समूह मार्फत स्थानिय उपभोक्ताहरुको चाहना र आवश्यक्ता अनुसारका विभिन्न प्रजातिका १००००० विरुवा उत्पादन हुनेछ, •सामुदायिक वन तथा निजि जग्गामा समेत गरी ६० हे.भन्दा वढि भूभागमा वृक्षारोपण भई हरियाली वढेको हुनेछ ।	वार्षिक प्रगति प्रतिवेदन, समूहको विरुवा उत्पादन रजिष्टर, वृक्षारोपणको स्थलगत अवलोकन	वार्षिक	लेखा शाखा, कोष तथा लेखा नियन्त्रकको कार्यालय, वन विभाग, जिल्ला वन कार्यालय
६	सामुदायिक वन व्यवस्थापन अनुदान (वस्तुगत र नगद)	समूह	२५	•आम्दानी न्यून भएका २५ गोटा सामुदायिक वनहरुमा उचित किसिमको वन व्यवस्थापन प्रणाली लागु हुनेछ । •वन व्यवस्थापन कार्यवाट वनको हैसियतमा सुधार भइ स्वास्थय वनको विकास हुनेछ , स्थानिय उपभोक्ताहरुको वन पैदावारको आवश्यक्ता सहज रुपमा परिपूर्ति हुनेछ ।	स्थलगत निरिक्षण, फोटोहरु, वार्षिक प्रगति प्रतिवेदन	वार्षिक	लेखा शाखा, कोष तथा लेखा नियन्त्रकको कार्यालय, वन विभाग, जिल्ला वन कार्यालय
७	सा.व. भित्र कवुलियती वन समुह गठन, प्रविधि हस्तान्तरण, आयमुलक कार्यक्रम	समूह	२०	•गरीव तथा विपन्न वर्गका २०० घरधुरीले कवुलियती वनभित्र जडिबुटी ,डालेघाँस,भुईघाँस लगाई आयआर्जनमा वृद्धि गर्न सहयोग पुग्नेछ साथै रोजगारीको समेत सृजना हुनेछ । •सामुदायिक वनभित्र खाली रहेका भुभाग हरियालीमा परिणत भई भुक्षय नियन्त्रण, वातावरण संरक्षण, मौसम परिवर्तनको असर न्युनीकरण गर्न मद्धत पुगेको हुनेछ ।	वार्षिक प्रगति प्रतिवेदन, स्थलगत अनुगमन	अर्धवार्षिक	जिल्ला वन अधिकृत, वन विभाग
८	आयमुलक कार्यक्रम सहयोग	जिल्ला	५	•समूहभित्रका करीव ५० घर परिवारको जिवनस्तरमा सुधार आउनेछ • स्वरोजगारमुखी भावनाको विकास भई रोजगारीको सृजना हुनेछ, •स्थानियस्तरमा प्रविधिको विकास हुनेछ ।	वार्षिक प्रगति प्रतिवेदन, स्थलगत अनुगमन।, फोटोहरु	अर्धवार्षिक	जिल्ला वन अधिकृत, वन विभाग

४	**पारिस्थितिकीय दृष्टिकोणबाट संवेदनशिल क्षेत्रहरुको (जलाधार क्षेत्र, चुरे क्षेत्र, जैविक विविधता कोरिडोर, विशेष इकोसिष्टम संरक्षण समेत) दिगो व्यवस्थापन गर्दै वन क्षेत्रको उत्पादकत्व वृद्धि गर्ने ।**			वातावरणीय दृष्टिकोणबाट सम्वेदनशिल वन क्षेत्रको पुर्नस्थापना तथा हैसियतमा वृद्धि भइ वातावरणीय सेवामा टेवा पुग्नेछ ।			
	प्रतिफल (Outputs) :						
	वातावरणीय दृष्टिकोणले संवेदनशिल क्षेत्रहरुको पहिचान भई विशेष संरक्षणका कार्यहरु (भूसंरक्षण, वन संरक्षण) बाट क्षतिग्रस्त तथा क्षयीकरण भएको वन क्षेत्र पुर्नस्थापना भइ वातावरणीय सेवा प्रवाहमा वृद्धि हुने ।			क्षतिग्रस्त तथा कमजोर हैसियत भएको सम्वेदनशिल वन क्षैत्रको हैसियतमा वृद्धि भई जलाधार क्षैत्रको संरक्षणबाट वन क्षेत्रको उत्पादकत्व वृद्धि हुने ।	वर्क्षारोपण तथा प्रगति प्रतिवेदन, लेखा प्रतिवेदन, अनुगमन प्रतिवेदन, स्थलगत फोटोहरु, स्थानीय सरोकारवालाहरु विचको सहभागितात्मक लेखा जोखा प्रतिवेदन, जिल्ला वन क्षेत्र समन्वय समितिको स्थलगत अनुगमन प्रतिवेदन		
	विशेष, सांस्कृतिक तथा वातावरणीय महत्वको वन क्षेत्र संरक्षण भइ स्थानीय समुदायको वन विकास तथा संरक्षणमा सहभागिता वृद्धि हुने ।			वातावरणीय हिसावले विशेष महत्वको वन क्षेत्रको संरक्षणमा जनसहभागिता वृद्धि भै वनको विकासमा स्थानीय समुदायको अपनत्व वृद्धि हुने ।	वार्षिक प्रगति प्रैतिवेदन, स्थानीय सरोकारवाला तथा समितिहरुको प्रगति प्रतिवेदन, अनुगमन प्रतिवेदन		
	क्रियाकलापहरु (Activities):						
ङ	**वनको विशेष संरक्षण तथा वन पुनर्स्थापना कार्यक्रम**						
१	वन डढेलो नियन्त्रण तथा व्यवस्थापन	जिल्ला	५	•स्थानिय स्तरमा वन डढेलो सम्वन्धि जनचेतना प्रवाह भई वन डढेलो नियन्त्रण हुनेछ । • वन डढेलो नियन्त्रणवाट जिल्लाको वनक्षेत्रहरुमा पुनरुत्पादनमा वृद्धि हुनेछ , •जैविक विविधता संरक्षणमा टेवा पुग्नेछ •जिल्लाको वन डढेलोको उच्च जोखिममा रहेको चुरक्षेत्रको वन वन डढेलोवाट जोगाउन सघाउ पुग्नेछ ।	अनुगमन निरिक्षण, अग्नि नियन्त्रण संजाल स्थापना, वन डढेलो प्रविदन	पछिल्लो अर्धवार्षिक	सहायक वन अधिकृत (जिल्ला वन कार्यालय) तथा जिल्ला वन अधिकृत

२	सामुदायिक वन उपभोक्ता समुहहरु तथा कर्मचारीहरुलाइ जलवायु परिवर्तन अनुकुलन योजना तयारी तालिम	पटक	५	जलवायु परिवर्तनवाट उच्च जोखिममा रहेका क्षेत्रका १०० जना सरोकारवालाहरु लाभन्वित भई १५० भन्दा वढी सामुदायिक वन कार्ययोजनामा जलवायु परिवर्तनका असरहरु न्युनीकरण गर्ने प्रावधान समावेश भएको हुनेछ ।	तालिम प्रतिवेदन, फोटोहरु, , वार्षिक प्रगति प्रतिवेदन, वन कार्ययोजना	वार्षिक	जिल्ला वन अधिकृत
३	संरक्षण अन्तरक्रिया (शिक्षक,सामुदायिक वन, पत्रकार, नागरिक समाज, राजनैतिक दल आदि)	जिल्ला	५	जिल्लाको दक्षिण तर्फको वन, जैविक विविधता संरक्षण तथा वन डढेलो नियन्त्रण व्यवस्थापन लगायतका कृयाकलापहरुमा स्थानिय सरोकारवालाहरुको भुमिकामा वृद्धि हुनेछ । प्रभावकारी रुपमा संरक्षणमुखी कृयाकलापहरु संचालन हुनेछ ।	अन्तरकृया प्रतिवेदन, वार्षिक प्रगति प्रतिवेदन	वार्षिक	जिल्ला वन अधिकृत
४	स्थानीय स्तरमा जनचेतना अभिवृद्धि तथा प्रचार प्रसार कार्यक्रम (एफ. एम., सरोकारवाला बीच गोष्ठी, ब्रोसर, सडक नाटक, आदि)	पटक	५	•चुरेको वन, वन्यजन्तु, जैविक विविधता र वातारणको संरक्षण गर्न सरोकारवालाहरु लाई सहभागि गराई जनचेतनामुखी कार्यक्रम संचालन गर्न सहयोग पुग्नेछ । •चुरे क्षेत्रमा रहेको वन तथा वन्यजन्तुको संरक्षणको बारेमा जनचेतना जागृत हुनेछ	वार्षिक प्रगति प्रतिवेदन, फोटोहरु	निरन्तर	सहायक वन अधिकृत (जिल्ला वन कार्यालय) तथा जिल्ला वन अधिकृत
५	**वनक्षेत्रमा सुशासन एवं सहयोगी वातावरणको सिर्जना गर्ने ।**			स्थानीय सुमुह तथा सेवाग्राहीहरुलाइ प्रवाह हुने सेवा प्रभावकारी तथा सहज तरिकाले प्रदान हुने तथा कार्यक्रमहरु कार्यान्वयन गर्नको लागि कर्मचारीहरु तथा स्थानीय समुदायहरुको उत्प्ररणामा वृद्धि हुने ।			
	प्रतिफल(Outputs) :						
	सामुदायिक वन उपभोक्ता समूह परिचालनमा पारदर्शीता, आर्थिक अनुशासन एवं जिम्मेबारीको बोध गराई शुशासन सुनिश्चीत गर्नको लागि टेवा पुरयाउन सहयोग पुग्ने ।			स्थानीय वन समुहहरुको आर्थिक, लाभ वांडफांडमा पारदर्शिता महसुस हुने गरी परिवर्तन हुनेछ ।	सार्वजनिक लेखा परीक्षण प्रतिवेदनहरु, साधारण सभा, वैठक माइनटहरु, वार्षिक प्रगति प्रतिवेदन		
	स्थानिय जनताहरु तथा राजनैतिक दल लगायत सरोकारवालाहरुको जैविक विविधता संरक्षण गर्ने भावना तथा क्षमतामा बृद्धि हुने । वन क्षेत्र प्रति सवै सरोकारवालाहरु वीच समन्वय तथा सकारात्मक सहयोग पुगेको हुनेछ ।			स्थानीय वन समूहहरुबाहेकाका सरोकारवालाहरुमा वन सम्वन्धि समस्या तथा सरोकारको विषयमा जानकार भई जैविक विविधता संरक्षण तथा वन विकासमा सहयोग अभिवृद्धि हुनेछ ।	जिल्ला वन क्षेत्र समन्वय समितिको वैठक निर्णयहरु, संयुक्त अनुगमन प्रतिवेदन		

	वन बिकास कार्यक्रममा स्थानिय जनताको सहभागितामा बृद्धि भै वन पैदावारको दिगो तथा न्यायोचीत रुपमा सदुपयोग ।			वन पैदावारहरुको वितरणमा न्यायोचित विधिको अवलम्वन कम्तिमा ७५ प्रतिशत स्थानीय वन समुहहरुबाट हुनेछ ।	स्थानीय समुहहरुको विधान, वन कार्य योजना, वार्षिक प्रतिवेदन, अनुगमन प्रतिवेदन		
	क्रियाकलापहरु (Activities):						
च	**सुशासनमुखी व्यवस्थापन कार्यक्रम**						
१	सामुदायिक वन उपभोक्ता समूहको अनुगमन र निरिक्षण	गोटा	१४५०	•अनुगमनको पृष्ठपोषणवाट वन संरक्षण, व्यवस्थापन, गरीवी न्यूनिकरणका कार्यहरु प्रभावकारी रुपमा संचालन गर्न सघाउ पुग्नेछ •दिगो वन व्यवस्थापन, सुशासन र जिविकोपार्जनको राष्टिय लक्ष्य हाँसिल गर्न मद्धत पुग्नेछ , •समूहको संस्थागत विकासमा टेवा पुगी सवल र चुस्त दुरुस्त कार्य गर्न सक्ने समूहको विकास हुनेछ ।	समूहको अभिलेख, माईन्युट, स्थलगत अनुगमन मुल्याङकन फारम, अनुगमन मुल्याङकन पुस्तिका	निरन्तर	जिल्ला वन कार्यालय, फेकोफन जिल्ला समिति, इलाका वन कार्यालय, रे.पो.
२	उपभोक्ता समूह मुल्याङकन तथा पुरस्कार	जिल्ला	५	• सा.व.उ.स.हरुलाई सामुदायिक वन व्यवस्थापन गर्न थप हौसला प्राप्त हुनेछ । •उत्कृष्ट रुपमा समूह परिचालन गर्न तथा वनको व्यवस्थापन गर्न उत्प्रेरणा मिल्नेछ ।	वार्षिक प्रगति प्रतिवेदन, प्रमाणपत्र	निरन्तर	जिल्ला वन कार्यालय, जिल्ला विकास समिति, कोष तथा लेखा नियन्त्रकको कार्यालय, जिल्ला भूसंरक्षण कार्यालय
३	जिल्ला वन समन्वय समिति संचालन, अनुगमन तथा निरिक्षण भ्रमण	जिल्ला	५	जिल्लाको वनक्षेत्रको वन संरक्षण, व्यवस्थापन तथा विकास सम्वन्धि महत्वपूर्ण पृष्ठपोषण प्राप्त भई वन व्यवस्थापन कार्य संचालन गर्न सहज र सरल वातावरणको सृजना हुने ।	वार्षिक प्रगति प्रतिवेदन, वैठक रजिष्टर, अनुगमन प्रतिवेदन		जिल्ला विकास समिति, जिल्ला वन कार्यालय
	कार्य वातावरण अनुकूलनको लागि पूर्वाधार विकास कार्यक्रम						

१	भवन निर्माण	गोटा	७	•कार्यालयको भौतिक, जिन्सी, अभिलेख जस्ता महत्वपूर्ण दस्तावेजहरु सुरक्षित राख्न सकिनेछ । •सेवा प्रवाह चुस्त, दुरुस्त भई सेवाग्राहीलाई छिटो, छरितो सेवा प्राप्त हुनेछ ।	कार्य सम्पन्न , जाँचपास प्रतिवेदन, वार्षिक प्रगति प्रतिवेदन, फोटोहरु, स्थलगत अवलोकन निरिक्षण	चौमासिक	जिल्ला शहरी विकास कार्यालय, जिल्ला वन अधिकृत
२	भवन मर्मत संभार	जिल्ला	५	•कार्यालयको भौतिक, जिन्सी, अभिलेख जस्ता महत्वपूर्ण दस्तावेजहरु सुरक्षित राख्न सकिनेछ । •सेवा प्रवाह चुस्त, दुरुस्त भई सेवाग्राहीलाई छिटो, छरितो सेवा प्राप्त हुनेछ ।	कार्य सम्पन्न , जाँचपास प्रतिवेदन, वार्षिक प्रगति प्रतिवेदन, फोटोहरु, स्थलगत अवलोकन निरिक्षण	चौमासिक	जिल्ला शहरी विकास कार्यालय, जिल्ला वन अधिकृत

अनुगमन तथा मूल्याङ्कन गर्दा कम्तिमा एक तह माथिका अधिकारी तथा निकायबाट गरिने छ र देखा परेका कमी कमजोरीलाई सच्याई आवश्यक सुधारका लागि देहायका कुराहरुलाई ध्यान दिईने छ ।

- लक्ष्य तथा उद्देश्य अनुरुप उपलब्धी हासिल भइरहेको छ कि छैन ?
- कार्ययोजनामा व्यवस्था भएका क्रियाकलापहरु कार्यान्वयन भइरहेका छन कि छैनन् ?
- जनशक्ति, साधन तथा श्रोतको उचित सदुपयोग भइरहेको छ कि छैन ? आदि ।

तालिका-४७: वन पैदावार संकलन तथा व्यवस्थापन अनुगमन कार्य योजना (वन पैदावार संकलन, विकि वितरण निर्देशिका, २०५७ बमोजिम)

क. सं.	कार्यको विवरण	अनुगमन तथा सुपरिवक्षेणको लागि जिम्मेवार व्यक्ति	प्रतिवेदन तयार गर्ने कर्मचारीहरुको विवरण	प्रतिवेदन पेश गर्ने कार्यालय	समय सिमा
क	**कटान क्षेत्र तथा घाटगद्धि निर्धारण**				
१	कटान क्षेत्र वन प्लट निर्धारण	जिल्ला वन अधिकृत	सम्बन्धित इलाका वन कार्यालयको सिफारिस	जिल्ला वन कार्यालय	कटान क्षेत्र निर्धारणको लागि माग तथा निवेदन प्राप्त भइ जांचबूझ पश्चात
२	काठ कटान गरी ढुवानी गर्ने बाटो, छोटो अवधिको लागि काठ, दाउरा थुपार्ने ठाउँ (Landings) नक्सांकन तयारी	फिल्ड स्तरका कर्मचारीको सहयोगमा जिल्ला वन अधिकृत	इलाका वन कार्यालय तथा सम्बन्धित कार्य गर्न जिम्मा पाएको संस्था तथा व्यक्ती		
३	घाटगद्धि स्थलको चार किल्ला निर्धारण तथा पत्र आदेश गर्ने	जिल्ला वन अधिकृत	इलाका वन कार्यालय तथा सम्बन्धित कर्मचारी		
ख	**छपान, मुल्यांकन तथा वन पेशी पूर्जि सम्बन्धि व्यवस्था**				
४	कटान गर्ने रुखहरुको छपान, मूल्यांकन विवरण तयार	रेञ्जर वा सो सरहको कर्मचारी भन्दा माथिको तहको अधिकृत	सम्बन्धित इलाका वन कार्यालयको सिफारिस		
५	छपान, मल्यांकन जांचबुझ कम्तिमा १० प्रतिशत	जिल्ला वन अधिकृत	सम्बन्धित इलाका वन कार्यालयको सिफारिस		
६	छपान, मल्यांकन जांचबुझ कम्तिमा छ प्रतिशत	क्षेत्रीय वन निर्देशक (सम्बन्धित)	जिल्ला वन कार्यालय तथा इलाका वन कार्यालयको सहयोगमा	क्षेत्रीय वन कार्यालय मार्फत जिल्ला वन कार्यालय	
७	वन पेशी पूर्जि इजाजत	जिल्ला वन अधिकृत			कार्तिक ज्ञ गते देखी चैत्र मसान्त सम्म
ग	**क्टान मुछान संकलन व्यवस्था**				
८	कटान मुछानकार्यको सुपरिवक्षेण	जिल्ला वन अधिकृत	अन्य तोकिएको कर्मचारी	जिल्ला वन कार्यालय	निरन्तर कार्य अवधि भर कम्तिमा महिनाको २ पटक
९	काठ, दाउरा ढुवानी तथा घाटगद्धि सम्बन्धि व्यवस्था	जिल्ला वन अधिकृत तथा तोकिएको कर्मचारी	इलाका वन कार्यालय	जिल्ला वन कार्यालय	निरन्तर
१०	काठ, दाउराको घाटगद्धिको १५ रोजा प्रीतवेदन विवरण पेश	तोकिएको वा खटिएको कर्मचारी		जिल्ला वन कार्यालय	प्रत्येक १५ दिनको अन्तरमा महिनाको २पटक
३	**वेवारिसी तथा दरिया वुर्दि काठ सम्बन्धि व्यवस्था**				
११	दरिया वुर्दि काठ संकलन (वन क्षेत्रको)	वन अधिकृत	इलाका वन कार्यालय	जिल्ला वन कार्यालय	
१२	हकदावीको १५ दिने सूचना प्रकाशन	जिल्ला वन अधिकृत		जिल्ला वन कार्यालय	
१३	आवादी क्षेत्रको दरिया वुर्दि काठ संकलन तथा व्यवस्थापन	जिविस सभापति, स्थानीय विकास अधिकारी तथा जिल्ला वन अधिकृतको समितिले संकलन तथा अन्य व्यवस्थापन गर्ने ।	जिल्ला वन कार्यालय तथा इलाका वन कार्यालयको सहयोगमा	जिल्ला विकास समिति तथा जिल्ला वन कार्यालय	

१४	दरिया वुर्दि काठ विकि वितरणबाट आएको आम्दानी			जिल्ला विकास समितिमा ५० प्रतिशत तथा नेपाल सरकार वन क्षेत्रको आयमा राजस्व छ्ण प्रतिशत	
१५	दरिया वुर्दि काठ विकि वितरणबाट आएको आम्दानीको खर्च वांडफाड			जिविसमा जम्मा भएको आम्दानीको ५० प्रतिशत वन क्षेत्रको विकासको लागि खर्च गर्नु पर्ने ।	
ङ	**काठ, दाउरा, विकि, निकासी सम्बन्धि व्यवस्था**				
१६	विमार्का	जिवअ वा तोकिएको कर्मचारी			राजस्व वुझाएको ७ दिन भित्र
१७	निकासी इजाजत	जिल्ला वन अधिकृत			२१ दिनको म्याद राख्ेर
१८	दरपीठ	सम्वन्धित कार्यालय र जांच चौकी	जिल्ला वन कार्यालय तथा इलाका वन कार्यालयको सुपरिवेक्षणमा	जिल्ला वन कार्यालय	१५/ १५ दिनमा पन्द्र रोजा विवर०ा साथ प्रतिवेदन
च	**चिरान सम्बन्धि व्यवस्था**				
१९	काठ चिरान सहमति	सम्वन्धित समिलको सहमतिमा जिल्ला वन अधिकृतले	सम्वन्धित इलाका वन कार्यालयको सिफारिस		
२०	चिरानी भएको काठको लगत	सम्वन्धित व्यक्ति, समिल तथा जिल्ला वन कार्यालय	सम्वन्धित इलाका वन कार्यालय		
५	**सरसफाइ तथा सुरक्षा व्यवस्था**				
२१	काठ कटान क्याम्पको सरसफाइ तथा सुरक्षाको उचित प्रवन्ध	जिल्ला वन कार्यालय	सम्वन्धित व्यक्ति वा संस्था वा निकाय	जिल्ला वन कार्यालय	कार्य अवधि भर
२२	स्वस्थ खाने पानिको उचित प्रवन्ध	जिल्ला वन कार्यालय	सम्वन्धित व्यक्ति वा संस्था वा निकाय	जिल्ला वन कार्यालय	कार्य अवधि भर
२३	कामदारले प्रयोग गर्ने चर्पी (पानिको स्रोत बाट १०० मिटर टाढा)	जिल्ला वन कार्यालय	सम्वन्धित व्यक्ति वा संस्था वा निकाय	जिल्ला वन कार्यालय	कार्य अवधि भर
२४	फोहोर फाल्ने खाल्डो पानिको सतह भन्दा माथि (पानिको स्रोतबाट५० मिटर टाढ तथा सतही पानि नपस्ने व्यवस्था)	जिल्ला वन कार्यालय	सम्वन्धित व्यक्ति वा संस्था वा निकाय	जिल्ला वन कार्यालय	कार्य अवधि भर
२५	हावा नलाग्ने सुरक्षित स्थानमा खाना पकाउने स्थान	जिल्ला वन कार्यालय	सम्वन्धित व्यक्ति वा संस्था वा निकाय	जिल्ला वन कार्यालय	कार्य अवधि भर
२६	प्राथमिक उपचारको किट व्यवस्था तथा समुहमा कम्तिमा १ जना आधारभूत प्राथमिक उपचारको तालिम प्राप्त व्यक्ती	सम्वन्धित व्यक्ति वा संस्था वा निकाय	सम्वन्धित व्यक्ति वा संस्था वा निकाय	जिल्ला वन कार्यालय	कार्य अवधि भर
२७	कामदारलाइ हेल्मेट तथा बूट	सम्वन्धित व्यक्ति वा संस्था वा निकाय	सम्वन्धित व्यक्ति वा संस्था वा निकाय	जिल्ला वन कार्यालय	कार्य अवधि भर
ज	**अग्नि नियन्त्रण सम्बन्धि व्यवस्था**				
२८	अग्नि नियन्त्रणको लागि उचित प्रवन्ध (खाना पकाउने समयको ख्याल गर्ने तथा खाना पकाइ सके पछि आगो निभाउने कार्य)	सम्वन्धित व्यक्ति वा संस्था वा निकाय	जिल्ला वन कार्यालय, इलाका वन कार्यालय र सम्वन्धित कर्मचारी		
२९	प्रज्जवलनशिल पदार्थहरुको व्यवस्थापन (मोविल, मट्टितेल, डिजेल, चुराट, सलाइ आदि)	सम्वन्धित व्यक्ति वा संस्था वा निकाय	जिल्ला वन कार्यालय, इलाका वन कार्यालय र सम्वन्धित कर्मचारी		
३०	अग्नि रेखाको पात पतिंगर सफाइ कार्य	सम्वन्धित व्यक्ति वा संस्था वा निकाय	जिल्ला वन कार्यालय, इलाका वन कार्यालय र सम्वन्धित कर्मचारी	जिल्ला वन कार्यालय तथा इलाका वन कार्यालय	
३१	घाटगद्धि स्थलको वरिपरि अग्नि रेखा तथा सरसफाइ कार्य	सम्वन्धित व्यक्ति वा संस्था वा निकाय	जिल्ला वन कार्यालय, इलाका वन कार्यालय र सम्वन्धित कर्मचारी	जिल्ला वन कार्यालय तथा इलाका वन कार्यालय	

३२	कटान क्षेत्रमा रहेको हागा विगा, बोका आदिको व्यवस्थापन सरसफाइ	सम्बन्धित व्यक्ति वा संस्था वा निकाय	जिल्ला वन कार्यालय, इलाका वन कार्यालय र सम्बन्धित कर्मचारी	जिल्ला वन कार्यालय तथा इलाका वन कार्यालय	
ज	**अनुगमन, मुल्यांकन तथा विविध**				
३३	कटान मुछान गर्दा खालि भएका क्षेत्रमा वृक्षारोपण	सम्बन्धित व्यक्ति वा संस्था वा निकायको खर्चमा	जिल्ला वन कार्यालय		
३४	कटान मुछान तथा अन्य कार्य गर्दा अनियमितता जांचबुझ निरिक्षण	जिल्ला वन अधिकृत		क्षेत्रीय वन कार्यालय तथा वन विभाग	
३५	समिति तथा संस्थाबाट भए गरेको काठ दाउरा संकलन र विक्री वितरण कार्यको नियमित अनुगमन	केन्द्रीय स्तरमा वन तथा भूसंरक्षण मन्त्रालयका प्रमुख अनुगमन तथा मूल्यांकन अधिर्कतको संयोजकत्व र क्षेत्रीय स्तरमा क्षेत्रीय वन निर्देशकको संयाजकत्वमा वन विभाग, जिल्ला वन कार्यालय र समिति वा संस्थान का प्रमुखहरु रहेको अनुगमन टोली		वन विभाग र वन तथा भूसंरक्षण मन्त्रालय	
३६	कटान देखी निकासी सम्मको विवरण	जिल्ला वन कार्यालय		क्षेत्रीय वन कार्यालय र वन विभाग	मासिक
३७	आकस्मिक निरिक्षण (कार्य क्षेत्र भित्र)	कार्य क्षेत्र भित्र वन कर्मचारी			
३८	कटान मुछान भएको प्लटको अन्तिम जांच	क्षेत्रीय वन निर्देशक (सम्बन्धित)			प्लटमा काम सकिएको एक महिना भित्र

जिल्ला वन कार्यालयले यस पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजनामा उल्लेखित क्रियाकलापको अनुगमन स्वयं जिल्ला वन कार्यालय, इलाका वन कार्यालय, क्षेत्रीय वन निर्देशनालय, वन विभाग, वन तथा भू-संरक्षण मन्त्रालय समेतले आवश्यकता अनुसार गर्नेछन् । जिल्लाभित्र अनुगमनको कार्यलाई बढावा दिन हरेक महिना जिल्ला वन कार्यालयमा जिल्लास्तरीय कर्मचारी वैठकको समेत आयोजना गरिनेछ र त्यस्ता वैठकहरूमा उठाइएका तथा प्राप्त भएका रचनात्मक सुझाव/ पृष्ठपोषणहरू र अनुगमनबाट प्राप्त सुझाव, नीति, निर्देशन तथाCorrective Measuresलाई तत्काल कार्यान्वयन समेत गरिनेछ । साथै जिल्ला वन कार्यालयको वार्षिक कार्यक्रम तथा अन्य क्रियाकलापहरूको लक्ष्य र प्रगतिलाई पारदर्शी ढंगले तथा सरल रूपमा सबैले देख्ने र बुझ्ने गरी प्रस्तुत गर्न विभिन्न फारमहरूको प्रयोग गरी गरिनेछ ।

५.५ समन्वय योजना

यस पञ्चवर्षिय वन व्यवस्थापन कार्ययोजनाको कार्यान्वयनको प्रमुख दायित्व र जिम्मेवारी जिल्ला वन कार्यालय र यसका मातहतका ईलाका वन कार्यालय र रेञ्जपोष्टहरूको नै हुन्छ । कार्ययोजनामा प्रावधान गरिएका कार्यक्रम तथा योजनाहरूको प्रभावकारी र अर्थपूर्ण कार्यान्वयनमा यस कार्यालयका सम्पूर्ण प्राविधिक तथा अप्राविधिक कर्मचारीहरूको महत्वपूर्ण योगदानका साथै वन र वातावरणसँग प्रत्यक्ष सरोकार र सम्बन्ध राख्ने सामुदायिक वन उपभोक्ता समूहरू, जिल्लास्थित वन, वातावरण र विकास योजनासँग सम्बन्धित थुप्रै कार्यालय तथा संघ संस्थाहरूको महत्वपूर्ण भूमिका र योगदान रहन्छ ।

वन पैदावार चोरी निकासी, अतिक्रमण तथा मौजुदा वन संरक्षण तथा वन विकास कार्य संचालन गर्न प्रशासन, प्रहरी, स्थानीय निकाय, उपभोक्ता समूह तथा अन्य संघ समुदायहरुको सहयोग अति आवश्यक हुने हुंदा ती निकायहरु संग समन्वय राखी जिल्ला स्तरीय समस्याहरु उचित समाधानका उपायहरु पत्ता लगाई समाधान गरिने छ ।

वन एक प्राकृतिक पुन: नविकरण गर्न सकिने खुल्ला सम्पत्ति हो । यसलाई पूर्ण रूपमा संरक्षण गरी व्यवस्थापन गर्न जिल्लास्थित जिल्ला वन कार्यालयको एक्लो प्रयासले कदापि सकिन्न र संभव पनि छैन । यस सन्दर्भमा जिल्ला वन कार्यालयले जिल्लास्थित वन, वातावरण र विकाससँग सम्बन्धित बिभिन्न Line agencies, INGO, CBO हरूसँग समन्वय र सहकार्य गरी एकिकृत रूपमा कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ । जिल्लास्थित जिल्ला भू-संरक्षण कार्यालय, कृषि विकास कार्यालय, पशुसेवा कार्यालय, महिला विकास कार्यालय, जिल्ला सामुदायिक वन उपभोक्ता महासंघ, वन पैदावार

उद्योग व्यवसायी संघ तथा जिल्ला विकास समितिको कार्यालयहरूसँग आपसी समन्वय गरेर साझा कार्यक्रमहरूलाई एकीकृत रूपमा संचालन गर्न जिल्ला वन कार्यालयले समन्वयकारी भूमिका निर्वाह गर्नेछ । त्यसैगरी वन जंगलको संरक्षण, अतिक्रमण तथा चोरी निकासी नियन्त्रणमा जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालयको सहयोग लिइनेछ । उक्त कार्यहरूमा यहाँका समुदाय, पत्रकार, राजनैतिक दल, बुद्धिजीविहरूसँगको सहकार्य पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

कार्ययोजना कार्यान्वयनका लागि तल उल्लेखित संलग्न निकाय, सामुदायिक एवं गैर सरकारी संघ संस्थाहरुसँग समन्वय गरिने छ ।

तालिका-४८ : समन्वय योजना

क.सं.	समन्वयको क्षेत्रहरु	निकाय, संस्था तथा कार्यालयहरु	समन्वयको तरिका (Coordination methods)
१	वन अतिक्रमण नियन्त्रण	• पश्चिमान्चल क्षेत्रीय वन निर्देशनालय, पोखरा । • जिल्ला विकास समिति, अर्घाखाँची । • जिल्ला वन क्षेत्र समन्वय समिति, अर्घाखाँची । • सामुदायिक वन उपभोक्ता महासंघ, जिल्ला शाखा, अर्घाखाँची । • सामुदायिक वन उपभोक्ता समूहहरु, अर्घाखाँची । • जिल्ला प्रशासन कार्यालय, अर्घाखाँची । • जिल्ला प्रहरी कार्यालय,अर्घाखाँची । • ससस्त्र प्रहरी वल, अर्घाखाँची । • राजनीतिक दलहरु, अर्घाखाँची । • नागरिक समाज, अर्घाखाँची ।	अतिक्रमण कार्यदल वैठक, अनौपचारिक अनुरोध, स्थलगत अवलोकन भ्रमण, स्थानीय निकायहरु संग वैठक, सामुदायिक वन उपभोक्ताहरुसंग छलफल आदि ।
२	वन विकास कार्यक्रमहरु संचालन (वृक्षारोपण, नर्सरी निर्माण, विरुवा उत्पादन)	• जिल्ला वन क्षेत्र समन्वय समिति, अर्घाखाँची । • महिला विकास कार्यालय, अर्घाखाँची । • कृषि विकास कार्यालय, अर्घाखाँची । • पशु सेवा कार्यालय, अर्घाखाँची । • सामुदायिक वन उपभोक्ता महासंघ, जिल्ला शाखा, अर्घाखाँची । • सामुदायिक वन उपभोक्ता समूहहरु, अर्घाखाँची । • निजी वन समूहहरु, अर्घाखाँची ।	जिल्ला विकास समितिको समिक्षा वैठक तथा जिल्ला वन कार्यालयको समिक्षा वैठकहरुमा प्रगति प्रस्तुत । जिल्ला स्थित कार्यालयहरुको कार्यालय प्रमुखहरु संग अनौपचारिक छलफल तथा समन्वय । जिल्ला वन कार्यालयमा जिल्ला वन अधिकृतको संयोजकत्वमा वैठक । प्रमुख जिल्ला अधिकारी तथा स्थानीय विकास अधिकारीलाइ चौमासिक रुपमा प्रगतिको संक्षिप्त मौखिक प्रस्तुति । जिल्ला प्रशासन कार्यालयको मासिक वैठकमा प्रगतिको मौखिक प्रस्तुति । फेकोफन लगायत अन्य संघ संस्थाहरु संग स्थलगत छलफल तथा जिल्ला वन कार्यालयमा चौमासिक रुपमा छलफल ।

		• धार्मिक वन समूहहरु, । • स्थानीय गैर सरकारी संस्थाहरु, अर्घाखाँची । • गा.वि.स.को कार्यालयहरु, अर्घाखाँची ।	
३	वन व्यवस्थापन (सरकार द्धारा व्यवस्थापन गरिएको वन)	• जिल्ला वन क्षेत्र समन्वय समिति, अर्घाखाची । • स्थानीय गैर सरकारी संस्थाहरु, अर्घाखाची । • नागरिक समाज, अर्घाखाची ।	जिल्ला वन क्षेत्र समन्वय समितिलाई सरकारद्धारा व्यवस्थित वनको व्यवस्थापन तथा संरक्षणबारेमा जानकारी । स्थानीय प्रसार साधनहरुबाट वन व्यवस्थापन तथा वन संरक्षणबारे जानकारी ।
४	फिल्ड स्तरमा समस्या समाधान तथा वन क्षेत्रको कार्यक्रमहरु अनुगमन	• पश्चिमान्चल क्षेत्रीय वन निर्देशनालय, पोखरा । • जिल्ला विकास समिति, अर्घाखाची । • जिल्ला वन क्षेत्र समन्वय समिति, अर्घाखाची ।	वार्षिक कार्यक्रम अनुसारको कार्यक्रम फिल्डस्तरमा गर्ने र फिल्डस्तरमा नै समिक्षा गर्ने । जिल्ला वन समन्वय समितिको सदस्यहरुलाइ फिल्डस्तरमा अनुगमनमा समावेस गर्ने । फिल्ड स्तरका कार्यालयहरुलाई फिल्डको समस्या समाधान गर्नको लागि पृष्ठपोषण कार्य गर्ने ।
५	वन उद्यम विकास	• पश्चिमान्चल क्षेत्रीय वन तालिम केन्द्र, पोखरा । • जिल्ला विकास समिति, अर्घाखाँची । • जिल्ला वन क्षेत्र समन्वय समिति, अर्घाखाँची । • महिला विकास कार्यालय, अर्घाखाँची । • सामुदायिक वन उपभोक्ता समूहहरु, अर्घाखाँची । • निजी वन समूहहरु, अर्घाखाँची ।	प्रविधि तथा ज्ञानहरुको आदान प्रदान गर्ने संयन्त्र बनाउने । अनौपचारिक वैठकहरु गर्ने । स्विकृत कार्यक्रमहरुको जानकारी वर्षको शुरुमै गराइ सहयोगको कार्ययोजना तयार गर्ने र आदान प्रदान गर्ने । स्थलगतरुपमा गाविस, सामुदायिक वनहरु संग समन्वयको लागि भ्रमणहरु गर्ने ।
६	वन पैदावार कटान, अवैध ओसार पसार नियन्त्रण	• पश्चिमान्चल क्षेत्रीय वन निर्देशनालय, पोखरा । • जिल्ला विकास समिति, अर्घाखाची । • जिल्ला वन क्षेत्र समन्वय समिति, अर्घाखाची • निजी वन समूहहरु, अर्घाखाची । • धार्मिक वन समूहहरु, । • गा.वि.स.को कार्यालयहरु, अर्घाखाची । • राजनीतिक दलहरु, अर्घाखाची । • नागरिक समाज, अर्घाखाची ।	जिल्ला प्रहरी, प्रशासनको सहयोगको लागि आवश्यक प्रवन्ध गर्ने । अन्य निकायहरुको सुराकीको सहायता लिने किसिमको संयन्त्र बनाउने । सूचनाहरु आदान प्रदान गर्ने कार्ययोजना तयार गरि कार्यान्वयन गर्ने ।

७	सामुदायिक वन उपभोक्ता समुह शसक्तिकरण	• पश्चिमान्चल क्षेत्रीय वन निर्देशनालय, पोखरा । • पश्चिमान्चल क्षेत्रीय वन तालिम केन्द्र, पोखरा । • जिल्ला विकास समिति, अर्घाखाँची । • जिल्ला वन क्षेत्र समन्वय समिति, अर्घाखाँची । • महिला विकास कार्यालय, अर्घाखाँची । • कृषि विकास कार्यालय, अर्घाखाँची । • पशु सेवा कार्यालय, अर्घाखाँची । • सामुदायिक वन उपभोक्ता महासंघ, जिल्ला शाखा, अर्घाखाँची । • सामुदायिक वन उपभोक्ता समूहहरु, अर्घाखाँची । • निजी वन समूहहरु, अर्घाखाँची । • धार्मिक वन समूहहरु, । • स्थानीय गैर सरकारी संस्थाहरु, अर्घाखाँची । • गा.वि.स.को कार्यालयहरु, अर्घाखाँची । • जिल्ला प्रशासन कार्यालय, अर्घाखाँची । • जिल्ला प्रहरी कार्यालय,अर्घाखाँची । • ससस्त्र प्रहरी वल, अर्घाखाँची । • राजनीतिक दलहरु, अर्घाखाँची । • नागरिक समाज, अर्घाखाँची ।	समुदाय परिचालनमा देखिने तथा देखिएका विकृतिहरुको जानकारी आदान प्रदान गर्ने । सामुदायिक वनहरुको परिचालनको तरिकाको बारेमा सबै सरोकारवालाहरुलाई जानकारी गराउने । स्थानीय पत्रकारहरुलाई वन विकास तथा समुदायको भूमिका बारेमा सूचनाहरु आदान प्रदान गर्ने संयन्त्रको परिचालन गर्ने ।

५.६ कार्ययोजना संशोधन

यो कार्ययोजना ५ वर्षको लागि तयार पारिएको हो । तर कार्यान्वयन गर्दा कुनै समस्या आएमा वा कुनै बुदा संशोधन गर्नु परेमा समय परिस्थिति र आवश्यकता अनुसार वन तथा भू-संरक्षण मन्त्रालय वा वन विभागको स्वीकृती पश्चात संशोधन गरिने छ ।

यस कार्ययोजना वन, वातावरण र यससँग अन्योन्याश्रीत सम्बन्ध राख्ने प्रचलित नियम, कानून, नीति, निर्देशिका, मार्गदर्शन तथा सम्बन्धित विषयका बिभिन्न सन्दर्भ पुस्तक, पुस्तिकाहरू, उपलब्ध पूर्व कार्ययोजनाहरू, प्राविधिक निर्देशिकाहरू, लेख रचना तथा अन्यsecondary Information को अध्ययन र विश्लेषण गरी निर्माण गरिएको हो । कार्ययोजनाको निर्माणको सिलसिलामा सम्बन्धित क्षेत्रहरूमा गई यथार्थ तथ्याङ्क संकलन गरिएको, संकलित तथ्याङ्क तथा जानकारीहरूको Verificationगरिएको, सरोकारवालाहरूसँग हरेक मुद्दामा छलफल तथा अन्तरक्रिया गरी प्रकृयाहरू पुरा गरिएको छ । यसरी प्रकृयागत रूपमा नीति, नियम, ऐन तथा निर्देशिकाहरूको अधिनमा रही बनाइएको भएता पनि देश, काल, परिस्थिति जस्ता कारणहरूले गर्दा कार्ययोजनामा प्रस्ताव गरिएका कतिपय कार्यक्रम तथा योजनाहरूलाई संशोधन गरेर मात्र लागु गर्नुपर्ने अवस्था श्रृजना भएमा त्यस्तो अवस्थामा कार्ययोजनाको कार्यान्वयनको दौरानमा क्षेत्रीय वन निर्देशनालय तथा वन विभागबाट स्वीकृति पाएपछि मात्र परिमार्जित कार्यक्रम तथायोजनाहरू कार्यान्वयन गर्न सकिने कानूनी व्यवस्था अनुरूप नै कार्यको थालनी गरिनेछ । यसको अलावा कार्ययोजनाको अवधि भूक्तान भएको अवस्थामा पुनः नियमित रूपमा संशोधन वा नविकरण गर्नुपर्ने अवस्था त विद्यमान छदैछ ।

५.७ प्रतिवेदन-जाहेरी (सूचना व्यवस्थापन)

यो कार्ययोजना कार्यान्वयनमा आइपरेका समस्याहरुको निराकरणको लागि रे.पो.ले जि.व.का.मा र जि.व.का.ले क्षे.व.नि.तथा वन विभाग लगायतका सम्बन्धित निकायमा नियमित रुपमा रिपोर्टिङ्ग गर्ने छ । मासिक, चौमासिक तथा वार्षीक प्रगति विवरणहरु क्षे.व.नि. तथा वन विभागमा पठाईने छ ।

वन र वातावरणको मुद्दालाई लिएर जो कोहिले पनि सुबिधा र पहुँच अनुसार नजिकको रेञ्जपोष्ट, इलाका वन कार्यालय तथा जिल्ला वन कार्यालयमा जाहेरी गर्न सक्नेछन् । रेञ्जपोष्टहरूले आफ्नो क्षेत्रभित्र भए गरेका कार्यक्रम, योजना तथा काम कार्वाहीको विवरण इलाका वन कार्यालयमा मासिक रूपमा जाहेरी गर्नुपर्नेछ । इलाका वन कार्यालय पनि आफ्नो इलाका अन्तर्गतका गतिविधि तथा प्रगतिहरू जिल्ला वन कार्यालयमा मासिक तथा चौमासिक रूपमा पठाउनु पर्नेछ । त्यसैगरी जिल्ला वन कार्यालयले जिल्लामा भए गरेका कार्यहरूको जाहेरी मासिक, चौमासिक एवं वार्षिक रूपमा क्षेत्रीय वन निर्देशनालय र वन विभाग मार्फत् वन तथा भू-संरक्षण मन्त्रालयमा पठाउनेछ । संचार तथा प्रतिवेदनको कार्ययोजना निम्न बमोजिम समावेस गरिएको छ ।

तालिका-४९ : संचार तथा प्रतिवेदन योजना

सि.नं.	संचार तथा प्रतिवेदन पेश गुर्न पर्ने कार्यहरु	पेश गर्ने निकाय तथा प्रस्तुत गर्ने वर्ग (Audience)	संचार तथा प्रतिवेदनको तरिका तथा रुप (Methods and forms)	जिम्मेवार व्यक्ति		समय सिमा (Due date)	कैफियत
				तयारी	पेश गर्ने		
१	**प्रगतिहरु तथा विवरण**						
१.१	**स्विकृत वार्षिक कार्यक्रम अनुसारको प्रगति**						
	मासिक	वन विभाग, क्षेत्रीय वन निर्देशनालय, को.ले.नि.का.	प्रतिवेदन । इमेल । फयाक्स । मौखिक	विकास शाखा	जिल्ला वन अधिकृत	प्रत्येक महिनाको ३ गते भित्र	
	चौमासिक	वन विभाग, क्षेत्रीय वन निर्देशनालय, जिल्ला विकास समितिको कार्यालय, जिल्ला प्रशासन कार्यालय, को.ले.नि.का.	प्रतिवेदन । इमेल । फयाक्स । वैठक । गोष्ठीमा मौखिक प्रस्तुति	विकास शाखा, लेखा शाखा, सदुपयोग शाखा	जिल्ला वन अधिकृत	मार्ग ७, चैत्र ७ , श्रावण ७ गते भित्र	
